# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **गेहेन्द्र भूषण पोखरेलीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

गेहेन्द्र भूषण पोखरेली (वि.सं. १९९४) नेपाली साहित्यका क्षेत्रमा परिचित साहित्यकार हुन् । गण्डकी अञ्चल, कास्की जिल्लाको पोखरा उपमहानगरपालिका वडानं ३, तेर्सापट्टी वि.सं. १९९४ साल चैत्र १५ गते जन्मेका डा. गेहेन्द्रभूषण पोखरेली सानै उमेरदेखि साहित्यिक क्षेत्रमा लागेको देखिन्छ । यिनले साहित्यका नाटक, कथा, कविता र बालसाहित्य विधामा कलम चलाएका छन् । औपचारिक शिक्षा अध्ययन गरेका भूषणले जागिरे जीवनको लामो अनुभव सँगालेका छन् ।

सानैदेखि लेखपढ गर्न अत्यन्त रुचि राख्ने भूषणले विद्यार्थी अवथादेखि नै नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरको देखिन्छ । उनको प्रथम फूटकर रचना 'तिम्रो देश' (२०१७) हो भने प्रथम प्रकाशित पुस्तकाकार कृति 'प्रतिबिम्ब' (२०३२) भाग एक कथा सङ्ग्रह हो । 'तिम्रो देश' कवितामार्फत नेपाली साहित्यमा प्रवेश गरेका भूषणले कविता, नाटक, कथा, एकाङ्की र बालसाहित्य विधामा कलम चलाएका छन् । समग्रमा यिनै भूषणको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु यस शोधपत्रको मुख्य विषय रहेको छ ।

## १.४ समस्याकथन

वि.सं. २०१७ सालमा 'तिम्रो देश' भन्ने कविताबाट नेपाली साहित्यका फाँटमा उदाएका भूषणका हालसम्म 'प्रतिविम्ब' भाग कथा सङ्ग्रह (२०३२), 'प्रतिविम्ब' भाग दुई कथा सङ्ग्रह (२०३४), 'मेरो बसन्त' (२०३७) कविता सङ्ग्रह, राष्ट्रनाद' (२०३९) कविता सङग्रह, ०३६ देखि ०४६ सम्मका सङघातहरू' (२०४७) कविता सङ्ग्रह, शाह वंशका पाँच प्रमुख राजाहरू (२०४३), 'बालक विरुवा र पृथ्वीमाता' (२०४९) बालसाहित्य, 'रमाइला

सामाजिक बालकथा' (२०५४), र 'काकाको अर्ती नानीलाई फूर्ती' (२०५७) गरी ११ वटा पुस्तककार साहित्यिक कृतिहरू प्रकाशित भइसकेका छन् । मूलतः कविता विधाका सिर्जनशील साधक भूषणका बारेमा यदाकदा पत्र-पत्रिकाहरूमा सामान्य चर्चा गरिनु बाहेक उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन भएको देखिँदैन त्यसैले उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु नै यस शोधकार्यको मूल समस्या रहेको छ ।

क) गेहेन्द्रभूषण पोखरेलीको जीवनी के कस्तो छ ?

ख) गेहेन्द्र भूषण पोखरेलीको व्यक्तित्व के कस्तो देखिन्छ ?

ग) गेहेन्द्र भूषण पोखरेलीको साहित्यिक यात्रा के कस्तो रहेको छ ?

घ) गेहेन्द्र भूषण पोखरेलीको साहित्यिक कृतिहरु के कस्ता छन् ?

यिनै समस्याहरूको समाधानमा यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) गेहेन्द्रभूषण पोखरेलीको जीवनीको निरूपण गर्नु ।

ख) गेहेन्द्रभूषण पोखरेलीको व्यक्तित्वका पाटाहरू केलाउनु ।

ग) गेहेन्द्रभूषण पोखरेलीको साहित्यिक यात्रा र प्रवृत्तिहरूको निरूपण गर्नु ।

घ) गेहेन्द्रभूषण पोखरेलीको साहित्यिक कृतिहरूको अध्ययन र निष्कर्षण गर्नु ।

यिनै उद्देश्य परिपूर्ति गर्नमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.६ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रका माध्यमबाट कवि भूषणलाई नेपाली साहित्यानुरागी सबै पाठकमा चिनाउने प्रयास गरिएको छ । यसमा भूषणका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएकाले यसले भावी पिँढीलाई उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा वस्तुगत जानकारी गराउने छ । यिनका जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा आजसम्म अध्ययन हुन नसकेको अवस्थामा यो अध्ययन एउटा गहकिलो उपलब्धि हुन सक्ने देखिन्छ । भूषणका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्रले यिनका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्न चाहने अध्येतालाई पनि सहयोग पुऱ्याउने छ । यसरी नै नेपाली साहित्यको इतिहासलेखन एवम् साहित्यिक गतिविधिको मूल्याङ्कन गर्न पनि थप टेवा प्रदान गर्न सक्ने देखिन्छ । यी विविध दृष्टिकोणले प्रस्तुत शोधपत्र औचित्यपूर्ण हुन पुगेको छ ।

## १.७. शोधकार्यको सीमाङ्कन

गेहेन्द्रभूषण पोखरेलीले नेपाली साहित्यको विकासमा लगभग पाँच दशक समय व्यतीत गरेका छन् । यस अवधिमा उनले नेपाली साहित्यमा कविता, कथा, नाटक, एकाङ्की, र बालसाहित्य विधामा ठूलो योगदान पुऱ्याएका छन् । यसरी लामो समयसम्म साहित्यको क्षेत्रमा लागेका भूषणको जीवनी, व्यक्तित्व र कृतित्वको व्यापक अध्ययन गर्न नसक्नुलाई नै यस शोधपत्रको आफ्नो सीमा रहेको छ ।

## १.८ पूर्वकार्यको समीक्षा

गेहेन्द्रभूषण पोखरेलीका बारेमा कतिपय लेखकहरूले सामान्य रूपमा चर्चा परिचर्चा गरेको पाइन्छ  तापनि उनका जीवनी, व्यक्तित्व र कृतित्वलाई समेत समेट्ने गरी आजसम्म विस्तृत अध्ययन  हुन सकेको छैन । पोखरेलीका बारेमा आजसम्म जे जति अध्ययन भएका छन् ती उनका जीवनी, व्यक्तित्व  तथा कृतित्वका समग्र अध्ययनका दृष्टिले अपूर्ण देखिन्छन् । उनका बारेमा लेखिएका केही लेख वा टीका टिप्पणी विविध पुस्तक तथा पत्रपत्रिकामा छरिएर रहेका छन् र तिनमा पोखरेली  नेपाली साहित्यमा नाटक, कथा तथा कविता लेख्ने व्यक्ति हुन् भन्ने कुराको सामान्य उल्लेख मात्र गरेको पाइन्छ । तिनीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

घटराज भट्टराईले **नेपाली लेखक कोश** (२०५६) मा गेहेन्द्रभूषण पोखरेलीका जन्म र शिक्षा सम्बन्धी सामान्य परिचयका साथै उनका केही कृतिहरूको सामान्य उल्लेख गरी उनलाई साहित्यकारका रूपमा चिनाएका छन् ।

'**दृष्टि साप्ताहिक**' वर्ष ८ अङ्क ८ पौष ४ थते २०५७ को पत्रिकामा उनका '०३६ देखी ०४६ सम्मका सङ्घातहरू' शीर्षकको कविताको विश्लेषणद्वारा उनलाई समसामयिक विषयमा कविता लेख्ने कविका रूपमा चिनाइएको पाइन्छ ।

'**साप्ताहिक जन्मभूमि**' काठमाडौं २०४८/१/१ गते '**कवि गेहेन्द्रभूषण पोखरेली**' लेख मार्फत डा. राम दयाल राकेशले उनको कवि प्रतिभाको विश्लेषण गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले '**कविता सिद्धान्त र नेपाली कविताको इतिहास**' मा गेहेन्द्रभूषण पोखरेलीका बारेमा सामान्य परिचय दिएका छन् ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयारीका निम्ति निम्न क्षेत्रबाट सामाग्रीसङ्कलन गरिएको छ :

क) शोधनायक, शोधनायकका परिवारजन र नातेदारहरूसँग शोधपुध गरी सामग्रीसङ्कलनको मुख्य आधार बनाइएको छ ।

ख) पुस्तकालयीय अध्ययन पद्दतिलाई पनि सामग्रीसङ्कलनको मुख्य आधार बनाइएको छ ।

ग) आफूभन्दा अगाडी गेहेन्द्रभूषण पोखरेलीका बारेमा गरिएका अनुसन्धानमूलक अध्ययनलाई पनि सामाग्री सङ्कलनको स्रोत बनाइएको छ ।

घ) शोधनायकका विषयमा सम्बद्ध क्षेत्रका व्यक्तिहरूसँग पनि आवश्यक जानकारी लिई सामग्री सङ्कलनको स्रोत बनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई ६ परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : गेहेन्द्रभूषण पोखरेलीको जीवनी

तेस्रो परिच्छेद : गेहेन्द्रभूषण पोखरेलीको व्यक्तित्व

चौथो परिच्छेद : गेहेन्द्रभूषण पोखरेलीको साहित्यिक यात्रा चरण र प्रवृत्तिहरू

पाँचौ परिच्छेद : गेहेन्द्रभूषण पोखरेलीको साहित्यिक कृतिको विश्लेषणात्मक अध्ययन

छैठौं परिच्छेद : उपसंहार

अन्त्यमा सन्दर्भसामाग्रीसूची राखिएको छ ।

## दोस्रो परिच्छेद

## २. गेहेन्द्रभूषण पोखरेलीको जीवनी

### २.१ जन्म र जन्मस्थान

गेहेन्द्रभूषण पोखरेलीको जन्म वि.सं. १९९४ साल चैत्र १५ गते गण्डकी अञ्चल कास्की जिल्लाको पोखरा उपमहानगरपालिका वडा नं. ३, तेर्सापट्टी भन्ने टोलमा एक मध्यम वर्गीय परिवारमा भएको हो । यिनको पिताको नाम स्व. चूडामान उदास र आमाको नाम स्व. चिनी उदास हो । स्व. चूडामान उदासका दुई श्रीमतीमध्ये जेठी तर्फका जेठा छोरा गेहेन्द्रभूषण पोखरेली हुन् ।[१]

चूडामान उदास लेखपढ गर्न जान्ने, सरकारी कर्मचारीको रूपमा कार्य गर्ने, साहित्यिक लेखहरूको रचना गर्ने, प्रशस्त परिश्रम गर्ने, अनुभवी, परिपक्व र समाजसेवी व्यक्ति थिए । यिनलाई तत्कालीन श्री ५ को सरकारको सुब्बा सरहको पद दिइएको थियो । उनका छोरा गेहेन्द्रभूषण पोखरेलीको न्वारानको नाम गेहेन्द्रमान उदास हो । उनको साहित्यिक नाम भने गेहेन्द्रभूषण पोखरेली (पोखरेली काका) हो । हाल भूषण स्थायी रूपले पोखरा उपमहानगरपालिका वडा नं. १६, बडहरबोट बाटुलेचौरमा बसोबास गर्दै आउनुभएको पाइन्छ ।

### २.२ बाल्यकाल र मातृवियोग

बाल्यकालमा गेहेन्द्रभूषण पोखरेलीको शरीर निकै सुगठित र हृष्टपुष्ट थियो । स्वास्थ्यका दृष्टिले पनि पोखरेली निरागी नै थिए । पोखरेलीले बाल्यवस्थामै मातृवात्सल्यबाट बञ्चित हुनु परेकोले उनको बाल्यकाल समस्याग्रस्त र संघर्षमय देखिन्छ । वि.सं.१९९६ सालमा आमाको मृत्यु भएकोले उनको बाल्यकाल बाबाको लालनपालनमा बित्यो । उनले आमाको अनुहार समेत कस्तो थियो भनी सम्झना गरी राख्ने सौभाग्य पनि पाउन सकेनन् । जुनबेला उनको उमेर डेढ वर्ष मात्रको थियो । भूषणको जीवनमा आमाको माया-ममता र अनुरागएवम् उत्साह कस्तो हुन्छ भन्ने कुराको अनुभव गर्ने घडी समेत बामे सर्ने अवस्थामै कहिल्यै नपाउने गरी हराएको थियो । उनी स्वयम् भन्दछन् 'सिँगाने अवस्था पार गरेदेखि नै पिताजीको गाह्रो-साँगुरो र विवशतासँग सक्दो सहयात्रा गर्नुपर्दा बेला-बेलामा आफ्नो

[१] शोधनायक गेहेन्द्रभूषण पोखरेलीबाट प्राप्त जानकारी ।

अन्तरमुखी एकाङ्कीपनले आफै आफ व्यथित भई आमालाई सम्झँदै एक्लै आँखा रसाउँने हुन्थ्यो ।'[२] यसरी उनको बाल्यकाल सङ्कटमय अवस्थामा गुज्रेको थियो ।

बाल्यकालदेखि नै संघर्षमय जीवन बिताउने पोखरेली सानैदेखि असल बानीव्यवहार, मृदुभाषी र मिलनसार थिए । आफ्ना बालसाथीहरूसँग ग्राम्यसुलभ खेलहरू खेल्नमा मात्र होइन उनी टोलसगठनमा सक्रीय भई सामाजिक सेवा र सहयोग, नाटक लेखन र मञ्चन तथा सांस्कृतिक कार्यक्रमहरूमा सक्रीय हुनुहुन्थ्यो । विशेषगरी उनले राष्ट्रिय मा.वि. टुडिखेल, अमरसिंह मा.वि. र कन्या मा.वि.मा सङ्गठन निर्माणको लागि सक्रीय भई हिड्नु भएको थियो । सानै उमेरदेखि पठनपाठनमा रुची राख्ने पोखरेलीको रसरङ्ग र खेलकूदमा पनि रुचि थियो । खेलकूदतर्फ उनी फुटबल र भलिबल खेल्ने गर्दथे । यसरी बालककालदेखि नै असल स्वभाव बानीव्यवहार भएका, सहनशील, कर्तव्यपरायण र कष्टपूर्ण, समस्यापूर्ण तथा मातृवात्सल्य बिहीन जीवन बिताउन वाध्य भएका भूषण गाउँमा इष्टमित्र, छरछिमेक साथीभाइ सबैका अति प्यारा थिए ।[३]

## २.३ अक्षरारम्भ र शिक्षादीक्षा

गेहेन्द्रभूषण पोखरेलीको शिक्षाको आरम्भ आफ्नै घरबाट भएको पाइन्छ । उनी स्वयम् पनि शिक्षित परिवारमा जन्मिएकाले उनलाई अक्षर चिनाउने काम उनका बाबाले गर्नुभएको थियो । यिनले आमाको मातृवात्सल्य गुमाउनु परे पनि बाबाको माया र स्नेहले बाल्यकाल बिताएका थिए । उनले औपचारिक रूपले शिक्षाको आरम्भ राणाशासन समाप्ति (२००७) पछि गरेको पाइन्छ । भूषणले एकैचोटी तीन कक्षा पढ्न राष्ट्रिय मा.वि. टुँडिखेलमा भर्ना भएका थिए । उनको बाबुको इच्छा उनलाई पढाएर ज्योतिष बनाउने थियो ।[४] भूषण पढ्नमा अत्यन्त चलाख थिए जसले गर्दा उनले वि.सं. २०१३ सालमा एस.एल.सी. उत्तीर्ण गर्न पुग्छन् । त्यसपछि उनको पढाइ लामो समयसम्म रोकिन पुग्छ । यिनले लामो समयको अन्तराल पछि आई.ए. २०२४ सालमा प्राइभेट नेपालमा नै गरेका थिए । त्यसपछि भने उनको अध्ययनको क्रम अघि बढ्दछ र यिनले बि.ए. शङ्करदेव क्याम्पसबाट २०२५/२६ सालमा उत्तीर्ण गर्न पुग्दछन् । उनले औपचारिक रूपमा भर्ना भए पनि प्राइभेट जस्तै स्वअध्ययन गरी आफ्नो अध्ययनलाई अघि बढाएको पाइन्छ । यसरी यिनले आफ्नो

---

[२] ऐजन ।

[३] ऐजन ।

[४] ऐजन ।

अध्ययनलाई अघि बढाउने क्रममा सन् १९७२ सम्ममा नेपाली र इतिहास विषयमा टि.यु. बाट एम्.ए. गर्न पुग्नुभएको थियो । भूषणले आफ्नो अध्ययनको क्रममा बेलायतको Leads University बाट २०३१/३२ सालमा शिक्षा विषयमा स्नातक गर्नुभएको थियो । भूषणले आफ्नो जीवनमा आइपरेका विविध समस्यालाई पन्छाएर आफ्नो अध्ययनलाई अगाडि बढाउने क्रममा वि.सं. २०४३ सालबाट सुरु गरी २०४८ साल सम्ममा टि.यू. (T.U.) बाट **नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन** विषयमा विद्यावारिधि गर्नुभएको पाइन्छ । यसका साथै भूषणले तत्कालीन श्री ५ को सरकारको जागिरको शिलशिलामा विभिन्न विषयमा तालिम लिनुभएको पाइन्छ जसमा पाल्पा जिल्ला बालकल्याण समितिद्वारा आयोजित 'बालअधिकारसम्बन्धी तालिम दिनेहरूलाई तालिम दिने (TOT) तालिम प्राप्त, युनिसेफ र रेडियो नेपालद्वारा आयोजना गरिएको Early Childhood Development Interactive Radio Instruction कार्यशालामा पूर्ण सहभागिता, Golda Meir Mount Carrel International Training Centre Israel द्वारा सञ्चालित 'Early Childhood Education' जस्ता विषयमा तालिम प्राप्त गर्नुभएको पाइन्छ । यसरी उनले आफ्नो अध्ययनलाई अघि बढाउने क्रममा कतै सरकारी जागिर र कतै शिक्षण पेशालाई अँगाल्दै आउनुभएको पाइन्छ, जसको कारण आर्थिक अभाव नै थियो ।

## २.४ व्रतबन्ध, विवाह र सन्तान

गेहेन्द्रभुषण पोखरेलीको व्रतबन्ध आफ्नै घर तेर्सापट्टी, पोखरामा ११ वर्षको उमेरमा परम्परागत रूपमा पुरोहितलाई बोलाएर गरिएको थियो । भूषण ३३ वर्षको हुँदा काठमाडौँ निवासी प्रमिलादेवी (कोइराला के.सी.) को साथ विवाह भयो तर भूषण र प्रमिलादेवीलाई लामो समयसम्म दाम्पत्य जीवन बिताउने अवसर मिलेन । प्रमिलादेवीले चार सन्तानकी आमा हुने अवसर पाइन । भूषणका सन्तानहरूमा प्रमिता, प्रदिप्ता, प्रनिता र प्रकृता गरी चार छोरीहरू हुन् । यिनले अन्तर्जातीय विवाह गरेका थिए । यिनीहरूबीचको पारिवारिक बेमेलका कारण औपचारिक रूपमा नै वि.सं. २०५१/५२ सालतिर सम्बन्ध विच्छेद हुन पुग्यो । भूषणले उक्त पीडाको घटना सहन नसकी फेरी अर्को विवाह वि.सं. २०५३ सालमा सामान्य किसिमले कास्कीकोट निवासी तारादेवी उदास (देवकोटा) का साथमा गर्न पुगे ।[५] उनी तर्फबाट एकमात्र सन्तान छोरा जीति भूषणको जन्म भएको छ । हाल उनी ११ वर्षका छन् । भूषणले दोस्रो विवाह पनि अन्तर्जातीय नै गरेका छन् । उनको स्वभावले गर्दा नै

[५] ऐजन ।

यस्तो हुन गएको हो । यिनी समाजमा जातभात छुवाछुतको अन्त्य गर्न चाहन्छन् । त्यसैले पनि उनी अर्न्तजातीय विवाहलाई प्रोत्साहन गर्दछन् ।

गेहेन्द्रभूषण पोखरेली आफूशिक्षित र पेशाले शिक्षक भएका कारणले पनि छोराछोरीलाई पढाउनुपर्छ भन्ने धारणा भएको पाइन्छ । भूषण छोराछोरीलाई पढ्नको लागि निकै प्रेरणा दिने गर्दथे । जसले गर्दा उनका सबै सन्तान पढाइमा अगाडि बढेको पाइन्छ । भूषणका जेठी तर्फ हरेक सन्तानले कम्तीमा पनि स्नातकोत्तर उत्तीर्ण गर्नुले पनि भूषणको शिक्षाप्रतिको दृष्टिकोण स्पष्ट हुन पुग्दछ । उनका कान्छीपट्टिका छोरा जीतिभूषण पनि पढ्नमा चलाख छन् । यसरी हेर्दा हालसम्म उनको दाम्पत्य जीवन पूर्वार्द्धमा कष्टपूर्ण देखिए तापनि उत्तरार्द्धमा दाम्पत्य तथा पारिवारिक जीवन सुमधुर वातावरणमा बितिरहेको पाइन्छ ।

## २.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति

प्रमिलादेवीसँग वि.सं. २०२७ सालमा विवाह भएपछि भूषणको दाम्पत्य जीवन सुरुवात हुन्छ । उनको दाम्पत्य जीवन त्यति राम्रो देखिन्न । सुरुसुरुका केही समय दाम्पत्य जीवन ठीकैसँग बिते पनि त्यसको केही समयपछि नै दाम्पत्य जीवनमा बेमेलको स्थिति सिर्जना हुन पुग्यो । भूषणको उनीसँग सुमधुर मिलन, रमाइलो वातावरणमा आनन्ददायक जीवन बिताउने इच्छा हुँदाहुँदै पनि यिनको श्रीमतीको कारण उक्त चाहना पूरा हुन पाएन र अन्त्यमा वि.सं. २०५१/५२ सालमा औपचारिक रूपमा नै सम्बन्ध विच्छेद हुन पुग्यो । भूषणले उक्त पीडा सहन नसकी त्यसमा मलम पट्टी लगाउनको लागि अर्को विवाह वि.सं. २०५३ सालमा सामान्य किसिमले कास्कीकोट निवासी तारादेवी उदासको साथमा गर्न पुगे । त्यसपछि भने भूषणको दाम्पत्य जीवन राम्रोसँग चलेको देखिन्छ । तारादेवीसँग विवाह भएपछि भने दाम्पत्य जीवन सामान्य, प्रायः शान्त र सुमधुर ढङ्गले चलेको कुरा भूषण बताउँछन् ।[६]

भूषणको जीवन सामान्य किसिमले हेर्दा दुःखपूर्ण देखिन्छ । उनको जन्म मध्यम वर्गीय परिवारमा भएको थियो । बाल्यकालमा आमाको मृत्यु, मध्यमवस्थामा बाबाको मृत्यु तथा श्रीमतीसँग किचलो जस्ता कारणले पारिवारिक परिस्थिति बिग्रँदै गएको पाइन्छ । उनले आफ्नो जीवनमा जतिसुकै दुःख र कष्ट आइपरे पनि आफ्नो कर्तव्य भने पूरा गरेका थिए । यिनले आफ्नै भाइलाई समेत पढाउन सहयोग गरेको पाइन्छ भने छोरीहरूलाई उच्च शिक्षा

[६] शोधनायकबाट प्राप्त जानकारी ।

सम्मको अध्ययन गराउनु भएको पाइन्छ । जसले गर्दा भूषणको कर्तव्यनिष्ट व्यवहारलाई स्पष्ट देखाउँछ । यस दृष्टिले हेर्दा उनको जीवन सफल नै देखिन्छ । वि.सं. २०१५/१६ सालदेखि शिक्षण पेशामा लागेका भूषणलाई पछि आफ्ना चार छोरीहरू सहितको ६ जनाको परिवारलाई पालनपोषण गर्ने जिम्मेवारी बढ्यो । यिनले आफ्नो छोरीहरूलाई सुखसयलका साथ पाल्दै गए । हाल उनका चारवटै सन्तानको विवाह भइसकेको र एक छोरी अमेरिका भएको भूषण व्यक्त गर्दछन् । प्राध्यापक पेशाबाट अवकाश प्राप्त गरेको र सबै छोरीहरूले पनि आ-आफ्नो तर्फबाट राम्रो प्रगति गरेको हुनाले पारिवारिक रूपमा निकै सन्तुष्टि प्राप्त भएको अनुभव गर्दछन् । हालसम्म पनि उनले स्कुल स्तरमा पढाउने काम गरिरहेका छन् । भूषण आफ्नो पसिनाको कमाइमा रमाउने सादा जीवन उच्च विचार राख्ने व्यक्ति हुन् । यसरी भूषणको पारिवारिक स्थिति पूर्वार्द्धमा केही सङ्घर्षपूर्ण नै रहे पनि उत्तरार्द्धमा भने आनन्दको साथ चलेको पाइन्छ ।

## २.६ पितृवियोग

जन्म भएको डेढ वर्षमै मातृवात्सल्य प्रेमबाट वञ्चित हुन पुगेका गेहेन्द्रभूषणका जीवनमा क्रमिक रूपमा दुःखहरू एकपछि अर्को गर्दै थपिँदै गए । त्यसैले उनी दुःखै दुःखको भुँवरीमा परेको पाइन्छ । भूषण बूढानीलकण्ठमा अध्यापन गरेको अवस्थामा वि.सं. २०३२ सालो तीजको दरखानु एकदिन अगाडि नरदेवी अस्पताल काठमाडौँमा क्यान्सर रोगबाट भूषणको बाबाको मृत्यु भएको थियो ।[७] यस पीडाले उनको जीवनमा ठूलो बज्रपात हुन पुग्यो । एकातिर दाम्पत्य जीवनको बेमेल अर्कोतिर बाबाको बाँच्ने उमेर छँदैको मृत्युले उनी मर्माहत हुन पुगे । उनको प्रेरणाको स्रोत, आमाको सम्झना बिर्साउने बाबाको मृत्युले सही नसक्नुको पीडा भोग्न पुग्दछन् । उनको परम्परागत परम्पराअनुसार गुह्येश्वरीमा दाहसंस्कार भयो । यसरी पितृवियोगले उनको दुःखपूर्ण जीवनलाई झन दुःखपूर्ण बनाइदिन्छ ।

## २.७ जीवनमा देखापरेका दुःखसुखका क्षण

गेहेन्द्रभूषण पोखरेलीको जीवन दुःखै दुःखले भरिएको पाइन्छ । डेढ वर्षको उमेरमा आमाको वात्सल्यप्रेमको अनुभव सम्म गर्न नपाएका भूषणका जीवनमा क्रमिक रूपमा दुःखहरू एकपछि अर्को गर्दै थपिँदै गए । त्यसैले उनी दुःखैदुःखको भुँवरीमा परेको पाइन्छ । उनको जीवनको सबैभन्दा दुःखको क्षण भनेको दाम्पत्य जीवन नै हुन पुगेको छ । उनको

[७] ऐजन ।

जीवनमा सुरुसुरुका क्षणमा दाम्पत्य जीवन ठीकैठीकै बिते पनि त्यसको केही समयपछि नै दाम्पत्य जीवनमा दुःखका क्षणहरू देखा पर्न थाल्दछन् । श्रीमतीसँग मिलेर बस्ने इच्छा हुँदा हुँदै पनि उनकी श्रीमती र उनकी आमाको सम्पत्ति प्रतिको मोहले गर्दा अन्त्यमा सम्बन्ध विच्छेद हुन पुग्दछ । जीवनभर साथ दिने कसम खाएकी श्रीमतीको तिरस्कारले उनी बौलाह सरह हुन पुगे । उनले भूषणको जागरी गरी कमाएको सम्पत्ति र पुर्ख्यौली सम्पत्ति समेत आफ्नो नाममा गराएर भूषणलाई सुकुम्बासी सरह बनाएर सम्बन्ध विच्छेद गर्दछिन् । उनको अनौपचारिक रूपले वि.सं. २०४७ सालमा र औपचारिक रूपले वि.सं. २०५१/०५२ सालमा सम्बन्ध विच्छेद हुन पुग्दछ । यसको पीडाले उनी बौलाह सरह हुन पुगे । आफना दुःखका सन्दर्भमा भूषण भन्दछन् 'म दिनभरी पृथ्वीनारायण क्याम्पसमा विद्यार्थीहरूलाई पढाउथे भने रातभरी कोठामा बौलाहसरी हुन्थे, यति सम्मकी एक्लै भित्तामा हातले हानाहान गर्ने, टाउको ठोकाउने, एक्लै सपना र विपनामा रुने, चिच्याउने जस्ता क्रियाकलाप गर्थे आफूलाई बौलाएको अनुभव भएको थियो ।'[८] यसैले उनका दुःखको क्षणहरू उल्लेख गरी साध्य छैन । उनले आफ्नो जीवनलाई बौलाहसरी हुनबाट बचाउन वि.सं. २०५३ सालमा तारादेवीसँग विवाह गरी दाम्पत्य जीवनमा बाँधिन पुग्नुभएको पाइन्छ । यसले गर्दा भूषणलाई जीवनमा सहारा पाएको अनुभव हुन्छ । हाल भने उनको दाम्पत्य जीवन सुखपूर्ण नै देखिन्छ ।

यिनको जीवनमा देखापरेको अर्को दुःखका क्षणमा बाबाको मृत्युलाई लिन सकिन्छ । उनको बाबाको वि.सं. २०३२ सालमा नरदेवी अस्पतालमा क्यान्सर रोगबाट भएको थियो । भूषण बाबाको मृत्युका सम्बन्धमा भन्दछन् । समयमा बाबा बिरामी भएको थाहा नपाएर औषधी उपचार समयमा गर्न नपाउँदा मलाई साह्रै दुःख लागेको छ । बाँच्ने उमेर हुँदाहुँदै बचाउन नसकेकेमा साह्रै दुःखीत हुनुहुन्छ । त्यस समयमा भाइले सहयोग नगरेकोमा दुख व्यक्त गर्नुहुन्छ । भूषण दुःखका क्षण सम्बन्धमा भन्दछन् 'आमा र बाबालाई सम्झेर अफिसमा पनि एक्लै रोएको थिएँ त्यस समयमा साथीहरूले देखेर पनि किन रोएको भनेर सम्म सोधेनन् यसले मलाई झन् मर्महात तुल्यायो । आज मलाई बाबा र आमा भएको भए चिनाउन र सहारा पाउने थिएँ जस्तो लाग्दछ ।[९] यसपछि उनको जीवनमा सबैभन्दा दुःखको क्षणको आरम्भ हुन्छ । उनलाई साढे सत्र वर्षसम्म प्राध्यापन पेशामा लागेर अवकास हुनु

[८] ऐजन ।

[९] ऐजन ।

पर्दा सबभन्दा दु:ख लागेको उनी भन्दछन् 'साढे सत्र वर्ष सम्म पृथ्वीनारायण क्याम्पसमा पढाएर पनि निबृत्तिभरण नपाउँदा मलाई सबभन्दा दु:ख लाग्यो ।[१०]

यसरी भूषणको जीवनमा विविध किसिमका दु:खका क्षणहरू देखापरेको पाइन्छ । भूषणले पारिवारिक समस्या मात्र व्यहोरेनन्, मातृपितृ र पत्नीको पीडा सहनु परेको थियो । यसरी उनको सुखको क्षणको सम्बन्धमा भन्दा उनको जीवनमा सुखका क्षणहरू देखापर्दै परेनन् तापनि उनी भन्दछन् 'भाइ र छोराछोरीहरूलाई पढाउन पाउँदा (आफ्नो दायित्व पूरा गर्न सकेकोमा) आफूलाई खुसी लागेको छ । भौतिक कुरामा मात्र विश्वास नगर्ने भएकोले विछोडको पीडापछि आत्मबल बढेर बाँच्न सकेकोमा आफूलाई सुख महशुस हुन्छ । भौतिक कुरामा मात्र विश्वास गर्नेले मलाई दु:खी अनुभव गरे पनि वास्तवमा आफू खुसी भएको अनुभव हुन्छ ।' यसरी भूषण आफ्नो जीवनलाई सफल र सार्थक ठान्दछन् ।

## २.८ बसोबास र आजीविका

गेहेन्द्रभूषण पोखरेलीका पुर्खाहरू पाटनबाट कास्की जिल्लाको पोखरा उपमहानगरपालिका वडा नं. ३ तेर्सापट्टी टोलमा गएर बसेका थिए ।[११] उनका पिता चूडामान उदास सरकारी कर्मचारी हुनुहुन्थ्यो । उनको जन्म पनि त्यही कास्की जिल्लाको तेर्सापट्टी टोलमा भएको थियो । भूषणको जन्म पनि वि.सं. १९९४ सालमा पोखरा तेर्सापट्टीमा आफ्नै घरमा भएको थियो । आफ्नो मातापिताका साथ उनी पनि त्यही बस्दथे । उनको बाल्यकाल पोखरामा नै बित्यो । भूषण अध्ययन तथा जागीरको क्रममा काठमाडौँमा वि.सं. २०१८ सालदेखि पसेको पाइन्छ । आजीविकाका क्रममा यिनले विभिन्न ठाउँमा शिक्षक तथा तत्कालीन श्री ५ को सरकारको वन विभागमा कार्यरत भई विभिन्न ठाउँमा काम गर्नुभएको पाइन्छ । यिनले वन विभागमा वि.सं. २०१८ सालदेखि २०२६ सालसम्म काम गर्नु भएको थियो । सुरुमा काठमाडौँ र ठीमिको क्रमश: थानकोटमा 'काठमाडौँ वन नर्सरी' र ठिमी नर्सरीको रेन्जर भई काम गर्नुभएको पाइन्छ । त्यसपछि बारा जिल्लाको का.मु. वन अधिकृत भई वि.सं. २०२३ सालदेखि वि.सं. २०२६ सालसम्म काम गर्नुभएको पाइन्छ । त्यसपछि भूषणले तत्कालीन श्री ५ को सरकारको जागिर छोडेर शिक्षण पेशा अपनाएको पाइन्छ । भूषणले २०४० सालसम्म बूढानीलकण्ठ स्कुल काठमाडौँमा शिक्षक (सामाजिक अध्यापन), हाउस मास्टर र सहायक प्रधानाध्यापक (प्राज्ञिक) पदमा काम गर्नुभएको पाइन्छ । वि.सं.

[१०] ऐजन ।

[११] ऐजन ।

२०४१/०४२ सालसम्म सिन्धुली क्याम्पसमा संस्थापक क्याम्पस प्रमुख भई काम गर्नुभएको पाइन्छ । उनले शिक्षण पेशाकै क्रममा वि.सं. २०४२ सालदेखि २०५९/१२/१८ सम्म पृथ्वीनारायण क्याम्पस पोखरामा इतिहास विषयमा प्राध्यापन गर्नुभएको थियो । यसरी भूषण आजीविकाको क्रममा विभिन्न ठाउँ र स्थानमा बसोबास गर्नुभएको पाइए तापनि हाल भने स्थायी रूपमा पोखरा उपमहानगरपालिका वडा नं. १६ बडहरबोट, बाटुलेचौरमा बस्दै आउनुभएको पाइन्छ । हालसम्म पनि आफ्नो घरखर्च चलाउन सिपालु सरल ग्रामीण हृदय भएकी पत्नी भएकाले उनको पारिवारिक स्थिति सामान्य रूपमा सुखमय नै रहेको पाइन्छ ।

## २.९ आर्थिक अवस्था

गेहेन्द्रभूषण पोखरेलीको जन्म मध्यम वर्गीय परिवारमा भएको थियो । सानै उमेरमा आमाको मृत्यु भए पनि बाबाको सरकारी पेशाले गर्दा उनलाई आर्थिक अभावको त्यति अनुभव गर्नु परेन तापनि उनको बाल्यकाल पछि भने अध्ययनको क्रममा आर्थिक अभाव परेको पाइन्छ । विद्यार्थी जीवनदेखि नै अभाव र अशिक्षाका दुई बलिया दुश्मनसित मोर्चा कस्दै अगाडि बढेका भूषण ७० वर्ष भइसक्दा पनि उनको जोश र जाँगरमा कुनै कमी आएको पाइन्छ । हाल उनी स्कुलमा अध्यापन कार्यमा संलग्न छन् । जीवनको मध्ये अवस्थामा आर्थिक अभावको अनुभव भए पनि उनले आफ्नो दायित्व पूरा गरी छोरीहरूलाई पढाएको पाइन्छ । यसका अतिरिक्त विभिन्न पत्रिकाको सम्पादन र प्रकाशन गर्दै आएका भूषण आफ्नो मासिक तलबबाट प्राप्त आम्दानीले हाल घरगृहस्थीको खर्च चलाइरहेका छन् । न्यून आयबाट पनि आफ्नो घर खर्च चलाउन सिपालु सरल ग्रामीण हृदय भएकी पत्नी भएकाले उनको पारिवारिक स्थिति सामान्य रूपमा सुखमय नै रहेको पाइन्छ ।

## २.१० रुचि र स्वभाव

सानै उमेरदेखि पढ्न चाहने, पत्रपत्रिका हेर्ने, विश्व घटनालाई बुझ्न चाहने भूषणको रुचिको विषय भने साहित्य लेखन तथा समाजसेवा गर्ने हो । विद्यार्थीकालदेखि हालसम्म कविता, नाटक, कथा, बालसाहित्य लेखनमा नै बढी कलम चलाउने भूषणले कार्यालयको समयमा आफ्नो पेशामा समर्पित गरे पनि अन्य फूर्सदको समय र रातको शून्य र शान्त वातावरणमा साहित्य साधनामा नै समय दिने गरेको पाइन्छ । राजनीतिक, सामाजिक, प्रेम विषयक, राष्ट्रिय विषयवस्तुलाई आफ्ना कृतिको माध्यमबाट पोखेका छन् । उनको बाल्यकालदेखि नै रुचिको विषय हो- साहित्य लेखन र पठनपाठन । शिक्षण पेशामा प्रवेश

गरे पनि कालान्तरमा साहित्य सिर्जनामा नै आफूलाई संलग्न गर्ने उनको उद्देश्य रहेको थियो । नाटक मञ्चन, खेलकूदमा रुचि राख्ने, भूषण दीनहीन, रोगी, नारी, बृद्ध र बालबालिकाप्रति करुणा, दया र सेवाको भावना राख्दछन् । भूषण सबैलाई समान रूपमा हेर्ने कसैलाई नहेप्ने, नोक्सान नगर्ने, कसैलाई नराम्रो वचन नबोल्ने व्यक्तिको रूपमा चिनिन्छन् ।

मृदुभाषी, सरल, हँसिला, नरम र मिलनसार भूषण समाजसेवी र साहित्यप्रेमीका रूपमा चिनिन्छन् ।[१२] भूषणको अर्को रुचिका विषय सङ्गीत र खेलकुद पनि हो । मुरली र मादल बजाउन शौख छ । त्यस्तै धार्मिक तथा सामाजिक कार्य, परम्परागत संस्कृति, चाडपर्व, उत्सवमा सक्रीय सहभागिता जनाउने गर्दछन् । भूषणलाई खेलकूदमा भलिबल र फुटबल बढी मन पर्दछ ।

जस्तोसुकै खानाको परिकार पनि मन पराउने भूषण सामान्य नेपाली खाना नै मन पराउँछन् । प्रायः सादा खाना (दाल, भात, तरकारी, अचार) नै बढी रुचाउँदछन् । यसका अतिरिक्त ढेडो, रोटीमा विशेष रुचीका साथ खाने गर्दछन् ।

## २.११ साहित्यिक तथा सामाजिक कार्यहरू

बाल्यकालदेखि नै सामाजिक सेवामा कार्यरत गेहेन्द्रभूषण पोखरेलीको नेपाली साहित्य विकास गर्न ठूलो सहयोग पुऱ्याएको पाइन्छ । सानै उमेरदेखि टोल सङ्गठन र नाटक मञ्चनमा सक्रीय भएको पाइन्छ । खासगरी वि.सं. २०११ सालदेखि वि.सं. २०१६ सालसम्म तेर्सापट्टी टोलमा र २०१५/१६ सालमा मल्टिपर्पस नेशनल हाइस्कुल (हाल राष्ट्रिय उच्च मा.वि.) बगर टुँडिखेलमा डाइरेक्टर समेत भई नाटकहरू रङ्गमञ्चमा मञ्चन गराउनु भएको पाइन्छ । त्यसरी देखाइएका प्रमुख नाटकहरूमा 'हाम्रो समाज', 'निशानी', 'सपना', 'सदानन्द' आदि तेर्सापट्टी टोलमा र 'अब के गर्ने !' नाटक हाइस्कुलमा देखाइएको थियो । 'सन-लाइट थेटर' खोलेर नाटक देखाउने अनौपचारिक संस्था पनि स्थापना गरेको पाइन्छ ।[१३] भूषणले साहित्यका विभिन्न विधामा कलम चलाएको पाइन्छ । खासगरी उनले साहित्यका नाटक, कथा, कविता र बालसाहित्य जस्ता विधामा कलम चलाएको पाइन्छ तापनि उनी नाटककारका रूपमा तथा कविका रूपमा बढी चर्चित छन् । नाटकतर्फ उनका 'वनवासी सीता', 'शाहवंशका ५ प्रमुख राजाहरू' चर्चित छन् र कवितातर्फ मेरो वसन्त (२०३७),

---

[१२] पूर्ववत्, शोधनायककी पत्नी तारादेवीबाट प्राप्त जानकारी ।

[१३] पूर्ववत गेहेन्द्रभूषण पोखरेलीबाट प्राप्त जानकारी ।

'राष्ट्रनाद' (२०३९), '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' (२०४७) हो । कथातर्फ उनका 'प्रतिबिम्ब' भाग १ र २ प्रकाशित भएको पाइन्छ । उनले बालसाहित्य लेखनमा पनि विशेष योगदान दिएको पाइन्छ । उनका बालसाहित्यतर्फ 'बालक, बिरुवा र पृथ्वीमाता' (२०४९) रमाइला सामाजिक बालकथा (२०५४) र काकाको अर्ती नानीलाई फूर्ती (०५७) पुस्तककार कृतिहरू प्रकाशित छन् । यसका साथै भूषणका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रचनाहरू प्रकाशित भएको पाइन्छ । यसरी उनले नेपाली साहित्यमा पुऱ्याएको योगदान अविस्मरणीय देखिन्छ ।

भूषणले सामाजिक कार्यहरू अन्तर्गत नारी उत्थान, जातीय भेदभावको अन्त्यको लागि दलितहरूलाई शिक्षा प्रदान गर्ने जस्ता कार्यहरू गर्नुभएको पाइन्छ ।

## २.१२ प्रेरणा र प्रभाव

गेहेन्द्रभूषण पोखरेलीले साहित्यतर्फ लाग्ने प्रेरणा आफ्नै बाबाबाट प्राप्त गरेको पाइन्छ । उनका बा चूडामान उदास, जो आफै पनि शौखिन गायक, सङ्गीतकर्ता र टोलमा रामायणको तालिम गराएर गाईजात्रा पर्वमा निकाल्नुहुन्थ्यो । भूषणले सुरुमा नाटक लेखन र मञ्चन गर्नुभएको पाइन्छ । भूषणलाई नाटक मञ्चन गर्ने विचार वि.सं. २००७ सालसम्म पोखरामा बडाहाकिम भएर बसेका धनशमशेर ज.ब.रा. ले बेलाबेलामा उसको दरबार मोहरियाटोलमा देखाउने गरेको नाटक हेरेर प्रेरणा पाएको पाइन्छ । त्यसबेला उनी ९/१० वर्षको बालक थिएँ । यसरी नाटक हेर्ने क्रममा त्यसरी नै नाटक निकाल्ने प्रेरणा पाएका थिए । यसैका प्रेरणास्वरूप उनले 'वनवासी सीता' नाटक वि.सं. २०१९ सालमा लेखेको पाइन्छ । यो नाटकमा भानुभक्तीय रामायणको प्रभाव परेको पाइन्छ । उनले साहित्यको अन्य विधामा लाग्ने प्रेरणा सामाजिक, राजनैतिक र पारिवारिक परिस्थितिले प्रभाव पारेको पाइन्छ । भूषणले वि.सं. २०१६/१७ सालबाट कविता लेख्न थाल्नुभएको पाइन्छ जसको प्रभाव र प्रेरणा आफ्नै बा चूडामान उदासबाट प्राप्त गरेका थिए ।[१४] यिनको कवितामा समसामयिक विषयवस्तुहरूको प्रयोग गरी लेखिएको पाइन्छ । यिनले कथा विधामा पनि कलम चलाएको पाइन्छ । भूषणको कथामा सामाजिक विषयवस्तुको प्रयोग गरिएको पाइन्छ ।

यसरी बाल्यकालदेखि गाउँघरका लोकसाहित्यिक वातावरणमा हुर्केका भूषणले नाटकको मञ्चन र लेखन, एकान्तमा बसेर कविता कोर्नेदेखि स्वदेशी तथा विदेशी

[१४] ऐजन ।

लेखकहरूका कथाहरू अध्ययन गर्न थाले र विभिन्न समसामयिक साहित्यिक गोष्ठी, सम्मेलनहरूमा भाग लिँदै नेपाली साहित्यमा प्रवेश गरेको देखिन्छ ।

## २.१३ भ्रमण

गेहेन्द्रभूषण पोखरेलीलाई भ्रमण रुचिको विषय भएर पनि परिस्थितिले भने त्यति साथ दिएको थिएन । 'जहाँ इच्छा त्यहाँ उपाय' भनेझैँ भूषणले आफनो इच्छालाई पूर्ण रूपमा मन भने दिएनन् । भूषणले विदेशतर्फ बेलायत र भारतको भ्रमण गर्नुभएको पाइन्छ । अध्ययन र जागिरको शिलशिलामा नेपालका धार्मिक र सांस्कृतिक केही महत्वपूर्ण स्थलहरू साथै अन्य केही जिल्लाहरू घुमेर नेपालको भौगोलिक क्षेत्रको भ्रमण गरेर केही जानकारी प्राप्त गरेको पाइन्छ । भूषणले नेपालको हिमाल, पहाड र तराई तीनै क्षेत्रको भ्रमण गर्नुभएको पाइन्छ । उनले नेपालको मुख्य क्षेत्रहरू काठमाडौँ उपत्यका, पोखरा, बारा, विराटनगर, लुम्बिनी जस्ता अधिकांश क्षेत्रको भ्रमण गर्नुभएको पाइन्छ । भूषणले अध्ययनको शिलशिलामा एक वर्ष बेलायतको भ्रमण गर्ने अवसर प्राप्त गर्नुभएको पाइन्छ । यसरी यिनले स्वदेश तथा विदेश भ्रमणका क्रममा त्यहाँको भौगोलिक, सामाजिक, सांस्कृतिक तथा प्राकृतिक मनोरम दृश्यहरूबाट प्रभावित भई रचना गरेका कतिपय कुराहरूलाई आफ्ना साहित्यमा अभिव्यक्त गरेका छन् ।[१५]

## २.१४ लेखनको आरम्भ र प्रकाशनको थालनी

गेहेन्द्र भूषणले लेखनको आरम्भ किशोर अवस्थामा हाइस्कुल जीवनमै पोखरामा गरेको पाइन्छ । खासगरी वि.सं. २०११ सालदेखि २०१६ सालसम्म तेर्सापट्टी तोलमा र २०१५/१६ सालमा मल्टिपर्पस नेशनल हाइस्कुल (हाल राष्ट्रिय उच्च मा.वि.) बगर टुँडिखेलमा डाइरैक्टरसमेत भई नाटकहरू रङ्गमञ्चमा मञ्चन गराउनुभएको पाइन्छ । त्यसरी देखाइएका प्रमुख नाटकहरूमा 'हाम्रो समाज', 'निशानी', 'सपना', 'सदानन्द' आदि तेर्सापट्टी टोलमा र 'अब के गर्ने !' नाटक हाइस्कुलमा देखाइएको थियो । यसरी स्कुल अवस्थादेखि नै नाटकको मञ्चन गर्दै आउनुभएका पोखरेलीको प्रथम पुस्तककार रूपमा लेखिएको कृति 'वनवासी सीता' (२०१९) हो । यसको प्रकाशन भने लामो समयपछि वि.सं. २०६२ सालमा हुन्छ । उनीद्वारा लेखिएका अधिकांश कृतिहरू जीवनको उत्तरार्द्धतिर प्रकाशन भएको पाइन्छ । भूषणले आफ्ना कृतिहरूको प्रकाशन 'प्रतिबिम्ब' भाग १ कथासङ्ग्रह (वि.सं. २०३२)

[१५] ऐजन ।

प्रकाशन सँगै अन्य कृतिहरूको प्रकाशन गर्न थालेको देखिन्छ । उनको फुटकर रूपमा प्रकाशित पहिलो रचना भने 'तिम्रो देश' (२०१७) कविता हो ।[१६]

## २.१.५ दिनचर्या

मुख्य रूपमा शिक्षक व्यक्तित्व भएका कारण गेहेन्द्रभूषण पोखरेलीको मुख्य कार्य क्षेत्र पढाउनु नै हो । भूषणले वि.सं. २०१३ सालमा एस.एल.सी. पास गरेपछि पोखरामा राष्ट्रिय मा.वि. बाट अध्यापन कार्य शुरु गरे । त्यसपछि देशका विभिन्न विद्यालय तथा क्याम्पसमा अध्यापन गर्दै २०५९/१२/१८ सम्म ६५ वर्षको उमेर व्यतीत भयो । यसका अतिरिक्त भूषण साहित्य लेख्ने कार्यमा नै व्यस्त देखिन्थे । भूषण कास्की जिल्लाका विभिन्न साहित्यिक कार्यक्रममा जाने, साहित्यिक विचारहरू आदान-प्रदान गर्ने कविता सुन्ने सुनाउने तथा नाटक मञ्चन गर्ने काम गर्दथे । त्यस्तै फूर्सदको समयमा सामाजिक सेवाका अतिरिक्त पत्रपत्रिकाको सामान्य अध्ययन गर्दछन् । हाल साहित्यिक कृतिहरू रचना तथा प्रकाशन गर्ने कार्यमा नै दिनचर्याहरू अगाडि बढेको पाइन्छ । भूषण विभिन्न व्यक्तिहरूलाई भेट्ने, इष्टमित्र कहाँ जाने आदि कार्य गरेर नै बुढेसकालका दिनहरू बिताइरहेका छन् ।[१७]

## २.१६ पदक, पुरस्कार, प्रमाणपत्र र प्रशंसा-पत्र

गेहेन्द्रभूषण पोखरेलीले नेपाली साहित्य तथा अध्यापन कार्यमा योगदान पुऱ्याएबापत केही पुरस्कार तथा प्रशंसा पत्रहरू प्राप्त गरेको देखिए पनि राष्ट्रिय स्तरका पुरस्कारहरू भने पाएको देखिँदैन । उनले प्राप्त गरेका केही पदक तथा पुरस्कारहरू यसप्रकार छन् –

| पदक, पुरस्कार प्रशंसा पत्रको नाम | प्राप्त गरेको मिति वि.सं. | दिने संस्था वा व्यक्ति | पुरस्कृत गर्नाको कारण |
|---|---|---|---|
| १. प्रशंसा-पत्र | २०५८/१/६ | सुब्बा नाथु प्रह्लाद प्रतिष्ठान | 'मौलिक राष्ट्रिय संस्कृतिमा तमु संस्कृतिको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्नु भै प्रशंसनीय काय गर्नु भएकोले |
| २. सम्मान-पत्र | २०६२ | श्री ज्ञानभूमि नि.मा.वि. | विद्यालयको स्थापना संचालन संरक्षण एवम् समाजसेवामा निःस्वार्थ रूपले संलग्न भई नयाँ पुस्ताको मार्गदर्शक तथा प्रेरणाको |

[१६] ऐजन ।

[१७] ऐजन ।

| | | | |
|---|---|---|---|
| | | | स्रोत हुनु भएकोमा |
| ३. प्रशंसा-पत्र | २०५९/१/६ | सुब्बा नाथु प्रह्लाद प्रतिष्ठान | 'गुरुङ्ग संस्कृतिमा ह्लोछार पर्व' विषयक कार्यपत्रमा टिप्पणी गर्नु भै प्रशंसनीय कार्य गर्नुभएकोले |
| ४. कदर-पत्र | २०६० भाद्र | पृथ्वीनारायण क्याम्पस, पोखरा | पृथ्वीनारायण क्याम्पसमा अनवरत रूपमा सेवा गरी क्याम्पसको संरचना, विकास र शैक्षिक उत्थानको लागि निष्ठावान रही आफ्नो जिम्मेवारी उत्साहप्रद रूपमा वहन गर्दै आउनु भएकोमा |
| ५. कदर-पत्र | २०६१ | त्रिभुवन स्मारक स्वर्ण जयन्ती समारोह समिति | नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन शीर्षकमा विद्यावारिधि गरी श्री ५ को सुयश फैलाउने काम गरेकाले |
| ६. कदर-पत्र | २०६१/१/८ | तमु छोंज धिं | आदिवासी जागरण र उत्थान गर्ने काममा लेखनको माध्यमद्वारा विशेष योगदान पुऱ्याएकोमा |

## २.१७ सारांश

गेहेन्द्रभूषण पोखरेली एक सामान्य मध्यम वर्गीय परिवारका सदस्य हुन् । भूषणको घरको आर्थिक अवस्था बलियो नभए पनि त्यति दयनीय नभएको र हाल आएर निकै सुधार भएको पाइन्छ । भूषणको आर्थिक स्रोत निजामति सेवा र शिक्षण सरकारी पेशा नै थियो तर पनि भूषणको पारिवारिक जीवन सामान्य नै देखिन्छ तापनि उनले आफ्नो र छोराछोरीको अध्ययनलाई भने पूरा गर्न सफल भएका छन् । भूषणको जीवन पूर्वार्द्धतिर उतारचढाव, शोक तथा आर्थिक एवम् वैयक्तिक समस्याको कारणले गर्दा एकप्रकारको विसङ्गतिबोधको बीजारोपण हुन पुग्दछ भने उत्तरार्द्धमा क्रमिक सुधार भएको पाइन्छ । भूषणको साहित्य सेवा सुरुदेखि हालसम्म अगाडि बढेको पाइन्छ । उनको साहित्य सेवाको अवधि करिब आधा शताब्दी पुगेको देखिन आउँछ ।

## परिच्छेद–तीन

### ३. गेहेन्द्रभूषण पोखरेलीको व्यक्तित्व

### ३.१ पृष्ठभूमि

गेहेन्द्रभूषण पोखरेलीले नेपाली साहित्यका क्षेत्रमा दिएका योगदानको चर्चा-परिचर्चाका क्रममा उनमा निहित व्यक्तित्वका विभिन्न पाटाहरूको अध्ययन गर्दा उनी बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् । जीवनमा जतिसुकै आरोह अवरोहहरूको अनुभव गर्नुपरे तापनि आफ्ना उद्देश्य, विचार र दृढताबाट विचलित भएको पाइँदैन । उनले निस्वार्थ रूपमा नेपाली साहित्यको सेवा गरे । युवावस्थाः २०१० देखि २०६४ सम्म प्रत्यक्ष-अप्रत्यक्ष रूपमा उनी नेपलाी साहित्य क्षेत्रमा संलग्न रहँदै आएका छन् । उनका व्यक्तित्वको समग्र अध्ययन गर्दा उनी विभिन्न क्षेत्रमा आफ्ना वैशिष्ट्यहरूका साथ देखापर्दछन् ।

### ३.१.१ गेहेन्द्रभूषण पोखरेलीको शारीरिक बनावट

बाहिरबाट हेर्दा भूषण अग्लो कद, तेजिलो मुखमण्डल, काला आँखा, ठूलो निधार, मिलेको नाक, मिलेको शरीर, प्रशन्न (उज्यालो, हँसिलो) अनुहार भएका भूषण बृद्धवस्थाका कारण किञ्चित चाउरिएका गाला, स्वेत दन्तपङ्क्ति, सेतै फुलेको कपाल भएका देखिन्छन् । शारीरिक रूपमा कुनै खनखोट नदेखिने भूषणका मिलेका हात र सर्लक्क परेका गोडा छन् । भूषण मोटा नदेखिए पनि उनी स्वस्थ रहेको पाइन्छ ।[१८]

गेहेन्द्रभूषण दयालु स्वभावका व्यक्ति छन् । दीन दुःखीहरूका दुःख र समस्यालाई आफ्नै दुःख र समस्या जस्तो सम्झने भूषण आफ्नो क्षमताले भ्याएसम्म गरिब दुःखीलाई आर्थिक सहयोग गर्दछन् । सबैसँग बाँडीचुँडी खाने उदार दिल भएका व्यक्ति हुन् । साथी भाइसँग ज्यादै मिलनसार भूषण फुर्सदको समयमा साथीभाइलाई भेट्ने दुःख सुखका गफगाफ गर्ने गर्दछन् । जो कोहीसँग पनि वैमनष्यता नराख्ने, साना नानीदेखि बूढाबूढी सबैसँग मिल्न सक्ने मिलनसार स्वभावका छन् । भाग्यभन्दा कर्ममा विश्वास गर्ने भूषण आफूसँग सल्लाह र सुझाव माग्ने व्यक्तिलाई उचित सल्लाह, अर्ती, उपदेश दिने गर्दछन् । बाहिर हिड्दा प्रायः सर्टपाइन्ट र जुत्ता लगाउँछन् भने घरमा बस्दा पनि सामान्य लुगा लगाउँछन् । घरायसी कामबाट फुर्सद पाउनासाथ साहित्यिक रचनामा अग्रसर रहने भूषण पत्रपत्रिका पढ्ने, पुस्तक हेरिरहने, राष्ट्रिय र अन्तर्राष्ट्रिय चिन्तन गर्ने गर्दछन् । सधैँ शिक्षण

---

[१८] शोधार्थीले शोधनायकलाई प्रत्यक्ष देखेको ।

पेशालाई मर्यादित रूपमा हेर्ने र कहिल्यै पनि अध्यापन पेशाप्रति दिक्क नमान्ने भूषण कुनै पनि समयमा विद्यार्थीहरू आफूसँग सिक्न आएमा सहर्ष सिकाउने गर्दछन् । विद्यार्थीले कुनै पनि किसिमको गल्ती गरेमा उनी त्यसलाई अबदेखि त्यसो नगरोस् भनी सुध्रने मौका सिर्जना गरिदिन्थे । ज्यादै मिलनसार कसैसँग झगडा नगर्ने, कहिल्यै नरिसाउने, गाली गलौज नगर्ने भूषण आफ्ना साथीभाइलाई पारिवारिक सदस्यका रूपमा हेर्ने, आत्मीयताको नाता गाँस्ने अनि एक पटक परिचय लिइसकेपछि कहिल्यै नबिर्सने स्वभावका छन् । हाँसठट्टा गरेर रमाइलो गर्ने, रेडियोबाट आएका कर्णप्रिय गीतहरू सुन्ने स्वभाव छ ।[१९]

### ३.१.२ अध्ययनशील व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेली अध्ययनशील व्यक्ति हुन् । सानै उमेरदेखि उनी पढाइएमा तेज थिए । उनको अध्ययनको शुभारम्भ अनौपचारिक रूपमा घरैमा भयो र पछि औपचारिक रूपमा राणाशासन समाप्तिसँगै एकैचोटी तीन कक्षामा राष्ट्रिय मा.वि. पोखरामा भर्ना भएको पाइन्छ ।[२०] उनको अध्ययनशील प्रतिभाले गर्दा वि.सं. २०१३ सालमा एस.एल.सी. पास गर्न पुग्दछन् । त्यसपछि भूषणको अध्ययनको क्रम केही समय रोकिन पुग्छ तापनि यिनले स्वाध्ययनलाई कायमै राखेको पाइन्छ । यिनले आफ्नो अध्ययनलाई अगाडि बढाउने क्रममा जागीर खाँदै वि.सं. २०२४ सालमा आई.ए. प्राइभेट गर्न पुग्दछन् । त्यसपछि भने भूषणको अध्ययनले निरन्तरता पाउन थालेको पाइन्छ । भूषणले बि.ए. शङ्करदेव क्याम्पसबाट वि.सं. २०२५/२६ सालमा उत्तीर्ण गरेको पाइन्छ । यिनले आफ्नो अध्ययनलाई अगाडि बढाउने क्रममा टि.यू. बाट सन् १९७२ सम्ममा नेपाली र इतिहास विषयमा एम्.ए. उत्तीर्ण गरि सक्दछन् । यिनको बौद्धिक व्यक्तित्वले गर्दा यिनले टि.यू. बाट वि.सं. २०४८ सालमा 'नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन' विषयमा विद्यावारिधि शोधग्रन्थ पूरा गरे । यिनको अध्ययनशील व्यक्तित्वलाई हेर्दा आफ्नो जीवनमा जतिसुकै दुःखद क्षणहरू आइपरे पनि त्यसले अध्ययनको क्षेत्रलाई अवरोध पुऱ्याएको देखिँदैन । यिनको अध्ययनको क्रमलाई हेर्दा यिनले बेलायतको Leads University बाट वि.सं. २०३१/०३२ सालमा शिक्षा विषयमा स्नातक गर्नुभएको पाइन्छ ।

पठनपाठनको कार्यलाई यिनी अनिवार्य ठान्दछन् । विद्यार्थी जीवनदेखि नै मेहिनेतका साथ अध्ययन गर्ने भूषणको बानी जीवनभर नै रहेको पाइन्छ । यही अध्ययनशीलताले नै

[१९] शोधनायककी धर्मपत्नीबाट प्राप्त जानकारी ।

[२०] पूर्ववत्, शोधनायकबाट प्राप्त जानकारी ।

साहित्य सिर्जनामा प्रेरित गरेको झलक मिल्दछ । नेपाली भाषाको अतिरिक्त हिन्दी र अंग्रेजी नेपाली भाषामा लेखिएका पुस्तकहरू खोजीखोजी पढ्ने बानी छ । यसका साथै विभिन्न पत्रपत्रिका अधययन गरेर ज्ञान हासिल गर्ने स्वभाव पाइन्छ ।

कुनै कुरालाई पनि गहिरिएर अध्ययन गर्ने व्यक्ति भएकै कारणले उनमा विश्वको विविध पक्षको ज्ञान थियो । उनको '०३६ देखि २०४६ सम्मका सङ्घातहरू' र 'प्रमुख प्राचीन सभ्यता मत र विश्वको विश्लेषणात्मक इतिहास' (२०६१) पुस्तकबाट भूषणको अध्ययनशील व्यक्तित्वलाई प्रष्ट्याउँदछ । यदि भूषणमा गहन अध्ययनको अभाव थियो भने उनले विश्वको विविध पक्षमा समेटिएको कृतिको रचना गर्न सक्दैनथे । भूषणले विश्वसम्बन्धी ज्ञान विभिन्न पत्रपत्रिका, पुस्तक, स्वाध्ययन तथा संचारका विभिन्न माध्यमबाट प्राप्त गरेका हुन् ।

### ३.१.३ समाजसेवी व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेली नेपाली साहित्यसेवीका साथै बाल्यकालदेखि नै समाज सेवामा लागेका व्यक्ति समेत हुन् । समाजमा आइपरेका समस्यालाई चुनौती र हाँक दिँदै अगाडि बढ्दछन् । यस्तै समाज सुधार्ने र समाजहितको लागि सधैँ अगाडि बढ्ेन व्यक्ति हुन् । उनमा सानै उमेरबाट समाजमा घटेका घटनाप्रति दुःखी हुने स्वभाव थियो भने समाजमा रहेका दुःखी र दरिद्रलाई सहयोग गर्ने कार्यमा अभिरुचि भएको पाइन्छ । नोकरचाकरदेखि लिएर ठूला मान्छे समेतलाई समान मानवीय व्यवहारले हेर्ने भूषण कुशल समाजसेवी हुन् । उनले आफ्नो क्षमता अनुसारको समाजका विविध क्षेत्रमा समय समयमा सहयोग गर्दै आएको तथ्यहरू भेटिन्छ । भूषणको धारणा मानिस व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर सामाजिक क्षेत्रमा लाग्नुपर्छ भन्ने छ ।[२१] भूषण काठमाडौँमा पढ्दा होस् वा आफू शिक्षण पेशामा संलग्न हुँदा होस् साथीभाइलाई परेका बेलामा मद्धत गर्ने गर्दथे । शैक्षिक क्षेत्रमा रुचि राख्ने भूषण विद्यालय संचालनको लागि पनि अग्रसर भएका तथ्यहरू भेटिन्छन् । पोखरामा अवस्थित शिशु प्राथमिक पाठशाला (हाल ज्ञानभूमि नि.मा.वि.) को संस्थापक भएर विद्यालयको संरक्षण, सञ्चालन र समाजसेवामा निस्वार्थ रूपमा पढाइ संचालन गर्न शिक्षक साथीहरू र विद्यार्थीहरूको साथमा रही स्वयम् सेवकको रूपमा समेत काम गर्नुभएको पाइन्छ । त्यसैगरी संस्थापक प्रधानाध्यापक भएर महेन्द्र मिडिल स्कुल (हाल महेन्द्र मा.वि.) लाहाचोकमा

[२१] ऐजन ।

सेवारत रहेर काम गरेका थिए । त्यसैगरी सिन्धुली क्याम्पससको संस्थापक क्याम्पस प्रमुख भएर काम गर्नुभएको पाइन्छ । यसका अतिरिक्त उनले आजीवन सदस्यता ग्रहण गरेर बालविकास सांस्कृतिक समाज, पोखरा तथा बालसाहित्य समाज, काठमाडौँको आजीवन सदस्यता ग्रहण गरी बाल बालिकाको विकासमा सहयोग पुऱ्याएको पाइन्छ । आफू संलग्न रहेको विद्यालयभित्र निर्माण गरिने शौचालय, विद्यालयको पर्खाल, कक्षाकोठा र अन्य फूलबारीको निर्माण, मर्मत तथा फलफूल एवम् वृक्षारोपण आदि कार्यमा सहयोग गर्नुभएको पाइन्छ । जुनसुकै विद्यालयमा रहँदा पनि साथीहरूको सल्लाहअनुसार शिक्षा र स्वस्थ्यमा सुधार ल्याउने हेतुले गाउँका रघघरमा गई समयसमयमा सम्झाउने कार्यमा जागरुक देखिन्थे । गाउँघरका साना बालबालिका तथा माथिल्लो कक्षामा अध्ययनरत छात्रछात्राहरूलाई बिहानबेलुका वा फुर्सदका समयमा निःशुल्क शिक्षा दिने कार्यमा सहयोग गर्दथे । कुनै पनि राम्रो कामको निमित्त कसैले गीत, कविता, लेख आदि लेखिदिन अनुरोध गरेमा स्वीकार गर्ने बानी छ । साथीहरू वा कसैबाट आयोजना गरिएको विभिन्न गोष्ठीहरूमा कविता प्रवचन तथा नाट्य अभिनयमा आफै सम्मिलित भएर सहयोग पुऱ्याउने गर्दछन् । जनताले मौलिक हक र अधिकार पाउनुपर्छ भनी स्वतन्त्रताका आवाज उठाउने भूषणले विद्यार्थीकालदेखि नै प्रजातन्त्रको पक्षमा संलग्न हुँदै आएको पाइन्छ ।

भूषणले आर्थिक रूपमा पनि सामाजिक क्षेत्रमा सहयोग गर्दै आएको पाइन्छ । गाउँघर तथा सहरमा पाटीपौवा, धारा, बाटोघाटो, स्कुल निर्माण गर्ने कार्यमा भूषणले श्रमदान गर्नुका साथै आर्थिक रूपमा सहयोग गर्दै आएका छन् ।

गाउँघरमा हुने चेलिबेटी माथिको अन्याय र अत्याचार तथा गरिब, दलित माथिको चिथोमिचोलाई सहन नसक्ने भूषण अपहेलित नारी तथा दलित वर्गको जीवनको समुत्थानमा सहयोग पुऱ्याएको पाइन्छ । भूषणले दलित नारीहरूलाई सङ्गठन गरी स्वयम्सेवकको रूपमा शिक्षण समेत गर्नुभएको थियो ।[२२]

यसरी सामाजिक क्षेत्रमा एक न एक किसिमले सेवा गर्दै आएका भूषणको सेवाभावलाई धेरैले प्रशंसा गरेको पाइन्छ । भूषण सेवाभावलाई सर्वोपरी स्थान दिन्छन् । शिक्षा सेवामा काम गर्दा, समाज सेवा गर्दा, सानोतिनो राजनीति गर्दा, अर्ती उपदेश दिँदा, कुनै सरकारी काम गर्दा आफ्नो क्षमताले भ्याएसम्म निःस्वार्थ सेवा गर्ने स्वभाव उनको अद्यावधि कायमै रहेको भेटिन्छ ।

[२२] ऐजन ।

### ३.१.४ साहित्यिक व्यक्तित्व

गेहेन्द्र भूषणको साहित्यिक व्यक्तित्व शिक्षण पेशा, समसामयिक राजनीति, पारिवारिक वातावरण आदिको कारण केही ओझेलमा परेको भए तापनि उनी नित्य साहित्य साधनामा लागिरहने र साहित्यलाई सम्मान गर्ने व्यक्तिका रूपमा चिनिन्छन् । भूषणको कलम विभिन्न साहित्यिक विधाहरूमा दौडिए तापनि सबैभन्दा बढी कलम चलेको विधा भने कविता तथा नाटक नै हो । यिनले साहित्यका अधिकांश विधामा कलम चलाएका छन् । उनको साहित्यिक व्यक्तित्वलाई निम्न प्रकारबाट अध्ययन गर्न सकिन्छ ।

### ३.१.५ नाटककार व्यक्तित्व

साहित्यिक व्यक्तित्व नै भूषणको मूल व्यक्तित्व हो । उनले आफूलाई साहित्य स्रष्टाको रूपमा चिनाएका छन् । नाटक विधाका अतिरिक्त उनले कविता, कथा, बालसाहित्य विधामा पनि कृतिहरू रचना गरेका छन् तापनि उनको साहित्यिक लेखनको सुरुआतका हिसाबले नाट्य विधा नै प्रमुख देखिन्छ । उनका नाट्यकृतिहरू 'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रह (२०४३) र वनवासी सीता (२०६२) छन् । भूषणको सङ्ख्याको हिसाबले नाटक थोरै भए पनि गुणात्मक हिसाबले भने राम्रा देखिन्छन् । सामाजिक विषयवस्तुलाई लिएर लेखिएको यस नाटकले समाजका नारीवर्गप्रति चेतनाका लहर फैलाउने, सामाजिक विसङ्गतिहरू हटाउने, नेपालको इतिहासको जानकारी गराउने कार्य उक्त नाट्य कृतिका माध्यमबाट भएको पाइन्छ । यिनको साहित्य लेखनको सुरुआत नै नाटक लेखनबाट भएको पाइन्छ । नाटक लेख्ने र मञ्चन गर्ने गराउने क्षेत्रमा किशोर अवस्था (हाइस्कुल जीवन) मै पोखरामा गरेका थिए । खासगरी वि.सं. २०११ सालदेखि वि.सं. २०१६ सालसम्म तेर्सापट्टी टोलमा र वि.सं. २०१५/१६ सालमा मल्टिपर्पस नेशनल हाइस्कुल (हाल राष्ट्रिय उच्च मा.वि.) बगर टुँडिखेलमा डाइरेक्टर समेत भई नाटकहरू रङ्गमञ्चमा मञ्चन गराएका थिए । त्यसरी देखाइएका प्रमुख नाटकहरूमा 'हाम्रो समाज', 'निशानी', 'सपना', 'सदानन्द' आदि तेर्सापट्टी टोलमा र 'अब के गर्ने !' नाटक हाइस्कुलमा देखाइएको थियो । 'सन-लाइट थेटर' भनेर नाटक देखाउने अनौपचारिक संस्था पनि स्थापना गरेका थिए ।[२३]

[२३] ऐजन ।

यरी नाटक मञ्चन गर्ने विचार २००७ सालसम्म पोखरामा बडाहाकिम भएर बसेका धनशमशेर ज.ब.रा. ले बेलाबेलामा उसको दरबार मोहरियाटोलमा देखाउने गरेको नाटक हेरेर प्रेरणा पाएका थिए । त्यसबेला बा चूडामान उदास, जो आफै पनि शौखिन गायक सङ्गीतकर्ता र टोलमा रामायणको तालिम गराएर गाईजात्रा पर्वमा निकाल्नुहुन्थ्यो तथा धनशमशेरकै दरबार कम्पाउण्डभित्र रहेको गोश्वारा अड्डामा कारिन्दा हुनुहुन्थ्यो, उहाँसँग गएर धनशमशेरले निकालेको नाटक हेर्न जान्थे । यिनको 'वनवासी सीता' नाटक त्यसरी नै पर्दामा मञ्चन गर्ने शैली र प्रविधिमा वि.सं. २०१९ सालमा लेखिएको थियो । तर यसको प्रकाशन भने धेरै समयपछि वि.सं. २०६२ सालमा आएर मात्र हुन्छ ।

## ३.१.६ कवि व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेलीको कलम विभिन्न साहित्यिक विधाहरूमा दौडिए तापनि सङ्ख्यात्मक तथा गुणात्मक दृष्टिले सबैभन्दा बढी कलम चलेको विधा भने कविता नै हो । यिनले कविता क्षेत्रमा लाग्ने प्रेरणा भने उनकै बा चूडामान उदासबाट प्राप्त गरेका थिए ।[२४] उनी आफै पनि कविता लेख्ने गर्दथे । जसको नमूना यसप्रकार छ –

छो टे पि ता र त्न मा न उदास्का
म छु चु डा मा न भ ति ज उ नै का
छै नं प ढे का ल घु कौ मो दि को
अभ्यास छै न र स दि र्ग क्यै को

बाबा-चूडामान उदास

कवि गेहेन्द्रभूषणले वि.सं. २०१५/१६ सालबाट कविता लेख्न प्रारम्भ गरेको पाइन्छ । भूषणले 'तिम्रो देश' शीक्षकमा लेखेका प्रथम कविता वि.सं. २०१७ सालमा हिमदूतमा प्रकाशित भएको थियो । यो कविता हाल 'राष्ट्रनाद' (२०३९) कविता सङ्ग्रहमा सङ्ग्रहीत गरिएको छ । जसको नमूना यसप्रकार छ –

यही देशको गर्भमा
तिमीलाई बास मिल्यो,
यही देशको अन्न जलले,
प्राणमा प्राण पलायो,

२४ ऐजन ।

यहींको हावाले तिम्रो यौवन फुलायो
नसा नसामा रगत बढायो,
जबसम्मतिम्रो दिलमा याद रहन्छ –
तबसम्म यो देश हराउँदैन –
कहिल्यै बिताउँदैन ।

(राष्ट्रनाद, ५१)

'हिमदूत' (२०१७ साल) मा प्रकाशित

भूषणले वि.सं. २०१५/१६ सालबाट कविता लेखनको सुरुआत गरे पनि पुस्तककार प्रकाशित कृतिको रूपमा भने 'मेरो वसन्त' कवितासङ्ग्रह २०३७ देखापरेको पाइन्छ । उनका अन्य कविता सङ्ग्रहहरू पनि प्रकाशित भएका छन्, जसमा 'राष्ट्रनाद' (२०३९) र '२०३६ देखि २०४६ सम्मका सङ्घातहरू' (२०४७) हुन् । कवि भूषणले गद्यलयलाई अपनाएर पनि सशक्त कविताहरू लेखेको पाइन्छ । आफ्ना जीवनमा देखेका र भोगेका विषयवस्तुलाई लिएर कविता रचना गर्ने भूषणले कवितामा प्रकृतिपरक विषयवस्तु, राष्ट्रियता, भ्रष्टाचार, व्यङ्ग्य, सामाजिक विषयवस्तु, मानवतावादी दृष्टिकोण, प्रेमविषयक विषयवस्तु, नारीका दयनीय स्थितिको चित्रण, श्रृङ्गारिक, कारुणिक विषयवस्तु, देशभक्ति, अस्तित्वहीन जस्ता विषयवस्तुलाई वरण गरेर कविता रचना गरेका छन् । उनका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविताहरू पनि प्रकाशित भएको पाइन्छ ।

### ३.१७ कथाकार व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेलीको साहित्यका क्षेत्रमा देखापरेको अर्को व्यक्तित्व कथाकारिता हो । यिनले किशोर अवस्थाको उत्तरार्द्ध (वि.सं. १०१५ देखि) अवस्थादेखि नै कथा लेखनमा सक्रीय भएको पाइन्छ । वि.सं. २०३२ सालमा प्रतिबिम्ब भाग एक कथा सङ्ग्रह शीर्षकको कथा प्रकाशित भएपछि कथाकारका रूपमा अगाडि बढेका भूषणका हालसम्म दुईवटा कथा सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् ।[२५] वि.सं. २०१५ सालदेखि कथा लेखनमा सक्रीय रहेका भूषणका कथा सङ्ग्रहका अतिरिक्त फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा बाल लोककथाहरू देखापरिसकेका छन् । यस क्रममा प्रकाशनका दृष्टिले उनका कृतिहरूको विवरण निम्नानुसार छन् –

[२५] ऐजन ।

| कथा सङ्ग्रह | प्रकाशन साल | |
|---|---|---|
| (क) प्रतिबिम्ब भाग एक | वि.सं. २०३२ | प्राप्त |
| (ख) प्रतिबिम्ब भाग दुई | वि.सं. २०३४ | अप्राप्त |

भूषणले यस कथा सङ्ग्रहमा सङ्ग्रहीत कथाहरूका माध्यमबाट समाजमा अभावग्रस्त जीवन बिताउन बाध्य भएका गरिबहरूका व्यथा, नारीको दयनीय स्थिति, दाजुभाइबीचको बेमेलको स्थितिलाई स्पष्ट रूपमा देखाउने प्रयास गरेका छन् । यस कथासङ्ग्रहभित्रका कथाहरूमा सरल तथा सुस्पष्ट भाषामा स्थानीय र मौलिक शब्दहरूको प्रयोगले गर्दा निख्खरा नेपाली पन भेटिन्छ । भूषणले यस कथा सङ्ग्रहमा मूलतः नारी समस्या,सुकुम्बासी समस्या, तल्ला वर्गमाथि माथिल्ला वर्गले गरेको शोषण, न्यूउन वैतनिक कर्मचारीमाथि परेको पीरमर्का आदि विसङ्गतिहरूप्रति विरोध जनाएका छन् । यहाँ प्रस्तुत कथावस्तु, पात्र, परिवेश र भाषाशैली यथार्थ धरातलबाट टिपिएको पाइन्छ । यिनका यी कथाहरू साहित्य लेखनको अभ्यासीक कालका रचना भएकाले व्याकरणगत त्रुटि देखिन्छ ।

यसरी कथाकार भूषणका कथाहरूको अध्ययनबाट उनको कथाकार व्यक्तित्व समाज सापेक्ष दृष्टि राख्ने, गतिशीलतामा विश्वास गर्ने, जीवन र जगतप्रति विशेष आस्था भएका नेपाली कथा साहित्यका फाँटमा सामाजिक यथार्थवादी स्रष्टाको रूपमा स्थापित भएको अनुभव हुन्छ ।

### ३.१.८ बालसाहित्यिक व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेलीको वि.सं. २०४९ सालमा 'बाल बिरुवा र पृथ्वीमाता' (बाल साहित्य) पुस्तक प्रकाशनसँगै उनको बालसाहित्यिक व्यक्तित्व प्रखर रूपमा देखापरेको पाइन्छ ।[२६] यस क्रममा प्रकाशनका दृष्टिले उनका कृतिहरूको विवरण निम्नानुसार छन् –

(क) बालक विरुवा र पृथ्वीमाता बालसाहित्य (२०४९)

(ख) रमाइला सामाजिक बालकथा (२०५४)

(ग) काकाको अर्ती नानीलाई फूर्ती (२०५७)

यसका अतिरिक्त फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा बालसाहित्य सम्बन्धित विभिन्न लेख रचनाहरू देखापरिसकेका छन् । बालसाहित्य लेखनको मुख्य उद्देश्य परिवारदेखि लिएर राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म हाम्रा भविष्यका सन्ततिहरूको संसार सफल, सुन्दर,

[२६] ऐजन ।

सन्तुष्टमय र सुरक्षित रहोस् भन्ने रहेको पाइन्छ । यस बाल लेखहरू बालबालिकाको स्तर सुहाउँदो भाषाको प्रयोग गरी लेखिएको पाइन्छ ।

### ३.१.९ एकाङ्कीकार व्यक्तित्व

वि.स. २०६२ सालमा 'एक वसन्त अनेक फूलहरू' शीर्षकको एकाङ्की सङ्ग्रह प्रकाशित गरेर एकाङ्कीकारको रूपमा देखिएका भूषणको त्यसपछि अन्य एकाङ्की सङ्ग्रह प्रकाशित भएको पाइँदैन । यस एकाङ्की सङ्ग्रहभित्र आठवटा एकाङ्कीहरू सङ्ग्रहीत गरिएको छ । यस एकाङ्की सङ्ग्रहमा प्रयोग गरिएका भाषापात्र सुहाउँदो नै देखिन्छ । यिनको यस एकाङ्की सङ्ग्रहमा सामाजिक, प्राकृतिक, प्रेम विषयक, श्रृङ्गारिक आदि विषयवस्तुको प्रयोग गरिएको पाइन्छ । संवाद भने छोटोछोटा किसिमका छन् ।

### १.१.१० राजनैतिक व्यक्तित्व

जनताले मौलिक हक र अधिकार पाउनुपर्छ भनी स्वतन्त्रताका पक्षमा आवाज उठाउने भूषणले विद्यार्थी कालदेखि नै प्रजातन्त्रको पक्षमा संलग्न हुँदै आएको पाइन्छ । वि.सं. २०३६ देखि २०४६ सालको क्रान्तिमा क्रान्तिकारी कविताहरू लेखी जनसमुदायलाई जागरुक बनाउन प्रयत्न गरेका थिए र उक्त क्रान्तिमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा आफू पनि सम्मिलित थिए । भूषण पृथ्वीनारायण शाहले राज्यको भौगोलिक मात्र एकीकरण गरे तर सामाजिक एकीकरण गर्न सकेनन्, राजनीतिक र भौगोलिक एकीकरण नगरी सामाजिक एकीकरण हुन नसक्ने विचार व्यक्त गर्दछन् । सामाजिक एकीकरणका लागि जातभातको अन्त्य गर्नुपर्ने त्यसका लागि अर्न्तजातीय विवाहलाई प्रोत्साहन दिनुपर्ने विचार व्यक्त गर्दछन् । भूषणको राजनैतिक व्यक्तित्व उल्लेखनीय रूपमा देखापर्दैन । यिनले हालसम्म कुनै पनि राजनीतिक पार्टीको सदस्यता भने नलिएको पाइन्छ ।[२७]

### ३.१.११ धार्मिक व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेली बुद्धधर्मको अनुयायी हुन् तर बुद्ध धर्मका अन्धविश्वासी र अवसरवादी भने होइनन् ।[२८] उनी विभिन्न धार्मिक संघ संस्थाहरूद्वारा आयोजना गरिएको विभिन्न कार्यक्रमहरूमा आफ्नो सहभागिता जनाउँछन् । भूषण आफ्नो परम्परा अनुसार धार्मिक कार्यमा सहभागी भएको पाइन्छ । यिनले 'वनवासी सीता' (२०६२) नाटक पौराणिक

[२७] ऐजन ।

[२८] ऐजन ।

विषयवस्तु भएको कृति प्रकाशन समेत गरेका छन् । यसरी धार्मिक विषयवस्तुलाई लिएर साहित्य रचना गर्नु र प्रकाशन समेत गर्नुले उनको धार्मिक व्यक्तित्वलाई स्पष्ट गर्दछ ।

### ३.१.१२ राष्ट्रभक्त व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेली राष्ट्रभक्त एवम् स्वतन्त्रताका पूजारी हुन् । आफ्नो देश, जाति भाषा र संस्कृतिका कट्टर अनुयायीका रूपमा उनी जीवनभर चिनिएर रहे । विद्यार्थी जीवनदेखि नै देशको स्वतन्त्रताको लागि संघर्ष गर्दै आएका भूषणले विभिन्न आन्दोलनमा संलग्न भएको पाइन्छ । त्यस्तै वि.सं. २०३६ सालदेखि हालसम्म क्रान्तिकारी कविताहरूका माध्यमबाट क्रान्तिका ज्वारलाई बढाउने काम गरेको पाइन्छ । विद्यार्थी जीवनमा होस् या जागीरे जीवनमा भूषणले राष्ट्रियता संरक्षणको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्दै आएको पाइन्छ ।

भूषणको छाति देशभक्तिले भरिएको छ । देशभित्रका नदीनाला, तालतलैया, छहराछाँगा, भीरपाखा, वनजङ्गल, जडिबुटी, ढुङ्गामाटो, हिमाल, पहाड, तराई, राष्ट्रिय सम्पत्ति हुन् । नेपाली जनजातिमा मठमन्दिर, विहार, स्तूप, चौराली, बिसौनी, चौतारी हाम्रै हुन् । यी सबका साथ हामी छौँ र हामीहरूसँगै यिनीहरू सबै छन् जस्ता राष्ट्रिय भावनाले भरिपूर्ण भएका गीत, कविता, नाटक, भजन, भूषणले रचना गरेका छन् । भूषणको 'राष्ट्रनाद' कविता सङ्ग्रह राष्ट्रिय भावनाले ओतप्रोत छ भने अन्य कृतिहरूमा पनि राष्ट्रिय भावना पाइन्छ । यसको सानो उदाहरण यस प्रकार छ –

बुद्धको नारा दिएर,
बुद्धकै विपरीत हिडेँर,
बढिरहेको यो समाजलाई
तिमी साँच्चै बाटो देखाउँछौ भने –
बुद्धले जस्तै गृह-त्याग गरेर देखाऊ ।
सत्ता र सम्पत्तिको मोह-त्याग गरेर देखाऊ ।

(०३६ देखि ०४६ सम्मका सङ्घातहरू, पृ. ४१)

त्यस्तै –

यही देशको गर्भमा
तिमीलाई बास मिल्यो,

यही देशको अन्न जलले,
प्राणमा प्राण पलायो,
यहींको हावाले तिम्रो यौवन फूलायो
नसा नसामा रगत बढायो,
जबसम्म तिम्रो दिलमा याद रहन्छ –
तबसम्म यो देश हराउँदैन,
कहिल्यै बिलाउँदैन ।

(राष्टङ्गनाद, पृ. ५०)

अर्को उदाहरण –

मेरा सहिदहरू चपल-चन्चल मुनाहरू थिए,
आमाको काखलाई शून्य पारेर –
देशका लागि शहीद भए ।
तर आमाको पोल्टाभरी आफू जस्तै उज्यालो–
नव जात सूर्य दिएर गए ।

(०३६ देखि ०४६ सम्मका सङ्घातहरू, पृ. १३०)

यसरी भूषणको छाती देशभक्ति र राष्ट्रियताले ओतप्रोत भएको पाइन्छ ।

## ३.१.१३ शिक्षक जागिरे तथा प्राध्यापक व्यक्तित्व

सानै उमेरदेखि मातृस्नेहबाट बञ्चित हुनुपरेका गेहेन्द्रभूषण पोखरेलीको जीव्न कथा समस्याग्रस्त र संघर्षपूर्ण देखिन्छ । भूषण वि.सं. २०१४/१५ सालदेखि अध्यापनमा संलग्न भएको देखिन्छ । यिनले सर्वप्रथम राष्ट्रिय मा.वि. पोखरामा अध्यापन गरेका थिए । वि.सं. २०१६ सालदेखि २०१७ सालसम्म महेन्द्र मिडिल स्कुल (हाल महेन्द्र मा.वि.) मा संस्थापक प्रधानाध्यापक भएर आफ्नो शिक्षण पेशामा कार्यरत हुनुभएको पाइन्छ । भूषणले आफ्नो अध्ययनलाई अगाडि बढाउने क्रममा वि.सं. २०१८ सालमा काठमाडौं आएपछि तत्कालीन श्री ५ को सरकारको वन विभागमा वि.सं. २०१८ सालदेखि २०२६ सालसम्म कार्यरत रहेर सेवा गर्नुभएको थियो । उक्तसमयमा यिनले बारा जिल्लामा का.मु. वन अधिकृत भएर वि.सं. २०२३ देखि २०२५ सालसम्म काम गर्नुभएको पाइन्छ । भूषणले त्यसपछि श्री ५ को सरकारको जागीर छोडी शिक्षण पेशालाई अपनाएको पाइन्छ । उनी हाल शिक्षण पेशामा

कार्यरत छन् । शिक्षण पेशालाई अगाडि बढाउने क्रममा भूषणले १० वर्षसम्म बूढानिलकण्ठ (बोर्डिङ) स्कुल काठमाडौँमा शिक्षक (सामाजिक अध्यापन), हाउस मास्टर र सहायक प्रधानाध्यापक (प्राज्ञिक)पदमा काम गरेको (२०३० सम्म), दुई वर्ष सिन्धुलीमाडी क्याम्पस सिन्धुलीको संस्थापक भएर शिक्षण गर्नुभएको पाइन्छ । भूषणले वि.सं. २०४३ सालदेखि पृथ्वीनारायण क्याम्पस पोखरामा २०५९ सालसम्म अध्यापन गर्दै आउनुभएको थियो ।[२९]

यसरी यिनको शिक्षण पेशा थालनीमा प्रा.वि. हुँदै हाल क्याम्पस सम्म पुगेको देखिन्छ । स्पष्टवादी तथा मिजासिलो स्वभाव भएका भूषण तार्किक ढङ्गले पढाएर विद्यार्थीको मन जित्न सफल भएकाले उनको लगनशीलता, मेहनत र परिश्रमपूर्ण शिक्षण सेवाबाट सम्बन्धित संस्था लाभान्वित भएको पाइन्छ । जसको फलस्वरूप उनले सम्बन्धित संस्थाहरूबाट विभिन्न पुरस्कारहरू र कदरपत्र पाएको बुझिन्छ । खासगरी भूषणको अध्यापन कुशलता र लामो अनुभवले पनि उनको शिक्षण तथा पाध्यापन व्यक्तित्व माझिँदै र खारिँदै गएको पाइन्छ । साथसाथै साहित्य सिर्जनाले शिक्षण व्यक्तित्व अझ परिष्कृत र गहन तुल्याएको सन्दर्भ पनि उल्लेखनीय छ ।

### ३.१.१४ क्रियाशील व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेली जीवनभर क्रियाशील रहे । आफ्नो जीवनका अन्य क्षेत्रमा झैँ साहित्य क्षेत्रमा पनि उनको लगनशीलता एवम् क्रियाशीलता निरन्तर चलिरह्यो । जागीर, पारिवारिक एवम् व्यवहारिक बोझ पन्छाएर पनि उनी नेपाली साहित्यमा दत्तचित्त बनेर लागिरहे । त्यसैको फलस्वरूप विविध विधामा धेरै कृतिहरू रचना गर्न सक्षम भएका छन् । कविता, नाटक, कथा, एकाङ्की र बालसाहित्य विधामा उनको कलम चलेको पाइन्छ । जागिरे, लेखकका अतिरिक्त समाजसेवीका रूपमा पनि उनी त्यत्तिकै सक्रीय भएको पाइन्छ । भूषण जीवनका हरेक क्षणमा सक्रीय भइरहे । हालसम्म पनि आफ्नो साहित्य लेखन र शिक्षण पेशालाई निरन्तरता दिइरहेको पाइन्छ ।[३०]

### सारांश

गेहेन्द्रभूषण पोखरेलीको ७० वर्षे जीवनावधिलाई हेर्दा उनको जीवनचक्र विभिन्न विषम परिवेशका माझबाट गुज्रेको देखिन्छ । बाल्यकालमै आमाको मृत्युका कारणले

---

[२९] ऐजन ।

[३०] पूर्ववत्, गेहेन्द्रभूषण पोखरेलीका भाइ कृष्णमान उदासबाट प्राप्त जानकारी ।

वात्सल्यप्रेम सम्म अनुभव गर्न नपाएका, शिक्षा आर्जनका क्रममा व्यहोर्नुपरेका कठिनाई र भरपर्दो जीविकाको खोजिमा भोग्नुपरेका विविध व्यवधानहरू उनका जीवनमा देखिएका प्रमुउख भौतिक कठिनाइहरू हुन् भन्ने कुरा यस अध्यायमा गरिएको अध्ययनबाट स्पष्ट भएको छ । अध्यापन र जागिरको क्रममा कुनै निश्चित ठाउँ र कार्यव्यापारमा स्थिर हुन नसकेका भूषणका अन्य व्यक्तित्वका तुलनामा साहित्यिक व्यक्तित्व अखण्डित र अविचलित नै रही हाँसो र रोदन तथा अभावग्रस्त जीवनको क्षणमा उनको आत्मतृप्तिको साधन साहित्य सिर्जना नै हुन पुगेको देखिन्छ । उनका रचनामा आफ्ना जीवन भोगाइका यथार्थ अनुभवहरू प्रतिबिम्बित भएका छन् भन्ने तथ्यलाई पछिल्ला अध्यायहरूमा स्पष्ट्याइएको छ । उनको जीवनका प्रारम्भिक अव्यवस्थित अश्रृङ्खलित क्षणदेखि आजका केही व्यवस्थित र श्रृङ्खलित क्षणसम्मका जीवनवृत्तबाट उनको साहित्यिक लेखन र चिन्तन प्रशस्त प्रभावित भएको पाइन्छ । भूषणको वैयक्तिक जीवनका परिवेशपरक विभिन्न मोडहरूबाट उनका विभिन्न व्यक्तित्व निर्माण भएको हो । जीवनका चापप्रतिचाप र बाह्य वातावरणबाट उनको सामाजिक-सांस्कृतिक, बहुभाषिक, सम्पादक आदि व्यक्तित्वको निर्माण भएको हो भने साहित्यिक व्यक्तित्वका पनि नाटककार तथा कवि व्यक्तित्वको निर्माण चाहिँ लोकसंस्कृतिबाट प्राप्त प्रभाव, गुरुवर्गको प्रेरणा, परिवारको नैसर्गिक प्रतिभा, गहन अध्ययन र क्रमिक लेखनबाट भएको अनुभव हुन्छ ।

उनको स्रष्टा व्यक्तित्वको विभिन्न पाटाहरूमध्ये नाटककार तथा कवि व्यक्तित्व नै उच्चस्तर देखिन्छ र यसमै उनको बढी लगाव, साधना र अनुभव पनि पाइन्छ । यिनको व्यक्तित्वलाई मार्गनिर्देशन गर्नमा भने अन्य व्यक्तित्वको भूमिका पनि महत्वपूर्ण रहेको छ ।

# चौथो परिच्छेद

## ४. गेहेन्द्र भूषण पोखरेलीको साहित्य-यात्रा, चरण विभाजन र साहित्यिक प्रवृत्ति

### ४.१ गेहेन्द्रभूषण पोखरेलीको साहित्य-यात्राको चरण विभाजन

शिक्षोपार्जन र जागिर खोज्ने क्रममा २४ वर्षको किशोर उमेरमा काठमाडौँ पसेका गेहेन्द्र भूषण पोखरेलीको विद्यार्थी अवस्थादेखि नै नाटक लेखन र मञ्चन गर्न थालेका तथ्यको चर्चा दोस्रो र तेस्रो परिच्छेदमै गरिसकिएको छ । समसामयिक नेपाली साहित्यमा चर्चित भूषणले विद्यार्थी अवस्था (२०१०/०११) देखि साहित्यिक रचनाहरू लेख्न थाली आजसम्म आफ्नोन साहित्य लेखनको आधा शताब्दी पूरा गरिसकेका छन् । हाल आफ्नो मूल कार्यक्षेत्र शिक्षण पेशालाई बनाए तापनि साहित्य लेखनलाई पनि प्रमुख रुचिको क्षेत्र बनाएर अनवरत रूपमा अगाडि बढिरहेका भूषणले साहित्य लेखनका क्रममा विभिन्न प्रवृत्तिगत मोडहरू पार गर्दै आएका छन् । वस्तुतः साहित्यसाधनाको यति लामो अवधि पार गरिसकेका भूषणका साहित्यका प्रवृत्तिगत घुम्ती वा मोडहरूको निक्र्यौली, सीमाङ्कन, विवेचना र विश्लेषण गर्नु नै उनको साहित्य यात्राको निरूपण गर्नु हो । कुनै पनि साहित्यकारका साहित्य यात्रालाई विभाजन गर्ने केही खास आधारहरू हुन्छन् । खास गरेर साहित्यकारको साहित्य लेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाका प्रवृत्तिगत परिवर्तन साहित्यिक रचनाहरूका परिमाण र गुणस्तर, साहित्यिक धारागत प्रवृत्तिको अर्न्तविकास, राजनैतिक परिवर्तन र साहित्यिक रचना वा कृतिगत सङ्ग्रहको प्रकाशनको आधार लिएर उसका साहित्ययात्राको काल विभाजन गर्ने गरिन्छ । गेहेन्द्रभूषणको आधा शताब्दी लामो साहित्य-यात्रामा विभिन्न घुम्तीको निर्देशन गर्दछन् । साहित्य लेखनको थालनी, पुस्तकाकार कृतिहरूको प्रकाशन, साहित्यिक रचनाको परिमाण र गुणस्तर तथा साहित्यिक रचनाहरूका मोडगत प्रवृत्तिको अन्तर्विकासका आधार नै उनको साहित्य यात्राका विभिन्न मोडका सङ्केत देखिन्छन । यी आधारले साहित्यकार भूषणको आधा शताब्दी लामो साहित्य यात्राका दुईवटा मोड वा घुम्ती देखापरेको पाइन्छ । तथी दुई घुम्ती वा काल यसप्रकार छ :

(क) पूर्वार्द्धचरण वि.सं. २०१७ देखि २०४७ सालसम्म

(ख) उत्तरार्द्ध चरण वि.सं. २०४८ देखि हालसम्म

**(क) पूर्वार्द्धचरण वि.सं. २०१७ देखि २०४७ सालसम्म**

बाल्यकालदेखि नै साहित्यप्रति देखिएको रुचि, पारिवारिक पृष्ठभूमि, शिक्षोपार्जनका क्रममा गुरुहरूबाट पाएको प्रेरणा, एकान्त जीवन, साथीहरूको सहयोग आदि कुराको पृष्ठभूमिमा गेहेन्द्रभूषणको साहित्यात्राको पहिलो घुम्तीको शुरुवात वि.सं. २०१७ सालमा 'हिमदूत' मा प्रकाशित 'तिम्रो देश' कविताबाट भएको हो । यो कविता उनको अभ्यासिक चरणको रचना मान्नु उपयुक्त हुन्छ । यो कविता पछि 'राष्ट्रनाद' कविता सङ्ग्रहमा सङ्ग्रहीत गरिएको पाइन्छ । पत्रपत्रिकाको माध्यमबाट वि.सं. २०१७ सालदेखि कविता क्षेत्रबाट नेपाली साहित्यमा प्रकट भएका गेहेन्द्रभूषण पोखरेलीका वि.सं. २०४८ सालसम्मको अवधिका बीचमा 'वनवासी सीता' (२०१९) नाटक, प्रतिबिम्ब भाग एक (२०३२) र दुई (प्र. २०३४) कथासङ्ग्रह, 'मेरो वसन्त' कविता सङग्रह (२०३७), 'राष्ट्रनाद' कविता सङ्ग्रह ( वि.सं. २०३९), 'शाह वंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रह (वि.सं. २०४३), '०३६ देखि २०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रह (वि.सं. २०४७) का अतिरिक्त फुटकर रचनाहरू प्रकाशित भएको पाइन्छ । यस अवधिमा भूषण पुस्तकाकार कृतिकै माध्यमबाट चिनिएका छन् । यसरी भूषणले साहित्यमा प्रवेश गरेदेखि २०४७ साल सम्मको अवधिलाई उनको साहित्य यात्राको पूर्वार्द्ध मानिएको छ ।

गेहेन्द्र भूषण पोखरेलीको साहित्य–यात्राको पूर्वार्द्ध घुम्ती 'तिम्रो देश' नामक कविताबाट प्रारम्भ भए पनि त्यतिबेला उनी मूलतः नाटक क्षेत्रमा नै रमेका थिए । भूषणले नाटक लेख्ने र मञ्चन गर्ने प्रेरणा आफ्नै बाबाबाट प्राप्त गरेका थिए । यिनले वि.सं. २०१९ सालमा 'वनवासी सीता' नाटक लेखेको पाइन्छ तापनि यसको प्रकाशन भने लेखनको लामो समयपछि उत्तरार्द्ध चरणमा वि.सं. २०६२ सालमा आएर मात्र हुन पुग्दछ । यस नाटक भानुभक्तीय रामायणको ऐतिहासिक घटनालाई आधार बनाएर लेखिएको पाइन्छ । यस नाटकमा अलौकिक धार्मिक आस्थावाद र आधुनिक धार्मिक अनास्थावाद दुवैलाई अस्वीकार गरी मानव समाजको परिवेशमा लौकिक शैली र मानव स्वभावको विश्लेषण गरी इतिहासलाई यथावत् हेरेर सक्दो व्याख्या र विश्लेषण गरिएको छ । त्यसपछि यिनको अर्को नाटक 'शाहवंशका पाँच प्रमुख राजाहरू' वि.सं. २०४३ सालमा प्रकाशित हुन्छ । यो ऐतिहासिक नाटक सङ्ग्रह हो । यस नाटक सङ्ग्रहमा शाह वंशका राजाहरूको योगदान उल्लेख गरिएको छ । यसमा इतिहासमा घटेको वास्तविक घटथनाहरूलाई उल्लेख गरिएको

पाइन्छ । यिनका नाटकहरूको अध्ययन गर्दा गुणात्मक दृष्टिले 'शाहवंशका पाँच प्रमुख राजाहरू' उत्कृष्ट देखिन्छ । त्यसपछि यिनको अन्य नाट्यकृतिहरू प्रकाशित भएको पाइँदैन ।

भूषणको पूर्वाद्ध चरणमा 'प्रतिबिम्ब' भाग एक कथा सङ्ग्रह (वि.सं. २०३२) र 'प्रतिबिम्बं भाग दुई कथा सङ्ग्रह (वि.सं. २०३४) गरी दुई पुस्तकाकार कृतिहरू प्रकाशित भएको पाइन्छ । उक्त कथाहरूको अध्ययनबाट के कुराको ज्ञात हुन्छ भने भूषणका कथाहरूमा तत्कालीन अवस्थामा उनी आफैले भोगे, देखे र अनुभव गरेका सामाजिक यथार्थ घटनाहरूको चित्रण गरेको पाइन्छ । भूषणले बेरोजगारी, शोषणयुक्त सामाजिक संरचना, अव्यवस्था, कुप्रवृत्ति, शोषण, दमन र उत्पीडन, अभावग्रस्त जीवन, अव्यवहारिक शिक्षा, खान नपुग्ने प्रवृत्ति आदि विषयवस्तुलाई आफ्ना कथाहरूमा अभिव्यक्त गरेका छन् । व्यक्ति व्यक्तिमा निहित दुच्छर प्रवृत्तिहरू र समाजमा विद्यमान विकृति विसङ्गति र विषमताको अन्त्य नभएसम्म ग्रामीण समाजका जनताको अस्तित्व कायम हुन सक्दैन भन्ने उनको भित्री मनसाय रहेको पाइन्छ । यिनै विषयवस्तुलाई भूषण समाजमा दिनहुँ देख्न सक्ने जिउँदो जाग्दो र क्रियाशील पात्रहरूका माध्यमबाट व्यक्त गर्दछन् ।

भूषणका यस अवधिका कथामा नेपाली समाजले परम्परागत रूपमा भोगी आएको गरिबी, अज्ञानता, अशिक्षा, शोषण र विसङ्गतिलाई मार्मिक रूपमा प्रस्तुत गरेका छन् ।

कथाका अतिरिक्त भूषणको साहित्य लेखन यस चरणमा कविता क्षेत्रमा पनि देखापरेको पाइन्छ । भूषणको कविता लेखनको थालनी हिमदूतमा वि.सं. २०१७ सालमा प्रकाशित 'तिम्रो देश' कविताबाट हुन्छ । भूषणको पहिलो प्रकाशित पुस्तकाकार कविता कृति 'मेरो वसन्त' कविता सङ्ग्रह (२०३७) हो । यस चरणमा उनका 'राष्ट्रनाद' (२०३९) र '२०३६ देखि २०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहहरू प्रकाशित भएको पाइन्छ । 'मेरो वसन्त' कविको जीवनसँग सम्बन्धित प्रेमलाई विषयवस्तु बनाएर लेखिएको पाइन्छ । त्यसैगरी 'राष्ट्रनाद' कविता सङ्ग्रह राष्ट्रिय भावनाले ओतप्रोत छ । त्यस्तै अर्को '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहमा सङ्ग्रहीत कविताहरूमा राष्ट्रमा देखापरेको भ्रष्टाचार, राजनैतिक उथलपुथल, राष्ट्रियताप्रतिको चासो र जनताहरूलाई प्रजातन्त्र प्राप्तिको लागि आन्दोलनमा उत्रन आह्वान गरिएको पाइन्छ । भूषणको प्रकाशित कविताहरूमध्ये '२०३६ देखि २०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रह सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिले उत्कृष्ट देखिन्छ । यसमा २०३६ देखि २०४६ सम्म लेखिएका ७१ वटा कविताहरू सङ्ग्रहीत गरिएको पाइन्छ ।

निष्कर्षमा भूषणका पूर्वार्द्ध चरणका साहित्ययात्रालाई हेर्दा सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिले उत्कृष्ट देखिन्छ । यस चरणमा उनले सात्यिका नाटक, कविता र कथा विधामा कलम चलाएका छन् । यो चरण भूषणको साहित्य लेखनको सफलता प्राप्त गरेको चरण हो ।

**(ख) उत्तरार्द्ध चरण (वि.सं. २०४८ देखि हालसम्म)**

भूषणको साहित्य यात्राको उत्तरार्द्ध चरण वि.सं. २०४८ सालबाट सुरु हुन्छ । भूषणको यो चरणमा बालसाहित्य लेखनले सफलता प्राप्त गरेको पाइन्छ । उनको साहित्य लेखनको उत्तरार्द्ध चरण 'बालक, विरुवा र पृथ्वीमाता' (र २०४८) कृतिबाट सुरु भएको पाइन्छ । भूषणको यो चरण सङ्ख्यात्मक एवम् गुणात्मक दुवै दृष्टिले पूर्वार्द्ध चरणका तुलनामा पूर्णतः शिथिल रूपमा देखापरेको छ । भूषणका यस चरणका रचनाहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन | प्राप्त |
|---|---|---|---|---|
| १ | बालक विरुवा र पृथ्वीमाता | बालसाहित्य | २०४९ | प्राप्त |
| २ | रमाइला सामाजिक बालकथा | बालसाहित्य | २०५४ | प्राप्त |
| ३ | काकाको अर्ती नानीलाई फूर्ति | बालसाहित्य (कविता) | २०५७ | प्राप्त |
| ४ | एक वसन्त अनेक फूलहरू | एकाङ्की | २०६२ | प्राप्त |

जीवनको कठिन क्षणहरूमा उनले विभिन्न साहित्यिक रचनाहरू लेख्न थाले र लेख्दै गए त्यसैले उनका जीवनमा अस्तव्यस्ततामा लेखिएका रचनाले उति गुणात्मक र स्तरीयता पाउन सकेनन् । यिनको उत्तरार्द्ध चरणको 'बालक विरुवा र पृथ्वीमाता' (प्र. २०४९) कृतिमा रुख, बोटविरुवा र तिनका बीउ, रुख र बोटविरुवाका जीवन एवम् तिनको सुरक्षण, रुख र बोटविरुवाका सङ्घर्ष, सङ्कट एवम् आयु, बोटविरुवा र रुखका उपयोग एवम् त्यसबाट मानिसलाई हुने फाइदा जस्ता विभिन्न पक्षमा कथात्मक ढङ्गले रोचक रूपमा प्रकाश पार्ने प्रयास गरिएको छ । भूषणको यस चरणमा बालकविता सङ्ग्रह 'काकाको अर्ती नानीलाई फूर्ती' (वि.सं. २०५७) पनि देखापर्दछ । भूषण यस चरणमा बालसाहित्य लेखनका अतिरिक्त एकाङ्कीकारको रूपमा पनि देखापरेका छन् । उनको एकाङ्की 'एक वसन्त अनेक फूलहरू' वि.सं. २०६२ मा प्रकाशित भएको छ । यसमा भूषणले आफूले देखे, भोगे र सुनेका

कुराहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । भूषणको उत्तरार्द्ध चरणलाई हेर्दा उनी बालसाहित्य लेखनतर्फ आकर्षित भएको पाइन्छ ।

समग्रमा साहित्यिक कृतिहरूमा भूषणले आफ्ना जीवन भोगाइका क्रममा देखे, सुने र भोगेका अनुभवहरूलाई सरल तथा सहज भाषाशैलीमा अभिव्यक्त गरेको देखिन्छ । अघिल्लो अवधिको तुलनामा यस अवधिमा साहित्यिक कृतिहरूको गुणात्मक तथा सङ्ख्यात्मक दृष्टिले शिथिल देखिन्छ । उत्तरार्द्ध चरणमा उनी बालसाहित्य लेखनतर्फ लागेको पाइन्छ । विषयवस्तुका दृष्टिले पनि यस अवधिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका घटना र विषयवस्तु व्यक्त गर्ने क्रम साँघुरिँदै गएको छ । भूषणको उत्तरार्द्ध चरण भन्दा पूर्वार्द्ध चरणका कृतिहरू सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिले उत्कृष्ठ देखिन्छ । यसप्रकार गेहेन्द्रभूषण पोखरेलीको साहित्य यात्रा सुरु अवधिदेखि हालसम्म निरन्तर रूपमा अगाडि बढिरहेको छ । फुटकर कवितादेखि आरम्भ गरेर विभिन्न विधागत सृजनाका साथै बालसाहित्य लेखनको उत्कृष्ट क्षणसम्म आइपुग्दा उनको प्रतिभा क्रमशः सशक्ततातर्फ उन्मुख हुँदै गएको परिलक्षित हुन्छ ।

### ४.१.१ गेहेन्द्रभूषण पोखरेलीको साहित्यिक प्रवृत्ति

गेहेन्द्रभूषण पोखरेलीको करिब ५ दशक लामो साहित्य लेखन यात्रामा एक दर्जन भन्दा बढी कृतिहरूको रचना गरेका छन् । यिनका कृतिहरू विविध घटना परिवेशसँग कथावस्तु, पात्र, परिवेश, भाषिक दृष्टिले आ-आफ्नै प्रवृत्ति लिएर झुल्केका छ् भने कतिपय सन्दर्भमा मिल्दाजुल्दा विशेषताका आधारमा पनि रहेका भेटिन्छन् जुनलाई मोटामोटी बुँदागत रूपमा यसरी हेर्न सकिन्छ :

### ४.१.२ विषयवस्तुगत प्रवृत्ति

विभिन्न किसिमका विषयवस्तु अँगालेर भूषणले आफ्ना कृतिहरूको रचना गरेका छन् । भूषणले ऐतिहासिक, पौराणिक, राष्ट्रप्रेम, राष्ट्रिय चिन्तन, प्रेम विषयक आदिलाई विषयवस्तु बनाएर आफ्ना कृतिहरूको रचना गरेको पाइन्छ । भूषणको 'प्रतिबिम्ब' भाग १ र २ सामाजिक, 'मेरो वसन्त' प्रेम विषयक, 'राष्ट्रनाद' राष्ट्रिय चिन्तन, 'शाहवंशका पाँच प्रमुख राजाहरू' ऐतिहासिक, २०३६ देखि २०४६ सम्मका सङ्घातहरू' समसामयिक, 'बालविरुवा र पृथ्वीमाता' बालविषयक, 'हाम्रा बालबालिका र सामाजिक शिक्षा' बालबालिकाको विकासको पक्षलाई मूल विषयवस्तु बनाएर लेखिएको पाइन्छ ।

### ४.१.३ पात्रचयनगत प्रवृत्ति

नारी र पुरुष दुवैथरी पात्रको प्रयोग गर्ने भूषण थोरै पात्रको आयोजना गरी ती पात्रलाई कुनै वर्ग विशेषको प्रतिनिधि पात्रका रूपमा प्रयोग गर्ने प्रवृत्ति रहेको छ, यस किसिमको विषयवस्तुगत परिवेशसँग मिल्दा, सुहाउँदा पात्र जिउँदाजाग्दा लाग्दछन् । यिनले आफ्ना कृतिमा सत् तथा असत् दुवै किसिमका पात्रको प्रयोग गरेको पाइन्छ । यिनले आफ्ना कृतिमा शिक्षित तथा अशिक्षित दुवैथरी पात्रको प्रयोग गरेका छन् । यिनका कृतिमा प्रयोग गरिएका पात्रहरू सामाजिक यथार्थ धरातलमा आधारित छन् ।

### ४.१.४ विधागत प्रवृत्ति

गेहेन्द्रभूषणको अर्को प्रवृत्ति विधागत प्रवृत्ति पनि हो । उनले साहित्यका प्रायः सबैजसो विधामा कमल चलाएका छन् । उनले साहित्यका कथा, कविता, नाटक, बालसाहित्य र एकाङ्की विधामा कमल चलाएका छन् । भूषणको कथा विधामा 'प्रतिबिम्ब' भाग १ र २ कथासङ्ग्रह, कविता विधामा 'मेरो वसन्त,' 'राष्ट्रनाद', २०३६ देखि २०४६ सम्मका सङ्घातहरू' र काकाको अर्ती नानीलाई फूर्ती' कविता सङ्ग्रहहरू, नाटक विधामा 'वनवासी सीता', 'शाहवंशका पाँच प्रमुख राजाहरू' एकाङ्की विधामा 'एक वसन्त अनेक फूलहरू' एवम् बालसाहित्यतर्फ बालक विरुवा र पृथ्वीमाता तथा रमाइला सामाजिक बालकथा आदि कृतिहरूको रचना गरेका छन् ।

### ४.१.५ परिवेशचित्रणगत प्रवृत्ति

नेपाली समाजका विविध परिस्थितिलाई परिवेश रूपमा आफ्ना रचनाहरूमा भित्र्याउने भूषणले राणाकालीन शासनको ताण्डव नृत्य, २००७ सालको प्रजातन्त्र अघिपछिको कट्टर समाज, ग्रामीण एवम् सहरिया परिवेश, प्रजातन्त्रको मुकुण्डो ओडेको प्रजातान्त्रिक शासनको उदाङ्गो स्थिति, नेपालको इतिहासको यथार्थ घटना साथै समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, दमन, अन्धविश्वास जस्ता विकृति-विसङ्गतिलाई कार्यपीठिका बनाउँदछन् । समग्रमा नेपाली समाजलाई परिवेश बनाई त्यसभित्र विद्यमान विकृति विसङ्गति देखाई परिवर्तनमुखी समाज देखाउन क्रान्ति गर्नु यिनको परिवेशचित्रणगत प्रवृत्ति हो ।

**४.१.६ स्वरवस्तुगत प्रवृत्ति**

भूषणका कृतिहरूमा मुख्यतयाः राष्ट्रवादी र मानवतावादी स्वर नै मूल स्वर बनेर आएको छ । विविध घटना, परिस्थिति पार गर्दै मानवीय समाजका विकृति विसङ्गति खोतल्ने भूषण कतै मौन कतै खुलेर क्रान्तिको विगुल फुक्छन् । यिनका विशेषगरी 'राष्ट्रनाद' र '२०३६ देखि २०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहमा राष्ट्रवादी र मानवतावादी स्वर मुखरित भएको पाइन्छ । यसप्रकार यिनी सुधारवादी, मानवतावादी र राष्ट्रवादी स्वरलाई स्वरवस्तुगत रूपमा प्रस्तुत गर्दछन् ।

**४.१.७ सामाजिक यथार्थवादी प्रवृत्ति**

गेहेन्द्रभूषणले साहित्यका धेरै विधामा कलम चलाए पनि उनका कृतिहरू सामाीजक यथार्थवादी प्रवृत्तिका छन् । भूषणले आफ्ना कृतिहरूमा आफूले देखे, सुने र भोगेका विषयहरूलाई आफ्ना कृतिहरूमा समावेश गरेका छन् । भूषणले आफ्ना कृतिहरू सामाजिक यथार्थ धरातलमा आधारित रहेर रचेको पाइन्छ । नारीवर्गको दुःखपूर्ण स्थिति, मानिसहरूको स्वार्थपूर्ण व्यवहार, आडम्बरयुक्त रीतिपरम्परा, गरिबबर्गको दुर्नियति आदि नै उनका कृतिहरूका विषयवस्तु बनेको छ ।

**४.१.८ भाषाशैलीगत प्रवृत्ति**

भूषणका भाषाशैली सरल किसिमको छ । पात्रको क्षमता अनुरूप शब्द चयन गर्नु भूषणको प्रवृत्ति हो । तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दको प्रयोग यिनका कृतिहरूमा पाइन्छ । यिनले अङ्ग्रेजी शब्द तथा वाक्यको सिधैं प्रयोग आफ्नो कृतिहरूमा गरेका छन् । यिनको नेपाली भाषाका सम्बन्धमा छुट्टै दृष्टिकोण भएकोले जनबोलीमा प्रयोग नहुने विसर्ग र ठूलो सन्धिको प्रयोग गरेको पाइँदैन । 'बालबालिका' को सट्टा 'बालकबालिका' र 'संस्कृति'को सट्टा 'सांस्कृति' शब्द प्रयोग गरेको पाइन्छ । 'म' को उच्चारण हुने ठाउँमा बाहेक अन्यत्र शिरविन्दु ( ं) प्रयोग गरिएको छैन । समग्रमा हेर्दा यिनको भाषा प्रयोग सरल र सरस नै देखिन्छ । यिनको प्रस्तुत गर्ने शैली सुन्दर आकर्षक देखिन्छ । यिनका कृतिहरूमा पात्रको स्तर अनुकूलको भाषा प्रयोग गरेको पाइन्छ ।

समग्रमा भन्दा यिनै प्रवृत्तिहरू नै भूषणका साहित्यिक प्रवृत्तिहरू हुन् ।

# पाँचौं परिच्छेद

## ५. गेहेन्द्रभूषण पोखरेलीका कृतिको अध्ययन

गेहेन्द्रभूषण पोखरेली नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । नाटक, कथा, कविता, एकाङ्की, बालसाहित्य जस्ता विभिन्न फाँटमा यिनी सृजनशील साहित्यकर्ताका रूपमा परिचित छन् । हालसम्म उनका साहित्यिक प्रकाशित पुस्तककार कृतिहरूको सङ्ख्या ११ वटा पुगेको छ । विश्लेषणात्मक दृष्टिले उक्त कृतिहरूलाई नाटक, एकाङ्की, कथा, कविता, बालसाहित्यका क्रममा सो खण्डमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ५.१ गेहेन्द्रभूषण पोखरेलीका नाट्यकृतिको अध्ययन

#### ५.१.१ गेहेन्द्रभूषण पोखरेलीको 'वनवासी सीता' नाटकको अध्ययन

विद्यार्थी जीवनदेखि नै नाटक लेखन र मञ्चन गर्दै आएका भूषणको प्रथम पुस्तककार नाट्य कृति 'वनवासी सीता' हो । यो नाटक मञ्चन गर्ने उद्देश्यले वि.सं. २०१९ सालमा लेखिएको थियो तर यसको प्रकाशन भने जीवनको उत्तरार्द्ध समयमा वि.सं. २०६२ सालमा आएर मात्र प्रकाशित हुन पुगेको छ । यस नाटकलाई नाटकीय तत्वका आधारमा अध्ययन गरिन्छ ।

**(क) कथावस्तु**

घटना, कार्य र पात्रहरूको क्रियाकलाप संवाद आदिलाई देशकाल अनुरूप क्रिया व्यापारमा संयोजन गर्नुलाई कथावस्तु भनिन्छ । यो नाटकको महत्वपूर्ण तत्व हो, जसलाई कथानक पनि भनिन्छ । कथानक नाटकको मूल आधार हो भने यसैका आधारमा पात्र, संवाद, देशकाल वातावरण, भाषाशैली र उद्देश्य एवम् रङ्गमञ्चको विकास हुन्छ । आजको नाटक सामाजिक जीवनमा आधारित हुने हुनाले जीवन जगत्को चित्रणमा र जीवनको संश्लिष्टतामा कथावस्तुले महत्वपूर्ण भूमिका खेल्छ । यस किसिमको कथानक ऐतिहासिक, पौराणिक, कल्पित, मिश्रित, प्रसिद्ध, अप्रसिद्ध, सामाजिक, राजनैतिक, आर्थिक, पारिवारिक कुनै पनि प्रकारको हुन सक्दछ ।

प्रस्तुत 'वनवासी सीता' नाटक वि.सं. २०१९ सालमा लेखिएको भए तापनि यसको प्रकाशन भने वि.सं. २०६२ असारमा आएर लामो समय पछि भएको पाइन्छ । यसको कथावस्तु रामायणको ऐतिहासिक घटनालाई आधार बनाएर लेखिएको पाइन्छ । रामायणमा अङ्कित पुरुषोत्तम राम समेतको ऐतिहासिक आख्यानहरूलाई कति पनि नबङ्ग्याई अरू

रामायण भन्दा भौतिक र ऐतिहासिक शैलीमा लेखिएको बाल्मीकि रामायणको आधारमा यो नाटक लेखिएको पाइन्छ । यस नाटकमा अलौकिक धार्मिक आस्थावाद र आधुनिक धार्मिक अनास्थावाद दुवैलाई अस्वीकार गरी मानव समाजको परिवेशमा लौकिक शैली र मानव स्वभावको विश्लेषण गरी इतिहासलाई यथावत् हेरेर सक्दो व्याख्या र विश्लेषण गरिएको छ । छिटोछरितो र छोटो आयामको भए पनि यसको विषयवस्तुले सशक्ततता ओगट्न पुगेको छ । 'वनवासी सीता' दुई अङ्कमा विभाजित पूर्णाङ्की नाटक हो । यसको प्रथम अङ्कमा १४ दृश्य र दोस्रो अङ्कमा १२ दृश्यको विभाजन गरिएको छ । यस नाटकको मुख्य कथावस्तु राम-सीताको चौध वर्षको वनवास समाप्ति पछिको घटना र अयोध्याका राजा राम र अयोध्यावासी राजकाजको घटनालाई मुख्य विषयवस्तु बनाइएको छ । यहाँ राम र सीतालाई आदर्श पति पत्नीको रूपमा चिनाइएको पाइन्छ । यो 'वनवासी सीता' नाटकको शुरुवात सीता रामको आराम गृह, कोठबाट भएको छ । यसको समय भन्ने सन्ध्याकाललाई सङ्केत गरिएको पाइन्छ । प्रंस्तुत नाटकको सुरुआत कुशिका र विजयको कुराकानीबाट सुरु भई दृश्य चौधमा वाल्मीकि वासन्तीको संवाद सम्म लम्बिएको देखिन्छ । यस नाटकको अङ्क एकमा आर्य र अनार्यहरूबीचको द्वन्द्व देखाइएको पाइन्छ । यसमा सीतालाई लक्ष्मणले वनमा लगेर छोडेको घटनालाई प्रस्तुत गरिएको पाइन्छ । यसमा रघुवंशको कीर्ति चारैतिर फैलिएको देखाइएको छ । यस नाटकको अङ्क एकको अन्तिम दृश्य १४ मा वाल्मीकिले रामायण लेख्दै गरेको देखाइएको पाइन्छ । यसको एउटा अंश यस्तो छ -

> वाल्मीकि-लेखेको कागत उठाएर पढ्छन् :
>
> देवी जानकिया पऱ्यो विपदको वर्षा मुसल्धारले ।
>
> त्यागीइन् विचरी तपोवन वनै रोई हिँडिन् पीरले ॥
>
> बल्दो अग्नि-शिखा अती विरहको देखेर पङ्क्षीगण ।
>
> च्याँ-च्याँ-चीँ-चीँ गरी उडे रुखहरू रुँदै सुके छिनछिन् ॥
>
> गर्भीणी विचरी अनाथिनि प्रती हावा सुसेली गरी ।
>
> घुम्थे मेघहरू पनि गगनमा आँसू खसाली अती ॥

यसरी दृश्य-१४ सम्म पुग्दा सीताबाट लव र कुशको जन्म सम्मको घटनालाई प्रस्तुत गरिएको पाइन्छ । यसपछि यस नाटकको दोस्रो अङ्क सुरुआत भएको पाइन्छ । यस नाटकको अङ्क-२ दृश्य-१२ सम्मको छ । अङ्क-२ को दृश्य-१ स्थान -लक्ष्मण-उर्मिलाको

विश्राम कक्षबाट सुरु भएको छ भने यसको समय-बाह्रवर्षपछि, दिउँसो भनी सङ्केत गरिएको छ । यसमा सीतादेवीले अयोध्या छोड्नुभएको बाह्र वर्षको स्मरण गरिएको छ । यस नाटकको अङ्क दुईमा राम राज्यमा प्रजा पनि सन्तुष्ट छन्, धर्मको पनि परिपालन भएकै छ रघुकुलको पनि गौरव बढेकै देखाइएको छ । रघुकुलको परम्परा अनुसार अयोध्याको झन्डा सारा संसारमा सर्वोच्च राख्न एउटा अश्वमेघ यज्ञको आयोजना गरिएको हुन्छ भने उता वाल्मीकिले लव-कुशलाई रामायणको गीत अभ्यास गराउँदै हुन्छन् । यत्रो अश्वमेघ यज्ञमा महारानी सीताको अनुपस्थितिको अभाव खड्किन्छ जसको सट्टा  यज्ञ-मण्डपको सिंहासनमा महारानीको सुनको प्रतिमाको निर्माण गरिएको पाइन्छ । उक्त अश्वमेघ यज्ञमा लव र कुशले रामायणको गीता गाउँछन् । यस यज्ञमा सीताको पनि उपस्थिति देखिन्छ । सीता अझै पनि रामले स्वीकार गरेको देख्न चाहन्छिन् । सीता भन्छिन्

सीता - (अभिवादनपूर्ण भावमा) प्रभुकी दासी सीत हाजिर छु । राम-राज्य जस्तो सत्यानुरागी राज्यमा पनि अन्याय भएकोले फेरी न्यायको भीख माग्न आएकी छु । यज्ञ-मण्डपमा रहेको प्रतिमाको ठाउँमा सीता स्वयम् बस्न माग्छिन्, प्रभु ।

राम - (भित्रको स्नेहलाई जबरजस्ती लुकाएर)

लोकले अझै पनि स्वीकृति दिएको छैन, देवी ।

सीताले नारीमाथि भएको अन्याय र अत्याचारको विरोध गरेकी छिन् । यस नाटकको अन्त्यमा गङ्गाको तट अपराह्न समय हुरी-बतास चलिरहेको हुन्छ, बिजुली चम्कने र मेघ गर्जने भइरहेकै हुन्छ । एउटा धरती फाटेको डीलमा सीता आँखा चिम्लेर, हात जोडी उभिएकी हुन्छिन् ।

सीता- हे पृथ्वी माता आफ्नी छोरीको यो वियोग असह्य वेदनालाई देख्दादेख्दै पनि किन मौन छौ ? किन बोल्दिनौ ? यदि म श्रीरामको पतिब्रतामा बसेकी छु भने मेरो प्राणलाई फिर्ता गर । म तिम्रो शरणमा आएकी छु ।

राम- (टाढाबाट चिच्याउँदै) सीते, पर्ख, ...पर्ख... धैर्य गर सीते .... ।

सीता - (उच्च स्वरले) रा..म ... । धरती ... फाँटभित्र हाम्फाल्छिन् ।

राम - (द्रवित स्वरले) सीते ... म आउँदैछु । सीता (रामको द्रवित उच्च स्वर 'सीते' चारैतिर प्रतिध्वनित हुन्छ । रुखहरूबाट चराहरू उड्छन् ।)

यसरी यस नाटकको समाप्त हुन्छ । यस नाटकको कथानक क्षीण छ । यो घटनाप्रधान भन्दा चरित्रप्रधान नाटक हो । यसमा विशेषगरी सीताको चरित्रलाई देखाइएको देखिन्छ । यो करुण रसमा आधारित छ । यसमा चौध वर्षपछि राम-सीताले अयोध्यामा आएर राज्य चलाए तापनि पछि पुनः सीतालाई बनवास पठाइएको देखिन्छ र अन्त्यमा सीता यस धर्तीमा विलय हुन पुगेकी छिन । यसरी यस नाटकको अन्त्य भएको छ ।

**(ख) चरित्रचित्रण**

पहिले पहिलेका नाटकहरू कथानक प्रधान हुने गर्दथे भने अचेलका नाटक चरित्र-प्रधान हुने गर्दछन् र तिनमा चरित्रको प्रधानता हुने गर्दछ । यसर्थ नाटकमा पात्र वा चरित्र योजनाको महत्व बढी हुन थालेको छ । यस किसिमको चरित्रले कार्यव्यापारलाई व्यापारलाई सुगठित र सुव्यवस्थित मात्रै होइन, नाटकीय कार्यव्यापारलाई सर्वाङ्गीण विकास गराउन महत्वपूर्ण भूमिका खेल्दछन् ।

गेहेन्द्रभूषण पोखरेलीको प्रस्तुत 'वनवासी सीता' नाटकमा सीमित पात्र प्रयोग गरिएको पाइन्छ । यसमा बहुलपात्र प्रयोगको पात्रीय जञ्जाल फेला पर्दैन । यस क्रममा यसमा नौ (९) पुरुष पात्र र चार (४) महिला पात्र गरी जम्मा १३ पात्र छन् । प्रस्तुत नाटकमा प्रयुक्त १४ पात्रहरूमध्ये प्रमुख पात्रका रूपमा राम र सीता एवम् सहायक पात्रका रूपमा लक्ष्मण र उर्मिला गौण पात्रीय भूमिकामा वशिष्ठ, विजय, शम्बूक, वाल्मीकि, लव-कुश, मुनि कुमार, वासन्ती, कुशिकालाई लिँदै चरित्रचित्रणगत पात्रीय विधान विश्लेषणलाई यसरी प्रस्तुत गरिन्छ :

**मुख्य पात्र :**

**राम :** राम 'वनवासी सीता' नाटकको प्रमुख नायक पात्र हो । राम सीताकी पति र अयोध्यावासीहरूको राजा हुन् । मर्यादा पुरुषोत्तम राम रामराज्यमा अयोध्यावासीहरूको सुख-सुविधा र शान्तिको वातावरण कायम गर्न सफल देखिन्छन् । कूलको मर्यादा, धर्मको रक्षा र सनातनको उद्धार कार्य पनि यथावत परिपालन हुँदै आइरहेछ । यस्तो रामराज्यका प्रजा धन्य छन् । रामको चरित्र स्थिर किसिमको छ । रामले सीताप्रति देखाएको व्यवहारले उनी ( वशिष्ठ) गुरुभक्त थिए भन्ने स्पष्ट देखिन्छ । रामको चरित्रलाई आदर्श चरित्रको रूपमा लिन सकिन्छ । उनले १४ वर्ष वनवासको तपस्या गरी फर्केर राज्यभार सम्हालेर रामराज्यका

जनताको सुखदुःखमा साथ दिएको पाइन्छ तापनि उनले सीतामाथि गरेको व्यवहार भने न्यायपूर्ण देखिँदैन ।

**सीता :** सीता 'वनवासी सीता' नाटकको प्रमुख नायिका नारी पात्र हो । नाटकको अधिकांश अंशमा सीताको चरित्रलाई प्रस्तुत गरिएको छ । उनी राजा जनककी छोरी अयोध्यावासीको महारानी हुन् । उनको चरित्रलाई हेर्दा आदर्श पनि भक्तिमा तल्लिन भएको पाइन्छ । उनले थोरै भए पनि नारीमाथि भएको शोषणको विरोध गरेको पाइन्छ । उनको चरित्र रामायणमा उल्लेखित सीता जस्तै छ । यस नाटकको अन्त्यमा सीता पृथ्वीमा नै लिन हुन पुगेको देखिन्छ ।

**सहायक पात्र :**

**लक्ष्मण :** लक्ष्मण यस नाटकको सहायक प्रमुख पुरुष पात्र हो । लक्ष्मण रामको सहोदर भाइ हुन्. । उनी दाइको आज्ञा पालकका रूपमा देखापर्दछन् । उनले सीतालाई वनवास पठाउन नमाने तापनि अन्त्यमा रामको हठले सीतालाई वनवास छोडी रामराज्यमा फर्कन्छन् । लक्ष्मण रामको आज्ञालाई सधैं पालना गर्दछन् । लक्ष्मणले रामसँग १४ वर्षको वनवास पनि सँगै बिताएका थिए । लक्ष्मणको चरित्र पनि असल किसिमको देखिन्छ ।

**उर्मिला :** उर्मिला यस नाटकको सहायक प्रमुख नारी पात्र हो । उनी लक्ष्मणकी पत्नी हुन् । उनको स्थान यस नाटकमा सीतापछि दोस्रो स्थानमा देखिन्छ । उनी पनि सीता जस्तै पतिभक्त छीन् । उनले सीतालाई वनवास नपठाउन आग्रह गर्छिन् । तर त्यसको प्रतिकार गर्न सक्दिनन् । यिनको चरित्र पनि आदर्शमही सीताको जस्तै देखिन्छ ।

**गौणपात्र :**

यस नाटकको गौण भूमिका खेल्ने क्रममा गौण पात्रहरूमा वशिष्ठ, विजय, शम्बूक, वाल्मीकि, लव-कुश, सुमन्त, मुनि कुमार, वासन्ती र कुशिका पर्दछन् । गौण पात्रहरूमध्ये वशिष्ठको भूमिका उल्लेखनीय देखिन्छ । उनी रामका गुरु हुन् । सीतालाई वनवास पठाउनमा उनको पनि केही हात रहेको देखिन्छ । उनी यस नाटकमा गौण पात्रका रूपमा रहेका भए पनि यिनको भूमिका यस नाटकमा सशक्त नै देखिन्छ । विजय दरबारको धोवी सेवक हो । विजयले सीतालाई वनवास पठाउनमा उल्लेखनीय भूमिका खेलेको देखिन्छ । शम्बूक एक अनार्य जातिका (शुद्र) लडका हुन्. । वाल्मीकि एक ऋषि-रामायणका रचयिता हुन् । सीता वनवास गएको बेलामा पालनपोषण यिनैले गरेका थिए । रामको अश्वमेघ यज्ञ

सम्ममा सीतालाई ल्याउन वाल्मीकिकै हात देखिन्छ । लव-कुश राम र सीताका छोरा हुन् । सुमन्त रामका बयोबृद्ध मन्त्री हुन् । मुनिकुमार वाल्मीकिका एक शिष्य हुन् । वासन्ती विजयकी पत्नी, सीताकी सेविका हुन् । यिनले पनि सीतासँगै वनवास गएकी देखिन्छ । कुशिका अयोध्या दरबारकी दासी हुन् तापनि उनी रामराज्यको भलो चाहन्छिन् । यसरी यस नाटकको गौण पात्रहरूको भूमिका नाटकलाई अगाडि बढाउनमा उल्लेखनीय देखिन्छ ।

**(ग) संवाद**

नाटकका चरित्रहरूका बीच वा एक अर्कासँग हुने कुराकानी वा वार्तालापलाई संवाद भनिन्छ । साहित्यका अन्य विधाबाट नाटकलाई पृथक तुल्याउने यसको मूल तत्व संवाद हो, जसले नाटकलाई अरू विधाबाट अलग्याई विशिष्टता र निजत्व प्रदान गर्दछ । त्यसैले संवादलाई नाटकको प्राण भनिन्छ । संवाद सर्वजन सुलभ र स्वाभाविक हुनु आवश्यक छ । थोरैमा धेरै भन्न सकिने सङ्क्षिप्तता संवादको अनिवार्य गुण हो, यो सरल र सुवोध हुनुपर्छ ।

प्रस्तुत नाटकको संवाद सहज स्वाभाविक र गद्यभाषामा प्रयुक्त छ । यस नाटकधमा केही गद्य भाषाको प्रयोग पनि गरिएको छ । यस किसिमको सहज स्वाभाविक भाषालाई विशिष्ट तुल्याउँदै संवादका माध्यमबाट नाटकीय कार्यव्यापारलाई अघि बढाइएको देखिन्छ । यस नाटकमा प्रत्येक पात्रका संवाद सांकेतिक छन् र नाटकीय कार्य व्यापारसँग प्रत्यक्ष सम्बन्धित देखिन्छन् । विचार वा चिन्तनलाई पात्रका संवादका माध्यमबाट प्रस्तुत गर्ने क्रममा लामालामा संवादको समेत विशिष्ट प्रयोग गरिएको पाइन्छ । संवादलाई पात्रको तह र मानसिक स्तर अनुसार सुहाउँदो बनाई प्रस्तुत गर्ने क्रममा यिनले यथार्थवादी शैली उपयोग गरेका छन्, त्यसैले पात्रीय संवाद बौद्धिकताको अत्याधिक चरमको प्रभाव भन्दा छोटाछरिता संवादका रूपमा प्रयुक्त छन् । घटनालाई भन्दा चरित्रलाई महत्व दिएको पाइन्छ । यस नाटकमा प्रयोग गरिएको संवाद पात्र सुहाउँदो छ । संवादका माध्यमबाट कथानकलाई भन्दा चरित्रसलाई महत्व दिने 'वनवासी सीता' नाटकको संवादमा चरित्रचित्रणको उदघाट्न विशिष्ट तवरले गरिएको देखिन्छ ।

**(घ) देश–काल–वातावरण**

देशबाट स्थान विशेष, कालबाट (भूत वर्तमान) समय विशेष र वातावरणबाट सामाजिक, पारिवारिक, धार्मिक, आर्थिक, राजनीतिक जस्ता जीवन मूल्यसित सम्बन्ध राख्ने परिस्थिति र प्रश्न एवम् विभिन्न प्रकारका जीवन्त पर्यावरण भन्ने बुझ्न सकिन्छ । नाटकमा

यी स्थान, समय र वातावरणको विशेष महत्व स्वीकारिएको देखिन्छ । पात्रहरूको भेशभूषा खानपान, रहनसहन विभिन्न विविध विशेष प्रकारका आस्था, विश्वास, रीतिथीति, चालचलन आदिको चित्रण र यी कुरासित सम्बन्ध राख्ने समस्याहरूको चित्रण पनि देशकाल वातावरणभित्र पर्दछ । विषय र घटना जुन देशकालमा घटित भए त्यस समयको समग्र वातावरण आदि चित्रण नै देशकाल वातावरणको चित्रण हो ।

प्रस्तुत 'वनवासी सीता' नाटकमा उल्लेखित पात्रहरू देशकाल वातावरण सुहाउँदो नै देखिन्छ । यसमा राम राज्यकालको समय र तपोवनको उल्लेख गरिएको पाइन्छ । यस नाटकका पात्रहरूको भेषभूषा,  खानपान, रहनसहन, रीतिथीति, चालचलन समय सुहाउँदो पाइन्छ । यसले नाटकलाई जीवन्तता प्रदान गरेको छ । यस नाटकले प्राचीन समयको रामायणमा उल्लेखित रामराज्यको समय र रीतिथीतिलाई प्रस्तुत गरेको देखिन्छ । त्यसबेला धर्मको पालना भएको पाइन्छ । वनवास जाँदा र रामराज्यमा बस्दाको पहिरन पनि देशकाल सुहाउँदो छ । त्यसबेलाको समयमा पति भक्ति थियो जसको स्पष्ट उदाहरण सीताको माध्यमबाट देखाइएको छ । नाटकमा देशकाल सुहाउँदो पात्र, भेषभूषा भएन भने नाटकले जीवन्तता प्राप्त गर्न सक्दैन । त्यसकारण यस नाटकमा देशकाल सुहाउँदो पात्रको प्रयोग गरिएको पाइन्छ ।

**(ङ) भाषाशैली**

कुनै पनि भाषाको आफ्नो महत्व हुन्छ भने नाटकीय भाषाले आफ्नो विशेष किसिमको महत्व राख्ने गर्दछ । नाटक मञ्चमा अभिनय हुने वस्तु हो । संवादका माध्यमबाट नाटकको प्रत्यक्ष शरीरको निर्माण हुन्छ भने नाटकमा भाषा जति सजीव र जीवन्त हुन्छ, नाटक पनि उत्तिकै सजीव र जीवन्त हुन पुग्छ । नाटक रङ्गमञ्चीय वस्तु हुने हुनाले यसको भाषा शिक्षित वर्गसँग मात्र सीमित नभएर सामान्य शिक्षित अशिक्षित सबै वर्गको भाषा अँगाल्ने गर्दछ । यस दृष्टिले नाट्य शिल्पमा भाषालाई पनि महत्वपूर्ण तत्वका रूपमा स्वीकार्ने गरिन्छ ।

प्रस्तुत 'वनवासी सीता' नाटकको भाषाशैली सरल किसिमको बोलचालको भाषा प्रयोगलाई सहज, स्वाभाविक, मार्मिक र संवेद्य रूपमा प्रस्तुत गरिएको पाइन्छ । विशुद्ध गद्य भाषाको प्रयोगका क्रममा सीता र रामको भाषा स्तरीय छ भने लक्ष्मण र उर्मिलाको भाषा पनि राजघरान अनुकूल नै प्रयोग गरिएको पाइन्छ । यस नाटकमा वाल्मीकिद्वारा लेखिएको

रामायणको केही अंश पद्यमा प्रस्तुत गरएको छ । भाषा प्रयोगका दृष्टिले नाटक सहज, सरस, स्वाभाविक र संवेद्य हुन पुगेको देखिन्छ । कतिपय ठाउँमा प्रयोग गरिएको भाषा बुझ्न अलि कठीन किसिमको छ । लेखकको नेपाली भाषाको प्रयोगका सन्दर्भमा छुट्टै धारणा रहेकोले यस्तो हुन गएको पाइन्छ । केही उदाहरणः जनबोलीमा प्रयोग नहुने विसर्ग र ठूलो सन्धिको प्रयोग गरिएको पाइँदैन । 'बालबालिका'को सट्टा 'बालकबालिका' र 'संस्कृति' को सट्टा 'सांस्कृति' शब्द प्रयोग गरिएको पाइन्छ । 'म' को उच्चारण हुने ठाउँमा बाहेक अन्यत्र शिरबिन्दु ( ं ) प्रयोग गरिएको छैन । समष्टिमा भन्दा यस नाटकको भाषा प्रयोग सरल र सरस नै पाइन्छ ।

**(च) उद्देश्य**

संस्कृत नाटकमा रससिद्धि र धर्म, अर्थ, काम, मोक्ष चर्तुवर्गको सम्पूर्ण वा खण्डखण्ड प्राप्ति आदिलाई नाटकको उद्देश्य मानिन्थ्यो र त्यतिबेलाका नाटकमा आनन्दवादकै ढ्याङ्ग्रो पिटिएको थियो भने आजका नाटक त्यो भन्दा भिन्न शिखर-मञ्चमा पुगेर जीवनसित सम्बन्ध राख्ने समस्या प्रश्न र उत्तर खोज्ने प्रयत्न गर्दै मनोरञ्जन र ज्ञानोपदेशका नयाँ नयाँ तैरतरिका र बान्कीमा आफूलाई सजाउँदै हिँडिरहेका भेटिन्छन् र उनीहरू नाटकबाट कुनै न कुने किसिमको सन्देश चाहन्छन् र सन्देश पाएपछि दर्शक-पाठक सन्तुष्ट हुन पुग्दछन् । जुन आजको नाटकीय उद्देश्य हुन आउँछ । मुख्यतयाः नाटक जीवनको अनुकृति भएकाले जीवन जहाँ जस्तो छ, त्यस्तै अनुकृति-प्रदर्शन रूपायन अभिव्यञ्जन गर्नु नै नाटकको उद्देश्य हुन आउँछ भने यस्ता नाटकले समसामयिक विषयवस्तुलाई अवलम्बन गरेको हुनुपर्छ ।

यस नाटकमा पुरुषोत्तम राम समेतको ऐतिहासिक आख्यानहरूलाई कति पनि नबङ्ग्याई अरू रामायण भन्दा भौतिक र ऐतिहासिक शैलीमा लेखिएको वाल्मीकि रामायणको आधारमा यो नाटक लेखिएको पाइन्छ । यसको उद्देश्य सम्बन्धमा लेखक स्वयम् भन्दछन् "अतः मैले अलौकिक धार्मिक आस्थावाद र आधुनिक धार्मिक अनास्थावाद दुवैलाई अस्वीकार गरी मानव समाजको परिवेशमा लौकिक शैली र मानव स्वभावको विश्लेषण गरी इतिहासलाई यथावत हेरेर सक्दो व्याख्या र विश्लेषण गरेको छु । अर्को कुरा नाटकले बढी सजीवता ल्याएर सर्वसाधारण समेत मनोरञ्जनात्मक माध्यमले र सुगमतापूर्वक विषयवस्तुलाई बोध गराउनुको साथै अवलोकनले सूक्ष्म दृष्टिको पनि विकास गर्ने मौका दिने हुनाले उपरोक्त पौराणिक आख्यानलाई निबन्ध, समालोचना, कथा वा उपन्यासको विधामा नढाली नाटकको रूपमा प्रस्तुत गरेको हुँ ।"

अन्त्यमा के भन्न सकिन्छ भने यस नाटकको मुख्य उद्देश्य दर्शकवृन्द एवम् पाठकवर्गलाई मनोरञ्जन दिनु नै रहेको पाइन्छ ।

**(छ) अभिनय र रङ्गमञ्च**

आधुनिक नाटकको यो अन्तिम अत्यावश्यक तत्व हो । वास्तविक रूपमा हेर्दा आफ्नो समग्र विधान-विनियोग सहित अभिनय नै नाटक हो र नाटक नै अभिनय हो भने नाटकको वर्ण्य विषय अभिनेताहरूद्वारा रङ्गमञ्चमा प्रस्तुतीकरण गर्नु नै अभिनय हो । यस दृष्टिले नाटकको पूर्ण सफलता नाटकका कुशल अभिनेताहरूलाई प्राप्त हुन आउँछ । अभिनय यति कुशल एवम् प्रभावकारी हुनु आवश्यक छ, जसमा दर्शक, श्रोता र पाठक आफू अर्काको भेदभाव भुलेर आफ्नो सुखदुःखलाई पनि पात्रको सुखदुःखसँग तादात्म्य गरेर हेर्न थाल्छन्, यसैमा नाटकको सफलता र सम्प्रेषणीयता निर्भर गर्दछ ।

नाटकको पात्रहरूको जीवन जति वास्तविक अभिनयसित गरिन्छ, त्यति नै बढी नाटकीय अभिनय र अभिनेताको कुशलता-सफलता नाटकमा अन्तर्भूत भएको हुन्छ । अभिनय विनाको नाटक गतिहीन जीवन जस्तै हुन्छ । यसर्थ नाटकमा अभिनय अपरिहार्य अनिवार्य आवश्यक तत्व ठानिएको छ ।

यो नाटक अभिनय गर्ने दृष्टिले लेखिएको हो । यसमा सीमित पात्रहरूको प्रयोग गरिएको पाइन्छ । पुरुषोत्तम राम आदिलाई अलौकिक स्तरमा हेर्ने परम्परालाई त्यागेर लौकिक रूपमा अर्थात् ऐतिहासिक यथार्थमा प्रस्तुत गरिएकोले पनि यो नाटक मञ्चन योग्य देखिन्छ । यो 'वनवासी सीता' नाटक पर्दामा मञ्चन गर्ने शैली र प्रविधिमा वि.सं. २०१९ सालमा लेखिएको थियो । यस नाटकलाई साधारण सुविधा र प्रविधिको तर्जुमामा विभिन्न किसिमले चित्रण गरिएको रङ्गीन पर्दामा अथवा आजको Slide को दृश्यमा उभ्याएको पर्दामा देखाउने चेष्टा गरेर लेखेको पाइन्छ । तदनुसार नाटकमा अङ्क र दृश्यहरू संयोजित हुनु स्वाभाविकै हा । यसबाहेक नाटकलाई जन-साहित्यको स्तरमा स्थापित गर्न सकेसम्म सरल गर्ने प्रयत्न पनि नाटकमा गरिएको पाइन्छ ।

यसमा समावेश गरिएका वनवास लगायतका घटनाहरू पर्दामा देखाउन गाह्रो पर्ने भए तापनि प्रायः अधिकांश घटनाहरू निश्चित स्थानमा भएकाले यो नाटक अभिनयका दृष्टिले सशक्त देखिन्छ ।

**निष्कर्ष :**

वि.सं. २०१९ मा लेखिएको भए तापनि लामो समयको अन्तराल पछि वि.सं. २०६२ मा प्रकाशित भएको यो नाटक रामायणको ऐतिहासिक घटनालाई चित्रण गर्न सक्षम भएको देखिन्छ । यस  नाटकको सबै पात्रहरू आ-आफ्नो स्थानमा बसी सबैको मानमर्यादा गरेको पाइन्छ । सीता स्वयम्ले आफ्नै सेवीकालाई साथी सरह व्यवहार गरेकी छन् । यसरी के भन्न सकिन्छ भने नाटकका सम्पूर्ण तत्वहरूमा राखेर हेर्दा यो नाटकले सफलता पाएको देखिन्छ ।

### ५.१.२ 'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रहको अध्ययन

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक आकार-प्रकारमा विस्तृत भए पनि अङ्कमा विभाजन नगरी दृश्यमा मात्र विभाजन गरिएको छ । भूषणको यो नाटक वि.सं. २०४३ सालमा प्रकाशित भएको पाइन्छ । यसमा शाहवंशका पाँच प्रमुख राजाहरुले नेपाल राष्ट्र निर्माणमा पुर्‍याएको योगदानको उल्लेख गरिएको छ । यो नेपालको इतिहासको घटनालाई आधार बनाएर लेखिएको ऐतिहासिक नाटक सङ्ग्रह हो । यो पूर्णाङ्की नाटक सङ्ग्रह हो । यस सङ्ग्रहमा ५ वटा नाटकहरू सङ्ग्रहीत छन् । यस नाटकलाई नाटकीय तत्वका आधारमा अध्ययन र निष्कर्ष दिइन्छ ।

**(क) कथानक**

गेहेन्द्रभूषण पोखरेलीद्वारा लिखित 'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रहमा शाहवंशका ५ प्रमुख राजाहरूले नेपाल राष्ट्र निर्माणमा पुर्‍याएको योगदानलाई विषयवस्तु बनाएर लेखिएको छ । यस सङ्ग्रहमा शाहवंशका प्रथम गोरखाका राजा द्रव्य शाह, गोरखाका सुधारक राजा रामशाह, राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, राष्ट्रपिता श्री ५ त्रिभुवन वीरविक्रम शाहदेव र युगनायक श्री ५ महेन्द्र वीर विक्रम शाहदेव गरी ५ वटा शीर्षकहरु संग्रहित छन् ।

यस नाटक सङ्ग्रहमा सङ्ग्रहित पहिलो नाटक शाहवंशका प्रथम गोरखाका राजा द्रव्य शाह हो । यिनको जन्म वि.सं. १६१६ मा भएको थियो । यो नाटक अंकमा विभाजन नगरी ७ वटा दृश्यमा विभाजन गरिएको छ । यस नाटकमा द्रव्य शाहले नेपाल एकीकरणमा पुर्‍याएको योगदानलाई मुख्य विषयवस्तु बनाएर लेखिएको पाइन्छ । द्रव्य शाह लमजुङ्गका राजा यशोब्रह्म शाहका दुई भाइ छोरामध्ये कान्छा छोरा हुन् । यिनले परम्परागत गोरखाका

खड्का राजालाई पराजित गरी गोरखाका प्रथम राजा हुन पुगेका थिए । यस नाटकको सुरुवात भारदार र खड्का राजाको संवादबाट सुरु भई दृश्य-७ मा द्रव्य शाहले गोरखा राज्य जितेपछि रैतीहरूद्वारा जय जयकार मनाएको घटनासम्म पुऱ्याएर यस नाटकको अन्त्य गरिएको छ । यस नाटकमा तत्कालीन नेपालको राजनैतिक विषयलाई मुख्य विषय बनाएरस यो नाटक लेखिएको देखिन्छ । त्यस समयको नेपालको राज्य रजौटाहरूको तत्कालीन स्थितिलाई यस नाटकले मुख्य विषयवस्तु बनाएको छ । त्यस समयमा राजाहरूले जनताहरूमाथि गरेको अन्याय, अत्याचार तथा प्रजावात्सल्य प्रेमलाई यस नाटकमा मुख्य विषयवस्तु बनाएर लेखिएको पाइन्छ ।

त्यस्तैगरी यस नाटक सङ्ग्रहमा संग्रहित अर्को नाटक 'गोरखाका सुधारक राजा रामशाह' हो । रामशाहको जन्म वि.सं. १६६३ मा भएको पाइन्छ भने उनको मृत्यु १६९० मा भएको थियो । भूषणले यस नाटकलाई ६ दृश्यमा विभाजन गरेका छन् । यस नाटकको सुरुवात एक पसले र मान्छेबीचको संवादबाट सुरु भई दृश्य–६ मा राजा राम शाहको जयजय सम्म पुऱ्याएर टुङ्ग्याइएको छ । यस नाटकले राजा रामशाहको न्यायप्रियतालाई मुख्य विषयवस्तु बनाएको छ । गोरखाका राजा रामशाहको न्यायप्रियताबाट प्रभावित भई अन्य राज्यहरूबाट पनि न्यायको लागि राम शाहसमक्ष आएको देखिन्छ । रामशाहले जनताको सुविधाका लागि एकै किसिमका ढक, तराजु एवम् अन्य नाप तौलको व्यवस्था गरेका थिए । त्यसको अनुसरण अन्य राज्यहरूले पनि गरेको पाइन्छ । उनको समयमा 'न्याय नपाए गोरखा जानु' भन्ने उक्ति पनि प्रचलित थियो । समग्रमा यस नाटकमा गोरखाका राजा रामशाहको न्यायप्रियता र प्रजावत्सल्य प्रेमलाई मुख्य विषयवस्तु बनाइएको पाइन्छ ।

'राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह' (१७९९-१८३१) शाहवंशका पाँच प्रमुख राजाहरू नाटक सङ्ग्रहमा सङ्ग्रहीत एउटा नाटक हो । यस नाटकमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दाको समयलाई मुख्य विषयवस्तु बनाइएको पाइन्छ । पृथ्वीनारायण शाहले नेपालको एकीकरण कसरी गरे भन्ने कुरालाई यस नाटकले देखाउन खोजेको छ । पृथ्वीनारायण शाहले नेपालको एकीकरणका क्रममा पुऱ्याएको योगदानलाई यस नाटकले मुख्य विषयवस्तु बनाएको छ । यस नाटकमा पृथ्वीनारायण शाहको आदर्शमही मुख्यवाणीलाई पनि प्रस्तुत गरिएको छ । यो नाटकको सुरुआत दृश्य १ मा जयप्रकाश मल्ल र वंशिधरको संवादबाट सुरु भई दृश्य ११ मा पृथ्वीनारायण शाहको मृत्युसम्मको घटनालाई प्रस्तुत गरी अन्त्य गरिएको छ । समष्टिमा

यस नाटकमा पृथ्वीनारायण शाहले नेपाल एकीकरणको क्रममा उपत्यका विजय गर्दा तथा अन्य राज्यको एकीकरण गर्दाको घटनालाई यस नाटकमा मुख्य कथानक बनाइएको छ ।

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रहमा संग्रहित चौथो नाटक 'राष्ट्रपिता श्री ५ त्रिभुवन वीरविक्रम शाहदेव (वि.सं. १९६८–२०११) हो । यस नाटकको सुरुवात दृश्य एकमा शुक्रराज शास्त्री र सहिद गंगालाको संवादबाट सुरु भई दृश्य १५ मा श्री ५ त्रिभुवनको मृत्युसम्मको घटना देखाई यस नाटकको अन्त्य गरिएको छ । यस नाटकमा श्री ५ त्रिभुवन र नेपाली जनताले राणाशासनको अन्त्य र प्रजातन्त्र प्राप्तिको लागि गरेको सङ्घर्षलाई मुख्य विषयवस्तु बनाइएको छ । श्री ५ त्रिभुवनले नेपाली जनता र नेपाल राष्ट्रको सार्वभौमिकताको रक्षाको लागि पुऱ्याउनुभएको योगदानलाई उच्च मूल्याङ्कन गरेर यस नाटक लेखिएको पाइन्छ । यसमा नेपाली जनताको राणाशासनप्रतिको वितृष्णा र जनताले यसको समाप्तिको लागि गरेको क्रान्तिलाई यस नाटकमा मुख्य विषयवस्तु बनाइएको छ ।

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रहमा संग्रहित अन्तिम नाटक 'युगनायक श्री ५ महेन्द्र वीर विक्रम शाहदेव' (वि.सं. २०११–२०२८) हो । यस नाटकमा प्रजातन्त्र प्राप्ति पछिको नेपालको राजनैतिक परिवेशलाई मुख्य विषयवस्तु बनाइएको छ । नेताहरूको स्वार्थी प्रवृत्तिलाई यस नाटकले राम्रोसँग चित्रण गरेको छ । यस नाटकमा श्री ५ महेन्द्रद्वारा नेताहरूलाई नजरबन्द गरी दलहरूमाथि प्रतिबन्ध लगाई पञ्चायतको घोषणा गरेको कुरालाई यस नाटकमा स्पष्ट्याइएको छ । यस नाटकको सुरुआत दृश्य १ मा बूढो र एक गाउँलेबीच राजाको सवारी विषयमा कुराकानी गरेको घटनादेखि अघि बढाएर दृश्य १८ मा राजा महेन्द्रको मृत्युसम्मको घटना प्रस्तुत गरी यस नाटकको अन्त्य गरिएको छ ।

**(ख) चरित्रचित्रण**

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रहमा धेरै पात्रहरूको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा सङ्ग्रहित प्रत्येक नाटकहरूभित्र रहेका पात्रहरूको चरित्रचित्रण क्रमशः तल गरिएको छ ।

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रहमा संग्रहित नाटक 'शाहवंशका प्रथम गोरखाका राजा द्रव्य शाह' नाटकमा प्रयोग गरिएको पात्रहरूको चरित्रचित्रणलाई यहाँ प्रमुख, सहायक र गौण गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

**प्रमुख पात्र**

**द्रव्य शाह :** द्रव्य शाह लमजुङका राजा यशोब्रह्म शाहका दुईभाइ छोरा नरहरि शाह र द्रव्य शाह मध्ये यिनी कान्छो छोरा हुन् । द्रव्य शाह सानैदेखि विशाल सोचाइका मान्छे थिए । द्रव्य शाह नेपला राष्ट्रको प्रथम एकीकरण कर्ता हुन् । सुरुमा यिनले लिगलिगे राजाहरूलाई पराजित गरी लिगलिगको राजा भएका थिए । त्यसपछि द्रव्य शाहले गोरखाका खड्का राजालाई आक्रमण गरी गोर्खाको प्रथम राजा हुन पुगेका थिए । यिनको हृदय विशाल किसिमको पाइन्छ । यिनले आफ्ना रैतीहरूलाई दाजुभाइ सरह हेर्थे र अति नै माया गर्थे । यिनले अन्य राज्यमाथि आक्रमण गरी जितेपछि त्यहाँका जनताहरूलाई कहिल्यै पूर्वाग्रह राखेनन् ।

**खड्का राजा :** यिनी गोरखाका खड्का राजा हुन् । यिनीले जनताको सुखदुःखमा भन्दा आफ्नै मोजमस्तिमा तल्लिन हुन्थे । जसले गर्दा पछि द्रव्य शाहले खड्का राजाको जनतालाई हात लिएर खड्का राजालाई पराजीत गरी गोरखा राज्यलाई द्रव्य शाहले आफ्नो हातमा लिएका थिए । खड्का राजाको दृष्टिकोण अदूरदर्शी देखिन्छ । खड्का राजाको चरित्रबाट त्यस समयको बाइसे, चौबीसे राज्य रजौटाहरूको राजाको चरित्रचित्रण प्रकट भएको देखिन्छ ।

**सहायक पात्र :**

**नरहरि शाह :** नरहरि शाह लमजुङका राजा थिए । यिनले भाइ द्रव्य शाहलाई राज्यविस्तार गर्नको लागि सहयोग पुऱ्याएका थिए ।

**नारायण अर्याल** : यिनी गोरखाका एक रैती तथा द्रव्य शाहका एक सहयोगी थिए । यिनले गोरखा राज्यलाई आक्रमण गरी लिन द्रव्य शाहलाई सहयोग पुऱ्याएको देखिन्छ ।

**गौण पात्र** :

यस नाटकको गौण भूमिका खेल्ने क्रममा गौण पात्रहरूमा भागिरथ झा, गणेश पाण्डे, भारदारहरू, झम्मन घले, गाउँलेहरू, कान्छी रानी, प्रमुख मान्छे आदि पर्दछन् । गौण पात्रहरूमध्ये गणेश पाण्डे र झम्मन घलेको भूमिका उल्लेखनीय देखिन्छ । गणेश पाण्डे गोरखाका एक रैती र द्रव्य शाहका एक सहयोगी हुन् । त्यस्तैगरी झम्मन घले लिगलिगका रैती र द्रव्य शाहका सहयोगी हुन् । यस नाटकमा उल्लेखित गौणपत्रहरूले यस नाटकलाई अगाडि बढाउनमा उल्लेखनीय भूमिका लेखेको पाइन्छ ।

'शाहवंशका पाँच प्रमुख राजाहरू'  नाटक सङ्ग्रहमा सङ्ग्रहित दोस्रो नाटक 'गोरखा सुधारक राजा राम शाह' हो । यस नाटकका पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी निम्नानुसार व्याख्या गरिएको छ ।

**प्रमुख पात्र**

**राम शाह :** राम शाह गोरखाका शाहवंशका राजा हुन् । यिनले हाल प्रचलित गोरखा दरबारको निर्माण गरेका थिए । यिनले नाप, तौलको राम्रो व्यवस्था मिलाएका थिए । राम शाहले गोरखा राज्यको व्यापार बढाउन पाटनबाट सिद्धिनरसिंहको पालामा व्यापारीहरू झिकाई राम्रो व्यवस्था मिलाएका थिए । यिनी न्यायप्रिय राजा थिए ।यिनको पालादेखि 'न्याय नपाए गोरखा जानु' भन्ने उक्ति प्रचलित भएको पाइन्छ । यिनले नगदमा सयकडा दश जिन्सिमा पच्चिसप्रतिशत मात्र ब्याजदर लिन पाउने तोकी दिएका थिए । यिनको पालामा अन्य राज्यहरूबाट पनि न्याय माग्न गोरखा राज्यमा आउने गर्दथे । उनको यस नाटकमा उल्लेखनीय भूमिका देखिन्छ ।

**सहायक पात्र :**

**काजी :** काजी राम शाहका विश्वास पात्र एवम् मन्त्री हुन् । यिनले राम शाहको हरेक कदममा सहयोग गरेका छन् । यिनले गोरखा राज्यको विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

**गौण पात्र :**

यस नाटकको गौण भूमिका खेल्ने क्रममा गौण पात्रहरूमा डम्बर शाह, पाटनका व्यापारीहरू, पसले, ग्राहक, कर्मचारी, बिर्के, लक्षुमन, प्रधान, महन्त, देवर, डाँगे, खुन्तुरे, सिद्धिनरसिंह मल्ल, गर्भवती आईमाई आदि पर्दछन् ।

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रहमा संग्रहित तेस्रो नाटक राष्ट्रनिर्माता 'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह' (वि.सं. १७९९–१८३१) हो । यस नाटकका पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी निम्नानुसार व्याख्या गरिएको छ ।

**प्रमुख पात्र**

**पृथ्वीनारायण शाह** : पृथ्वीनारायण शाह गोरखाका राजा नरभूपाल शाहका पाँच भाई छोरामध्ये जेठा छोरा हुन् । यिनी पहिला गोरखाका र पछि नेपाल राज्यको राजा भएका थिए । पृथ्वीनारायण शाह नेपाल राज्य एकीकरणकर्ता हुन् । उनले तत्कालीन समयको राज्य

रजौटाहरूलाई एकीकरण गरी नेपाल राज्यमा गाभेका थिए । यिनको समयमा नेपालको सिमाना पूर्वमा कनकाई र टिस्टा नदीसम्म पुगेको थियो । पृथ्वीनारायण शाह दूरदृष्टि भएका राजा हुन् । उनले भावी पिंढीलाई आफ्नो वाणीमार्फत् सन्देश दिएका छन् । जसमा केही उदाहरणहरू यस प्रकार छन् :

“नेपाल दुई ढुङ्गाबीचको तरुल हो ।”

“राजाका भण्डार भन्याका रैतानहरू हुन् । प्रजा मोटा भया दरबार बलियो रहन्छ । अन्याय मुलुकमा हुन नदिनू । नियानिसाफ बिगार्न्या भन्याको घूस दिन्या र घूस खान्या हुन् ।”

यसरी पृथ्वीनारायण शाहको वाणीलाई हेर्दा उनको वाणी आज पनि उत्तिकै सान्दर्भिक देखिन्छ । यिनले पश्चिमका बाईसे र चौबीसे राज्यलाई पनि नेपालमा गाभ्नुपर्छ र नेपाल अझै ठूलो बनाउनुपर्छ भन्ने दृष्टिकोण राखेका थिए । यस नाटकमाा उनको भूमिका सबैभन्दा उत्कृष्ट देखिन्छ ।

**बहादुर शाह :** बहादुर शाह पृथ्वीनारायण शाहका कान्छा पुत्र हुन् । यिनले पृथ्वीनारायण शाहले शुरु गरेको नेपाल एकीकरणको क्रमलाई पृथ्वीनारायण शाहको पालापछि अगाडि बढाएका थिए ।

**अमरसिंह थापा :** अमरसिंह थापा पृथ्वीनारायण शाहका प्रमुख सेनानायक हुन् । यिनले नेपाल एकीकरणमा पृथ्वीनारायण शाहलाई सहयोग पुऱ्याएका थिए । यिनले पृथ्वीनारायण शाहलाई नेपाली एकीकरणमा लाग्न प्रोत्साहन गरेका थिए । यिनी पृथ्वीनारायण शाहलाई अन्तिम घडीसम्म साथ दिने नेपालका राष्ट्रिय विभूति हुन् । यिनको यस नाटकमा उल्लेखनीय भूमिका छ ।

**कालु पाण्डे :** कालु पाण्डे पृथ्वीनारायण शाहका प्रमुख काजी सर्वोच्च सेनानायक हुन् । यिनले पृथ्वीनारायण शाशाहको नेपाल एकीकरणको अभियानमा कीर्तिपुर माथिको आक्रमणमा शाहदात प्राप्त गरेका थिए । यिनी पृथ्वीनारायण शाहका कुशल सेनानायक थिए । यिनको पनि यस नाटकमा उल्लेखनीय भूमिका छ ।

**सहायक पात्र**

**थापाकाजी :** थापाकाजी पृथ्वीनारायण शाहका प्रमुख सेनानायक हुन् । यिनले पृथ्वीनारायण शाहद्वारा गरिएको कार्यको प्रचार प्रसार गरेका छन् । यस नाटकमा यिनले सहायक पात्रको भूमिका निर्वाह गरेका छन् ।

**वंशराज पाण्डे :** वंशराज पाण्डे पृथ्वीनारायण शाहका प्रमुख सेनानायक र कालु पाण्डेका छोरा हुन् । यनले पृथ्वीनारायण शाहको नेपाल एकीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । वंशराज पाण्डे नेपाल एकीकरणका क्रममा पर्वतेहरूको कैदमा परेका थिए ।

**जयप्रकाश मल्ल :** जयप्रकाश मल्ल कान्तिपुरका अन्तिम राजा हुन् । यिनले पृथ्वीनारायण शाहको आक्रमणमा कुशलताका साथ लडेका थिए । यिनले जयप्रकाश मल्लको पराजयपछि कुशलतापूर्वक जयप्रकाश मल्ललाई ललितपुरका राजासम्म पुऱ्याएका थिए ।

वंशीधर : यिनी जयप्रकाश मल्लका अनन्य सेवक  एक प्रमुख सल्लाहकार हुन् । यिनले जय प्रकाश मल्ललाई पृथ्वीनारायण शाहले गरेको आक्रमणको प्रत्याक्रमणमा सहयोग ललितपुरका राजासम्म पुऱ्याएका थिए ।

**गौण पात्र :**

यस नाटकको गौण भूमिका खेल्ने क्रममा गौण पात्रहरूमा कीर्तिमहोद्दाम शाह, दलमर्दन शाह, दलजीत शाह, रामकृष्ण कुँवर, तुलाराम पाण्डे, कुलानन्द, ललिता बल्लभ, दुआन, कसाई, राजगुरु, सिख्वाल प्रधान, नारानचा मुख्तार उम्दा, फकिरराम दास, सिपाहीहरू, दूतहरू आदि पर्दछन् । गौण पात्रहरूमध्ये रामकृष्ण कुँवरको भूमिका उल्लेखनीय देखिन्छ । पृथ्वीनारायणशा शाहलाई नेपाल एकीकरणका क्रममा यिनले सहयोग पुऱ्याएको देखिन्छ । अन्य गौण पात्रहरूको यस नाटकलाई अगाडि बढाउनमा उल्लेखनीय भूमिका छ ।

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रहमा सङ्ग्रहित चौथौ नाटक 'राष्ट्रपिता श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव' हो । यस नाटकका पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी निम्नानुसार व्याख्या गरिएको छ ।

**प्रमुख पात्र**

**श्री ५ त्रिभुवन वीरविक्रम शाहदेव :** राष्ट्रपिता श्री ५ त्रिभुवन वीरविक्रम शाहदेव श्री ५ पृथ्वी विरविक्रम शाहदेवका ज्येष्ठ पुत्र हुन् । श्री ५ त्रिभुवन राणाशासनको अन्त्य र प्रजातन्त्रको प्राप्तिको लागि आफ्नो गद्दीको समेत परवाह नगरी २००७ सालको क्रान्तिमा नेपाली जनतालाई पूर्ण रूपमा सहयोग पुऱ्याउने राजा हुन् । यिनी सधैँभरी जनताको हित चाहन्थे । यिनै प्रजावत्सल राजाको छत्रछहारिबाट नेपाली जनताले सुखको अनुभूति गर्न पाएका थिए । श्री ५ त्रिभुवन सरकारको सञ्चालन जनताका जनप्रतिनिधिद्वारा सञ्चालित होस् भन्ने पक्षमा थिए । यिनको यस नाटकमा प्रमुख भूमिका छ ।

**सहायक पात्र :**

**शुक्रराज शास्त्री** : शुक्रराज शास्त्री माधवराज शास्त्रीको पुत्र, आर्य समाजी, एक समाजसेवी व्यक्ति हुन् । शुक्रराज शास्त्री नेपालमा राणाशासनको अन्त्यको लागि जनतालाई जागरुक बनाउँदै हिड्ने राष्ट्रभक्त एक सपूत हुन् । शुक्रराज शास्त्रीलाई राणाहरूले वि.सं. १९९७ मा राजद्रोहको आरोप लगाई मृत्युदण्डको सजाय दिएका थिए ।

**गंगालाल :** गंगालाल खरिदार भक्तलाल श्रेष्ठकापुत्र, नवयुवक, राजनीतिक कार्यकर्ता हुन् । गंगालाल एकसय ४ वर्षे राणशासनको विरुद्धमा उत्रेर जनतालाई राणाशकासनको विरद्धमा लाग्न खुलेर प्रेरणा दिने राजनैतिक कार्यकर्ता हुन् । यिनलाई राणाहरूस्ले राजद्रोह र गाथगाथी तोकेको आरोप लगाई शोभाभगवती, विष्णुमती र भद्रमतीको दोभानमा लगेर गोली हानी हत्या गरेका थिए । यिनी देशको लागि आफ्नो ज्यानको पर्वाह नगर्ने व्यक्ति हुन् ।

**दशरथ चन्द :** दशरथ चन्द राजासाहेब शेरबहादुर चन्दका पुत्र, युवा राजनीतिक कार्यकर्ता हुन् । यिनलाई गंगालाल सँगै राणाहरूले शोभाभगवतीमा लगेर गोली हानी हत्या गरेका थिए । यिनी नेपालका एक राष्ट्रिय सपूत हुन् ।

**धर्मभक्त :** धर्मभक्त सुब्बा आदिभक्तका पुत्र-युवा राजनीतिक कार्यकर्ता हुन् । यिनी गंगालाल, शुक्रराज र दशरथ चन्दसँगै राणाशासनको विरुद्धमा लाग्ने राष्ट्रिय सपूत हुन् । यिनलाई वि.सं.१९९७ मा राणाहरूले राणाशासनको विरुद्धमा लागेको र राजद्रोह गरेको आरोप लगाई हत्या गरेका थिए ।

**गौण पात्र :**

यस नाटकको गौण भूमिका खेल्ने क्रममा गौण पात्रहरूमा वैद, परिचारक, स्वीस, डाक्टर, राणा अफिसरहरू, राणा पुलिसहरू, जनता केटाहरू, शम्भु, उद्धव, बरिसिंह, समाजसेवीहरू, पत्रकार, राजनीतिक नेता, भलादमी, पि.ए.हरू, व्यापारी, मन्त्री, अजय, धनञ्जय आदि पर्दछन् । यस नाटकको गौण भूमिका खेल्ने पात्रहरूको पनि नाटकलाई अगाडि बढाउन उल्लेखनीय भूमिका देखिन्छ ।

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रहमा संग्रहित अन्तिम नाटक 'युगनायक श्री ५ महेन्द्र वीर विक्रम शाहदेव' हो । यस नाटकका पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी निम्नानुसार व्याख्या गरिसएको छ ।

**प्रमुख पात्र**

**श्री ५ महेन्द्र वीर विक्रम शाहदेव** : श्री ५ महेन्द्र राजनैतिक खिचातानीको फाइदा उठाई देशमा राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाई देशमा पञ्चायती व्यवस्थको सूत्रपात गर्ने राजा हुन् । यिनले संसदीय व्यवस्थाको खारेज गरेका थिए । श्री ५ महेन्द्रले देशमा पञ्चवर्षीय योजना, भूमिसुधार, मुलुकी ऐन, राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरेर देशमा विकासको लहर फैलाउने काम गरेका थिए । यिनी जनताप्रति सधैं समर्पित थिए । यिनले देशमा पञ्चायती व्यवस्था ल्याउने कार्य बाहेक अन्य राम्रा कामहरू गरेको देखिन्छ । यस नाटकमा श्री ५ महेन्द्रको उल्लेखनीय भूमिका छ ।

**विश्वेश्वरप्रसाद कोइराला :** विश्वेश्वरप्रसाद कोइराला नेपाली कांग्रेस पार्टीका अध्यक्ष एवम् प्रथम जननिर्वाचित प्रधानमन्त्री हुन् । यिनलाई राजा महेन्द्रले वि.सं. २०१७ मा नजरबन्दमा राखी देशमा राजनैतिक दलमाथि प्रतिबन्ध लगाएका थिए । यिनी राणाशासन विरुद्धको आन्दोलनदेखि आजीवन देशमा प्रजातन्त्रको पक्षमा लड्ने एक महान नेता हुन् ।

**सहायक पात्र :**

**गणेशमान श्रेष्ठ :** यिनी तत्कालीन नेपाली कांग्रेस पार्टीका वरिष्ठ कार्यकर्ता एवम् निर्माण मन्त्री थिए । यिनी देशमा प्रजातन्त्रको स्थापनाको लागि आजीवन लड्ने व्यक्ति थिए । यिनले एकसय चार वर्षको राणाशासन फाल्ने कामदेखि २०४६ सालको आन्दोलनको नेतृत्व समेत गरेका थिए ।

**कृष्णप्रसाद भट्टराई :** यिनी तत्कालीन काङ्ग्रेस पार्टीका वरिष्ठ कार्यकर्ता थिए । यिनले देशमा प्रजातन्त्रको स्थापनाको लागि उल्लेखनीय भूमिका खेलेका छन् ।

**सूर्यप्रसाद उपाध्याय :** यिनी तत्कालीन नेपाली कांग्रेस पार्टीका वरिष्ठ कार्यकर्ता एवम् गृहमन्त्री थिए । यिनले देशमा प्रजातन्त्रको स्थापनाका लागि महत्वपूर्ण भूमिका खेलेका छन् । यिनलाई विश्वेश्वर, गणेशमान, कृष्णप्रसादसँगै नजरबन्द गरी सुन्दरी जेलमा लगेर थुनिएको थियो ।

**गौण पात्र**

यस नाटकको गौण भूमिका खेल्ने क्रममा गौण पात्रहरूमा श्री ५ रत्न राज्यलक्ष्मी शाह, प्रधानसेनापति, जयाप्रसाद उपाध्याय, जगन्नाथ बाबू, कृष्ण नानी, श्री ५ महाराजाधिराजको ए.डि.सी., गाउँलेहरू, बूढी, वयस्कहरू मन्त्रीहरू, प्रधानसेनापति

पञ्चकन्या, सभा संचालकहरू, स्वागत समितिको अध्यक्ष,राजनीतिक युवक कार्यकर्ताहरू, पुलिसहरू, रिजालहरू, कान्छा हली, तामाङ जनता, व्यक्ति, सैनिक अधिकारीहरू, पसले, विद्यार्थी, विदेशी पत्रकार, राष्ट्रिय पञ्चायतका सदस्यहरू, मन्त्री परिषदको अध्यक्ष प्रधानपञ्च आदि पर्दछन् । यस नाटकको गौण भूमिका खेल्ने पात्रहरूको पनि नाटकलाई अगाडि बढाउन उल्लेखनीय भूमिका देखिन्छ ।

**(ग) संवाद :**

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाट्यसङ्ग्रहको संवाद सहज स्वाभाविक गद्य भाषामा प्रयुक्त छ । यस किसिमको सहज स्वाभाविक भाषालाई विशिष्ट तुल्याउँदै संवादका माध्यमबाट नाटकीय कार्यव्यापारलाई अघि बढाइएको छ । यस नाटकमा प्रत्येक पात्रका संवाद नाटकीय कार्याव्यापारसँग प्रत्यक्ष सम्बन्धित छन् । यस नाटकमा प्रयोग गरिएको संवाद छोटाछोटा किसिमका छन् । यसमा पात्रको स्तर अनुरूपको संवाद प्रयोग गरिएको छ । विचार वा चिन्तनलाई पात्रका संवादका माध्यमबाट प्रस्तुत गर्ने गरिएको छ । भूषणले यस नाटक सङ्ग्रहमा संवादका क्रममा अङ्ग्रेजी संवादको पनि प्रयोग गरेका छन् । यो संवाद प्रयोग सान्दर्भिक नै देखिन्छ । यहाँ यसको एउटा उदाहरण यसप्रकार छ –

त्रिभुवन - Oh ! Doctor it's difficult –everytthing is difficult.

डाक्टर - Now your Majesty- do try; what's the trouble?

**(घ) वातावरण**

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक संग्रह ऐतिहासिक नाटक हो । यो नाटक नेपालको ऐतिहासिक घटनामा आधारित छ । यस नाटकमा नेपालको बाइसे चौबिसे राज्यहरूको घटनादेखि नेपालको वि.सं. २०२८ सम्मको वातावरणलाई यस नाटकले प्रस्तुत गरेका छ । यो नाटक नेपालको देशकालमा आधारित छ । यसमा प्रयोग गरिएका पात्रहरू देशकाल सुहाउँदा छन् । यसमा नेपालको एकीकरणको घटनालाई प्रस्तुत गरिएको छ । यसमा नेपालको एकीकरणको क्रममा भएका आक्रमणहरू प्रस्तुत गरिएको छ । नेपालको एकीकरणको क्रममा उपत्यका आक्रमणको घटनादेखि अन्य राज्यसम्मको एकीकरणको घटनालाई पनि यस नाटकमा प्रस्तुत गरिएको छ । यस नाटकमा द्रव्य शाहले गोरखाका खड्का राजाहरूलाई आक्रमण गरी गोरखा राज्यको स्थापना गरेको घटनादेखि सुरु गरिएको छ । यस नाटकले व्यापक परिवेश ओगटेको पाइन्छ । यसमा नेपालको राणाशासनको

अत्याचारदेखि नेपाली जनता र राजा श्री ५ त्रिभुवनद्वारा राणाशासनको अन्त्यको लागि गरिएको सङ्घर्षको घटनालाई व्यापक रूपमा प्रस्तुत गरिएको छ । यस नाटकमा राम शाहको न्यायप्रियताको घटनादेखि अङ्ग्रेजहरूसँग भएको युद्धको घटनालाई बडो मार्मिक रूपमा प्रस्तुत गरिएको छ । यस नाटकमा नेपालको राजनैतिक घटना र नेपालको सांस्कृतिक घटनालाई पनि प्रस्तुत गरिएको छ । नेपालको राजनैतिक उथलपुथलका कारण श्री ५ महेन्द्रद्वारा राजनैतिक दलमाथि प्रतिबन्ध गरी देशमा पञ्चायती व्यवस्थाको स्थापना गरेको घटनालाई पनि यस नाटकले प्रस्तुत गरेको छ । त्यस्तैगरी यस नाटकमा नेपालका राजाहरूले गरेका सुधारका कार्यहरूलाई राम्रोसँग बर्णन गरिएको छ । देशमा रहेको गरिबी र सामन्ती प्रवृत्तिको पनि यसमा राम्रोसँग चित्रण गरिसएको पाइन्छ । यस नाटक सङ्ग्रहले नेपालको इतिहासको घटनादेखि नेपाल बाहिर भारत, चीन र स्वीटजरल्याण्डसम्मको घटनालाई यसले प्रस्तुत गरेको छ । समग्रमा भन्दा यो नाटक सङ्ग्रहले नेपाल एकीकरणदेखि श्री ५ महेन्द्रको शासनकाल सम्मको समयको परिवेशलाई बोध गराउँछ भने स्थानका दृष्टिले नेपाल र स्वीजरल्याण्डसम्मको स्थान प्रस्तुत गरेको छ । त्यसैले पनि यो नाटक वातावरणका दृष्टिले प्रभावकारी देखिन्छ ।

**(ङ) भाषाशैली**

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रहको भाषा शैली सरल किसिमको बोलचालको भाषा प्रयोगलाई सहज, स्वाभाविक, मार्मिक र संवेद्य रूपमा प्रस्तुत गरिएको छ । विशुद्ध गद्य भाषाको प्रयोगका क्रममा पृथ्वीनारायण शाह, राम शाह, द्रव्य शाह, श्री ५ त्रिभुवन र श्री ५ महेन्द्रद्वारा प्रयोग गरिएको भाषा उच्चस्तरीय छ भने अन्य पात्रहरूद्वारा प्रयोग गरिएको भाषा पनि स्तरीय नै देखिन्छ । भाषा प्रयोगका दृष्टिले नाटक सहज, सरस, स्वाभाविक, संवेद्य प्रभावात्मक र ओजस्वी हुन पुगेको छ । कतिपय ठाउँमा प्रयोग गरिसएको भाषा बुझ्न अलि कठिन किसिमको छ । यस नाटक संग्रहमा संस्कृत, संस्कृतका तत्सम शब्द, ठेट नेपाली शब्द र आगन्तुक शब्दको पनि प्रयोग गरिएको छ । यस नाटक सङ्ग्रहमा अङ्ग्रेजी संवादहरूको वाक्यहरू सिधैं प्रयोग गरिएको छ । यसले गर्दा नाटक केही दुरुह जस्तो देखिए तापनि उक्त भाषा प्रयोग स्वाभाविक देखिन्छ । कपितय ठाउँमा प्रयोग गरिएको भाषा बुझ्न अलि कठिन किसिमको छ । लेखकको नेपाली भाषाको प्रयोगका सन्दर्भमा छुट्टै धारणा रहेकोले यस्तो हुन गएको पाइन्छ । यस नाटकमा जनबोलीमा प्रयोग हुने विससर्ग र ठूला सन्धिको प्रयोग गरिएको छैन । 'संस्कृति'को सट्टा 'सांस्कृति' शब्द प्रयोग गरिएको

पाइन्छ । 'म' को उच्चारण हुने ठाउँमा बाहेक अन्यत्र शिरबिन्दु ( ं ) प्रयोग गरिएको छैन । समष्टिमा भन्दा यस नाटकको भाषाशैली सरल र सरस नै देखिन्छ ।

**(च) उद्देश्य**

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटकमा इतिहासलाई नाटकको रूपमा देखाइएको छ । यसको अभिप्रायः दर्शकवृन्दमा तथा पाठकवर्गमा इतिहासको जानकारी होस् र विशेषतः इतिहासप्रति जिज्ञासा बढोस् तथा सबैले इतिहासको मर्म बुझेर वर्तमान र भविष्यको राष्ट्रिय सामाजिक जीवनलाई समुज्वल पार्ने प्रेरणा प्राप्त होस् भन्ने उद्देश्य यस नाटकको रहेको देखिन्छ । राजाहरूको निर्माण गरिएका राष्ट्रहरूलाई स्थिर राख्न र प्रजाको अमनचैन एवम् एकतालाई सुदृढ राख्न दत्तचित्त रहने राजाहरू भने इतिहासमा विरलै पाइन्छन् । त्यस्त विरलै राजाहरूमा शाहवंशका ५ प्रमुख राजाहरू जसका महत्वाकांक्षा, वीरता र दूरदर्शिताले नेपालको राष्ट्रिय एकता र संस्कृतिको समष्टि उभिएको छ । जसका प्रजावत्सलताले देशमा अमनचैन कायम रहेको छ, यहाँ तीनै राजाहरूलाई प्रस्तुत गर्नु नै यस नाटकको उद्देश्य (देखिन्छ) हो । यस नाटकमा सबैले बेलामै इतिहासबाट पाठ सिकी भविष्य उज्ज्वल पार्ने भावना जागृत गर्ने कार्यमा अगाडि बढ्न प्रेरित गरेको छ । अतः यो ऐतिहासिक नाटक सङ्ग्रहले पाठकवृन्द र दर्शकवर्गलाई नेपाली सामाजिक जीवन, शाहवंशको देन र राष्ट्रिय संस्कृतिको यथार्थलाई संप्रेषण गर्दै समष्टि रूपमा हाम्रो राष्ट्रिय अखण्डता र प्रेमलाई उत्प्रेरित गर्न प्रेरणा प्रदान गर्नु नै यस नाटकको उद्देश्य देखिन्छ ।

**(छ) अभिनय तथा रङ्गमञ्च**

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रह ऐतिहासिक नाटक हो । यसमा व्यापक विषयवस्तु समेटिएको छ । यसमा नेपाल एकीकरणको घटनादेखि श्री ५ महेन्द्रको शासनकालसम्मको घटनालाई प्रस्तुत गरिएको छ । यो नाटक अभिनय तथा रङ्गमञ्चका दृष्टिले त्यति उपयुक्त देखिँदैन । यो नाटक नेपालको इतिहासको जानकारी थाहा पाउनका लागि भने महत्वपूर्ण देखिन्छ । यस नाटकमा नेपाल एकीकरणको क्रममा उपत्यका विजयको घटनालाई प्रमुख रूपमा प्रस्तुत गरिएको छ । यो नाटक अभिनय गर्न कठिन छ । यस नाटकमा राणाशासनको घटना, उपत्यका विजयको घटना, राणाशासनकोअत्याचार तथा पञ्चायती व्यवस्थाको कुरा गरिएको छ । यो रङ्गमञ्चमा अभिनय गरी देखाउन कठीन पर्दछ । यस नाटकमा प्रस्तुत गरिएको नेपाल एकीकरणको क्रममा गरिएका युद्धका घटनाहरूलाई

रङ्गमञ्चमा प्रस्तुत गर्न असम्भव देखिन्छ । यसमा प्रयोग गरिएका पात्रहरूको अभिनय गर्नको लागि पनि समस्या पर्ने देखिन्छ । यस नाटक नेपालको इतिहासको २५० वर्ष लामो समयलाई समेटेर लेखिएको छ । समष्टिमा भन्दा यो नाटक अभिनय तथा रङ्गमञ्चका दृष्टिले भन्दा पनि नेपालको ऐतिहासिक घटनाको जानकारीको लागि यो नाटक महत्वपूर्ण देखिन्छ ।

**निष्कर्ष**

'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रह वि.सं. २०४३ सालमा प्रकाशित भएको ऐतिहासिक नाटक हो । यस नाटकको अध्ययनबाट नेपालको इतिहासको सामान्य जानकारी पाउन सकिन्छ । यस नाटकमा नेपाल एकीकरण पूर्वको बाइसे चौबीसे राज्यहरूको सामान्य सङ्केत गर्नुका साथै नेपाल एकीकरणको घटनादेखि श्री ५ महेन्द्रको शासनकासम्मको घटनालाई समेटेर यस नाटक लेखिएको छ । यस नाटक सङ्ग्रहमा शाहवंशका पाँच प्मुख राजाहरू द्रव्य शाह, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, राजा राम शाह, श्री ५ त्रिभुवन र श्री ५ महेन्द्र गरी पाँचवटा नाटक संग्रहित नाटक हो । यस नाटकमा शाहवंशका राजाहरूले राष्ट्रिय एकीकरण, राष्ट्रलाई स्थिर राख्न पुऱ्याएको योगदान, राजाहरूले गरेका सुधार र प्रजाको अमनचैन एवम् एकतालाई सुदृढ राख्न दत्तचित्त रहेका थिए भन्ने कुरा देखाउनु नै यस नाटकको उद्देश्य देखिन्छ । यसरी के भन्न सकिन्छ भने नाटकका सम्पूर्ण तत्वहरूमा राखेर हेर्दा यो नाटकले सफलता पाएको देखिन्छ ।

### ५.१.३ 'एक वसन्त अनेक फूलहरू' एकाङ्की सङ्ग्रहको अध्ययन

नेपाली साहित्यमा, कविता, नाटक, कथा र बालसाहित्य विधामा समेत कलम चलाउने साहित्यकार गेहेन्द्रभूषण पोखरेलीले एकाङ्की विधामा पनि कलम चलाएका छन् । पोखरेलीले विद्यार्थी अवस्थामा रहँदादेखि नै नाटक लेखन र मञ्चन गर्दै आएको पाइन्छ । 'एक वसन्त अनेक फूलहरू' एकाङ्की सङ्ग्रह भने ओजनबुक्स प्रकाशन पोखराबाट वि.सं. २०६२ मा प्रकाशित भएको थियो । यस सङ्ग्रहमा 'भेट', कल्पना, 'रगतको फूल', 'सपना', 'फर्केको मन', 'परिचय', हाम्रो वसन्त र 'छदम् अतिथि' गरी जम्मा आठ (८) वटा एकाङ्कीहरू सङ्कलित छन् । संरचनाका दृष्टिले यस सङ्ग्रहको सबैभन्दा छोटो एकाङ्की 'कल्पना' हो जुन पाँच पृष्ठमा संरचित छ । यस्तै 'फर्केको मन' एकाङ्की ९ पृष्ठको देखिन्छ

भने ‘भेट’ ९ पृष्ठ, ‘रगतको फूल’ १० पृष्ठ, ‘सपना’ ६ पृष्ठ, ‘परिचय’ ८ पृष्ठ, हाम्रो वसन्त ६ पृष्ठ र छदम् अतिथि ६ पृष्ठका छन् ।

गेहेन्द्रभूषण पोखरेली प्राध्यापन पेसामा संलग्न भएका कारण उनले देखे, सुने र भोगेका यथार्थ सामाजिक, राजनीतिक, ग्रामीण, सहरीया आदि परिवेशलाई औल्याउँदै देशको समसामयिक परिस्थितिको विषयको भूमिकालाई केलाउने काम यी एकाङ्कीहरूमा गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित एकाङ्कीहरूको एकाङ्की तत्वका आधारमा निम्नानुसार अध्ययन गर्न सकिन्छ :

**(क) कथावस्तु**

विभिन्न घटनाहरूको समूचित र सन्तुलित प्रस्तुति नै कथावस्तु हो । घटनाहरूमा श्रृङ्खलाबद्धता र सुसम्बद्धता हुँदैन , तर कथावस्तुमा घटनाहरूको सुनियोजित गठन हुन्छ । जुनसुकै साहित्यकारले पनि समाजका व्यक्तिको चरित्र, सामाजिक परिपाटी, आफ्ना मनका छट्पटी र कुण्ठालाई प्रत्यक्ष रूपमा व्यक्त नगरी साहित्यिक रचनाका माध्यमद्वारा पोख्ने गर्दछन् । त्यसैगरी गेहेन्द्र भूषण पोखरेलीले पनि प्राध्यापनको दौरानमा आफूले भोग्दै, अनुभव गर्दै र देख्दै आएका विविध व्यवहार र घटनाहरूलाई कलात्मक र व्यङ्ग्यात्मक तरिकाले यी एकाङ्कीहरूमा व्यक्त गरेका छन् । मूलतः समसामयिक परिस्थितिमा देखिएका मानवीय आचरणलाई भूषणले व्यङ्ग्यात्मक रूपमा तीखो प्रहार गरेका छन् ।

‘भेट’ यस एकाङ्की सङ्ग्रहको पहिलो एकाङ्की हो । यस एकाङ्कीमा एकाङ्कीकारले गरीब निहत्था जनताले आफ्नो सर्वस्व दाउमा लगाई नारकीय जीवन भोग्न विवश नेपालीहरूको विविध पक्षलाई देखाएका छन् । यस एकाङ्कीमा ग्रामीण जनताको निशङ्कोच, सरल र स्वच्छन्द स्वभावलाई प्रस्तुत गरिएको छ । यस एकाङ्कीमा ग्रामीण समाजमा रहेको गरिबी, सामन्ती संस्कारलाई प्रस्तुत गरिएको छ ।

यस एकाङ्कीको कथावस्तु चमेली र आईमाईको कुराकानीबाट अघि बढेको पाइन्छ । एकाङ्कीको मुख्य विषयवस्तु ग्रामीण परिवेशको चित्रण गर्नु नै रहको छ । यस एकाङ्कीमा आर्थिक, सामाजिक, नारीपरक विषय नै प्रमुख रूपमा कथावस्तुमा उनिएका छन् । त्यस्तै यस सङ्ग्रहको दोस्रो एकाङ्की ‘कल्पना’ हो । यस एकाङ्कीको कथावस्तु भिखारी र अम्बिकाको सम्वादबाट अगाडि बढेको छ । यस एकाङ्कीको मुख्य विषयवस्तु प्रेमपरक रहेको छ । यहाँ भिखारी र अम्बिकाबीच रहेको पुरानो प्रेमको सम्झना गरिएको छ । यसमा भिखारी

अम्बिकाको प्रेमको विछोडमा प्रेमविह्वल भएको छ । उसको जीवन बौलाहासरी भएको देखिन्छ । अम्बिका सम्पत्तिको लोभले कर्णेलसँग विवाह गरेकी छ । पछि उसको लोग्नेले अरू केटीहरूको पछि लागे पछि उसलाई पछुतो परेको छ । यस एकाङ्कीमा विचार र अभिव्यक्तिमा पात्र संयोजन गर्दै एकाङ्कीकारले निहत्था जनताको कारुणिक कथा र व्यथालाई व्यक्त गरेका छन् । यसमा मानिसका दुई वर्ग हुने कुरा उल्लेख गर्दै भूषणले सानो र ठूलो, धनी र गरिब आदिका भेदले नै यस्तो स्थितिको सिर्जना भएको हो भन्ने देखाइएको छ । यसरी यस एकाङ्कीमा युगचेतना, समाजमुक्तिका व्यथा व्यक्त भएको पाइए पनि चरित्रहरू भने विसङ्गतितिर कुदेका छन् ।

त्यस्तै यस सङ्ग्रहको तेस्रो एकाङ्की 'रगतको फूल' हो । यस एकाङ्कीको कथावस्तु मोहन र रेखाको संवादबाट अघि बढेको छ । यस एकाङ्कीको मुख्य विषयवस्तु नारीमाथि भएको अन्याय, शोषणको चित्रण नै रहेको छ । वर्तमान समयमा देखापरेको बेस्यावृत्तिको चित्रण यसमा गरिएको पाइन्छ । यस्तो हुनुको मुख्य कारण ठूलाबडाको शोषण, अन्याय, अत्याचारले गर्दा हो भन्ने देखाइएको छ । यदि मान्छेले उचित वातावरण पाएमा सुध्रन सक्छ भन्ने देखाइएको छ । यसमा सामान्य जनतालाई कसरी शिकार बनाइएको छ भन्ने देखाइएको छ । वर्तमान समयमा सिधासाधा जनतामाथि अन्याय, अत्याचारका साथै सतीसाध्वी नारीहरूको सतीत्वहरण गरिरहेका छन् भने कुरा व्यक्त गरेका छन् । जताततै आतङ्क उल्का र निराशा फैलिइरहेको कुरा व्यक्त गर्दै यिनले यस्तो स्थितिको एकदिन अवश्य पनि अन्त्य हुनेछ भन्ने तथ्यहरू यस एकाङ्कीमा प्रस्तुत गरेका छन् । त्यस्तै 'सपना' एकाङ्कीमा रवि र रश्मीको संवादको माध्यमबाट यसको कथानकलाई अगाडि बढाइएको छ । यसको विषयवस्तु प्रेमपरक छ । विसङ्गति माझनै अस्तित्वको खोजी गरिएको छ । सपनाको माध्यमबाट विपनाको कुरा व्यक्त गरिएको पाइन्छ ।

'फर्केको मन' यस सङ्ग्रहमा सङ्कलित पाँचौं एकाङ्की हो । राजनीतिसँग सम्बन्धित कथावस्तु भएको यस एकाङ्कीमा राजनीति गर्ने व्यक्तिहरूको चरित्रका विषयमा चर्चा गरिएको छ। निरंकुशतावादीहरूद्वारा जनताप्रति गरेको अन्याय अत्याचारको घटनाहरूलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको पाइन्छ । यसको कथावस्तु बटुवा र बालाको संवादबाट अघि बढेको देखिन्छ ।

'परिचय' एकाङ्की यस सङ्ग्रहको छैटौँ एकाङ्की हो । यस एकाङ्कीको कथावस्तु रमिला र कल्याणको संवादबाट अघि बढेको छ । यस एकाङ्कीमा सहरिया परिवेशको चित्रण गरिएको

पाइन्छ । देश र समाजको सेवा, मानवता, जन्मभूमिलाई छोडेर विदेशिने प्रवृत्तिको यस एकाङ्कीमा विरोध गरिएको देखिन्छ । देशप्रेम यस एकाङ्कीको मुख्य विषयवस्तु हो । त्यस्तै 'हाम्रो वसन्त' एकाङ्कीमा प्रेमपरक विषयवस्तुको चित्रण गरिएको पाइन्छ । यसमा आत्मीय प्रेमको चित्रण छ । त्यस्तै 'छद्म अतिथि' एकाङ्कीमा घरबेटि बूढी र सुलेखाको संवादबाट यस एकाङ्कीको कथावस्तु अघि बढेको देखिन्छ । यसमा प्रेमपरक विषयवस्तुको चित्रण गरिएको छ । यसमा ग्रामीण नारीको पतिभक्तिको चित्रण गरिएको छ ।

'एक वसन्त अनेक फूलहरू' सङ्ग्रहमा सङ्कलित समग्र एकाङ्कीहरूको कथावस्तुलाई हेर्दा सामाजिक, राजनैतिक र प्रेमका नाममा देखिएका विकृति रहेका छन् । भूषणका यी एकाङ्कीहरूमा समाजका ठगी प्रवृत्तिका व्यक्ति र राजनीतिक व्यक्तिहरूका प्रवृत्तिगत चरित्रलाई व्यङ्ग्य प्रहार गर्दै आजको समसामयिक परिस्थितिमा राजनीति गर्ने व्यक्तिहरूको अवसरवादिता, चाप्लुसी र स्वार्थजस्ता बिग्रदो परिस्थिति नै विषयवस्तु बनेका छन् । भूषणले यी एकाङ्कीहरूमा सरल र सङ्क्षिप्त कथावस्तुको प्रयोग गरी समाजका विडम्बनाहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

यस एकाङ्की सङ्ग्रह द्वन्द्वको दृष्टिले पनि महत्वपूर्ण देखिन्छ । यी एकाङ्कीहरूमा आन्तरिक र बाह्य दुवै द्वन्द्वको प्रयोग गरिएको पाइन्छ । आन्तरिक द्वन्द्वअन्तर्गत आर्थिक द्वन्द्व प्रबल रूपमा आएको छ भने बाह्य द्वन्द्वमा राजनीतिक दलहरू, प्रेमी-प्रेमिकामा भएको खिचातानी आदिलाई लिइएको छ । त्यस्तै यस एकाङ्की सङ्ग्रहमा व्यक्तिव्यक्तिबीचको द्वन्द्व, समाज र व्यक्तिबीचको द्वन्द्व र दलदलबीचको द्वन्द्वलाई मुख्य रूपमा देखाइएको छ । यसरी यस सङ्ग्रहका सम्पूर्ण एकाङ्कीहरूलाई अध्ययन गर्दा आर्थिक, प्रेम र राजनैतिक द्वन्द्व नै प्रबल रूपमा आएको देखिन्छ ।

यस सङ्ग्रहका एकाङ्कीहरूमा घटनाहरू त्यति धेरै नभए पनि थोरै घटनामा धेरै कुराहरू समेटिएका छन् र सबै एकाङ्की व्यङ्यात्मक छन् । एकाङ्की पढ्दै जाँदा-कौतूहल उत्पन्न गर्ने कुराहरू प्रशस्त छन् ।

**(ख) पात्रविधान**

मानिस बीना जसरी समाजको कल्पना गर्न सकिँदैन त्यसरी नै पात्र बिना एकाङ्की र नाटकको रचना गर्न सकिँदैन । त्यसैले पात्र एकाङ्कीको दोस्रो महत्वपूर्ण तत्व हो । एकाङ्कीकार भूषणले यस सङ्ग्रहमा सङ्कलित सबै एकाङ्कीहरूमा आवश्यकताअनुसार कम बेसी पात्रको

प्रयोग गरेका छन् । यस सङ्ग्रहका एकाङ्कीहरूमा प्रायः ग्रामीण र व्यक्तिगत दुबैखाले पात्रहरूको चरित्र प्रयोग भएको पाइन्छ ।

यस एकाङ्की सङ्ग्रहको पहिलो एकाङ्की 'भेट' मा चमेली, आईमाई, युवक र गाउँको युवक श्यामे जस्ता पात्रहरूको प्रयोग गरिएको छ । यस एकाङ्कीमा मुख्य पात्र चमेली, सहायक पात्र युवक र आईमाई एवम् गौण पात्रको रूपमा श्यामेले भूमिका खेलेको भेटिन्छ । यस एकाङ्कीको प्रमुख पात्र चमेलीको चरित्र निशङ्कोच, सरल र स्वच्छन्द स्वभावको छ । चमेली अनायसै युवकसँग आकर्षित भएकी छ । ऊ गाउँले अशिक्षित परिवारमा हुर्किएकी यौवनले भरिपूर्ण भएकी केटी हो । यस एकाङ्कीमा गाउँले वातावरणमा साँझमा आएका पाहुनालाई देवता मान्ने चलन छ भन्ने देखाइएको पाइन्छ । यस एकाङ्कीको प्रमुख अर्को पात्र युवक हो । युवक सहरिया केटो हो । युवकको स्वभाव पनि गाउँलेप्रति सकारात्मक साधारण छ । युवक चमेलीसँग आकर्षित हुन्छ । उ चौतारा सम्मको यात्रामा सहरबाट लागेको पाइन्छ । युवक जातभात, अन्धविश्वासको विरोध गर्दछ । चमेलीलाई अनायसै मन पराउन पुग्छ र आफूसँग भएको चकलेट चमेलीलाई दिन्छ र चमेलीले पनि आफूसँग भएको अम्बा युवकलाई दिन्छे । युवकले चमेलीको जुठो समेत खान्छ । यस एकाङ्कीको सहायक पात्र आईमाई हो । यिनले यस एकाङ्कीको प्रमुख पात्र चमेलीलाई सहयोग पुऱ्याएकी छन् । उनले गाउँले जीवनको चित्रण गरेको पाइन्छ । आईमाई जङ्गलमा दाउरा काट्न जाँदा चमेलीलाई सहयोग गरेकी छन् । आईमाईले अभिभावकको भूमिका निर्वाह गरेकी छन् । यिनको माध्यमबाट गाउँको गरिबीलाई चित्रण गरिएको छ । यस एकाङ्कीको गौण पात्र श्यामे हो । उ गाउँको फटाह हो ।

यस एकाङ्की सङ्ग्रहभित्रको अर्को एकाङ्की 'कल्पना' हो । यस एकाङ्कीको प्रमुख पात्रका रूपमा भिखारी र अम्बिकालाई लिन सकिन्छ । भिखारी अम्बिकासँगको प्रेम विछोड भएपछि बौलाहसरी भई रत्नपार्कमा हिडेको छ । यो उसको गरिबीको कारण देखिन्छ । भिखारीको माध्यमबाट प्रेम विछोड पछिको प्रेम पीडालाई देखाइएको पाइन्छ । अम्बिका भिखारीलाई प्रेममा धन र धाकको लोभमा धोका दिन पुग्ने नारी पात्र हो । यिनले वर्तमान समयको सहरिया परिवेशलाई चित्रण गरेकी छिन् । उनले धनको लोभमा कर्णेलसँग विवाह गर्न पुग्छिन् तर पछि कर्णेलले अर्कै केटीसँग लागेको थाहा पाएपछि पछुताउने पात्र हो । फौजी कर्णेल यस एकाङ्कीको सहायक पात्र हो भने अन्य सबै गौण पात्रहरू हुन् । फौजी कर्णेलको अम्बिका र भिखारीको बीचमा भेट गराउन सहयोग पुऱ्याए पनि कर्णेलको यसपछि खासै

भूमिका छैन । उ सैनिकको जागिरको नाममा सामान्य नारी र असहायमाथि शोषण गर्ने व्यक्ति हो । उ सत्तासीन वर्गको प्रतिनिधि पात्र हो ।

यस एकाङ्की सङ्ग्रहभित्रको अर्को एकाङ्की 'रगतको फूल' हो । यस एकाङ्की भित्र मोहन र रेखाको भूमिका उल्लेखनीय देखिन्छ भने नोकरनी र ग्राहकको भूमिका गौण देखा पर्दछ । मोहन यस एकाङ्कीको प्रमुख पुरुष पात्र हो । उ महिलाहरूको कुकृत्यको विरोध गर्दछ । मोहन सामन्ती प्रवृत्तिको विरोधी हो । मोहन यस्तो कुकृत्यमा लाग्ने ठूलाबडाका शोषण, अन्याय अत्याचारले तिनीहरूले त्यस्तै बाटो लिइरहन परेको हो भन्दछ तर कतिपय महिलाहरू आफ्नै कर्मले अर्थात् कामले गर्दा नै यो पेशामा लाग्नुपरेको कुरा मोहन व्यक्त गर्दछ । मोहन महिलाले कुकृत्य त्याग्नुपर्ने विचार राख्दछ । त्यसैगरी यस एकाङ्कीमा उल्लेखनीय भूमिका लेख्ने नारी पात्र रेखा हो । उ यस एकाङ्कीको वेश्या हो । उ आफ्नो ग्राहकलाई सन्तुष्टि दिन्छे । रेखा मोहनसँगको भेटपछि आफ्नो कुकर्म छोडी मोहनसँग गृहिणीको जीवन बिताउन सफल हुन्छे । यस एकाङ्कीमा नोकरनी र ग्राहकहरू गौण पात्र हुन् । यिनीहरूको खासै भूमिका छैन ।

त्यसैगरी यस एकाङ्की सङ्ग्रहभित्रको अर्को एकाङ्की 'सपना' हो । यस एकाङ्कीमा रवि र रश्मी गरी दुई पात्रको भूमिका उल्लेखीय छ भने अन्य पात्रहरूको भूमिका गौण किसिमको छ । रवि यस एकाङ्कीको सचेत पात्र हो । रवि रश्मीले विवाह गर्न बिन्ती गर्दा पनि गर्दैन उल्टै रश्मीलाई सम्झाउन पुग्छ र अर्कैसँग विवाह गर्न आग्रह गर्दछ । रश्मिसँग विवाह गर्न नमान्नुको मुख्य कारण गरिबी नै हो । रश्मिको भूमिका पनि यस एकाङ्कीमा उल्लेखनीय छ । रश्मि अपाङ्ग महिला पात्र हो । उनी रविसँग विवाह गर्न चाहिन्छन् । यसका साथी र नाइके गौण पात्रहरू हुन् ।

'फर्केको मन' एकाङ्कीमा अन्य एकाङ्कीमा भन्दा केही बढी पात्रहरूको प्रयोग गरिएको छ । यस एकाङ्कीमा बटुवा, बाला, माधव, मिठू, रघुनाथ र अरू साथीहरू प्रधान पञ्च हर्के, शेरबहादुरर जीवन जस्ता पात्रहरूको प्रयोग गरिएको पाइन्छ । बटुवा र बालाको यस एकाङ्कीमा उल्लेखनीय भूमिका देखिन्छ । यस एकाङ्कीमा बटुवा र बालावीचको प्रेमलाई प्रस्तुत गरिएको छ । शेरबहादुर बालाका बा हुन् । प्र.पं. गाउँको शोषक वर्गको प्रतिनिधि हो । उ सामन्त वर्गको प्रतिनिधि हो । प्र.पं. आफ्नो छोराको विवाह शेरबहादुरकी छोरी बालासँग गराउन चाहन्छ । माधव, सबै, मिठू बाला र बटुवाका सहयोगी हुन् । उनीहरू गाउँको सामन्तप्रवृत्तिको विरोध गर्दछन् ।

'परिचय' एकाङ्कीमा रमिला, कल्याण र प्रभा गरी तीन पात्रहरू प्रयोग गरिएको छ । रमिला यस एकाङ्कीको प्रमुख पात्र हो । ऊ कल्याणलाई देश र समाजको सेवा गर्न र विदेश नजान सल्लाह दिने पात्र हुन् । उनी जन्मभूमिको माया व्यक्त गर्दछिन् । कल्याण यस एकाङ्कीको नायक हो । कल्याण शिक्षित तर विदेश पलायनको बाटो रोज्ने युवकको प्रतिनिधि हो । यिनी महिलालाई शिक्षित बनाउन चाहने बी.ए. पास गरेको व्यक्ति हो । यस एकाङ्कीको प्रभा गौण पात्र हुन् । उनी रमिलाकी सहयोगी हुन्. । उनी सहरिया पात्रको प्रतिनिधि हुन् ।

'हाम्रो वसन्त' एकाङ्कीमा सुशील, मञ्जू, रमा, सरोज, शोभा र जीवेश जस्ता पात्रहरूको प्रयोग गरिएको पाइन्छ । यहाँ यी पात्रहरूका माध्यमबाट युवायुवतीहरूबीचको प्रेमको प्रसङ्गलाई देखाइएको छ । यसलाई वसन्त ऋतुले साथ दिएको छ । यस एकाङ्कीका सबै पात्रहरू निश्चल र आत्मीय प्रेम गर्दछन् । उनीहरू आत्मीय र हार्दिक प्रेम चाहन्छन् । तत्कालीन वासनात्मक र क्षणिक प्रेम होइन । यस एकाङ्कीमा मञ्जु र सुशील, सरोज र रमा एकअर्कामा प्रेम गर्दछन् । यिनीहरू समसामयिक युवायुवतीका प्रतिनिधि पात्रहरू हुन् । शोभा र जीवेश गौण पात्रहरू हुन् ।

छदम् अतिथि यस एकाङ्की सङ्ग्रहको अन्तिम एकाङ्की हो । यस एकाङ्कीमा घरवेटि बूढी, सुलेखा, युवक र महेन्द्र गरी चार पात्रहरूको प्रयोग गरिएको पाइन्छ। यस एकाङ्कीमा सुलेखा र युवकको उल्लेखनीय भूमिका देखिन्छ । सुलेखा पूर्व पहाड इलाममा हुर्किएकी सोझी महेन्द्रसँग विवाह बन्धनमा बाँधिएकी नारी पात्र हुन् । यिनको माध्यमबाट यस एकाङ्कीमा पहाडी नारी पात्रको चित्रण गरिएको छ । युवक सहरिया पात्रको प्रतिनिधि हो । उ मौका पाएको बेलामा आफ्नो स्वार्थ पूरा गर्ने वर्गको प्रतिनिधि पात्रको रूपमा देखापरेको छ । युवक छद्म भेष बदलेर सुलेखाको सतित्व परीक्षण गर्ने पात्र हो ।

'एक वसन्त अनेक फूलहरू सङ्ग्रहमा सङ्कलित एकाङ्कीहरूलाई हेर्दा पात्रविधानका दृष्टिले प्रायः सबै सशक्त छन् । भूषणले एकाङ्कीमा आवश्यक भन्दा बढी पात्रको प्रयोग गरेका छैनन् र तिनलाई सजिलै बुझ्न सकिन्छ । एकाङ्कीमा प्रायः प्रयोग भएका सबै पात्रहरू निम्नमध्यम वर्गका छन् भने सक्षम एउटै दशा छ त्यो हो आर्थिक अभाव, प्रेमको मेल तथा बेमेल र राजनीतिक शोषण । एकाङ्कीहरूलाई गतिशील र गतिहीन, सत् र असत्, वर्गीय र वैयक्तिक, मानवतावादी र अमानवतावादी, बद्ध र मुक्त सबै किसिमका पात्रहरूको प्रयोग गरिएको छ । पात्रको स्तर सुहाउँदो नाम, क्रियकलाप र सकेत आदिले गर्दा एकाङ्कीहरू सशक्त रहेका छन् ।

**(ग) संवाद**

संवाद एकाङ्कीको आधारभूत तत्व भएकाले संवाद विना एकाङ्की रचना गर्न सकिँदैन, तर संवाद नै एकाङ्की र नाटक भने होइन । संवादकै माध्यमद्वारा एकाङ्कीको कथात्मक गठन हुन्छ र पात्रको चरित्रचित्रणका साथै प्रतिपाद्य विषयहरूको प्रस्तुतीकरण हुन्छ । 'एक वसन्त अनेक फूलहरू' एकाङ्की संग्रहभित्रका एकाङ्कीहरू सरल, सरस र सङ्क्षिप्त संवादको प्रयोग भएको पाइन्छ । सबै संवादहरू स्वाभाविक र प्रभावोत्पादक पनि छन् । पात्रको मानसिक धरातल अनुकूल संवपादको प्रयोग भएकाले एकाङ्की सशक्त भएको छ । त्यस्तो संवाद उदाहरणका रूपमा 'भेट' एकाङ्कीमा युवक र चमेली पात्रबीचको संवादलाई लिन सकिन्छ ।

युवक : चमेली, आज साँच्चै नै ठूलो दिन, संयोगको दिन परेको रहेछ । पहाडकी चारुसित भेट्न पाएको दिन, कस्तो राम्रो दिन । ... अँ साँच्चै मसित चकलेट छ, खान्छौ ? (झोलाबाट चकलेटको पोको झिकेर दिन्छ ।)

चमेली : (लिन गाह्रो मान्दै) मैले दिएको पनि खाने हो भने मात्र तपाईंले दिएको चकलेट खान्छु । नत्र लिँदै लिन्न ।

युवक : हुन्छ, खान्छु ।

चमेली : (एक हातले चकलेट लिँदै अर्को हातले पटुकीबाट अम्बा झिकेर युवकलाई दिँदै) मसित यो अम्बा छ । तर यो त गाउँले खाना हो । तपाईंलाई मीठो लाग्छ कि लाग्दैन, कुन्नि?

एकाङ्कीकार भूषणले व्यक्तिले बोल्ने भाषा, उसले गर्ने मानसम्मान, उसकै स्तर सुहाउँदो शैलीमा प्रयोग गरेर प्रस्तुत गरेको पाइन्छ । एकाङ्कीहरूमा प्रयोग गरिएका संवाद छोटाछोटा किसिमका छन् । एकाङ्कीहरूमा प्रयोग गरिएका संवाद बढीमा ४१ हरफ र घटीमा एक हरफसम्मका छन् । लामा संवाद पनि पढ्दा पट्यार लाग्ने खालका नभएर तार्किक र बौद्धिक अनि व्यङ्ग्यले भरिपूर्ण भएकाले मर्मस्पर्शी देखिन्छ ।

**(घ) वातावरण**

'एक वसन्त अनेक फूलहरू' एकाङ्की सङ्ग्रहभित्र सङ्कलित एकाङ्कीहरूको वातावराण घटना र कथावस्तु अनुरूप रहेको देखिन्छ । एकाङ्कीमा देशकाल अनुरूपकै वातावरण प्रस्तुत गरिएको छ । 'भेट' एकाङ्कीमा काठमाडौँ उपत्यकाभित्रकै नगरकोट जंगलको वातावरणलाई चित्रण गर्दै वसन्त ऋतुको हरियालीलाई वर्णन गरिएको पाइन्छ । 'भेट' एकाङ्कीमा गाउँले

परिवेशमा घाँस, दाउरा काट्दाको वातावरणलाई प्रस्तुत गर्दै त्यहाँको गरिबीलाई देखाइएको छ । लबाईखुवाई पनि देशकाल वातावरण अनुरूप पाइन्छ । त्यस्तै 'कल्पना' मा सहरिया वातावरण चित्रण गरिएको छ । यसमा सहरिया वातावरणमा प्रेमको प्रस्तुति गरिएको छ । यहाँ काठमाडौँको रत्नपार्क र वीर अस्पतालको वातावरणको चित्रण पाइन्छ । यो एकाङ्कीमा त्यसबेलाको राजनीतिक र सामाजिक परिवेशलाई भूषणले अत्यन्त रोचक ढङ्गले भिखारीको माध्यमबाट अभिव्यक्त गरेका छन् । त्यस्तै 'रगतको फूल' एकाङ्कीमा एउटा सहरभित्रको कोठाको सजिसजावट र त्यहाँभित्र हुने गरेका कुकृत्यको चित्रण गरिएको पाइन्छ। यस एकाङ्कीमा सहरिया वातावरणको प्रयोग गरिएको छ । देशमा देखिएको सामन्तीप्रवृत्ति, ठूला बडाका शोषण, अन्यायअत्याचारको चित्रण गरिएको यस एकाङ्कीमा सहरिया परिवेशको चित्रण गरिएको पाइन्छ । त्यस्तै 'सपना' एकाङ्कीमा हरिया वातावरणको चित्रण देखिन्छ । यसमा धनी र गरिबबीचको भेदलाई चित्रण गरिएको छ । त्यस्तै 'फर्केको मन' एकाङ्कीमा हिमालयका शृङ्खलाले परिवेष्ठित्, हरिसया वनजङ्गलले सुशोभित, स्वच्छ झरनाहरूको कलकल ध्वनिले आनन्दित शीतल छायाँमा धीर-गम्भीर आसनले विशाल काय फैलाई बसेको शिलामा, पहाडी पृष्ठभूमिको सरह हावापानीमा हुर्केकी एक सरल-साधारण बाला शिर निहुराई बसिरहेकी छिन् । यसमा पश्चिम नेपालका पोखरा र मुस्ताङ हिमाली र पहाडी वातावरणको परिवेशचित्रण गरिएको पाइन्छ । यसमा तत्कालीन राजनैतिक वतावरणको राम्रोसँग चित्रण गरिएको छ । त्यस्तैगरी 'परिचय' एकाङ्कीमा काठमाडौँको रत्नपार्क वातावरणको उल्लेख गरिएको छ । यसमा उल्लेखित पात्रहरूले स्थान अनुरूपको भाषाको प्रयोग गरेका छन् । यिनीहरूको भेषभूषा पनि वातावरण अनुरूपकै देखिन्छ । त्यस्तै 'हाम्रो वसन्त' मा वसन्त ऋतुको हरिया बोट-बृक्ष, फूलहरूले वातावरण आलङ्कारिक र श्रृङ्गारिक बनाएको, रङ्गीचङ्गी ढकमक्क फूलहरू, एकपछि अर्को फूल चाहार्दै उड्दै गरेका पुतलीहरू, हाँगा-हाँगामा लुकामारी खेलिरहेका धोबिनी र जुरेली चरीहरू, आकाशमार्गबाट सैर गरिरहेका मलेवा र ढुकुरका समूहहरू अनि कोइलीको सुरिलो 'को हो, को हो' स्वर, पंक्षीहरूको कलख, झरनाको छङछङ आवाज अनि राती वनको अद्वितीयको वर्णन गर्दै वसन्त ऋतुमा युवा युवतीहरू रमाइरहेको दखोइएको यस एकाङ्कीमा वसन्त ऋतुको वातावरण देखाइएको छ । त्यस्तै 'छदम अतिथि' एकाङ्कीमा काठमाडौँको वातावरणको चित्रण गरिएको पाइन्छ । यसमा मोटरहरूको आवाजहरू र सानोतिनो हल्लाहरूको प्रयोग पनि गरिएको छ । यसमा गाउँको परिवेश र सहरको परिवेशको चित्रण पनि गरिएको देखिन्छ ।

सहरका स्वार्थीहरूको चित्रण पनि यसमा गरिएको छ । यस एकाङ्की सङ्ग्रहमा दृश्य र अङ्कहरूको विभाजन गरिएको छैन । समग्रमा हेर्दा यस एकाङ्कीमा नेपालको वातावरणमा घटित हुने घटनाहरू नेपाली जनताले भोग्नुपरेको विवशतालाई एकाङ्कीकार भूषणले व्यक्त गरेका छन् । यसरी 'एक वसन्त अनेक फूलहरू' एकाङ्की सङ्ग्रहमा नेपाली जनताले भोग्नुपरेको विवशता, समसामयिक समय र त्यस समयका नेता र सामन्तहरूको चरित्रलाई उजागर गर्ने काम यस सङ्ग्रहमा भूषणले व्यक्त गरेका छन् ।

**(ङ) भाषा शैली**

भाषाशैली एकाङ्कीको अनिवार्य तत्व हो, जुन सरल, स्पष्ट र प्रेक्षकका लागि सुबोध गम्य हुनुपर्छ । यसका पात्र अनुकूल भाषाको प्रयोग गर्नुपर्छ । यो प्रयोगमा सरलता, सरसता, सहजता र सङ्क्षिप्तता भरिएको हुनुपर्छ ।

यस सङ्ग्रहका एकाङ्कीहरूमा पात्रको स्तर सुहाउँदो भाषाको प्रयोग भएकाले भाषा सरल, सरस र स्पष्ट देखिन्छ । संवादका बीचबीचमा प्रयोग गरिएको थेगोहरूले भाषाशैलीमा स्वाभाविकता थपेको छ भने कथावस्तु घटना र पात्रको स्तर सुहाउँदो भाषाको प्रंयोग र पात्रको कतै कतै साङ्केतिक नामकरण गरिएकाले यस सङ्ग्रहको भाषाशैली प्रभावकारी देखापर्छ । वाक्य र शब्दमा आवश्यकता अनुसार प्रश्नवाचक, पूर्णविराम र अल्पविरामको प्रयोग गरी जटिल र व्यङ्ग्यात्मक भाव या विचारलाई सरल र स्वाभाविक भाषामा अभिव्यक्त गरिएको हुँदा एकाङ्कीहरू रसपूर्ण भएका छन् । यस सङ्ग्रहभित्रका एकाङ्कीहरूमा अङ्ग्रेजी शब्दहरूको प्रयोग छ भने कतै कतै पात्रहरूको अचेतन मनोग्रन्थीद्वारा व्यक्त भएको भाषामा असङ्गतिको छाप समेत भेट्न सकिन्छ । पात्रहरूले आगन्तुक अङ्ग्रेजी शब्दको समेत प्रयोग गरेका छन् । यस एकाङ्की सङ्ग्रहमा एकाङ्कीकार भूषणले कथावस्तु, घटना र पात्रको स्तर अनुकूल भाषाको प्रयोग गरेका छन् । यस एकाङ्कीहरूमा ठेट नेपाली शब्दहरूको प्रयोगले एकाङ्कीहरू स्वाभाविक भएका छन् । यसरी सबै एकाङ्कीहरूमा सरल शैलीको प्रयोग गरी आफ्नो भाव र विचारलाई भूषणले व्यक्त गरेको हुँदा एकाङ्कीहरू निकै उत्कृष्ट देखिएका छन् ।

जनबोलीमा प्रचलित नभएका विसर्गको, ठूला सन्धिहरूको प्रयोग गरिएको छैन र शब्दमा पनि 'बालबालिकाको' को सट्टा 'बालकबालिका' र 'संस्कृति' को ठाउँमा 'सांस्कृति'

तथा प्रजातन्त्र' को सट्टा 'लोकतन्त्र' वा 'जनतन्त्र' शब्द प्रयोग गरिएको छ र शिरबिन्दु ( ं ) 'म' को उच्चारणमा मात्र प्रयोग गरिएको छ ।

**(च) उद्देश्य**

'एक वसन्त अनेक फूलहरू' एकाङ्की सङ्ग्रमा एकाङ्की व्यङ्ग्यमूलक छन् । यस एकाङ्कीमा समाजका राजनैतिक व्यक्तिहरूको चरित्र-प्रेमको विछोडको पीडा, नारीमाथिको शोषण, गरिब माथिको थिचोमिचो प्रस्तुत गर्नु नै यस एकाङ्की सङ्ग्रहको मुख्य उद्देश्य हो । देश, समाज र व्यक्तिमा निहित स्वार्थका कुराहरूलाई यथार्थपरक रूपमा चित्रण गर्दै खराब पक्षलाई तीव्र व्यङ्ग्य प्रहार गर्नु पनि यस एकाङ्की सङ्ग्रहको उद्देश्य रहेको देखिन्छ । एकाङ्कीकार भूषणका सबै एकाङ्कीहरू व्यङ्ग्यात्मक र समसामयिक जीवनसँग मेल खाने किसिमका छन् ।

**निष्कर्ष**

एक वसन्त अनेक फूलहरू एकाङ्की सङ्ग्रहमा राष्ट्रिय जीवनसँग र व्यक्तिगत किसिमका समस्यासित सम्बन्धित ८ वटा एकाङ्कीहरू सङ्कतिल छन् । कथावस्तु स्पष्ट रूपले प्रस्तुत गरिएको यस एकाङ्कीमा युगीन राष्ट्रिय असङ्गति र तत्जन्य समस्यालाई स्पष्ट रूपमा देखाइएको छ । वर्तमान युवाहरूमा देखिएको विकृतिप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । यस एकाङ्की अभिनेयताका दृष्टिले पनि सफल देखिन्छ । भूषण आफ्ना एकाङ्कीहरूमा प्रतीकात्मक र साङ्केतिक रूपमा समसामयिक समाजका विकृति र विसङ्गतिलाई व्यङ्ग्य प्रहार गर्न सफल देखिन्छन् ।

## ५.१.४ गेहेन्द्रभूषण पोखरेलीको 'प्रतिबिम्ब भाग एक' कथा सङ्ग्रहको अध्ययन

गेहेन्द्रभूषण पोखरेलीले कथा विधामा पनि कलम चलाएका छन् । उनका हालसम्म 'प्रतिबिम्ब' भाग एक र दुई गरी दुई पुस्तककार कृतिहरू प्रकाशित भएको पाइन्छ । उनको हाल 'प्रतिबिम्ब भाग एक' कथासङ्ग्रह मात्र प्राप्त छ । 'प्रतिबिम्ब' भाग दुईको प्रकाशन भने वि.स. २०३४ सालमा भएको पाइन्छ । तापनि हाल यो प्राप्त छैन । प्रतिबोध प्रिन्टिङ प्रेस, नयाँ बानेश्वर, काठमाडौँबाट वि.सं. २०३२ सालमा प्रथम संस्करण प्रकाशित 'प्रंतिबिम्ब' भाग एक कथा सङ्ग्रह गेहेन्द्रभूषण पोखरेलीको पहिलो प्रकाशित पुस्तकाकार कृति हो । यसको दोस्रो संस्करण वि.सं. २०५० सालमा प्रकाशित भएको पाइन्छ । वि.सं. २०१५ सालदेखि २०२२ सालसम्म लेखिएका कथाहरू यस सङ्ग्रहमा संग्रहित छन् । 'प्रतिबिम्ब'

भाग एक कथा सङ्ग्रहमा 'गरिबीको दशा', 'दाजुभाइ', 'दाइ, तपाईंको कस्तो मन,' 'घरकी देवी', 'प्रेमको सैर' र 'प्रतिबिम्ब' गरी ६ वटा कथाहरू सङ्कलित छन् ।

गेहेन्द्रभूषण पोखरेलीको साहित्य यात्राको पूर्वार्द्ध अवधिमा देखापरेको 'प्रतिबिम्ब' भाग एक पहिलो कथा सङ्ग्रह हो । यसमा सङ्कलित उपर्युक्त ६ वटा कथाहरूलाई कथावस्तु, पात्र, दृष्टिबिन्दु, सारवस्तु र रूपविन्यास गरी ५ वटा कथा तत्वहरूका आधारमा यहाँ विश्लेषण गरिन्छ ।

**(क) कथावस्तु**

कथावस्तु कथाको मूल तत्वमध्ये एक हो । पाठकलाई कथानकले नै कथातिरस आकृष्ट गरेको हुन्छ  र यसले नै कथा पढ्दो उत्सुकता जगाउने गर्छ । केही आवश्यक घटनाहरूको श्रृंखलात्मक र कलात्मक गठन र गुम्फन नै कथावस्तु हो ।[३१]

कथावस्तु नै कथाको बृहत्तम तत्व, घटक वा अवयव हो । यसले कथाका संरचनाको सबैभन्दा स्थूल र सबल तत्वको बोध गराउँदछ । कथामा यस तत्वको व्याप्ति सर्वत्र हुने भएकाले अन्इ तत्व वा घटकहरूलाई समेत यसले गहिरो रूपमा प्रभाव पारेको हुन्छ । वास्तवमा कथावस्तु भन्नु नै स्व्यम् कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो । त्यसैले कुनै पनि कथाको मूल्य निर्धारण यसै तत्वले गर्दछ । यसरी कथाकारका विचार, धारणा वा अनुभूतिको मूर्त रूपाकृतिको रूपमा देखापर्ने कथावस्तु कलागत मूल्यले युक्त हुन्छ । आधुनिक कथाको अवधारणा नै कलागत मूल्यमा आधारित छ । यसको अभावमा कुनै पनि कथा निर्जीव बन्दछ ।[३२]

'प्रतिबिम्ब' भाग एकभित्र गेहेन्द्रभूषण पोखरेलीले ग्रामीण तथा सहरिया नेपाली समाजमा दिनहूँ घट्न सक्ने यथार्थ घटनाहरूलाई कथावस्तुको रूप दिएका छन् । यसमा सङ्कलित सबै कथाहरू सामाजिक यथार्थको धागोमा उनिएका छन् । यस सङ्ग्रहभित्र अभावग्रस्त जीवन बिताउन वाध्य युवकयुवतीहरू, समाजका उच्च वर्गको शोषणवृत्तिबाट पीडित भएर बाँच्न वाध्य सर्वहारा किसान वर्ग, शोषणयुक्त सामाजिक संचरनाबाट पीडित विवश नेपाली नारी, साहूको ऋण तिर्न नसकी साहूको गोठालो हुन वाध्य नेपाली युवक,

[३१] डा. हिमांशु थापा, साहित्य परिचय, (ते.सं. काठमाडौं : साझा प्रकाशन, २०४७), पृ. १५५ ।

[३२] प्रा.डा. दयाराम श्रेष्ठ, नेपाली कथा भाग ४ (साझा प्रकाशन, ललितपुर, २०४७), पृ. ९ ।

युवती र न्यून वैतनिक मजदूरको आर्थिक अभाव तथा समस्यालाई कथ्यको रूपमा लिई यथार्थ चित्रण गरिएको पाइन्छ ।

'प्रतिबिम्ब' भाग एक कथा सङ्ग्रहभित्र संग्रहित पहिलो कथा 'गरिबको दशा' हो । यो कथा आदि, मध्य र अन्त्यको श्रृंखला मिलेको छ । यसमा एक, दुई र तीन गरी तीनवटा खण्डमा कथा विभाजन गरिएको छ । यस कथाको सुरुआत मोहन र शङ्करबीचको संवादबाट सुरु हुन्छ । यस कथाको आदिभाग साहूको छोरा मोहन र शङ्करबीच मुड्की हानाहानबाट सुरु भई शङ्करको आमा बिरामी भएर औषधी किन्ने पैसा नपाएर दुई माना पिठोसँग छोरी राधाले औषधी पसलमा औषधी माग्दा नदिएपछि राधाले एकजना मानिसले एक हातमा औषधिको शिशी लिएर आएको मौकालाई राधाले भाग्य सम्झेर साहसले मानिसको हातबाट शिशी खोसेर गल्लीमा पसेर बेपत्ता भएसम्मको घटना प्रस्तुत छ । यो यस कथाको आदि भाग हो । यस कथामा शङ्कर यौवनावस्थामा प्रवेश गरेदेखि यस कथाको मध्य भाग सुरु हुन्छ । शङ्कर सत्र-अठार वर्ष पुगेको ठिटो हो । यस खण्डमा प्रतिदिन अनेक दुःख गरेर, भारी बोकेर, अर्काको ढिकीजाँचो गरेर पाएको ज्यालाबाट दिन गुजार्नुपर्ने शङ्करको परिवारको चित्रण यस खण्डमा गरिएको छ । यसमा साहू जोगरत्नको शोषणलाई राम्रोसँग देखाइएको पाइन्छ । यसमा शङ्करकी आमा औषधी उपचारको अभावमा मृत्यु भएको घटनासम्मलाई यस कथाको मध्य भागको रूपमा लिन सकिन्छ । यस कथाको तीन खण्डमा शङ्करको आमाको मृत्युपछि साहू जोगरत्न शङ्करलाई ऋण देखाएर कित आफ्नो घरमा काम गर्न कित त भोलि घर खाली गर्न धम्कि दिएको घटनादेखि शङ्करले आफ्नी दिदी राधको औषधी उपचारको लागि साहूले एक पैसा नदिएपछि शङ्करले जोगरत्न साहूको टाउकोमा ड्याम्म ढुङ्गाले बजारेको घटनामा पुऱ्याएर यस कथाको अन्त्य गरिएको पाइन्छ । यसरी यस कथा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा मिलेको गरिबको दुःख प्रस्तुत गरिएको कथा हो ।

'दाजु-भाइ' कथामा दाजु-भाइ बीचको मेल तथा बेमेललाई प्रस्तुत गरिएको छ । यो कथा पनि आदि, मध्य र अन्त्यको क्रममा मिलेको रैखिक गतिको कथानक ढाँचा भएको कथा हो । यस कथाको सुरुआत दाजुभाइ जगतबहादुर र पद्मबहादुर बीच भएको मेलबाट सुरु भएको छ । यस खण्डमा गणेशप्रसाद बाजे उनीहरू बीच भएको मेलमिलापलाई बिगार्न कम्मर कसेर लागेको देखिन्छ । यस कथाको आदि भाग पद्मबहादुर र रुक्मिणीबीच संवाद भई दाजुभाइबीच भएको मेल सम्मको घटनालाई आदि भागको रूपमा लिन सकिन्छ । यसपछि यस कथाको मध्य भागको सुरुआत हुन्छ। यस खण्डमा दाजुभाइबीच कुरा

नमिलेपछि छरछिमेकीका भलादीहरूलाई बोलाई एकएक चीज वस्तुको अंश बण्डा गरेको घटनादेखि सुरु भएको छ । उनीहरूबीच एउटा सानो टुक्रा जमीनमा कुरा नमिलेपछि रिसको भावावेशमा भाइ पद्मले जगतको विरुद्ध मुद्दा चलाउँछ । यस दोस्रो खण्डमा जगतले काठमाडौंसम्म जाने खर्च पनि नभएपछि मुद्दा दोहोऱ्याउनलाई गणेशप्रसाद बाजेसँग पैसा माग्न गए सम्मको घटनालाई यस कथाको मध्य भागको रूपमा लिन सकिन्छ । यस कथाको अन्त्य भाग रुक्मिणी बिरामी परेको घटनादेखि उनीहरूबीच एक आपसमा माफी मागेको घटनासम्म पुऱ्याएर अन्त्यमा रवीन्द्र छोरालाई रुक्मिणीले रवीन्द्रको विवाहको लागि मंगल-सुत्र हातमा राखेर उपहार दिएपछि रुक्मिणीले आँखा चिम्लेसम्मको घटना देखाएर यस कथाको अन्त्य गरिएको पाइन्छ ।

'दाइ, तपाईंको कस्तो मन ! कथामा दाइले विवाह अघि र पछि बहिनीप्रति गरेको व्यवहारलाई देखाइएको पाइन्छ । यस कथाको आदि भाग पहाडको टुप्पाबाट सूर्यको मायालु प्रकाश आँगनमा भरखर देखिन लागेको दृश्यका साथ सीताको निद्रा खुलेपछि यस कथाको विकासक्रम अघि बढ्दछ । यस कथाको आदि भागमा सासू, बुहारी र नन्दबीचको झगडा देखाइएको छ । उनीहरूबीच भएको झगडा देखेर छिमेकीहरुले सम्झाएसम्मको घटना यस कथाको आदि भाग हो । यस कथाको मध्यभागको सुरुआत हरिहर परदेशबाट घर फर्केको घटनाबाट सुरुवात भएको छ । हरिहरले घर फर्कदा सीताको लागि मखमलको चोली र रत्नालाई चादर ल्याएको छ । खाना खाएर सीता, हरिहर र माताको ३ जना परिवार बसेर कुरा गर्न थाल्दछन् । कुरा गर्दै जाँदा आमाले बुहारी रत्नाले गरेको नराम्रो कुरा लगाएपछि हरिहरले रत्नालाई गाली गरेपछि रत्ना 'घुक्क घुक्क' रुन्छिन् । यस कथाको मध्य भाग हरिहरकी आमाको मृत्युसम्मको घटनालाई लिन सकिन्छ । यस कथाको अन्त्य भागको सुरुवात बुढी गएको वर्षदिन जतिमा रत्नाको बाँझो कोखबाट पनि पुत्र रत्न सुशीलको जन्म भएको घटनादेखि सुरु भएर सीता सेती नदीको तीरमा पुगेर 'दाइ, तपाईंको कस्तो मन !' भन्दै पानीमा 'छ्वाप्लाङ्ग' परेको घटनासम्म पुऱ्याएर यस कथाको अन्त्य गरिएको पाइन्छ ।

'प्रतिबिम्ब' भाग एकमा परेको अर्को कथा 'घरकी देवी' हो । यस कथाको सुरुआत गिरिधर र पवित्राको साधारण बिवाह नभई प्रेमविवाह भएको घटनाको जानकारी गराएको घटनाबाट भएको छ । गिरिधर अध्यात्म र भौतिक दुवै वादका प्रवर्तक भए तापनि स्त्री स्वतन्त्रता विषयमा उनको विचार कसिएकै पाइन्छ । पवित्रा आई.ए. पास गरेकी अर्ध-शिक्षित सहनशीलता, सुशीलता, शिष्टता, बिदूषिता आदि विद्यमान गुणहरू भएकी नारी

पात्रकी प्रतिनिधि हुन् । यस कथाको आदि भाग गिरिधर र पवित्राको प्रेम बसन्तको फूलझैँ खेले फूलेको देखाइएको घटनासम्मलाई लिन सकिन्छ । यस कथाको मध्यभागको सुरुआत गिरिधर र पवित्रको खिचातानीबाट सुरु भएको छ । पवित्राले दिवाकर माथि गरेको भातृप्रेमलाई उनको परिवारले कलङ्कको रूपमा लिएपछि गिरिधर र पवित्रको परिवारबीच कलहको सुरुआत हुन्छ । यस कथाको मध्यभाग पवित्राले कयौँ बिन्ति गर्दा पनि घरपरिवारले बस्न नदिएपछि घरवार छोडेसम्मको घटनालाई लिन सकिन्छ । यस कथाको अन्त्य भागको सुरुआत गिरिधरको नूर गिर्दै-गिर्दै गएको घटना देखाएर गिरिधरको घरमा दिवाकरको आवाजसँगै यस कथाको घटनाक्रम अघि बढेको पाइन्छ । दिवाकरले पवित्रालाई वीर अस्पतालमा आफूलाई औषधी उपचार गरेर बचाएको र कलकत्तातिर एउटा नोकरी पनि मिलाइदिएको घटना सुनाउँदै उनको गुण र उपकारलाई मरे पनि भूल्न नसक्ने र अर्को जन्ममा पवित्राका सुयोग्य पुत्र भएर जन्मन पाउँ भन्ने विचारले गिरिधरको पवित्रा माथिको विचारमा परिवर्तन आउँदछ । दिवकारको संवेदनशील कथा र पवित्राको स्वच्छ प्रेमको कार्यकलापलाई सुनेर गिरिधरको विद्वतामा भैंचालो गएको कथामा देखाइएको छ । अब बल्ल 'नारी को रहेछ, पवित्रा को रहेछ भन्ने गिरिधरले थाहा पाउँछ । दिवकारले प्रश्न फेरि कानमा पारेपछि गिरिधरले सब वृत्तान्त सुनाएर पछुताउँदै अब त्यो पापको प्रायश्चित पवित्राको पाउ स्पर्श बिना हुन नसक्ने धारणा गिरिधरले व्यक्त गर्दछ । कथाको घटनाक्रमको विकास बढ्दै जाँदा गिरिधर र दिवाकरको संवादको क्रममा मङ्गलादेवीको प्रवेश हुन्छ । मङ्गला पवित्राको हाईस्कुलदेखिको सहचरी हुन् । गिरिधरले पवित्राका बारेमा सोधेपछि मङ्गलाले पवित्राले लेखेको चिट्ठी गिरिधरलाई देखाउँछिन । गिरिधर चिट्ठी पढेपछि पश्चातापले चिट्ठीलाई हातमा धानिराख्न सक्दैन र उसको सारा शरीरमा कम्प पैदा हुन्छ । मुख निलो हुन्छ । अन्त्यमा गिरिधरको हृदयले फन्का लागेर मलीन र सुस्त आवाजमा गिरिधरको मुखबाट 'पवित्रा, घरकी देवी' भन्दै अचेत भएर मेचमा लडेसम्मको घटनामा पुऱ्याएर यस कथाको अन्त्य गरिएको छ ।

'प्रेमको सैर' कथा मखन र योगमायाको स्नेह सम्बन्ध बचपनदेखि नै मूक रूपमा अङ्कुरित भएको देखाएर यस कथालाई अगाडि बढाइएको छ । मखन एस.एल.सी. पास गरेर काठमाडौँ पढ्न जान लागेको छ । यस कथाको आदि भाग मखन पढ्न काठमाडौँ जान हिँडेको घटनादेखि दुई जोडी बीचको भेट तर अमूक देखाएर काठमाडौँ प्रस्थान गरेको घटनासम्म लम्बिएको छ । यसको मध्यभाग मखनले अतीतमा योगमाया सँग गरेका

घटनाहरूको सम्झना गराउँदै अगाडि बढाइएको छ । यस कथाको मध्यभाग योगमायाको विवाह योगमायालाई थाहा नदिई बिहेको पक्कापक्की गरिएको घटनासम्म अगाडि बढाइएको पाइन्छ । यस कथाको चरमोत्कर्ष मखन जाडो बिदामा योगमायाको घरको बाटो हुँदै घर आएको घटनाबाट सुरु भएको छ । उता योगमायाको विवाह अर्कै केटासँग जर्बजस्ती त्यसैदिन गरिएको हुन्छ । पञ्चैबाजा नर्सिङ्गा र कर्नालको आकाश भेदी आवाज मखनको कर्ण हृदयमा घुस्न पुग्दछ । जन्ती त दुलही लिएर मखनकै आँगनमा आइसकेका हुन्छन् । मखनले आफ्नो प्रियाको दर्शनमा ब्याकुल भएको मखनको हृदयले यो आखिरी अवसरलाई गुमाउन सकेनन् । “माया, शायद तिम्रो दर्शन गर्ने यत्ति नै हो” भन्ने गहिरो बेदना लिएर आँखा मुनी ढल्केको आँशुलाई पुछ्दै झ्यालबाट मखनले चिहाउँछ । मखनले उनको आँशुले छाती लपक्क भिजाएको दृश्य मखनले आफ्नो आँखा अगाडि देखेपछि मखनको हृदयले अरू बढी चिहाइरहन सकेनन् “माया, तिमी कति रोइरहेकी ! माया, मलाई माफ गर ।” भन्दै बेहोस् भएर पल्टे सम्मको घटना देखाएर यस कथाको अन्त्य गरिएको छ ।

‘प्रतिबिम्ब’ यस कथा सङ्ग्रहको अन्तिम कथा हो । यस सङ्ग्रहको नाम यसै कथाबाट राखिएको पाइन्छ । यस कथाको आदिभाग उसको (पात्र) स्मरण र विस्मरणको सम्मिलनमा, उसको हृदयमा एउटा प्रतिबिम्ब उपस्थित भएको घटनादेखि सुरु भएर ‘उस’ पात्रको नाम जीवन राखिदिएको घटनासम्म लम्बिएको छ । यस कथाको मध्य भाग पूर्व दिशाबाट पश्चिमतिर बढ्दै आइरहेको एक जोडा प्रतिबिम्ब जीवनको आँखाको अगाडि परेको घटनादेखि सुरु भएको छ । जो दुवै स्त्री जाति थिए जुन युवावस्था प्राप्त भइसकेकी युवती र तिनको पछाडि किशोरी अवस्थाकी बालिका थिइन् । जीवनको किशोरीलाई देख्नेबित्तिकै सुक्दै गइरहेको मुटुमा एकाएक मृदु रक्तसंचार भएको देखाएको छ । जसले गर्दा उनलाई मणीहिन नागलाई मणी उपलब्ध भएको अनुभव हुन्छ । तर पथिक किशोरी जीवनलाई पुलुक्क पनि नहेरी आफ्नो बाटो लाग्छिन् । जीवन आँखा झिमिक्क पनि नगरेर हेर्दै रहन्छ त्यहाँसम्म हेर्दै रहन्छ, जहाँसम्म किशोरीलाई उसको आँखाले भेट्टाउन सक्थ्यो । तैपनि जीवनको नेत्रलाई तृप्ति भएन र उ पछिपछि लागेर हिडेको घटनासम्मलाई यस कथाको आदि भागका रूपमा लिन सकिन्छ । यस कथाको अन्त्य भागको सुरुआत युवती र किशोरी भूइँको ढुङ्गा खेलाउँदै रुखको छहारीमा बसेर आफ्नै लयमा रुखलाई संवोधन गरेर दुई टुक्का भनेको घटनाबाट सुरु भएको छ । यस कथा किशोरीसँग जीवनले नाम परिचय मागी किशोरीले आफ्नो नाम शान्ति भनि परिचय दिएको घटनासम्म लम्बिएको छ ।

जीवनको मनमा अरू कोही छैन केबल शान्ति मात्र रहेको देखाएर यस कथाको अन्त्य गरिएको छ ।

यसरी प्रस्तुत ‘प्रतिबिम्ब’ भाग एक कथा सङ्ग्रह पूर्ण रूपमा रैखिक ढाँचामा निर्मित भएको हुँदा एउटा पूर्ण घरझैँ सम्पूर्णमा यस कथामा पात्रहरू र घटनाहरूबीचको तारतम्यलाई कलात्मक रूप दिइएको हुँदा यसलाई तत्कालिन समयको उत्कृष्ट कथाहरूमध्ये एक मानिएको पाइन्छ । भूषणको प्रतिबिम्ब भाग एक मात्र प्राप्त पुस्तकाकार कृति भएकाले उनको कथाकारिता यसै कृतिबाट मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

**(ख) पात्र**

कथाको स्थापत्यकलामा पात्रहरूले त्यस्तो स्तम्भका रूपमा भूमिका खेल्दछन् जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकाले यो अङ्ग बिना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू ‘क्रियाव्यापार’ र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले कथामा पात्र (चाहे मानव पात्र होस् अथवा चाहे मानवेतर) भन्नासाथ अभिप्रेरणा र स्थिरताका कसीमा सफल भएको हुनु अति आवश्यक छ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुन्छ । यसका लागि प्रत्यक्ष वा नाटकीयमध्ये कुनै पनि वा दुवै विधिलाई प्रयोग गर्ने गरिन्छ । जुनसुकै विधिको प्रयोग गरिए तापनि कथामा पात्रको निजी पहिचान देखिनुपर्छ ।[३३]

‘प्रतिबिम्ब’ भाग एक कथा सङ्ग्रहको मूल विषयवस्तु सामाजिक धरातलमा अन्तर्निहित भएकाले यसमा प्रयुक्त चरित्र पनि सामाजिक समस्यासितै सम्बन्धित रहेको पाइन्छ । मूलतः निम्न वर्गीय, मध्यम वर्गीय ग्रामीण जनता, महिला, किसान तथा सामन्तीहरूको जनजीवनलाई यस कथा सङ्ग्रहमाचरित्र चित्रणको मूल आधार बनाइएको छ ।

यस कथासङ्ग्रहमा भूषणले मूलभूत रूपमा शोषक वर्ग र शोषित वर्गका पात्रहरूको चयन गरे पनि कथाका प्रमुख र प्रभावकारी पात्रहरू निम्न वर्ग बाट नै चयन गरेका छन् । ‘प्रतिबिम्ब’ भाग एक सङ्ग्रहभित्रको ‘गरिबको दशा’ कथामा बूढो जोगरत्न साहू र मोहन, ‘प्रेमको सैर’का मखन र मखनको बा-आमा र बीरबहादुर जस्ता पात्रहरू उच्च वर्गका

[३३] प्रा.डा दयाराम श्रेष्ठ, नेपाली कथा भाग ४, पूर्ववत्, पृ. १० ।

सामन्ती पात्रहरू हुन् भने दाजुभाइका गणेशप्रसाद गाउँको फटाह पात्र हो भने यस सङ्ग्रहको अन्य सबै पात्रहरू निम्न, मध्यम र शोषित वर्गका पात्रहरू हुन् ।

भूषणले यस सङ्ग्रहका पात्रहरूको छनौटमा विविधता ल्याएका छन् यहाँ किसान, मजदूर, चियापसले, डाक्टर, सङ्घर्षशील नारी, नर्स आदि प्रकारका पात्रहरूको भूमिका देख्न सकिन्छ । यी सबै पात्रहरू व्यक्तिगत चरित्रको नभएर वर्गीय चरित्रको प्रतिनिधित्व गर्ने पात्रहरू हुन् । गरिबको दशाको शङ्कर सम्पूर्ण नेपाली शोषित पीडित मजदूर किसानहरूको प्रतिनिधि पात्र हो यसकै बूढो जोगरत्न साहू नेपाली सामन्ती वर्गको प्रतिनिधि पात्र हो । 'दाजु-भाइ' कथाका गणेशप्रसाद गाउँको फटाहा वर्गको प्रतिनिधि पात्र हो । रुक्मिणी गाउँकी सोझी आफ्नो घर परिवार बिग्रेको देख्न नसक्ने वर्गको प्रतिनिधि पात्र हुन् । जगतबहादुर र पदम्बहादुरले दाजुभाइबीच हुने बेमेलको घटनाको प्रतिनिधित्व गरेका छन् । सीता दाजुभाइले आफ्नो विवाहपछि बहिनी माथि गर्ने व्यवहारलाई चित्रण गर्ने प्रतिनिधि पात्र हुन् । 'घरकी देवी' का पबित्रा र सती सावित्री वर्गको प्रतिनिधि पात्र तर नारीमाथि भएको शोषणको आवाज उठाउने वर्गको प्रतिनिधि पात्र हुन् । 'प्रेमको सैर'का मखन र योगमाया क्रमशः सामन्त र अछुत वर्गका प्रतिनिधि पात्र हुन् । 'प्रतिबिम्ब'का शान्ति किसान वर्गको प्रतिनिधि पात्र हो । यसरी भूषणका यस सङ्ग्रहका हरेक पात्रले आ-आफ्नो वर्गीय चरित्रको प्रतिनिधित्व गरेको पाइन्छ ।

यस सङ्ग्रहका कथाहरूमा भूषणले प्रत्यक्ष र अप्रत्यक्ष गरी बढीमा १६ जना पात्र र घटीमा ४ जना पात्रको प्रयोग गरेका छन् । दाजुभाइमा १६ जना पात्रको प्रयोग गरिएको छ भने 'प्रतिबिम्ब' कथामा चार जना पात्रको मात्र प्रयोग गरिएको छ ।

लिङ्गगत दृष्टिले हेर्दा भूषणले कथाहरूमा पुरुष प्रधान पात्रहरूको बढी प्रयोग गरेका छन् भने महिला पात्रहरूको पनि पुरुष पात्रकै हाराहारीमा प्रयोग गरिएको पाइन्छ । प्रायः उनका कथाहरूमा पुरुष र नारी दुवैको भूमिकालाई समान महत्व दिए पनि पुरुष चरित्रहरूलाई नै प्रमुख रूपमा उभ्याइएको देखिन्छ । उनका कथामा प्रत्यक्ष र नामोल्लेख भएका पात्रहरूको प्रयोग गरिएको पाइन्छ ।

भूषणले यस कथा सङ्ग्रहका कथाहरूमा अर्न्तमुखी नभएर बर्हिमुखी पात्रहरूको प्रयोग गरेका छन् । यहाँ प्रमुख पात्रहरूले अन्याय, अत्याचार र शोषणका विरुद्ध सङ्घर्ष गर्न नसके तापनि सामान्य विरोधको सङ्केत भने गरेका छन् । 'गरिबको दशा'शो शङ्कर जोगरत्न

साहूको शोषण र अन्यायबाट दिक्क भएर जोगरत्न साहूको टाउकोमा ढुङ्गा उठाएर ड्याम्म बजार्न पुग्दछ । घरकी देवीकी पवित्रा घरपरिवार र स्वयम् लोग्नेको अत्याचारले दिक्क भएर घर छोडी सङ्घर्षको आवाज उठाउँछे । यसरी भूषणको यस सङ्ग्रहका प्रायःजसो कथाको नारी तथा पुरुष पात्रहरू जीउँदा जाग्दा तथा स्वाभिमानी पात्रहरू भएका हुनाले आफूमाथि परेका अन्याय, अत्याचार र शोषणलाई तत्कालीन समय अनुरूप विरोधको सङ्केत गर्दछन् ।

भूषणले आफ्नो जीवन भोगाइका क्रममा देखे, सुने र भोगेका यथार्थ घटनाहरूलाई विभिन्न पात्रहरूका माध्यमबाट अभिव्यक्त गरेको पाइन्छ । उनले आफ्नो मनका विचार र व्यथाहरूलाई 'गरिबको दशा'को शङ्कर 'दाजुभाइ'को रुक्मिणी 'दाइ–तपाईंको कस्तो मन'को सीता, 'घरकी देवी'को पवित्रा, 'प्रेमको सैर' को मखन र 'प्रतिबिम्ब' को जीवनको माध्यमबाट अभिव्यक्ति गरेका छन् । यस सङ्ग्रहमा प्रयुक्त कथाका प्रमुख पात्रहरू भूषणका मुखपात्रहरू हुन् जसले उनका विचारहरूलाई अभिव्यक्त गरेको अनुभव हुन्छ ।

भूषणका कथाका पात्रहरू अत्यन्त सजीव र क्रियाशील छन् । यिनीहरू भाग्यमा होइन कर्ममा विश्वास गर्दछन् र अन्याय अत्याचारको विरुद्ध शारीरिक आक्रमण गर्नु परे पनि पछाडि हट्दैनन् । हाम्रै गाउँ घरमा हामीले देखे चिने जस्ता पात्रहरूलाई उनले यस कथा संग्रहमा प्रयोग गरेका छन् । त्यसैले गर्दा उनका कथाहरू गतिशील र स्वाभाविक बन्न पुगेको पाइन्छ ।

**(ग) दृष्टिबिन्दु**

कथावस्तुलाई पाठकवर्गका निम्ति संवेद्य एवम् प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिबिन्दुले खेल्दछ । त्यो स्थिति, स्थान र सीमा हो जसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पुऱ्याउँदछ । कथाकार र पाठकवर्गबीचको सम्बन्ध सूत्र नै 'दृष्टिबिन्दु' हो । 'दृष्टिबिन्दु' कथाको श्रेष्ठता वा उत्कृष्टताको मापक हो ।[३४]

प्रस्तुत 'प्रतिबिम्ब' भाग एक कथा सङ्ग्रहमा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । प्रस्तुत 'प्रतिबिम्ब' भाग एक कथा सङ्ग्रह भित्रको 'गरिबको दशा' कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कुराको पुष्टिका लागि कथाको दृष्टिबिन्दु पात्रका रूपमा रहेको शङ्करको साहू जोगरत्नद्वारा गरिएको अन्याय र शोषणलाई कथामा हेर्नुपर्ने हुन्छ । जोगरत्न साहूको छोरो मोहनले शङ्करलाई पाखुरा निमोठ्दै पाजी धेरै नबोल भनेपछि शङ्कर

[३४] ऐजन ।

अकस्मात मोहनलाई चोरको आरोप लगाउन पुग्छ । यस अवस्थामा मोहन शङ्करलाई लातले हान्न पुग्छ, मोहनको चौथो पटकको लात हनाइले शङ्करलाई असह्य भएपछि शङ्कर मोहनलाई कसेर एक मुड्की बजाउन पुग्दछ । मोहनलाई एक्लै शङ्करसँग सामना गर्न मुश्किल परेपछि साथीहरूसँग गुहार माग्छ र शङ्करमाथि लड्कारहरूको मार बज्रन थाल्दछ । आखिरमा बाटो हिँड्ने बटुवाहरूले छुट्याइदिएपछि शङ्कर आँखाभरि आँशु लिएर एक्लै रुँदै घरतिर गएको देखाइएको यस कथामा गरिबमाथि भएको अन्यायको चित्रण गरिएको पाइन्छ । शङ्करको आमा र बहिनी बिरामी भएको अवस्थामा साहू जोगरत्नले एकदिन पनि काममा बिदा नदिएको, औषधी उपचारको लागि एक पैसा पनि नदिएको कारण उनीहरूले मृत्युवरण गर्नुपरेको देखाइएको छ । यसले गरिब शङ्करको पीडालाई प्रस्तुत गरेको छ । शङ्करले दिदीको उपचारको लागि दश रुपियाँ माग्दा साहू जोगरत्नले नदिएपछि मानिसको यो मानिसप्रतिको अन्याय र असह्य व्यवहार शङ्करले सहन सक्तैन र अन्त्यमा कति बिन्ति गरेँ, कति रोएँ पनि उसको मनले नदेखेपछि शङ्करले साहूको शोषक शिर जमीनको ठूलो ढुङ्गा बाहेक अरू देख्दैन र अन्त्यमा त्यही ढुङ्गा उठाएर जोगरत्नको टाउकोमा ड्याम्म बजार्दछ ।

यस कथाका पात्रहरू शङ्करको केन्द्रीयतामा घुमेका छन् । अन्य पात्रहरूले शङ्करको मानसिक र शारीरिक अवस्था छर्लङ्ग पार्न, कस्सिएर लागेका छन् । शङ्करकै छटपटाहटमा मलजल भर्न मोहन, जोगरत्न साहू र मोहनका लड्काहरूको अमानवीय व्यवहार एवम् शङ्करको आमा र दिदीको मृत्यु सम्मको घटनालाई अगाडि बढाइएको हुँदा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

दाजुभाइ कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । सर्वप्रथम यस कथाको बाह्य स्वरूपलाई हेर्दा जम्मा सात खण्डहरूमा कथालाई विभाजन गरिएको पाइन्छ । पहिलो खण्डमा दाजुभाइ जगतबहादुर र पदम्बहादुरको राम्रो मेलमिलाप देखेर बिगार्न खोज्ने गणेशप्रसादको व्यवहार, जगतबहादुरको मदिरा पिउने आदतलाई देखाइएको पाइन्छ । यसपछि दोस्रो खण्डमा जगतबहादुर मदिरा पिएर घर गएपछि रुक्मिणीले अनेक बिन्ति गरेपछि खाना खान आएको देखाइएको छ । यसरी नै तेस्रो खण्डमा भीमाले जगत्बहादुर र पदम्बहादुरबीच द्वन्द्वको सिर्जना गर्नमा मद्दत पुऱ्याएको देखाइएको छ । रुक्मिणी भीमा बिरामी भएको भए औषधी उपचार गराउने, देवर पद्मलाई दाइको मदिरा सेवनको बानी हटाउन सम्झाउन आग्रह गरेको कथामा देखाइएको छ । यस कथाको चौथो खण्डमा जगतबहादुर र पद्मबहादुरको बीचमा भएको ठाकठुक जगतबहादुरकी पत्नी रुक्मिणीले

मिलाउन खोज्छिन् । यस खण्डमा रुक्मिणीलाई केन्द्र बनाइएको छ । रुक्मिणीले 'भाइ फूटे गवाँर लुटे' भनेर सम्झाउँछिन् । यसपछि खण्ड पाँचमा दुई दाजुभाइबीचको झगडाले चरमोत्कर्ष प्राप्त गर्दछ । रुक्मिणीलाई देवर पदम्मबहादुरले रवीन्द्र छोरालाई दूध बेचेर खान नदिएको आरोप लगाउँछ । पद्म भन्दछ "भाउजु तपाईंले रवीन्द्रलाई पेटभरी दूध खान नदिएर बेच्नुहुँदो रहेछ । किन यो ?" के मेरो छोरालाई मार्ने ?" पद्मको यो वाक्यले रुक्मिणी मुख छोपेर रुन्छिन् । रुक्मिणी पद्मलाई भन्दछिन्, "देवरज्यू, तपाईंको यो कटुवचन भन्दा म एक पाइलो अघि मर्न पाए कति भाग्यमानी हुने थिएँ ।" यसरी यस खण्डमा पनि रुक्मिणीलाई नै मुख्य केन्द्रबिन्दुर बनाएर उसको मनका विभिन्न अवस्थाका भाव संवेगहरूमाथि प्रकाश पारेका छन् । यस कथाको छैठौं खण्डमा छरछिमेकीका भलादमीहरुलाई बोलाएर घरको एकएक चीज बस्तुको बण्डा गरिन्छ तर एउटा सानो टुक्रा जमिनमा कुरा नमिलेपछि भाइ पद्मले जगतको बिरुद्धमामुद्दा हालेको देखाइएको छ । पद्म भीमाले पोइल गएपछि टुहुरो रवीन्द्रलाई काखमा लिएर पद्मबहादुर आफ्नो कार्यमा पश्चाताप गर्न थाल्दछ । उता रुक्मिणी पीरैपीरले सुकेर जान्छिन् । जगतबहादुर मुद्दा दोहोऱ्याउनलाई एकपटक काठमाडौँ जाने खर्च नभएपछि गणेशप्रसाद कहाँ पैसा माग्न जान्छ तर गणेशप्रसादले दिँदैन । यस खण्डमा गणेशप्रसाद र पद्मलाई केन्द्र बनाइएको छ । यस्तै अन्तिम खण्डमा रुक्मिणीलाई केन्द्र बनाएर जगतबहादुर, पद्मबहादुर र रवीन्द्रबीचको वार्तालापलाई मुख्य आधार बनाई कथाकारले आफ्नो दृष्टिबिन्दु पात्रकै संवेगात्मक स्थितिलाई प्रष्ट पारेका छन् । यस खण्डमा जगतबहादुर र पद्मबहादुरले पछुताउँदै एक आपसमा माफ माग्दछन् । उदाहरणः "मलाई माफ गर . . .।" जगतले मुटु गाँठो पार्दै भन्यो "पद्म, मलाई माफ गर, अन्धा भनेर माफ गर । मेरो कुकृत्यमाथि मलाई क्षमा गर ।" "दाई म नालायाक हुँ . . .।" पद्म एक्कासि जगतको खुट्टामा परेर घुँक्क रुख थाल्यो ।

पद्मले रुक्मिणीको अन्तिम इच्छा पूरा गर्न छोरा रवीन्द्रलाई रुक्मिणीको साथमा लगिदिन्छुन । रुक्मिणी मातृहृदयबाट रवीन्द्रलाई आफ्नो बिवाहको मंगलसूत्र रवीन्द्रको हातमा राखेर "बाबू तिमीलाई मेरो उपहार ।" भन्दै रुक्मिणीले आँखा चिम्लिन्छिन् । समग्रमा मुख्य पात्र रुक्मिणी, आफ्नो घरमा रहेको मेलमिलाप, विछोड र पुनर्मिलनसम्म पुगेको जम्मा सात खण्डमा विभाजित यस कथामा कथाकारले यसै पात्रमार्फत् आफ्नो दृष्टि प्रकाश पार्ने काम गरेका छन् । यसमा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

दाई, तपाईंको कस्तो मन ! कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कुराको पुष्टिका लागि कथाको दृष्टिबिन्दु पात्रका रूपमा रहेको सीताको मानसिक स्थितिलाई कथामा हेर्नुपर्ने हुन्छ । सर्वप्रथम यस कथाको बाह्य स्वरूपलाई हेर्दा जम्मा चार खण्डहरूमा कथालाई विभाजन गरिएको पाइन्छ । पहिलो खण्डमा सासू, नन्द र भाउजु ( बुहारी) बीचको झगडालाई देखाइएको हुन्छ । उनीहरूलाई सम्झाउन छिमेकीहरू लागिपरे पनि सक्दैनन् । यहाँ सीतालाई केन्द्र बनाइएको छ ।

यस कथाको दोस्रो तथा तेस्रो खण्डमा हरिहर कलकत्ताबाट फर्केको, आमा बिरामी भएको, आमाले छोरा हरिहरलाई सीताको हेरविचार गर्न आग्रह गरेको, सासू बुहारीबीच कलह र अन्त्यमा आमाको 'हिक्क' को साथमा प्राणवायू गएको देखाइएको पाइन्छ । यस खण्डमा पनि सीतालाई नै केन्द्र बनाइएको छ । यस कथाको चौथो खण्डमा रत्नाको बाँझो कोखबाट पनि पुत्र रत्न सुशीलको जन्म भएको, छोराको जन्मपछि दाजुको बहिनीप्रतिको व्यवहार परिवर्तन भएको, बहिनीको पनि दाजुप्रतिको व्यवहार परिवर्तन भएको र अन्त्यमा सीताले सेती नदीमा "दाइ, तपाईंको कस्तो मन !" भन्दै पानीमा छ्वाप्लाङ्ग हाम्फालेको देखाइएको छ । यहाँ सीतालाई केन्द्र बनाएर कथाकारले कथा लेखेका छन् । यस कथामा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथाकारले आफ्नो दृष्टिकोण सीतामार्फत् व्यक्त गरेका छन् ।

'घरकी देवी' कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कुराको पुष्टिका लागि कथाको दृष्टिबिन्दु पात्रका रूपमा रहेको पवित्रको मानसिक स्थितिलाई कथामा हेर्नुपर्ने हुन्छ । यस कथामा गिरिधर र पवित्राको साधारण विवाह नभई प्रेमविवाह भएको देखाइएको छ । पवित्रा आई.ए., पास गरेकी आत्मविश्वास र सच्चा नारीमा हुनुपर्ने गुणहरू सहनशीलता, सुशीलता, शिष्टता, बिदुषिता आदि विद्यमान गुणहरू भएकी नारी पात्र हुन् । पवित्राले दिवाकर माथि अनैतिक व्यवहार गरेको आरोप लगाई गिरिधर र उसकी आमाले अनेक बिन्ति गर्दा पनि नमानेपछि पवित्राले आफ्नो घर छोडी बालसेवामा लाग्दछिन् । दिवकारले पवित्राले आफूलाई बिरामी पर्दा सहयोग गरी बचाएको र कलकत्तामा एउटा नोकरी समेत मिलाइदिएको वास्तविक कुरा गिरिधरले दिवाकरमार्फत् थाहा पाएपछि पछुताउमा पर्दछ । दिवाकरले आफू अर्को जन्ममा उनकै सुयोग्य पुत्र भएर जन्मन पाउँ ताकि मैले यस जन्मको ऋण मातृसेवा गरेर चुकाउन सकूँ भन्ने विचार पछि गिरिधर पवित्रा को रहेछ भन्ने बुझ्दछ र पापको प्रायश्चित्त पवित्राको पाउ स्पर्शविना हुन नसक्ने विचार

व्यक्त गर्दछ । मङ्गलादेवीले पवित्राले लेखेको चिठ्ठी हेर्न दिएपछि गिरिधरले चिठ्ठी पढेपछि चिठ्ठीलाई हातमा धानिराख्न सक्दैन, उसको सारा शरीरमा कम्प पैदा हुन्छ र अन्त्यमा गिरिधरको मुखबाट 'पवित्रा, घरकी देवी' भन्दै अचेत भएर मेचमा लड्न पुगेको देखाइएको छ । यस कथामा अन्य पात्रहरू पवित्राकै केन्द्रीयतामा घुमेका छन् । यस कथामा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'प्रेमको सैर' कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । सर्वप्रथम यस कथाको बाह्य स्वरूपलाई हेर्दा जम्मा तीन खण्डहरूमा कथालाई विभाजन गरिएको पाइन्छ । पहिलो खण्डमा मखन र योगमायाको स्नेहसम्बन्ध बचपनदेखि नै मुक रूपमा अङ्कुरित भएको देखाइएको छ ।

यस खण्डमा मखन एस.एल.सी. पास गरेर पढ्नको लागि काठमाडौँ प्रस्थान गर्दछ । काठमाडौँ प्रस्थानको बेलामा मखन र योगमायाको विछोडको छटपटी र मायाले मखनलाई आफ्नो दृष्टिले सजल पार्दै बिदा दिएको देखाइएको छ । यस खण्डमा योगमायालाई कथाकारले केन्द्र बनाएका छन् । यस कथाको खण्ड दुईमा योगमायाको दुई-चार दिनको बाटो टाढाको केटोसँग बिहेको पक्कापक्की भएको, योगमायालाई थाहा नभएको, योगमाया मखनसँग बिछोड हुने डरले छटपटाइरहेको देखाई यस खण्डको केन्द्रीय पात्र पनि योगमायालाई बनाइएको पाइन्छ । यस्तै अन्तिम खण्डमा मखन घर आएको, योगमायाको विवाह नचाहँदा नचाहँदै भएको, मखन र योगमाया विछोडले छटपटाइरहेको, मखनले “माया तिमी कति रोइरहेकी, माया मलाई माफ गर” भन्दै बेहोस भएर पल्टिएको देखाइएको पाइन्छ । यस कथामा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

प्रस्तुत 'प्रतिबिम्ब' कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । यस कथामा जीवनलाई केन्द्रीय पात्रको रूपमा प्रस्तुत गरिएको छ । कथामा कथाकारले जीवनमार्फत् आफ्नो विचारलाई अगाडि बढाएका छन् । जीवनको शान्तिसँग नजिक हुँदा र टाढा हुँदोका दृष्टिकोणलाई यस कथामा व्यक्त गरिएको छ । जीवन शान्तिको सामिप्यमा खुशी भएको देखाइएको छ । यस कथाका अन्य पात्रहरू जीवनकै केन्द्रीयतामा घुमेका छन् । अन्य पात्रहरूले जीवनकै मानसिक अवस्था छर्लङ्ग पार्न कस्सिएरलागेका छन् । यस कथामा तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । समग्रमा भन्नुपर्दा 'प्रतिबिम्ब' सामाजिक कथा सङ्ग्रहमा बाह्य सीमित दृष्टिन्दिुको प्रयोग भएको पाइन्छ ।

**(घ) सारवस्तु**

कुनै कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ वा अभिप्राय पाउँदछौँ, त्यही नै 'सारवस्तु' हो । कथामा कुनै न कुनै विचार वा भावको बीज रूप प्रत्यक्ष वा प्रच्छन्न रूपमा रहेको हुन्छ जसका आधारमा कथानकको संरचना तयार पारिएको हुन्छ । त्यस बीज रूपलाई बिना आग्रहीकरण कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गर्न सक्यो, त्यो कृति त्यति नै उत्कृष्ट बन्न सक्दछ । त्यसैले बीज-रूप भनेको कथा-संरचनाको सौन्दर्य तत्व हो जसलाई हामी सारवस्तु भनेर चिन्दछौँ ।"[३५]

कुनै पनि साहित्यिक कृतिमा लेखकले पाठकवर्गसँग सम्बन्ध स्थापना गर्नका लागि आफ्ना कृतिहरूमा कुनै न कुनै विचार, भाव वा दृष्टिकोणलाई विधाको स्वरूप हेरी प्रस्तुत गरेको हुन्छ । खास गरीकन आख्यानात्मक (उपन्यास र कथा) कृतिहरूमा यस्ता भाव, विचार वा दृष्टिकोणहरूलाई काल्पनिक कथानक र पात्रहरूको संयोजनद्वारा कलात्मक ढङ्गमा नाटकीकरण गरिएको हुन्छ । लेखकले जति राम्ररी नाटकीकरण गर्न सक्यो, उति नै उसका कृतिहरू उत्कृष्ट र प्रभावकारी हुन सक्दछन् । गेहेन्द्रभूषण पोखरेली सामाजिक कथाकार भएकाले उनले आफ्नो कथामा समाजमा घटेका घटनाहरूलाई नै सारवस्तुका रूपमा प्रस्तुत गरेका छन् । नेपाली समाजमा सामन्ती वर्गले गरिबमाथि गरेको थिचोमिचोलाई भूषणले आफ्नो कथामा मुख्य रूपमा प्रस्तुत गरेका छन् । भूषणले आफ्ना कथामा जातभात र छुवाछुतको विभेदलाई स्पष्ट रूपमा आफ्ना कथामा देखाएका छन् । नेपाली गरिब जनताले जति दुःख गरे पनि बिहान बेलुकाको छाक टार्ने समस्या र औषधी उपचारको अभावमा मृत्युको मुखमा पुग्नु परेको घटनालाई प्रस्तुत गर्नु नै यसको सारवस्तु देखिन्छ । भूषणले आफ्ना कथामा जातभात र छुवाछुतका कारणले प्रेमी र प्रेमिकाहरू वैवाहिक बन्धनमा बाँधिन नसकेको घटनालाई आफ्ना कथामा प्रभावकारी रूपमा प्रस्तुत गरेका छन् । सामन्ती वर्गको आडम्बरलाई पनि भूषणले आफ्ना कथाहरूमा मार्मिक रूपमा प्रस्तुत गरेका छन् । समग्रमा भन्दा नेपाली समाजले परम्परागत रूपमा भोगी आएको गरिबी, अज्ञानता, अशिक्षा, शोषण र विसङ्गतिलाई कथामा देखाउने प्रयास गर्नु नै यस कथासङ्ग्रहको सारवस्तु हो ।

**(ङ) रूपविन्यास**

---

[३५] ऐजन ।

गेहेन्द्रभूषण पोखरेली (१९९४) द्वारा लेखिएको 'प्रतिबिम्ब' भाग एक यथार्थवादी शैलीमा लेखिएको सामाजिक कथा भएको हुनाले संवृत्त रूपविन्यासको प्रयोग भएको पाइन्छ । यथार्थवादीहरू सोझो र सरल भाषलाई मन पराउने हुनाले यस कथामा पनि विषयवस्तु सुहाउँदो ग्रामीण क्षेत्रका बहुधा प्रयोग हुने पद र पदावलीका साथै बोलीचालीका अन्य शब्दहरू निकै सुन्दर ढङ्गबाट प्रयोग भएको पाइन्छ । भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई ज्यादै आलङ्कारिक बनाउने काम यस कथामा कहीँ पनि भएको छैन । भावुकतामा आएर कुनै वस्तु वा दृश्यको सुन्दरताद्वारा आकृष्ट भएर प्रतीक वा बिम्बको भाषा प्रयोग गर्ने काम पनि यस कथामा कहीँ भएको पाइँदैन । सामान्यतयाः सरल र सुबोध्य गद्यशैलीलाई अँगालेर कथाकारले संवृत्त रूपविन्यासद्वारा यस कथाको निर्माण गरेका छन् । यस अनुसार यस कथामा निम्नलिखित विशेषताहरू पाउन सक्छौँ –

(क) गाउँघरमा प्रचलित बोलीचालीको भाषा अथवा कथ्य भाषाको प्रयोग गर्ने क्रममा कथाकारद्वारा यथास्थानमा 'पाजी', 'मुडकी', 'वेश्ये', 'डाँका', 'साहूसी', 'ड्याम्म', भगिनी', 'भात-भान्सा', 'पुलुक्क' जस्ता शब्दहरूलाई सन्दर्भ मिलाएर राखिएका छन् ।

(ख) कथामा भाषिक स्वाभाविकता ल्याउनका लागि 'मुसुक्क', 'भुतुक्क', 'रातारात' जस्ता अनुकरणात्मक शब्दहरूका साथै 'भातसात', 'नोकरसोकर' जस्ता द्वित्व शब्दहरूको प्रयोग भएको पाइन्छ ।

(ग) यस कथासङ्ग्रहमा सीमित सङ्ख्यामा उखान र टुक्काको पनि प्रयोग भएको पाइन्छ, जस्तै 'भाइ फुटे गबाँर लुटे', 'खुट्टा भए जुत्ता दर्जनौँ पाइन्छ आदि ।

(घ) वाक्यगठनका दृष्टिले हेर्दा यस कथामा हामी सामान्यतयाः सरल वाक्यहरूकै प्रयोग भएको पाउँछौँ तापनि संयुक्त तथा मिश्र वाक्यहरू सरल रूपबाट नै प्रयोग भएका छन् । यस कथामा संवादको बाहुल्य भएको हुँदा पात्रहरूको सामाजिक र बौद्धिक स्तर अनुसार बोलचालको मीठो भाषाको प्रयोग भएको छ । यसका साथै आगन्तुक शब्दहरूको प्रयोग पनि भएको पाइन्छ । आख्यानात्मक कृतिमा जुन प्रकारका अनुच्छेद योजना गरिनुपर्छ त्यो हामी यस कथामा पाउछौँ ।

**निष्कर्ष**

'प्रतिबिम्ब' भाग एकका भूषणले मूलतः सामाजिक धरातलमा केन्द्रित भएर कथा लेखेका हुनाले यसमा सङ्कलित सम्पूर्ण कथाहरू प्रायः ग्रामीण नेपाली समाजमा दिनहूँ

घट्न सक्ने यथार्थ घटनाहरूमा आधारित रहेको पाइन्छ । विशेष गरेर नेपालका ग्रामीण समाजभित्र घटित कुप्रवृत्ति, असमानता, अन्धविश्वास, शोषण तथा अन्याय अत्याचारबाट पीडित निम्न वर्गीय पात्रहरूको अवस्थालाई उनका कथाले केन्द्रबिन्दु बनाएको पाइन्छ । घटना वा परिवेशको वर्णनबाट कथा सुरु गर्नु, थाहै नपाई कथानकको अन्त गर्नु, स्थानीय परिवेशको चित्रण गर्नु, पात्रको स्तर अनुसार सरल, रोचक र सरस भाषाशैलीको प्रयोग गर्नुका साथै सङ्क्षिप्त र परिमित संवादको प्रयोग गर्नु उनको 'प्रतिबिम्ब' भाग एक कथाको मूल वैशिष्ट्य हो ।

## ५.२ गेहेन्द्रभूषण पोखरेलीका कविताको अध्ययन

साहित्यकार गेहेन्द्रभूषण पोखरेली पोखराका साहित्यिक प्रतिभाहरूमध्ये एक विशिष्ट प्रतिभा हुन् । शिक्षण पेशामा संलग्न रहे तापनि साहित्यिक क्षेत्रमा उनको विशेष अनुराग रहेको र उनले सुरुदेखि नै कविता क्षेत्रमा कलम चलाउने गरेको पाइन्छ । यिनको पहिलो कृति पनि कविता नै बन्न पुगेको छ । साहित्यिक यात्राको करिब पाँच दशक लामो जीवनावधिमा यिनका 'मेरो बसन्त' (२०३७), 'राष्ट्रनाद' (२०३९), २०३६ देखि २०४६ सम्मका सङ्घातहरू (२०४६) र 'काकाको अर्ती नानीलाई फूर्ती' (२०५७) बालसाहित्यिक कविता सङ्ग्रह गरी चारवटा कविता सङ्ग्रह प्रकाशित भइसकेका छन् । यिनका कवितामा विषय प्रायः समकालीन समाजको कुरीति, विसङ्गति तथा आर्थिक, सामाजिक, आफ्नै जीवन भोगाइका क्रममा आएका सुखदुःखका क्षण र राजनीतिक समस्यासित सम्बन्धित रहेका छन् । यिनका कविता कृतिहरूको क्रमानुसार अध्ययन गरिन्छ ।

### ५.२.१ 'मेरो वसन्त' कविता सङ्ग्रहको अध्ययन

प्रस्तुत कृति कवि भूषणका वि.सं. २०३७ मा प्रकाशित प्रथम कविता संग्रहित कृति हो । यस कविता सङ्ग्रहमा कविले देखेका, सुनेका एवम् अनुभव गरेका विषयलाई यस कवितामा अभिव्यक्त गरिएको छ । यस कवितामा कविले आफ्नै जीवनसँग सम्बन्धित प्रेमलाई विषयवस्तु बनाएर प्रेमका क्रममा देखिएका विकृतिहरूलाई अभिव्यक्त गरेका छन्. । यस कविता सङ्ग्रहमा 'एक', 'दुई', 'तीन' र 'चार' गरी २१ वटा फूटकर कविताहरू सङ्कलित छन् । यो २१ वटा कविता सँगालो बैसालुहरूलाई भेटको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

### ५.२.२ शीर्षक र भावसङ्गति

शीर्षक र समग्र कृतिले सङ्गति बहन गर्न सकेको छ या छैन भन्ने विषयमा ध्यान दिनु अनिवार्य भएकाले त्यसैलाई हेर्ने काम गरिएको छ । यस कविता संग्रहको शीर्षक सङ्कलित कविताहरूबाट नभई छुट्टै शीर्षकमा भएको छ । 'मेरो वसन्त' कविता सङ्ग्रहमा एउटा प्रेमीले प्रेमिकालाई आफ्नो प्रेममा सधैव साथ दिन आह्वान वा आग्ह गरेको छ । यस प्रेमीले प्रेमिकालाई आफूबाट टाढा नहुन बिन्ति गर्दै उनी बिना आफ्नो अस्तित्व नहुने भन्दै अतीतका मिलनका क्षणहरूलाई सम्झाउँदै गरेको देखिन्छ । त्यसैले यस कृतिको शीर्षक महत्वपूर्ण देखिन्छ । कविले 'मेरो वसन्त' कवितामा आफ्नो जीवनसँग सम्बन्धित घटनालाई कविताको माध्यमबाट अभिव्यक्त गरेको देखिन्छ । यसमा वसन्त ऋतुको समयको अवस्थामा प्रेमी र प्रेमिकाबीचको सम्बन्धलाई देखाइएकोले शीर्षक अनुरूप कविता भाव र कविता अनुरूप शीर्षक चयन भएको देखिन्छ ।

### ५.२.३ संरचना

कविताभित्र भित्री बाहिरी तहमा एउटा संरचना हुने गर्दछ । यसप्रकार कविता संरचक तत्वहरूबाट निर्मित एक विशिष्टप्रकारको संरचना हो । जसमा बाहिरी संरचना सतही हुने गर्दछ भने भित्री संरचना सूक्ष्म हुने गर्दछ । कुनै पनि रचना वा कृतिको आन्तरिक र बाह्य संरचना हुन्छ । यस कविता सङ्ग्रहलाई हेर्दा यसको बाह्य संरचना पद, पदावली, खण्ड, परिच्छेद, अनुच्छेद, विश्राम आदिलाई कतैकतै आत्मसात् गर्दै गद्यलयमा ३२ पृष्ठमा संरचित छ । उनका कविता रचना संरचना कतै दुई हरफको एक श्लोक र कतै चार पाउको एक श्लोक एवम् कतै १८ हरफको एक श्लोकको प्रयोग गरिएको छ । यसरी हेर्दा उनका कविताको संरचना अश्रृङ्खलित देखिन्छन् । भूषणका 'मेरो वसन्त' कविता सङ्ग्रहलाई आकारका दृष्टिले प्रायः मझौला आकारका कविताहरूका कोटिमा राख्न सकिन्छ । आन्तरिक संरचनामा कविताभित्र रहेका पंक्ति, अनुच्छेदहरूको लयगत बिस्तार, तुकबन्दीता आदिलाई हेरिने हुनाले त्यसैलाई प्रष्ट्याउने प्रयास यहाँ गरिएको छ ।

### ५.५.४ विषयवस्तु

कवि आफूले देखेका, भोगेका र अनुभव गरेका जीवनजगत्का यावत् विषयवस्तुलाई टिपेर त्यसको केन्द्रीयतामा कविता रचना गरेको हुन्छ । कविले कुनै विषयलाई लिएर त्यसको भावस्पर्शले आफ्नो मनोलोकमा उब्जिएका तत्क्षणिक अनुभव र अनुभूतिलाई

शब्दावलीले समातेर अर्थ्याउन खोज्छ । यसरी आफ्ना भावात्मक तरङ्गहरूको अभिव्यक्ति प्रस्तुत गर्दा कविता सिर्जना हुन जान्छ ।[३६]

कवि भूषणका कवितामा पनि विषयवस्तुगत विविधता पाइन्छ । यस कविता सङ्ग्रहमा कविले जीवन र जगत्का मूर्त तथा अमूर्त विविध विषयवस्तुमाथि प्रकाश पार्ने उद्देश्यले त्यस्तै विषयको चयन गरी कविता सिर्जना गरेका छन् । यो कविता कविको जीवनसँग सम्बन्धित छ । यस सङ्ग्रहमा आएका कविताहरूले प्रेमविषयक, प्रकृतिप्रेम, समसामयिक युगीन चित्रण, सामाजिक, व्यङ्ग्यात्मकता, आक्रोश, उन्माद, अकर्मण्यता, अन्याय, अत्याचारका साथै गरिब निमुखा जनताको आर्थिक स्थितिको चित्रण आदि विविध विषयलाई समेटेको पाइन्छ । यो २१ वटा कविताको सङ्गालोमा बैसालुहरूलाई भेटको रूपमा प्रस्तुत गर्नु नै यसको मुख्य भाव वा विचार हो । कवि भूषणको यो पहिलो कविता सङ्ग्रह हो । यसमा कविले आफ्नो प्रेमिकासँग सधैं प्रेम गर्नका लागि आह्वान गरेका छन् । यसमा कविले प्रेमिका बिना आफ्नो जीवनको अस्तित्व नभएको भावना व्यक्त गरेका छन् ।

कविले प्रस्तुत कविता सङ्ग्रहमा विभिन्न ढङ्गले आफ्ना भावात्मक अनुभूतिहरू व्यक्त गरेका छन् । ग्रामीण तथा सहरिया परिवेशको चित्रण र प्रेमको विछोडको यथार्थ वर्णनमा उनका कविताहरू सफल भएका देखिएका छन् । विविध विषयवस्तु र भावविचारलाई अँगाल्दै लेखिएको प्रस्तुत कविता सङ्ग्रहको अध्ययन तल प्रस्तुत गरिन्छ ।

**(क) प्रेमपरक**

यो कविता कविको जीवनसँग सम्बन्धित रही लेखिएको छ । यसमा कविले आफ्नी प्रेमिकालाई जीवनभर आफूलाई साथ दिन आग्रह गरेका छन् । कविले आफूलाई उनी विना आफ्नो जीवन अस्तित्वहीन हुने धारणा व्यक्त गरेका छन् ।

उदाहरण :

मलाई तिम्रो
म भन्दा बढी आवश्यकता छ ।

मेरा दुवै सिँगै पाखुराहरू
बिलकुल खाली खाली नै छन्,

---

[३६] टंक न्यौपाने, **साहित्यको रूपरेखा** (काठमाडौँ : सा.प्र. २०३८), पृ. १७१ ।

मुटुका चाहहरू पनि

मलाई लाग्छ

आधा मात्र चलेका छन् । (एक्काईस, पृ. ३१)

उदाहरण :

मेरो मुटुमा तिम्रो मोहनी मोह मात्र हैन,
मतलबी स्वार्थको प्यास पनि छैन,
छ केवल तिम्रो ममतामयी प्रेमको कल्पना,
अनि जीवनको अनन्त मार्गको सम्झना ।
म तिमीलाई मेरो जीवनको निधि मान्दछु,
अनि जीवन-दान पाउने तीव्र अभिलाषा राख्दछु
प्रिय, म त्यसैले तिमीलाई प्रेम गर्दछु । (चार, पृ. ६)

**(ख) सामन्तप्रति व्यङ्ग्य**

प्रस्तुत कविता सङ्ग्रहमा कविले सामन्तप्रति व्यङ्ग्य प्रहार गर्न पुगेका छन् । यस कविता सङ्ग्रहमा समाजमा प्रचतिल रुढीवादी जातिपाति, छुवाछुत परम्पराको व्यङ्ग्य गरिएको छ । यस प्रकारका उदाहरण –

संसारको विषय-सुखको अन्धकारमा
ढुन्मुनिई कराइरहेको समाजप्रति,
ढोंगी-रुढीवादीको जंजीरमा
तड्पी बाँचिरहेका अन्धाहरूको लागि
तिमी बत्ती म तेल वा तिमी तेल म बत्ती भएर
युगलाई आदर्श बाटो देखाउन चाहन्छु,
प्रिय, म त्यसैले तिमीलाई प्रेम गर्दछु । (चार, पृ. ७)

अर्को उदाहरण :

ती आंकुराहरूलाई
खान्दानी रवाफ्ले ननिमोठिदेऊ
धनको लालचमा
त्यसलाई नडढाइदेऊ

किनभने –

खान्दान र धनको आडम्बरमा
हुर्कने अस्तित्व होइन त्यो ।
बरु हुरी-बतासमै पनि
सङ्घर्ष गरेर बलिरहने
ज्योति हो त्यो । (उन्नाइस, पृ.२८)

**(ग) प्रकृतिचित्रण**

कवि भूषणले प्रयोग गरेका विविध विषयवस्तु मध्ये प्रकृति चित्रण पनि एक प्रमुख विषयवस्तु हो । उनले आफ्नो अभिव्यक्ति व्यक्त गर्ने क्रममा वसन्त ऋतुको समयमा भएका प्रेमीसँगको प्रश्न सोधाई र उत्तरको पर्खाइमा उनले प्रस्तुत गरेका छन् ।

**(अ) वसन्त ऋतुको चित्रण**

आऊ, तिमी वसन्तको
कोइली बनेर
मलाई एकपटक 'को हो ?'
भनी सोधीदेऊ, (दुई, पृ. ३)

**(आ) खुला प्रकृतिको चित्रण**

नीलो आकाशमा
मेरा भावनाहरू
तिमीलाई भेट्टाउन
टोलाइरहन्छन्,
डाँडामाथिको क्षितिजमा
मेरा आँखाहरू
मिलनका क्षणहरूको
आशा राख्दै
लोलाइरहन्छन् (दुई, पृ. ३)

**(इ) सन्ध्याकालीन प्रकृतिको वर्णन**

सन्ध्या बनी मनमा दीप जलाइदेऊ

आशा बनी जीवनलाई फुलाइदेऊ ।

**(ई) प्रभातकालीन प्रकृतिको वर्णन**

रात बनी मलाई सुताइदेऊ

बिहान बनी मलाई व्यूँझाइदेऊ (चौध, पृ. २०)

**(घ) श्रृङ्गारिक विषयवस्तु**

श्रृङ्गारिक रस सर्वश्रेष्ठ रस हो । यसैले यसलाई रस शास्त्रीहरू रसराजको संज्ञा दिन्छन् । यस्तो रस स्त्री पुरुषको पवित्र प्रेमबाट व्यक्त भएको हुन्छ । यसलाई मुख्य रूपमा दुई भेद गरिएको छ – संयोग र वियोग । संयोग सम्भोग श्रृङ्गार रसको स्थायी भाव परस्पर रति हो । नायक नायिक एक अर्काको रतिका लागि आलम्बन विभाव बन्दछन् । संयोग श्रृङ्गारमा एकान्त ठाउँ, कोइलीको कुहुकुहु स्वर, विलासको साधनहरू उद्दीपन विभाव बनेका हुन्छन् भने वियोगमा पहिले संयोगका लागि छटपटाउनु, पिरोलिनु आदि नै अनुभव बनेका हुन्छन् । लज्जा आदि वियोगका व्यभिचारी भाव हुन् । यसरी नायक नायिका मिलनका अवसरमा प्रेमपूर्ण क्रियाकलाप संयोग श्रृङ्गारमा उत्रिएका छन् भने वियोगमा नायक-नायिका एक अर्काले विछोडले पिरोलिन्छन्, संयोगका लागि उत्सुक हुन्छन्, बिलौना गर्दछन्, पहिलेका सुखहरू सम्झेर छट्पटाउँछन् । यस कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमध्ये 'एक्काईस' कवितामा संभोग श्रृङ्गारको प्रयोग गरेको पाइन्छ ।

तिमीलाई भेट्टाएपछि,

तिमीलाई ममै मिलाएर

नांगिएको ओंठले तिम्रो ओठभरि

म्वाइँ खाएर बिदा लिनेछु

त्यत्तिको लागि

मलाई म भन्दा बढी

तिम्रो आवश्यकता छ । (एक्काइस, पृ. ३२)

**५.२.५ भावविधान**

कविताको मूल तत्व भाव हो । जुन भाव विना कविताको कल्पना पनि गर्न सकिन्न । कवितामा भावलाई मूल मेरुदण्डको रूपमा लिइन्छ । साथै कवितामा भावको उचित संयोजन हुन सक्नुपर्दछ अनि मात्र कविता उत्कृष्ट बन्दछ ।

प्रस्तुत 'मेरो वसन्त' कवितासङ्ग्रह प्रेमपरक कविता हो । यो २१ वटा कविताको सँगालो बैसालुहरूलाई भेटको रूपमा प्रस्तुत गर्नु नै यसको मुख्य भाव हो । यो कविता कविको जीवनसँग सम्बन्धित छ । यिनले आफ्नो जीवनमा भोगेका, सुनेका र देखेका घटनाहरूलाई मुख्य विषयवस्तु बनाई आफ्नी प्रेमीलाई सधैँ साथको लागि याचना गरिएको छ ।यसमा कविले एकालापीय रूपमा प्रेमिकालाई आफूलाई साथ दिन आग्रह गरिएको छ । यसमा वसन्त ऋतुको चित्रणको माध्यमबाट कविले प्रेमी र प्रेमीकाबीचको वार्तालापलाई अगाडि बढाएका छन् । कवि आफू प्रेमी विना अस्तित्वहीन भएकाले आफूलाई धन र आडम्बरको नाममा दुईबीचको मिलनलाई नत्यागन आग्रह गरेका छन् । कविले आफूलाई प्रेमीको साथमा मात्र आफ्नो जीवन सफल र सार्थक देखेका छन् । समग्रमा यस कवितामा प्रेमपछिको विछोड र विछोडपछि पुनर्मिलनको लागि प्रेमीकालाई आग्रह गर्नु नै यस कविताको मुख्य भाव हुन गएको छ । कविले वर्तमान युवा पिंढीलाई प्रेममा धोकेवाजहरूप्रति सचेत रहन आग्रह गरेका छन् ।

### ५.२.६ लयविधान

नाटक, कथा, उपन्यास, निबन्ध आदि साहित्यिक विधाहरूसित कवितालाई अलग्याउने प्रमुख घटक तत्व नै लयविधान हो । गीत वा कवितामा वर्ण तथा मात्रागत समानता स्वरको आरोह-अवरोह अनि गति र यतिका आधारमा उत्पन्न हुने स्वरशैलीलाई लयका रूपमा लिने गरेको पाइन्छ ।

कविता कृतिमा पाउ वा पंक्तिका गति, यति, जस्ता कुराहरू पनि लयविधान अन्तर्गत पर्दछन् । पंक्तिपुञ्जका स्तरका पाऊ (चरण वा पंक्तिहरू) को वाणिक वा मात्रिक विवरणको नियमित आवृत्तिको स्थिति हुन्छ र त्यसमा बढी मुक्तता र स्वल्प नियमितताको स्थिति मुक्त छन्द वा गद्य कवितात्मक लय हो ।

स्वरव्यञ्जन वर्णहरूको उच्चारण कालमा निस्कने साङ्गीतिक ध्वनिलाई लय भनिन्छ । शास्त्रीय पद्धतिमा लय सिर्जना गर्न छन्दलाई स्वीकारिएको पाइन्छ । छन्द छद् (धातु) + अ ( धत्र) प्रत्यय मिलेर बन्दछ । छन्दले पद्य कृतिमा गति, यति र मात्राको क्रमलाई विशिष्ट स्थायित्वका माध्यमले लय उत्पन्न गराउँछ । कविता छन्दयुक्त र छन्दमुक्त दुवै हुन सक्छ । गद्य र पद्य जे भए पनि कविता लयात्मक हुन्छ । अन्य विधाबाट कवितालाई (काव्यलाई)

छुट्टाउने मूल आधार नै लयात्मकता हो । तसर्थ लयविधान अन्य तत्वको तुलनामा महत्वपूर्ण र आधारभूत तत्व हो ।

साहित्यका अन्य विधाबाट कवितालाई छुट्याउने मूल तत्व छन्द र लयविधान हो । कविता छन्दमा रचियोस् वा गद्य दुवैमा एक किसिमको लय रहन्छ र नै कविता सहज, सरल र श्रुतिमधूर हुन्छ । लयले कवितालाई साङ्गीतिक र गेयात्मक बनाउँछ । लयविधानका दृष्टिले कवि गेहेन्द्रभूषण पोखरेलीका कविता गद्यलयमा छोटा हरफहरूले निर्मित छन् । वसन्त ऋतुको समयमा प्रेमपरक विषयवस्तु प्रस्तुत गरी प्रेमीका प्रति तीब्र व्यङ्ग्य प्रहार गर्ने उद्देश्यले रचिएका गद्य कवितामा भागवत सौन्दर्य र साङ्गीतिक प्रयोगले यिनका सम्पूर्ण कविता सङ्गतिमय भएका छन् । यस सङ्ग्रहका समग्र कवितालाई हेर्दा यसको रचना अश्रृङ्खलित रूपमा भएको पाइन्छ । यस सङ्ग्रहका समग्र कवितालाई हेर्दा वर्णको पुनरावृत्ति, आध्यानुप्रास, शब्दगत अन्त्यानुप्रास र अर्थगत अन्त्यानुप्रास भएको पाइन्छ । यसप्रकारका कविताांशहरू यसरी हेर्न सकिन्छ –

(क) रात बनी मलाई सुताइदेऊ,<br>
बिहानी बनी मलाई ब्यूँझाइदेऊ,<br>
सन्ध्या बनी मलाई दीप जलाइदेऊ,<br>
आशा बनी जीवनलाई फुलाइदेऊ (चौध, पृ. २०)

(ख) अध्यानुप्रास

मैले लेखेको गीतलाई तिमी आई गाइदेऊ,<br>
मैले रचेको कवितालाई तिमी आई सुनाइदेऊ । (छ, पृ. ९)

(ग) शब्दगत अन्त्यानुप्रास

कुनै पुतलीहरू नाचे झैँ<br>
कतै फूलहरू फुलेझैँ<br>
प्रफुल्ल भई पंक्षिहरूले गाए झैँ गुंजिने,<br>
एक मात्र होली हो<br>
प्रिय, त्यो तिम्रो बोली हो ।(एक, पृ.१)

(घ) अर्थगत अन्त्यानुप्रास

तिमी भनी बाँचेको प्रिय,
एउटा फूल स्यूरन दिए,
मलाई लाग्थ्यो बाँचेभैँ त्यस्तो
बैंसभित्र बसन्त पाए जस्तो (तीन, पृ ५)

कवि भूषणका कवितामा मुक्तलयको प्रस्तुतिले साङ्गतिकताको सिर्जना गरेको छ । यिनले आफ्नो कवितामा सरल, संवेद्य शब्दहरूको प्रयोग गरेका छन् जसले गर्दा कविता साधारण पाठकले पनि सजिलै बुझ्न सक्ने देखिन्छ । यसरी लयविधानका हिसाबले उनका कवितामा भाव अभिव्यक्तिलाई रोचक ढङ्गले प्रस्तुत गर्न गद्यलयको प्रयोग गरेको आभास पाइन्छ ।

### ५.२.७ भाषाशैली

भाषा भाव र विचार अभिव्यक्तिको माध्यम हो भने अभिव्यक्ति दिने तौरतरिका चाहिँ शैली हो । भाषाशैलीले चरनालाई सरल-जटिल, सरस-निरस, क्लिष्ट र सुबोध्य बनाउन सक्छ । कोमलकान्त पदावलीको प्रयोगबाट विषयवस्तु र भावबीच समन्वय ल्याई रचनालाई रोचक बनाउन भाषाशैलीको विशेष भूमिका रहन्छ । कवि भूषणको ‘मेरो वसन्त’ कविता सङ्ग्रह गद्य भाषामा लेखिएको छ । गेहेन्द्रभूषणका कवितामा प्रयुक्त भाषाशैली सरलता, सरसता र सुबोद्ध्यता पाइन्छ । यस कवितामा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको पनि कतै प्रयोग गरिएको पाइन्छ । उनको ‘मेरो वसन्त’ कविता सङ्ग्रहमा सहजै बोधगम्य हुने गरी साधारण बोलीचालीका भाषाका साथै झर्रा नेपाली शब्दको प्रयोग समेत गरेको देखिन्छ । कवितामा आवश्यकता अनुसार पूर्णविराम, अल्पविराम, उद्गार चिह्न र योजक चिह्नको समेत प्रयोग कुशलतापूर्वक गरिएको छ । यहाँ यसप्रकारका उदाहरण यसरी प्रस्तुत गरिन्छ :

कसरी यो भेटघाट जुऱ्यो ?
जोवन यही फुलेभैँ भयो,
यो ठाउँले मोहनी लायो,
विदा हुन झन् गाह्रो भयो ।
मेरा आँखाको के छ र दोष ?
तिम्रो त रूप नै त्यस्तो,
आकाशको लोभलाग्दो जूनजस्तो ।

**निष्कर्ष**

प्रस्तुत 'मेरो वसन्त' कविता सङ्ग्रह गेहेन्द्रभूषण पोखरेलीको प्रथम प्रकाशित कविता सङ्ग्रह हो र यसमा सङ्कलित कविताहरू उनको जीवनसँग सम्बन्धित घटनामा आधारित कविताझैँ प्रतीत हुन्छ । यसमा वसन्त ऋतुको समयमा प्रेमीले प्रेमिकालाई सधै साथ दिनको लागि आग्रह गरेको पाइन्छ । पेमीले प्रेमीका विना आफ्नो जीवन अस्तित्वहीन भएको र प्रेमिकाको साथ पाएमा मात्र आफ्नो जीवन पूर्ण हुने धारणा यसमा व्यक्त गरिएको छ साथै वर्तमान युवा पिढीँलाई प्रेममाथि हुने घात अर्न्तघातप्रति सचेत रहन आग्रह गरिएको छ । यसमा कविले आफ्नो मनमा रहेका भावलाई एकालापिय रूपमा अभिव्यक्त गरेका छन् । समग्रमा सरल, सम्प्रेष्य एवम् वर्णनात्मक, प्रश्नात्मक र व्यङ्ग्यात्मक शैलीका अतिरिक्त पूर्णविराम, अल्पविराम, उद्गार तथा योजक चिह्न आदिको प्रयोगले सिङ्गो कविता सङ्ग्रह नै साङ्गीतिक बन्नुका साथै यिनका कवितामा शब्दगत र अर्थगत अन्त्यानुप्रास, आध्यानुप्रास आदिको समेत प्रयोगले 'मेरो वसन्त' कविता सङ्ग्रह सम्प्रेषणीय बन्न पुगेको छ ।

**५.२.८ 'राष्ट्रनाद' कविता सङ्ग्रहको अध्ययन**

राष्ट्रनाद (२०३९) कविता सङ्ग्रह कवि भूषणका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा सङ्कलित कविताहरू वि.सं. २०१७ सालदेखि वि.सं. २०३८ सालसम्ममा हिमदूत, माधुर्य, मातृभूमि, साप्ताहिक आह्वान, धारा त्रैमासिका, संरक्षक साप्ताहिक आदि विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित भइसकेका छन् भने कतिपय कविताहरू यसै सङ्ग्रहमा पहिलोपल्ट प्रकाशित भएका छन् । शीर्षक क्रमणीकाका आधारमा हेर्दा यस सङ्ग्रहमा जम्मा २३ वटा कविता संग्रहित देखिन्छन् ।

**५.२.९ शीर्षक र भावसङ्गति**

'राष्ट्रनाद' कविता सङ्ग्रहको नामकरण सङ्कलित कविताहरूका शीर्षकबाट नभई छुट्टै शीर्षकमा राखिएको छ । यो राष्ट्रिय भावनाले ओतप्रोत भई लेखिएको कविता सङ्ग्रह हो । 'राष्ट्रनाद' शब्द (राष्ट्र + नाद) मिलेर बनेको तत्सम् शब्द हो । राष्ट्रनादको समष्टि अर्थ

आफ्नो देशको संस्कृति र विशिष्टताप्रति गौरब गर्ने भावना, राष्ट्रको उन्नति-प्रगतिलाई सबभन्दा बढी महत्व दिने दृष्टिकोण, राष्ट्रप्रतिको आस्था वा निष्ठा, देशभक्ति एवम् राष्ट्रभक्ति भन्ने बुझाउँछ । प्रस्तुत सङ्ग्रहमा संग्रहित कविताहरू देशमा घटेका विकृति, विसङ्गतिप्रति साङ्केतिक व्यङ्ग्य गर्दै देशभक्तिले भरिएकाले नै 'राष्ट्रनाद' शीर्षक राखिएको हो । त्यसैले यस कविता शीर्षक अनुरूप भाव र कविता अनुरूप शीर्षक चयन भएको देखिन्छ ।

### ५.२.१० संरचना

कविताको संरचना भन्नाले एउटा साहित्यिक कृतिको बनोट भन्ने बुझिन्छ । प्रत्येक कृतिको आफ्नो संरचना हुन्छ र यो बिना कृति निर्माण हुन सक्दैन । गेहेन्द्रभूषण पोखरेलीको 'राष्ट्रनाद' कविता सङ्ग्रहका कविताहरूलाई संरचनागत रूपमा हेर्दा पद, पदावली, परिच्छेदहरू अश्रृङ्खलित देखिन्छ । 'राष्ट्रनाद' कविता सङ्ग्रहभित्र सङ्कलित २३ वटा कविताहरू आकारमा सानो र ५२ पृष्ठमा संरचित छ । यस सङ्ग्रहमा संग्रहित 'तिम्रो देश' (२०१७) कविता भूषणको प्रारम्भिक कालमा लेखिएको कतिवा हो । उनका कविता रचना संरचना कतै दुई हरफको एक श्लोक र कतै सम्पूर्ण कवितालाई एक श्लोकमा नै लेखिएको छ ।

### ५.२.११ विषयवस्तु

विषयवस्तुका दृष्टिले 'राष्ट्रनाद' कविता सङ्ग्रहका कविताहरू मूल रूपमा राष्ट्रिय भावना, राजनीतिक, नारीमाथि व्यङ्ग्य, प्रकृतिप्रेम, भ्रष्टाचार, धार्मिक विसङ्गति, वैयक्तिक स्वार्थमा लाग्नेमाथि व्यङ्ग्य जस्ता विषयवस्तुमा आधारित छन् । राजनीतिक र सहरिया परिवेशलाई समेत उनले उत्तिकै सशक्त रूपमा व्यङ्ग्य गरेका छन् । धार्मिक विसङ्गतिप्रति पनि कविले व्यङ्ग्य प्रहार गर्न पुगेका छन् । यी विविध विषयवस्तुलाई सङ्क्षिप्त रूपमा उदाहरणसहित तल विश्लेषण गरिन्छ –

**(क) राष्ट्रियता :** कवि भूषणका कविताहरू राष्ट्रिय भावनाबाट ओतप्रोत छन् । उनले कविताको शीर्षक नै राष्ट्रनाद राखेका छन् । राष्ट्रिय परिवेशबाट टिपिएका विषयवस्तुलाई उनले आफ्नो कवितामा अभिव्यक्त गरेका छन् । यसप्रकारका विषयवस्तु भएका कवितांशहरू उदाहरणका रूपमा प्रस्तुत गरिन्छ –

यही देशको गर्भमा
तिमीलाई बास मिल्यो,
यही देशको अन्न जलले,
प्राणमा प्राण पलायो,
यहीँको हावाले तिम्रो यौवन फुलायो ।
नसा नसामा रगत बढायो,
जबसम्म तिम्रो दिलमा याद रहन्छ
तबसम्म यो देश हराउँदैन
कहिल्यै बिलाउँदैन । (तिम्रो देश, पृ. ५०)

**(ख) तत्कालीन राजनीतिक परिवेशप्रति व्यङ्ग्य**

यस 'राष्ट्रनाद' कविता सङ्ग्रहका अधिकांश कविताहरूमा तत्कालीन राजनीतिक परिवेशलाई व्यङ्ग्य प्रहार गरी लेखिएको पाइन्छ । बहुदल पूर्वका शसकहरूद्वारा जनतामाथि गरिएको थिचोमिचोप्रति पनि कवि उत्तिकै सशक्त व्यङ्ग्य हान्न पुगेका छन् । यसप्रकारका केही कवितांश उदाहरणका रूपमा लिन सकिन्छ –

हामीलाई आगोको लप्काले डढाइने मात्र होइन
पोखरीको पानीमै पनि ठडुबाइने आशङ्का छ
हामीलाई बाहिरको गिद्दको मात्रै होइन
घरभित्रकै ब्वाँसोको पनि खतरा छ । (हामी पहरेदार बनौ, पृ. ९)

नेपालमाथिको आकाश सबैको हो,
यहाँको एक मूठी माटो पनि
हामी सबैको हो,
अझ यहाँको स्वच्छ वायुमण्डल सबै
हाम्रै हो–हामी सबैका हौँ;
त्यसकारण कसैले यो देशलाई छोड्नु पर्दैन,
तर देशको नाममा आएको
विदेशी सहायताका रकमहरूले
भूँडी भर्ने नियत भने
सबैले छोड्नुपर्छ,
तर देश भने कसैले छोड्नुपर्दैन । (कसैले देश छोड्नुपर्दैन, पृ. ८)

**(ग) धार्मिक विसङ्गति :** यस कविता सङ्ग्रहका कतिपय कविताहरूमा धार्मिक विसङ्गतिले समाजमा ल्याएका असंख्य कुरीतिलाई कवि भूषणले लाक्षणिक रूपमा अभिव्यक्त गरेका छन् । धर्मका नाममा भएको अन्याय, अत्याचार र कार्यमा एक र मनमा अर्को सोचाइले यस्ता कुरीति जन्मिन्छन् भन्ने कुरा देखाएका छन् । यसप्रकारका उदाहरणहरू –

रामले शूद्रकलाई नमारेको भए
ब्राह्मण-क्षत्रीय-वैश्य-शूद्र भन्ने भावनाले

पूर्वाग्रह नलिएको भए,
हाम्रा संस्कारहरू किन टुहुरा हुन्थे र
यदि हामीले
हाम्रा इतिहासलाई केलाएको भए ।

धर्ममा दर्शनको मूल्य बढेको भए
व्याख्यानसँगै व्यवहार सुध्रिएको भए,
ब्रह्मा, विष्णु, महेश्वरहरू–
अलौकिक अस्तित्वमा लुक्नुको सट्टा
प्रकृतिकै आँगनमा
सृष्टि, स्थिति र संहारको रूपमा
चिनाउन पाएको भए
हाम्रा आध्यात्मिकता
किन दु:खित हुन्थ्यो र
यदि हामीले धर्मलाई
रुढीवादमा नलिएको भए । (हामी किन पछि पर्‍यौं र ! पृ. ३१)

**(घ) प्रकृतिपरक :** यस सङ्ग्रहमा संग्रहित कविताहरूमा प्रकृतिपरक विषयवस्तु पनि समावेश गरेको पाइन्छ । कवि भूषणले प्रकृतिका मनमोहक दृश्यहरूलाई आफ्ना कवितामा अभिव्यक्ति प्रदान गरेका छन् । प्रकृतिक चित्रणका उदाहरण तलका कवितांशमा हेर्न सकिन्छ–

पिंजराका डण्डीहरू च्यातेर
अमूर्त उषा-कालमा बासेका
भालेका उच्च आवाजहरू... ।
सगरमाथा र कञ्चनजङ्घाहरूले
उठाएका शिरहरू...।
सधैंसधैं सुनिरहेछु
अमरत्वका ती बलिदानहरू । (शहीदहरूको स्मृतिमा, पृ. ३२)

**(ङ) नारीमा देखिएको विकृतिको व्यङ्ग्य :** आधुनिकताका नाममा नारीमाथि देखिएको विकृतिको व्यङ्ग्य कविले गरेका छन् । वर्तमान युगमा नारीहरूमा देखिएको भ्रुण हत्याको विरोध कविले आफ्नो कवितामा गरेको पाइन्छ ।

उदाहरण :

ए, सुत्केरीहरू हो,
त्यो भरखर जन्मेको बच्चाको
आँखा चिम्लेर हत्या नगर,
आफ्नै छातीमा
आफ्नै मुटुका मुनालाई
घाँटी थिचेर हत्या नगर । (ए सुत्केरीहरू हो, पृ. २७)

**(च) सामन्तप्रति व्यङ्ग्य :** कवि भूषणले समाजमा भएको शोषण प्रवृत्तिमाथि व्यङ्ग्यप्रहार गरेका छन् । जस्तै :

एक दिनलाई पनि पुग्दैन
जुनबेला पसीनाका कणलाई
सामन्तीले शोषण गर्छ,
जुन बेला परिश्रमी प्रश्वासलाई
जूवा, रक्सी र रण्डीबाजीले बिटुलो पार्छ,
अथवा फेशन र रवाफले
आफन्तसँग अलग्गिन थाल्छ,
हो, त्यो बेला केही पनि पुग्दैन,
कमाई पुग्दैन, पुर्खाको सम्पत्ति पाइँदैन,
अनि सधैँ अभाव-
जीवन अभाव, संसार अभाव । (दशैँ-खर्च, पृ.३५)

प्रस्तुत 'राष्ट्रनाद' कविता सङ्ग्रहमा कविले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएका विसङ्गति र विकृतिहरू, गाउँगाउँमा भएको गाउँलेहरूको जीवन भोगाई, सहरिया महिलाहरूमा देखिएको विकृति, राजनीतिका नाममा भोका, नाङ्गा, निमुखा जनताको

कारुणिक क्रन्दन र मूल रूपमा राष्ट्रिय भावनाले ओतप्रोत विषयलाई विषयवस्तुका रूपमा आफ्ना कवितामा कवि भूषणले व्यक्त गरेका छन् ।

### ५.२.१२ भावविधान

'राष्ट्रनाद' कविता सङ्ग्रह राष्ट्रिय भावनाले ओतप्रोत भएको कविता सङ्ग्रह हो । यस कविता सङ्ग्रहमा २३ वटा कविताहरू संग्रहित छन् । कुनै पनि राष्ट्रको लागि राष्ट्रियता सबैभन्दा ठूलो हो भन्ने कुरामा दुईमत हुन सक्दैन भन्ने कुरालाई यस कविता सङ्ग्रहमा व्यक्त गरिएको छ । सच्चा राष्ट्रियताको अभावमा राष्ट्र, समाज र नैतिकता आत्मसम्मानहीन, परमुखी एवम् दासत्वको जञ्जीरले बाँधिन जाने कुराप्रति वर्तमान नेपालीहरू सचेत गराइएको पाइन्छ । सच्चा राष्ट्रियता निश्चय पनि बाह्य आडम्बरमा सीमित रहने कुरा होइन र यसलाई परम्परागत सङ्कुचित सीमाले घेरि राख्नु पनि आजको राष्ट्रियता हुन सक्दैन भन्ने मूल भाव यसमा व्यक्त गरिएको छ । मन, वचन र कर्मले व्यक्तिगत स्वार्थ एवम् साम्प्रदायिक दूर्गुणहरूलाई त्यागेर सम्पूर्ण राष्ट्रिय समाजप्रतिको उत्तरदायित्व र अनुराग धारण गर्नु र आफ्नो राष्ट्रियतालाई जसरी उच्च मानिन्छ त्यसरी नै अरूको राष्ट्रियतालाई पनि उच्च मानेर सम्मान गर्नु आजको खास राष्ट्रियताको तात्पर्य हो भन्ने भाव यस कवितामा पाइन्छ । यसरी कविले यस कविता सङ्ग्रहमा आफ्नो राष्ट्रभक्तिलाई अभिव्यक्ति गरेका छन् ।

### ५.२.१३ लयविधान

कवितालाई गद्यबाट छुट्याउने तत्व नै लय हो । लयले कवितालाई साङ्गीतिक र गेयात्मक बनाउँछ । 'राष्ट्रनाद' कविता सङ्ग्रहका कविताहरू सबै गद्यलयमा नै संरचित छन् । यस सङ्ग्रहका कविताहरू साङ्गीतिक र सुन्दर भाषा प्रयोगले कवितालाई गेयात्मक बनाएको छ । यसका अतिरिक्त आद्यअनुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रास प्रयोगले कविताको लयात्मकतालाई गम्भीर र तीब्र बनाएको छ । ठाउँठाउँमा भएको शब्दको पुनरावृत्तिले अर्न्तलयको सिर्जना गरेको छ । यस प्रकारका कवितांशहरू उदाहरणस्वरूप तल प्रस्तुत गरिन्छ –

आफै – आफ बलिरहेको हुन्छ ।
त्यहाँनिर म हेरिरहेको हुन्छु
मेरो राष्ट्रियताले मलाई नै उपहास गरेको,

मेरो अखण्डताले मलाई नै खण्डित गरेको (मेरो राष्ट्रिष्यता, पृ. १)

माथिको उदाहरणमा आएका आध्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासले कवितामा साङ्गीतिकता र लयात्मकता थपेको छ । भूषणका 'राष्ट्रनाद' कविता सङ्ग्रहका गद्य कविताहरू छन्दमुक्त भए पनि अनुप्रासीयता अर्न्तअनुप्रासीयता र अन्तः साङ्गीतिकताले गर्दा लयात्मक बन्न पुगेका छन् ।

### ५.२.१४ भाषाशैली

भाषाशैली कविताको बाह्य पक्षसँग सम्बन्धित हुन्छ र साहित्यका गद्यपद्य दुवै विधामा रचनाकारको साहित्यिक कलाको परिचय भाषाशैलीबाटै हुन्छ । भाषाविचार अभिव्यक्तिको माध्यम हो भने अभिव्यक्ति गर्ने ढङ्ग चाहिँ शैली हो । भाषाशैलीले रचनालाई सरल-जटिल, सरस-नीरस बनाउन सक्छ । विषयवस्तु र भावबीच समन्वय ल्याई रचनालाई रोचक बनाउन भाषाशैलीको विशेष भूमिका रहन्छ । विषयवस्तु र भावबीच समन्वय ल्याई रचनालाई रोचक बनाउन भाषाशैलीको विशेष भूमिका रहन्छ । यस 'राष्ट्रनाद' कविता सङ्ग्रहमा कवि भूषणले प्रंयोग गरेको भाषाशैली गद्यात्मक, वर्णनात्मक र काव्यात्मक रहेको छ । प्रायः कविताहरूमा कविले गेयात्मकता ल्याउन र शब्दचयन गर्न ठेट नेपाली शब्दको बढी प्रयोग गरेका छन् । तद्भव-आगन्तुक र अनुकरणात्मक शब्दहरूको प्रयोग यस कविता सङ्ग्रहमा पाइन्छ । यस प्रकारका शैलीहरू तलका कवितांशमा हेर्न सकिन्छ –

**(क) वर्णनात्मक**

यहाँका असहाय बृद्धहरू
बृद्धत्व नै अभिशाप मानेर
सडकहरूमा हात पसारिरहेका
जब देख्दछु,
फेरिकलिला बाल-बालिकाहरू
कलिलैदेखि थाङ्ने र माग्ने भई
बाटहरूमा सुतिरहेका
जब देख्दछु,
त्यहाँ तिनीहरूलाई एक सुका दिएर
राष्ट्रियताको आडम्बर देखाउनुको सट्टा

उनीहरूको जीवनकै उत्तरदायित्व
लिउँ-लिऊँ लाग्दछ
तर गफाडीको गफ जस्तै
मेरा अभ्यन्तरका लहरहरू
आधारहीन भई विवशतामा
त्यसै-त्यसै गुम्सिन्छन्,
अनि मेरो राष्ट्रियता त्यसरी नै रित्तिरहन्छ,
मेरो अखण्डता त्यसरी नै खण्डित भइरहन्छ । (मेरो राष्ट्रियता, पृ. २)

**(ख) प्रश्नात्मक**

मलाई लाग्छ,
यसरी माग्ने गर्दा
आफ्नो अधिकार थिचिन्न र ?
सामाजिक प्राणीको सिद्धान्त भासिन्न र ?
अथवा आत्म-सम्मानले
आर्त-पुकार गर्दैन र ?
दशै-खर्च मान्दा, एउटा परम्परा बसाल्दा । (दशै-खर्च, पृ. ३४)

**(ग) व्यङ्ग्यात्मक**

यहाँ एउटा परम्परा थाल्नुपर्छ,
मन्त्रीले मजदूर-किसानलाई
पहिले 'नमस्ते' गर्न लगाउनुपर्छ ।

नोकरले मालिकलाई ईश्वर मान्ने
मालिकले नोकरलाई पशु ठान्ने
दोहरो दुसाधलाई पशु ठान्ने
यहाँ नवीन परम्परा थाल्नुपर्छ । (परम्परा थाल्नुपर्छ, पृ. ३)

यसरी विभिन्न शब्दहरूको समूचित प्रयोग गर्दै तद्भव, अनुकरणात्मक र आगन्तुक जस्ता शब्दहरूको प्रयोगले 'राष्ट्रनाद' कविता सङ्ग्रहका कविताहरू सरल र सुबोध्य बनेका

छन । वर्णनात्मक, प्रश्नात्मक र व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरी लयात्मक गद्य कविता रचना गर्नु कवि भूषणको भाषाशैलीगत विशेषता हो ।

**निष्कर्ष**

कवि गेहेन्द्रभूषण पोखरेलीको 'राष्ट्रनाद' कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा सामाजिक, राजनीतिक, धार्मिक विसङ्गति, देशप्रेम, सहरिया नारीमाथि देखिएको विकृतिप्रति व्यङ्ग्य, विद्रोह जस्ता विविध विषयवस्तुहरू पाइन्छन् । यिनका कविता सरल र सरसताका साथै भावपक्षमा प्रभावकारी बन्न पुगेका छन् । यस कविता सङ्ग्रहमा कवि भूषणले विविध विसङ्गतिप्रति व्यङ्ग्य विद्रोह गर्दै मूल स्वरमा राष्ट्र र समाजको सुधारको चाहना राखेका छन् ।

### ५.२.१५ '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहको अध्ययन

गेहेन्द्रभूषण पोखरेलीको '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रह एक दशकको अवधिमा लेखिएका कविताहरूको सङ्ग्रह हो । कविले कविताहरूमा हाम्रो देशको राजनीतिक, सामाजिक अवस्था विसङ्गतिहरू, अव्यवस्थाहरूप्रति व्यङ्ग्य गरेका छन् । यस संग्रमा सङ्कलित कविताहरू वि.सं. २०३६ देखि २०४६ सम्मका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित भइसकेका छन् भने कतिपय कविताहरू यसै सङ्ग्रहमा पहिलोपल्ट प्रकाशित भएका छन् । शीर्षक क्रमकणीकाका आधारमा हेर्दा यस सङ्ग्रहमा जम्मा ७१ वटा कविता संग्रहित देखिन्छन् ।

### ५.२.१६ शीर्षक र भावसङ्गति

'०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहको नामकरण सङ्कलित कविताहरूमा शीर्षकबाट नभई छुट्टै शीर्षकमा राखिएको छ । 'छत्तिसदेखि छ्यालीस सम्मका सङ्घातहरू' सामाजिक, आर्थिक र राजनीतिक घात-प्रतिघातको सङ्घात हो । त्यसैले यस सङ्ग्रहको शीर्षक सार्थक देखिन्छ । यसमा शीर्षक अनुरूप भाव र भाव अनुरूप शीर्षक चयन गरिएको पाइन्छ । सामाजिक विषमताको क्रियाप्रतिक्रिया, आर्थिक असमानताको द्वन्द्व–प्रतिद्वन्द्व र राजनीतिक घात-प्रतिघातको समवेत स्वर नै सङ्ग्रहको मूल स्वर हो । आधुनिक नेपालको राजनैतिक इतिहासमा छत्तीस र छ्यालीसले बिशिष्ट ऐतिहासिक महत्व राख्दछ । छत्तीसको मानसिकता आन्दोलित छ र छ्यालीसको सफलता आलोकित छ । यसरी एक दशकको क्रियाप्रतिक्रिया, द्वन्द्वप्रतिद्वन्द्व र घात-प्रतिघातको सङ्घातको कथा र व्यथा नै

सङ्ग्रहको वर्चस्व हो । त्यसैले यस कविता शीर्षक अनुरूप भाव र कविता अनुरूप शीर्षक चयन भएको देखिन्छ । तापनि यो शीर्षक त्यति काव्यात्मक चाहिँ लाग्दैन ।

### ५.२.१७ संरचना

कविताको संरचना भन्नाले एउटा साहित्यिक कृतिको बनोट भन्ने बुझिन्छ । प्रत्येक कृतिको आफ्नो संरचना हुन्छ र यो बिना कृति निर्माण हुन सक्दैन । गेहेन्द्रभूषण पोखरेलीको '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहका कविताहरूलाई संचरनागत रूपमा हेर्दा पद, पदावली, परिच्छेदहरू अश्रृङ्खलित देखिन्छ । ०३६ देखि ०४६ सम्मका सङ्घातहरू कविता सङ्ग्रहभित्र सङ्कलित ७१ वटा कविताहरू आकारमा बृहत र १३१ पृष्ठमा संरचित छ । उनका कविता रचना संरचना कतै सम्पूर्ण कवितालाई एक श्लोक, कतै एक हरफमा एक शब्द र कतै दुई हरफको एक श्लोकमा नै लेखिएको पाइन्छ ।

### ५.२.१८ विषयवस्तु

कवि गेहेन्द्रभूषण पोखरेलीले यस कविता सङ्ग्रहमा ०३६ देखि ०४६ सम्मका सामाजिक–आर्थिक र राजनीतिक घात-प्रतिघातलाई नै मुख्य विषयवस्तु बनाएका छन् । सामाजिक विषमताको क्रिया-प्रतिक्रिया, आर्थिक असमानताको द्वन्द्व-प्रतिद्वन्द्व र राजनीतिक घात-प्रतिघातको समवेत स्वर नै सङ्ग्रहको मूल विषयवस्तु हो । समष्टिमा विषयवस्तुका दृष्टिले '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहका कविताहरू मूल रूपमा राष्ट्रिय भावना, राजनीतिक, भ्रष्टाचार, आर्थिक विषमता, धार्मिक विसङ्गति, वैयक्तिक स्वार्थमा लाग्ने माथि व्यङ्ग्य जस्ता विषयवस्तुमा आधारित छ । यी विविध विषयवस्तुलाई सङ्क्षिप्त रूपमा उदाहरण सहित तल विश्लेषण गरिन्छ –

#### (क) राष्ट्रियता

कवि भूषणका कविताहरू राष्ट्रिय भावनाबाट ओतप्रोत छन् । राष्ट्रिय परिवेशबाट टिपिएका विषयवस्तुका माध्यमबाट राष्ट्रप्रेमलाई कविले अभिव्यक्त गरेका छन् । यसप्रकारका विषयवस्तु भएका कवितांशहरू उदाहरणका रूपमा प्रस्तुत गरिन्छ –

> ठूलाठालूले सानालाई मिचेको देख्दा,
> शिक्षितले अशिक्षितलाई ठगेको देख्दा,
> पढैयाले अनपढलाई हेपेको देख्दा,
> शहरकाले गाउँकालाई घृणा गरेको देख्दा,

बलियाले निर्बललाई निमोठेको देख्दा,
धनीले गरीबलाई चुसेको देख्दा,
सरकारले जनतालाई जबरजस्ती गरेको देख्दा,
जतातते यहाँ राष्ट्रियता फाटेको देख्छु ।
फाटेको मात्र होइन प्वालैप्वाल परेको भन्छु । (यहाँ राष्ट्रियता, पृ. ११६)

**(ख) तत्कालीन राजनीतिक परिवेशप्रति व्यङ्ग्य**

यस '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहका अधिकांश कविताहरूमा कविले तत्कालीन राजनीतिक परिवेशलाई व्यङ्ग्य प्रहार गरेका छन् । बहुदल पूर्वका शासकहरूद्वारा जनतामाथि गरिएको थिचोमिचोप्रति पनि कविल उत्तिकै सशक्त व्यङ्ग्य हान्न पुगेका छन् । राजाद्वारा जनअधिकारको घोषणापछि जनतामा आएको अपार खुशी कविले आफ्ना कवितामा अभिव्यक्त गरेका छन् । यसप्रकारका केही कवितांश उदाहरणका रूपमा तल दिइन्छ –

यहाँका सचिवहरूलाई
खाने र खुवाउने सेवक चाहिएको छ ।
यहाँका मन्त्रीहरूलाई
पिउने-पिलाउने सहयोगी चाहिएको छ ।
यीनै दुईका हातमा
अनपढ जनताको लगाम परिरहेको छ ।
त्यसैले देश र जनता
दीर्घ रोगी भइरहेको छ ।

(माग्नेहरू किन नबढोस् त ? पृ ११)

आजको राजनीतिलाई के मतलब छ र जनताको भविष्यको ।
उसलाई त जनताको नाममा शासन गर्न पाए पुगेको छ ।
नेताहरूलाई के सरोकार छ र जनताको हक र हितको,
तिनीहरूलाई त आफ्नै हैकम जमाउन पाए पुगेको छ ।
यसरी नै तिनीहरू आफ्नै शासन र शक्ति बढाउन चाहन्छन् ।
जङ्गबहादुर र हिटलर भई उदाउने इच्छा राख्छन् ।

(आजको राजनीति, पृ. ६५)

जनचेतना एकत्रित भयो भने
ध्रुवतारालाई पनि भेट्टाउन सकिने रहेछ ।
जनमत एक ढिको भयो भने
“पहाड हुँ” भन्नेलाई पनि पछार्न सकिने रहेछ

(मध्यरातमै अँध्यारो धपायो, पृ. १२९)

**(ग) धार्मिक विसङ्गति**

यस कविता सङ्ग्रहका कतिपय कविताहरूमा धार्मिक विसङ्गतिले समाजमा ल्याएका असंख्य कुरीतिलाई कवि भूषणले अभिव्यक्त गरेका छन् ।

छुवाछुत जस्तो असभ्य चलनलाई
समाजको संस्कार मान्नै पर्ने,
भेदभावपूर्ण वर्ण व्यवस्थालाई पनि
आफ्नो संस्कृति भन्नैपर्ने,
यो हाम्रो रीतिथिति कस्तो कस्तो !
सामन्तले मात्र मोज गर्ने परिपञ्च यस्तो ।

(कस्तो, पृ. ११८)

**(घ) प्रकृतिपरक**

यस सङ्ग्रहमा यदाकदा प्रकृतिपरक विषयवस्तु पनि समावेश गरेको पाइन्छ । कवि भूषणले प्रकृतिका मनमोहक दृश्यहरूलाई आफ्ना कवितामा अभिव्यक्ति प्रदान गरेका छन् । प्रकृति चित्रणमा उदाहरण तलका कवितांशमा हेर्न सकिन्छ –

सम्पूर्ण वनलाई नाश गर्ने वनमारा
जताततै छाडा भएर
पुर्खौली हैकम देखाइरहेछ ।
आफू मात्र बाँच्ने महान हुने
जङ्गली भावना लिएर
अरू सबैलाई कुल्चन खोजिरहेछ

(वनमारा, पृ. ४६)

**(ङ) सामन्तप्रति व्यङ्ग्य**

प्रस्तुत कवित सङ्ग्रह कवितामा कविले सामन्त वर्गले देश र जनतामाथि गरेको अन्याय र अत्याचारप्रति कवि व्यङ्ग्य प्रहार गर्न पुगेका छन् –

सत्ता, सम्पत्ति र शासनका पुतलाहरू
'मान्छे हुँ' भन्ने मान्छेका अनुहारहरू
मान्छेलाई नै नचिन्ने रहेछन ।
जङ्गलमा हराउँदै गएका जन्तुहरू
जस्तै–बाघ, भालू र ब्वाँसाहरू,
अब त मान्छेकै समाजमा पाइने भएछन् ।

(मिल्दाजुल्दा अनुहारहरू, पृ.४८)

एक दर्जन स्वास्नी राख्ने
सामन्तहरूका पतिव्रता जस्तै,
जे गरे पनि लोग्नेलाई देवता मान्ने
सुनका सिक्रीले बाँधिएका पटरानी जस्तै,
आफ्नै स्वार्थ र सत्ताले पेल्न खोल्ने
परम्परावादी सासू बूहारी जस्तै,
आजका कवि, कलाकार र लेखकका हातको
म केवल निरीह लेखनी भए ।

(म निरीह लेखनी भएँ, पृ. ३६)

**(च) मानवतावादी विषयवस्तु**

कवि भूषणले कविताहरूमा मानवतावादी विषयवस्तुलाई पनि समावेश गरेका छन् ।

**मानवता**

कहीँ द्रव्यपिशाचाहरूले चोक-बजारमै
तिमीलाई बलात्कार गरिनेछ ।
कहीँ सत्तापिपासुहरूले माया गरेर
तिम्रो रगत चुसिरहेछ ।

**तिमी विवश छौ**

बलात्कारलाइ स्वीकारनु सिवाय,

आफ्नू रगतलाई चुसाउनु सिवाय,

तिमी के गर्न सक्छौ र !

ती दानवहरूको समक्ष

बिचरा मानवता !

(मानवता, पृ. ९२)

**(छ) अस्तित्वहीन**

सबै नसाहरूमा ढुकढुकी छँदैछ,

तर मुटु 'चल्या' जस्तो लाग्दैन ।

खाईपिई हिँडिरहेकै पनि छ

तर 'बाँच्या' जस्तो देखिँदैन ।

(अस्तित्वहीन, पृ. ९६)

**(ज) शहरियाप्रति व्यङ्ग्य**

कवि भूषणले आधुनिकताका नाममा शहरमा देखिएका विकृतिप्रति व्यङ्ग्य गरेका छन् । यसमा सहरिया व्यक्तिको चित्रणमा जीवन्तता पाइन्छ ।

मीठो-मसिनो बोलीमा

सबैलाई फकाउने गर्छ त्यो ।

फकाएर जालमा पारेपछि

माकुरोले झैँ बलात्कार गर्छ त्यो ।

लवाइमा सिलिक्क, पैसा भनेपछि हिरिक्क

श्रृङ्गारमा चिटिक्क, छुनासाट पिटिक्क

यो मतलवी जरिया हो,

यो सहरिया हो ।

(सहरिया, पृ. १०९)

प्रस्तुत '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहमा कविले राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा भइरहेको विनाशकारी घटनाहरू, गाउँगाउँमा भएको गाउँलेहरूको जीवनभोगाई, गरिबहरूको जीवन कथा, राजनीतिका नाममा भएका विकृति, भोका, नाङ्ग,

निमुखा जनताको कारुणिक क्रन्दन, जनताका नाममा शासकहरूद्वारा भएको शोषण समेत विषयवस्तुका रूपमा कवि भूषणले व्यक्त गरेका छन् । यस सङ्ग्रहमा समावेश गरिएको विषयवस्तुका सम्बन्धमा डा. हिमांशु थापा भन्दछन् 'समग्र रूपले सङ्ग्रहमा प्रगतिवादी धरातलमा भावलोकको संरचना भएको छ । सामाजिक, आर्थिक र राजनीतिक विकृति र विसङ्गतिको भाव बोध पाइन्छ । तर कवि पोखरेलीको भाव र अभिव्यक्तिमा आशा र आस्थाको स्वर प्रखर रूपमा प्रतिध्वनित भएको पाइन्छ । कविको यात्रा राष्ट्रियताको बिन्दुबाट प्रारम्भ भएर मानवतातिर उन्मुख भएको छ ।'

### ५.२.१९ भावविधान

'०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहक कवि भूषणको कविता लेखनको चरोमत्कर्षकालको कविताहरूको सङ्गालो भएकाले यस सङ्ग्रहमा सङ्कलित प्रायः कविताहरू पुष्ट र परिपक्व देखिन्छन् । प्रवृत्तिगत दृष्टिले हेर्दा प्रगतिवादी प्रवृत्तिको प्रयोग देखापर्ने कविको अन्तर्भावना व्यक्तिगत रूपमा स्पष्ट झल्केको देखिन्छ । यस सङ्ग्रहमा कविको कवितत्वको केन्द्रीय भाव मूल रूपमा विकृति र विसङ्गतिपरक देखापर्छ । सामाजिक, राजनीतिक र धार्मिक क्षेत्रका कुरीति र विकृतिप्रति कलात्मक ढङ्गले व्यङ्ग्य प्रहार गर्दै सभ्यताको विकाससँगसँगै मानवताको विकास गर्न नसक्ने वर्तमानप्रति कविले आक्रोश व्यक्त गरेका छन् । सामाजिक, आर्थिक, राजनीतिक विकृति र विसङ्गतिको भाव बोध पाइन्छ । कविको यात्रा राष्ट्रियताको बिन्दुबाट प्रारम्भ भएर मानवतातिर उन्मुख भएको छ ।

शोषणरहित समाजको नारा दिए पनि आफै शोषण गर्न नछाड्ने खासगरी ०३६ देखि ०४६भित्रको पञ्चायती सामन्ती निरंकुशताले पुनर्स्थापना गरेको सामाजिक राजनीतिक र आर्थिक वातावरण अन्तरर्गतको अलोकतान्त्रिक एवम् अधिनायकवादी शासन व्यवस्था माथि व्यङ्ग्य प्रहार गर्नु नै यस कविताको मूल भाव हो । त्यसबेला मानवीय शाश्वत आकांक्षाहरू कसरी किचिमिची हुन गएका थिए भनी देखाउने यो एउटा प्रतिनिधि सँगालो हो । त्यतिमात्र होइन मानवीय संस्कार र संस्कृति दिनप्रतिदिन प्रारम्भ र विकास हुनुपर्ने आजको युगमा उल्टो त्यो कुरा ह्रास गराएर शासक र शासित, ठूलाबडा र रैति, पशुपति र पशुको झूटो संस्कार र संस्कृतिलाई जानाजान जनतामा सुदृढ पार्न खोजेको निहित कदमको भण्डाफोर गर्नुपनि यसको मुख्य भाव देखिन्छ । राष्ट्रियताको नाममा अन्तर्राष्ट्रिय स्वार्थ पूरा गरेर जनताको राष्ट्रियतालाई दिग्भ्रम पार्ने वातावरणको यो प्रतिबिम्ब हो ।

**५.२.२० लयविधान**

साहित्यका अन्य विधाबाट कवितालाई छुट्याउने मूल तत्व छन्द र लयविधान हो । कविता छन्दमा रचियोस् या गद्य दुवैमा एक किसिमको लय रहन्छ र नै कविता सहज, सरल र श्रुतिमधूर हुन्छ । लयले कवितालाई साङ्गीतिक र गेयात्मक बनाउँछ । लयधिवानाका दृष्टिले कवि गेहेन्द्र भूषण पोखरेलीका '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविा सङ्ग्रह सबै गद्यलयमा नै संरचित छन् । यो कविता सङ्ग्रह लगभग तीस वर्षको खासगरी ०३६ देखि ०४६ भित्रको करिब दश वर्षको पञ्चायती सामन्ती निरंकुशताले पुनर्स्थापना गरेको सामाजिक, राजनीतिक र आर्थिक वातावरण अन्तर्गतको अलोकतान्त्रिक र अधिनायकवादी प्रहारले गर्दा गुम्सिरहेको यो सांघातित अनुभूति हो । यसको शीर्षक हेर्दा त्यति काव्यात्मक लाग्दैन । तापनि यसमा कतिपय कवितामा प्रयोग गरिएको आध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोगले कविताको लयात्मकतालाई गम्भीर र तीब्र बनाएको छ । यस प्रकारका कवितांशहरू उदाहरणस्वरूप तल प्रस्तु गरिन्छ –

त्यसैले त्यसको प्रवाहलाई आत्मसात गर ।
त्यसको गन्तव्य मार्गलाई विकास गर ।
यही नै हो शक्तिलाई सघाउने ।
मानवता र राष्ट्रलाई सघाउने ।

(जनचेतना, पृ.६) ।

तिम्रो नारा प्रजातन्त्रवादी छ ।
तर धारा भने साम्यवादी छ ।
सम्पूर्ण पारा त उही सामन्तवादी छ ।

"असमानता अमानवीय" भन्छौं ।
निमुखामाथि आफै ठालू मान्छौ ।
छोप्न पाए थुप्रै शोषण गर्छौ ।

(तिमी, पृ. १११)

माथिको उदाहरण एकमा आध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएको भने उदाहरण २ र ३ मा अन्त्यानुप्रासको प्रयोग भएको छ । कवि भूषणका '०३६ देखि ०४६

सम्मका सङ्घातहरू" कविता सङ्ग्रहका गद्य कविताहरू छन्दमुक्त भए पनि आध्यानुप्रास, अन्त्यानुप्रासको र अन्तः साङ्गीतिकताले गर्दा लयात्मक बन्न पुगेका छन् ।

### ५.२.२१ भाषाशैली

भाषशैली कविताको बाह्य पक्षसँग सम्बन्धित हुन्छ र साहित्यक  गद्य पद्य दुवै विधामा रचनाकारको साहित्यिक कलाको परिचय भाषाशैलीबाटै हुन्छ । भाषा विचार अभिव्यक्तिको माध्यम हो भने अभिव्यक्ति गर्ने ढङ्ग चाहिँ शैली हो । भाषाशैलीले रचनालाई सरल, जटिल, सरस, निरस बनाउन सक्छ । विषयवस्तु र भावबीच समन्वय ल्याई रचनालाई रोचक बनाउन भाषाशैलीको विशेष भूमिका रहन्छ । यस '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहमा कवि भूषणले प्रयोग गरेको भाषाशैली गद्यात्मक, वर्णनपरक, प्रश्नात्मक र व्यङ्ग्यात्मक रहेको छ । तत्सम्, तद्भव, आगन्तुक र ठेट नेपाली शब्दहरूको प्रयोग पनि यस कवितामा भएको छ । प्रश्नात्मक र व्यङ्ग्यात्मक प्रकारका शैलीहरू तलका कवितांशमा हेर्न सकिन्छ –

**(क) प्रश्नात्मक**

के मौका छोपेपछि सबै यस्तै हुन्छन् ?
आसनमा पुगेपछि सबैले यस्तै गर्छन् ?
केयो मानवतालाई धोखा होइन ?
मान्छेले मान्छेप्रति गरेको कृतघ्नता होइन ?

(कृतघ्ना, पृ. १२५)

**(ख) व्यङ्ग्यात्मक**

छुवाछुत जस्तो असभ्य चलनलाई
समाजको संस्कार मान्नैपर्ने,
भेदभावपूर्ण वर्ण व्यवस्थालाई पनि
आफ्नो संस्कृति भन्नैपर्ने,
यो हाम्रो रीतिथिति कस्तो ।
सामन्तले मात्र मोज गर्ने परिपञ्च यस्तो ।

(कस्ते, पृ.११८)

यसरी विभिन्न शब्दहरूको समूचित प्रयोग गर्दै तत्सम, तद्भव, आगन्तुक शब्दहरूको प्रयोगले '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' कविता सङ्ग्रहका कविताहरू

सरल र सुबोध्य बनेका छन् । प्रश्नात्मक, वर्णनात्मक र व्यङ्ग्यानात्मक भाषाशैलीको प्रयोग गरी लयात्मक गद्य कविता रचना गर्नु कवि भूषणको भाषाशैलीगत विशेषता हो ।

**निष्कर्ष**

कवि गेहेन्द्रभूषण पोखरेलीको ०३६ देखि ०४६ सम्मका सङ्घातहरू कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा सामाजिक, राजनीतिक, धार्मिक विसङ्गति, देशप्रेम, भ्रष्टाचार, प्रगतिवादी चिन्तन र सामन्तप्रति व्यङ्ग्य विद्रोह जस्ता विविध विषयवस्तुहरू पाइन्छन् । यो कविता सङ्ग्रह कवि भूषणको सफलता प्राप्त गरेको कविता सङ्ग्रह हो । यो उनको साहित्ययात्राको उत्कर्षकालको प्राप्ति हो ।

'छत्तसिदेखि छ्यालीससम्मका सङ्घातहरू' सामाजिक, आर्थिक र राजनीतिक घात-प्रतिघातको सङ्घात हो । सामाजिक विषमताको क्रिया-प्रतिक्रिया, आर्थिक असमानताको द्वन्द्व प्रतिद्वन्द्व र राजनीतिक घात-प्रतिघातको समवेत स्वर नै सङ्ग्रहको मूल स्वर हो । यसरी एक दशकको क्रिया-प्रतिक्रिया, द्वन्द्व प्रतिद्वन्द्व र घात-प्रतिघातको सङ्घातको कथा र व्यथा नै सङ्ग्रहको बर्चस्व हो ।

## ६. गेहेन्द्रभूषण पोखरेलीका बालसाहित्यिक कृतिहरूको अध्ययन

नेपाली बालसाहित्यमा गेहेन्द्रभूषण पोखरेलीका कविता र कथा विधा गरी विभिन्न पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । उनका बालसाहित्यिक पुस्ताकाकार कृतिहरूमा 'बालक बिरुवा र पृथ्वीमाता' (२०४९), 'रमाइला सामाजिक बालकथा' (२०५४) र 'काकाको अर्ती नानीलाई फूर्ति' (२०५७) गरी जम्मा ३ वटा प्रकाशित छन् । उनका विभिन्न पत्रपत्रिकाहरूमा बालसाहित्यिक लेख रचनाहरू पनि प्रकाशित भएका छन् । यहाँ प्रकाशित पुस्तकाकार सबै कृतिहरूको अध्ययन तल गरिएको छ :

### ६.१ 'बालक बिरुवा र पृथ्वीमाता' बालसाहित्य २०४९ को अध्ययन

#### ६.१.१ परिचय

२०४९सालमा एकता प्रकाशन थापाथली, काठमाडौँद्वारा प्रकाशित 'बालकबिरुवा र पृथ्वीमाता' गेहेन्द्रभूषण पोखरेलीको पहिलो प्रकाशित बालसाहित्यिक कृति हो । यसको पहिलो संस्करण २०४९ सालमा र दोस्रो संस्करण २०५७ससालमा प्रकाशित भएको पाइन्छ । यस कृतिको प्रकाशनसँगै भूषण बालसाहित्यिक व्यक्तित्वका रूपमा देखा पर्दछन् । उनको साहित्य लेखनको उत्तरार्द्धचरण यसै कृतिबाट सुरु हुन्छ । यो 'बालक बिरुवा र पृथ्वीमाता'

कथा एक बालसाहित्यिक रचना हो । यसमा बालकहरूले बुझ्ने गरी बोटबिरुवा र पृथ्वीमाताको सम्बन्धमा रोचक बयान गरिएको छ ।

### ६.१.२ विषयवस्तु

'बालक बिरुवा र पृथ्वीमाता' कथा बालबालिकाहरूले बुझ्ने गरी बोटबिरुवा र पृथ्वीमाताका सम्बन्धमा रोचक बयान गरिएको छ । यस कथामा बोटबिरुवाहरूलाई मुख्य विषयवस्तु बनाई बोटबिरुवाको जन्म, बाल्यकाल, यौवनकाल, बृद्धावस्था र मृत्युसम्मको क्षणलाई प्रस्तुत गरिएको छ । आफ्नै वरपरका बोटबिरुवा र रुखबाट निर्मित भएको प्रकृति एवम् वातावरणका बारेमा बालकहरूले जे जस्ता जिज्ञासा राख्न सक्छन् तिनको समाधान गर्ने गरी यस पुस्तकमा रुख, बोटबिरुवा र तिनका बीउ, रुख र बोटबिरुवाका जीवन एवम् तिनको सुरक्षण, रुख र बोटबिरुवाहरूका सङ्घर्ष, सङ्कट एवम् आयु, बोटबिरुवा र रुखका उपयोग एवम् त्यसबाट मानिसलाई हुने फाइदा जस्ता विभिन्न पक्षमा कथात्मक ढङ्गले रोचक रूपमा विषयवस्तुमाथि प्रकाश पारिएको छ ।

### ६.१.३ भाषाशैली

प्रस्तुत बालसाहित्यिक रचनामा बालबालिकाहरूलाई मन पर्ने र आकर्षक शैलीमा संरचित छन् । बोधगम्य सरल भाषाको प्रयोगका साथै बालबालिकाहरूलाई मन पर्ने खालका बालभाषा, बालकल्पना र बालअभिलाषालाई मुख्य विषयवस्तु बनाएर व्यक्त गर्ने काम यस कृतिमा भएको छ । यो पुस्तक बालकहरूलाई लक्षित गरी रचिएको बालसाहित्यिक कृति हो । यस पुस्तकमा केही मात्रामा प्रबुद्ध पाठकले मात्र ग्रहण गर्ने शब्द परेका छन् तापनि धेरैजसो बालग्राह्य भाषाशैलीकै उपयोग गरिएको छ । यसमा परेका विशेष कठिन शब्दको अर्थ पुछारमा दिइएबाट बालबालिकाहरूलाई यस पुस्तक पढाइमा कुनै समस्या पर्दैन । त्यसैले यो पुस्तक बालकहरूका निम्ति रुचिकर नै देखिन्छ ।

### ६.१.४ उद्देश्य

'बालक बिरुवार पृथ्वीमाता' बालसाहित्यिक रचनाको मुख्य उद्देश्य बालबालिकाहरूलाई प्रकृति र वातावरणको महत्वबारे जानकारी दिनु नै रहेको देखिन्छ । यस कथामा बोटबिरुवाहरूको संरक्षण गर्नमा लाग्न मानव प्राणीलाई आग्रह गरिएको छ । वर्तमान विश्वमा बोटबिरुवाहरूको विनाश तीब्र गतिमा भएको र त्यसको संरक्षणमा लाग्न प्रेरणा दिनु नै यसको उद्देश्य रहेको देखिन्छ । बोटबिरुवाहरूको राम्रोसँग उपयोग गर्न सकेमा बाटोघाटो, स्कूल, पुल आदि बनाउन सकिने भएकोले यसको संरक्षणमा लाग्न सबैलाई

आह्वान गरिएको छ । यसको साथसाथै यस कथाको माध्यमबाट बालबालिकाहरूलाई मनोरञ्जन प्रदान गर्नु यसको अर्को मुख्य उद्देश्य देखिन्छ । आजको युगमा विश्वव्यापी रूपमा नै प्रकृति र वातावरणका क्षेत्रमा देखापरेका सङ्कटबाट मनुष्य आत्तिइसकेको छ र प्रकृति एवम् वातावरणको संरक्षणमा लाग्न सबैलाई आह्वान गरिएको छ । यसको साथसाथै यस कथाको माध्यमबाट बालबालिकाहरूलाई मनोरञ्जन प्रदान गर्नु यसको अर्को मुख्य उद्देश्य देखिन्छ । आजको युगमा विश्वव्यापी रूपमा नै प्रकृति र वातावरणका क्षेत्रमा देखापरेको सङ्कटबाट मनुष्य आत्तिइसकेको छ र प्रकृति एवम् वातावरणको संरक्षण गर्नु सबैका निम्ति चासो पर्दो भइसकेको छ भन्ने यस कथाको माध्यमबाट देखाइएको छ । यस्ता जानिराख्नु पर्ने कुरा हामीले बालबालिकाहरूलाई पनि समयमै सिकाइराख्नु पर्दछ भन्ने कुरामा कथाकारले जोड दिएका छन् ।

**निष्कर्ष**

नेपाली बालसाहित्यका सशक्त प्रतिभा गेहेन्द्रभूषण पोखरेलीले 'बालक बिरुवा र पृथ्वीमाता' कथामा बालबालिकाहरूलाई प्रकृति र वातावरणको महत्वबारे जानकारी गराएका छन् । यसमा बालबालिकाहरूलाई बोटबिरुवाको जीवनको परिचय गराउँदै बोटबिरुवाको संरक्षणमा लाग्न आह्वान गरिएको छ । यसमा सङ्कलित भएका चित्रहरू बालमस्तिष्कबाट टिपिएकोले पनि यस कृतिले बालबालिकाहरूको मन जित्न र माया पाउन सफल भएको छ ।

### ६.१.५ 'रमाइला सामाजिक बालकथा' सङ्ग्रहको अध्ययन

### ६.१.६ परिचय

गेहेन्द्रभूषण पोखरेलीका बालसाहित्यिक कृतिहरू मध्ये पुस्तकाकार प्रकाशित दोस्रो कृतिका रूपमा 'रमाइला सामाजिक बालकथा' (२०५४) रहेको पाइन्छ । यसको प्रकाशन २०५४ साल माघ १ गते पोखरा सार्वजनिक पुस्तकालय महेन्द्रपुल, पोखराद्वारा प्रकाशित गरेर यस कृतिलाई पाठकसामू ल्याइदिने काम गरेको छ । यस कृतिको प्रकाशन बालबालिकाहरूको व्यक्तित्व विकासका लागि गरिएको हो । विशेषगरी यो कृति प्राथमिक तहका विद्यार्थीहरूलाई लक्षित गरेर लेखिएको भए तापनि यसले सबै स्तरमा व्यक्ति तथा पाठकहरूका लागि उपयोगी भई मन जित्न सफल भएको देखिन्छ । यस सङ्ग्रहमा 'हजुरबासँग मेला हेर्न जाँदा', 'बिच्क्याउने बानी', 'पुर्पुरोमा हात', 'बुद्धिमान बल बहादुर' र 'चम्चा दाउ' गरी ५ वटा कथाहरूस संग्रहित छन् ।

### ६.१.७ संरचना

प्रस्तुत पुस्तककार कृति बाहिरी आवरण पृष्ठबाहेक जम्मा ३६ पृष्ठहरूमा संरचित छ । यसमा संग्रहित कथाहरू घटीमा ६ पृष्ठ र बढीमा १० पृष्ठ सम्मका छन् । यसमा कथा अनुसार १४ वटा चित्रहरूको प्रयोग गरिएको छ । जसले बालबालिकालाई मनोरञ्जन प्रदान गर्दछ । प्रस्तुत कृति आकारप्रकारका दृष्टिकोणले हेर्दा लघु कथाहरूकै पंक्तिभित्र पर्न आउँछ । यस कथा सङ्ग्रहमा प्रत्येक कथा बेग्लाबेग्लै शीर्षकका छन् र तिनको विषयवस्तु र भावकथन अनुरूप कथापिच्छे सुन्दर चित्रहरूको समावेश गर्ने काम भएको छ, जसले गर्दा प्रस्तुत कृति आकर्षक, रोचक र मनोरञ्जक समेत भएको छ ।

### ६.१.८ कथावस्तु

कथावस्तु कथाको मूल तत्वमध्ये एक हो । 'रमाइला सामाजिक बालकथा' सङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये 'हजुरबासँग मेला हेर्न जाँदा' पहिलो कथा हो । यो काठमाडौं उपत्यकाको परिवेशलाई आधार बनाएर लेखिएको कथा हो । यस कथामा पाटन मङ्गल बजारमा निवासी आशाकाजी गुभाजू र नातिनी मेला हेर्न जाँदा भएका घटनाहरूलाई कथावस्तुका रूपमा लिइएको छ । यो कथा रमाइलो हास्यव्यङ्ग्यात्मक किसिमको छ । यस कथाको सुरुआत हजुरबाको शारीरिक बनावटको परिचयबाट सुरु गरिएको छ । हजुरबाको गाला रातोपिरो, आँखा त्यस्तै तिखो, चश्मा नलगाईकनै सियोमा धागो हाल्न सक्ने, दाँत बलियै भुटेको मकै-भटमास कऱ्याम कऱ्याम चपाउन सक्ने, लक्का जवान ठिटाहरूसँग अझै लाप्पा खेल्न सक्ने सत्तरी वर्ष पुगिसकेका शुद्ध दूध-दही र घ्यू खाएका ज्यान हो भनेर हजुरबाको परिचय दिइएको छ ।

यस कथामा हजुरबा र नातिनीको असाध्यै मेल देखाइएको छ । हजुरबाले बाआमाले नातिनीलाई गाली गर्नुभयो भने हप्काउनु हुन्थ्यो । यस कथामा एकदिन हजुबा र नातिनी भृकुटी मण्डपमा बालमेला हेर्न हिँडेपछि कथाले गति लिन्छ । घरबाट निस्केर बस स्टेसनमा पुगी जेनचेन घुचेटाघुचेट गरेर हजुरबा र नातिनी बसभित्र पस्दछन् । एक हातले नातिनी र अर्को हातले बसको डण्डी समातेर हजुरबा ढुक्कसित उभिनु भएको बेलामा अकस्मात ड्राइभरले स्पीडमा गुडिरहेको बसलाई शान देखाउँदै एक्कासी घ्याच्च ब्रेक लगाउँछ । त्यसपछि हजुरबा आफूलाई सम्भाल्न सक्नुहुन्न र पहिले अघिल्तिर र पछि पछिल्तिर गरेर पिङ मच्चिए जस्तै मच्चिनुहुन्छ त्यसबेला पछाडिबाट हजुरबाको कानैमा पर्ने गरेर कसैले "ए मिस्टर राम्रोसित अभिनुस" भनी हकार्छ । हजुरबाले अङ्ग्रेजी शब्द बुझ्नुहुन्न र रिसले

एक्कासी रातोपिरो भएर “को यो मलाई ‘मिस्त’ भन्ने ?” भनेर त्यो मान्छेतिर फर्कनुहुन्छ । उहाँले ‘मिस्टर’ लाई मिस्त सुन्नुभएछ । नेवारीमा ‘मिस्त’ भनेको आइमाई हो । त्यसकारण आफूलाई आइमाई भनेर बोलायो भनेर “मलाई मिस्त भन्ने को हो यो ? जुङ्गा भएको सिङ्गो मान्छेलाई देख्दादेख्दै मिस्त भन्ने को हो यो ?” भनेर त्यो मान्छेको ‘टाई’ समातेर तान्न लाग्नु भएको बेलामा नातिनीले हत्तपत्त हजुरबा चूप लाग्नुस् । तपाईंलाई अङ्ग्रेजीमा मिस्टर भनेर मान गरेको बोलाएको हो आईमाई भनेको होइन भनेपछि मात्र हजुरबा “ए त्यसो पो हो ।” भन्दै शान्त हुनुभएको कथामा देखाइएको छ । त्यसपछि बस सिंहदरबार बस बिसौनीमा अड्छ । ओर्लनेहरू एकएक गरी ओर्लन्छन् । ओर्लने क्रममा कण्डक्टरले हतारले “ओर्लने आलु पनि छ ?” भन्दा हजुरबाले हत्तपत्त ‘छ, छ’ भनी भन्नुहुन्छ । हजुरबा ओर्लिसक्नै लाग्नुभएको बेलामा ढोकामै रोकिएर कण्डक्टरलाई सोध्नुभयो “अघि तिमीले के भनेको रे भाइ ?’ कण्डक्टरले फेरि पनि हतारले भन्यो ओर्लने आलु पनि छ कि भनेर सोधेको ।” यसपछि हजुरबाले ‘ए मलाई आलु भन्ने भनेर रिसले पैतला जुरुक-जुरुक उचालेर कण्डक्टरको कठालो समातेर ढोकाको भित्तामै ठिङ्ग्रिङ्ग उभ्याएर ठेल्नुभयो । त्यसैबेला ढोकामा उभिएका यात्रुहरूले “तपाईंलाई आलु” भनेको होइन अरू पनि ओर्लने छ कि भन्दा जिब्रो लटपटिएर ‘आलु’ भन्नु गएछ भनेपछि “ल भैहाल्यो, एकपटकलाई माफ” भन्दै अमिलो अनुहारले कण्डक्टरलाई हेरेर बसको ढोकाबाट ओर्लन्छन् । त्यसपछि दुई हजुरबा र नातिनी कुरा गर्दै रमाइलो मान्दै भृकुटीमण्डपतिर लाग्दछन् । टिकट काटेर मूल ढोकाभित्र पसी फौन आइसक्रिम हजुरबा र नातिनी मिली खान्छन् । त्यसपछि घुमी-घुमी मेला रमाइलोसँग हेर्छन् । मेला हेरी सकेर घर फर्कनलाई ढोकामा आउँदा हजुरबाको खुट्टा बेस्सरी एउटा स्कुलको ठिटोले कुल्चिदिन्छ । त्यसपछि हजुरबाले “तेरो आँखा छैन ? पाजी, अर्काको खुट्टामा त्यत्रो हात्ती पाइले बुटले कुल्चने ? भनेपछि ठिटोले चिसो मन गरेर भन्दछ “हजुर, मैले देखिन, माफ गर्नुस् ।” तर हजुरबा भने केटोलाई खाउँला जस्तो गरेर देखिन भनेर सुख पाउँछन् ? भन्दै झनै कस्सिएर रिसले हजुरबाले तेरा ती आँखा के भए ? के तँ अन्धो होस” भन्दछन् – कसैगरी पनि हजुरबाले माफ दिने छाँट नदेखेपछि त्यो ठिटोले भन्दछ “ठीक छ, म त अन्धो भएँ ? तपाईंको पैतला देखिन । तर तपाईंको आँखा त सद्धे नै छ नि, कुल्चन लाग्दा तपाईंले किन खुट्टा हटाउनु भएन त ?” भनेपछि ठिटोको जवाफ सुनेर भीडमा मजाको हाँसे हुन्छ । अनि लाजले भुसुक्क भएर हजुरबा चूपचाप बाहिर निस्कनुहुन्छ

। त्यसपछि हजुरबा र नातिनी ट्याक्सीमा घर फर्केर गए सम्मको घटनालाई यस कथामा समेटिएको छ । यो कथा ज्यादै रोचक किसिमको हास्यात्मक छ ।

'रमाइला सामाजिक बालकथा' सङ्ग्रहमा संग्रहित दोस्रो कथा बिच्क्याउने बानी हो । यस कथामा मुरारिलाई मुख्य केन्द्र बनाएर कथावस्तुलाई अगाडि बढाइएको छ । यस कथामा मुरारिको बिच्क्याएर मजाले हाँस्ने बानीले गर्दा उसका स्कूलका साथीहरू उसँग खेल्न हिड्न मान्दैनथे उसँग हिँड्दा-बोल्दा सबैलाई चनाखो हुनुपर्थ्यो होशियार रहिरहनु पर्थ्यो । यस्तो बिच्क्याउने बानीले गर्दा मुरारिका साथीहरू कोही थिएनन् । त्यसकारण मुरारिसँग खेल्ने, कुरा गर्ने र हिड्ने उसकै बहिनी सन्ध्या बाहेक अरू कोहि पनि थिएन । उ सन्ध्यालाई असाध्य माया गर्थ्यो ? उसलाई मुरारिले बिच्क्याउदैनथ्यो । सन्ध्या उ भन्दा पाँच वर्ष कान्छी आठवर्ष पुगिसकेकी तीन कक्षामा पढछिन् भने मुरारि सात कक्षामा पढ्थ्यो । सन्ध्याले कहिलेकाहिँ अरू साथीहरूलाई बोलाएर ल्याई र उनीहरूसित खेल्न थाली भने मुरारिले उनीहरूसँग छुल्याइँ गरिहाल्थ्यो । सन्ध्याले कतिपटठक उसका साथीहरूसित छुल्याइँ नगर भनी मुरारिलाई सम्झाउथी तर उ पटक्कै टेर्दैनथ्यो । यसपछि कथा उत्कर्षतिर उन्मुख हुन्छ । एकदिन स्कूलका केटाकेटीहरूको तमासा हेर्ने विचारले मुरारिले खाजा खाइवरी केराको बोक्रा केटाकेटीहरू हिड्ने बाटोमा फालेर आफू तमासा हेर्न र मज्जालिन रुखको पछाडि लुकेर बस्दछ । स्कूलका केटाकेटीहरू खाजा खाई सकेर बाँकी समयमा कोही लुकामारी खेल्न थाल्दछन्, कोही गट्टा खेल्न, कोही गफ गर्नपट्टि कोही कथा सुन्न र सुनाउन थाल्दछन् तर सन्ध्या स्कुलको धाराबाट पानी पिएर मुरारिलाई खोज्दै दौडेर आउँदा मुरारिले, अरूलाई लडाउने विचारले बाटोमा फालेको केराको बोक्रामा एक्कासी कुल्चीनासाथ सन्ध्या बेतोडसँग हुत्तिएर बाटोको ढलमा खुरमुरिएर पछारिन पुग्छिन् । यसरी कथाले उत्कर्ष प्राप्त गर्दछ । मुरारिले त कोही अरू नै पछारिएको होला भनेर पर रुखको पछाडि बसेर हास्दै मजा लिइरहन्छ तर पछि सन्ध्या हो भन्ने थाहा पाएपछि मुरारिले चिसो मुटुले "सन्ध्या, सन्ध्या" भन्दै सन्ध्यालाई समात्न पुग्दछ । सन्ध्याको दुवै खुट्टा रक्ताम्य भएको हुन्छ । त्यसैबेला स्कुलका 'हेडसर' आएर सन्ध्यालाई देख्नासाथ आत्तिर उसलाई ट्याक्सीमा हालेर अस्पतालसम्म पुऱ्याउँछन् । अस्पतालमा सन्ध्याको उपचार पछि दुवै खुँडाको घुँडासम्म काट्नु परेपछि बहिनी अपाङ्ग लङ्गडी भएको देखेर मुरारि खङ्ग्रङ हुन्छ। त्यसपछि अरूलाई छुल्याइँ गरेर बिच्क्याएर आफूले मजा लिने गरेका सबै घटनाहरूको एकएक सम्झना उसलाई आउँछ र त्यसमाथि बहिनी चाहिँ बैशाखी टेकेर हिडिरहेकी देखेपछि उ म "अपराधी

हुँ” भन्दै धुरुधुरु रुन्थ्यो भन्ने सम्मको घटनालाई देखाएर यस कथाको अन्त्य गरिएको पाइन्छ ।

‘पुर्पुरोमा हात’ कथामा पण्डित रघुनन्दन र ठूलाठालुहरूको जालझेल परेर दुःख पाएका बाबुका छोरा सुगनलाई आधार बनाएर कथावस्तुको निर्माण गरिएको छ । पण्डित रघुनन्दनको परिवार पहिलादेखि हाँक धाँक भएको परिवार हो । यस कथाको सुरुवात रघुनन्दनको परिवारको सामान्य परिचय गराएर सुरु गरिएको छ । पण्डित रघुनन्दन आफ्ना दुई छोरा प्रभाकर प्रमोदलाई डाक्टर र इन्जिनियर बनाएर टोलछिमेक र साथीभाइहरूमा धाँक जमाउन र देखाउन चाहन्छन् । प्रमोद र प्रभाकर पनि शिक्षकले सम्झायो भने एक कानले सुन्ने र अर्को कानले फाल्ने गर्दछन् । गाली गऱ्यो भने उल्टै शिक्षकहरूलाई नै हाक दिन्थे ।

अर्कोतिर सगुन दुई कक्षामा पढ्ने लगनशील एउटा साधारण किसानको छोरो हो । सगुनको बाले सगुनलाई बुद्धिमान र कुरा बुझ्ने केटो बनाउन चाहेका छन् । सगुन बाको इच्छा पूरा गर्न कोशिश गरिरहन्थ्यो । यसरी कक्षामा दुई पक्षलाई तुलना गर्दै अगाडि बढाइएको छ । एकदिन सगुनको बा सगुनलाई साथमा लिएर उसको स्कूलको प्रधानाध्यापकसँग भेट्न आउँदा पण्डित रघुनन्दन र छोराहरू प्रभाकार र प्रमोद दुवैले प्रधानाध्यापकसँग झगडा गरेको र उल्टै जागिर खोस्ने धम्कि दिएको घटना देख्दछन् । यस्तो हाँक दिएर पण्डित रघुनन्दन छोराहरूलाई लिएर घर फर्केको घटना देखाइएको छ । त्यसपछि एकछिन वातावरणमा हावा पनि रोकिएको हो कि जस्तो गरी शून्य हुन्छ त्यसै समयमा प्रधानाध्यापक आएर सगुनको काँधमा हात राखेर “के छ सगुन, कता आयौ ?” भनेर बोलेको आवाज सुनेपछि मात्र बाबु-छोरा दुवैको होश फर्कन्छ । दुवैले प्रधानाध्यापकलाई आदरपूर्वक नमस्ते गर्दछन् । सगुनको बाले लामो श्वास तानेर हेडसरसँग पण्डित रघुनन्दनले गरेको अभद्र व्यवहारको कुरा गर्दछन् । सगुनको बाले प्रधानाध्यापकमाथि भरोसा राख्दै भन्दछन् –“मलाई मेरो छोरा ठूलो मान्छे होइन, असल र बुद्धिमान भए पुग्छ । त्यसैले सगुनलाई तपाईंहरूकै शरणमा छोडेको छु ।” त्यसपछि प्रधानाध्यापकले सगुनलाई धाप दिएर भन्छ, “तपाईंको छोरा उनीहरूभन्दा धेरै बुद्धिमान र लगनशील छ ।” यसरी कथानकलाई अगाडि बनाइएको छ । भोलिपल्टको कुरा भनी प्रभाकर, प्रमोद, सगुन र उनीहरूका अरू २, ४ जना साथीहरू स्कूलबाट घर फर्कन नगरबस चढेको घटना देखाएर कथालाई उत्कर्षतातिर पुऱ्याउन खोजिएको छ । प्रभाकर र प्रमोद बसभित्रको समाजको

परवाह नै नगरी हास्ने, इत्रिने, खेल्ने, चल्ने गरिरहन्छन् । यस्तैमा बस सगुन, प्रभाकर, प्रमोद र उनीहरूका साथीहरू ओर्लिने बस–बिसौनीमा आइपुग्छ । बस रोकिएपछि ढोकामा ओर्लिने यात्रुहरू को घचाघच हुन्छ । यत्तिकैमा प्रभाकर झ्यालबाट हाम्फाली सकेको हुन्छ र प्रमोद घुस्साघुस्सी गर्दै ढोकाबाट बाहिर निस्कन्छ । उसको कुइनाको घुस्साले एउटी साह्रै बृद्ध आईमाई हुत्तिएर 'पीच' सडकमा ढ्याप्प पछारिन्छे र उता प्रभाकर झ्यालबाट हाम्फाल्नु पनि एउटा टेम्पो पनि स्पीडमा हुइँकिँदै टुप्लुक्क त्यही आइपुग्नु एकसाथ हुन्छ र टेम्पोले प्रभाकरको खुट्टामा नराम्रोसित हान्छ र उसको दाहिने खुट्टा भाँचिन्छ । अर्कोतिर प्रमोदको घुस्साबाट सडकमा पछारिएकी बूढीले त्यही नै प्राण छोड्छे । यसरी कथालाई उत्कर्षमा पुऱ्याइएको छ । यो खबर ढिलो गरेर पण्डित रघुनन्दनले थाहा पाउँछ र खबर सुन्नासाथ उ दौडेर पुलिस थानामा पुग्छ । थानामा प्रमोदलाई ज्यान मुद्दामा थुनिएर बसेको देखेर उ आत्तिँदै दाजुलाई अस्पतालमा हेर्न जान्छ । अस्पतालमा पुग्दा प्रभाकर दाहिने खुट्टा काटिएर अपाङ्ग भई ओछ्यानमा सुतिरहेको देखेपछि रघुनन्दन हतासिएर "हे भगवान, यो के दशा भयो" भन्दै दुवै हातले पुर्पुरोमा समातेर रुन थाल्येसम्मको घटनामा पुऱ्याएर कथाको अन्त्य गरिएको देखिन्छ ।

'बुद्धिमान बलबहादुर' कथा कास्की जिल्लाको थुमाको डाडागाउँ विकास समितिका मान्छेहरू साह्रै अन्धविश्वासी छन् भन्दै सुरु गरिएको छ । भूत, प्रेम, बोक्सी, वीर, देवी-देवता, टुनामुना, फुकफाक जस्ता कुराहरूमा विश्वास राख्दथे र मानसिक कारणले कोही बिरामी भए पनि झाडाबान्ता, टाईफाइड जस्ता रोग लागे पनि उनीहरू देवीदेवता रिसाएको वा भूतप्रेत लागेको वा भुयाँर अथवा नाग लागेको आदि-आदि कुरामा विश्वास राख्दथे एवम् धामी झाँक्री मनाउने, फुकफाक गर्ने, देवीदेवतालाई खुसी पार्ने, भूतप्रेत पन्छाउने काम गर्दछन् भन्दै उनीहरूको अन्धविश्वासी परम्परालाई कथाको प्रारम्भिक क्षणमा प्रस्तुत गरिएको छ । मानसिक रोगी भए पचहत्तर देखि सय प्रतिशत सम्म निको पनि हुन्थ्यो भन्दै दैवी शक्तिको उपस्थितिलाई महत्व दिएको छ । तर झाडाबान्ता, टाईफाइड, निमोनिया जस्ता खास रोग नै लागेको भए रोग बिग्रँदै गएर ठूलो समस्या परि कहिले त ज्यान पनि लिन्थ्यो ।

गाउँका मान्छेहरू त्यसरी अन्धविश्वासी छन् भन्ने कुरा एकजना ठगले थाहा पाएपछि त्यो ठक थुमाको डाँडा गाउँ विकास समितिमा आएर बस्न थाल्यो । त्यो ठग जोगीको भेष गरेर, धुनी बालेर, खरानी घसेर, दारीजुङ्गा र जटाधारी भेष गरेर गाउँको

एकान्त ठाउँमा छाप्रो बनाई उसका दुईजना सहयोगी पनि जोगीकै भेष गरेर उसकोसेवामा बसे भनेर कथालाई अगाडि बढाइएको छ । बर्खे छुट्टिमा लामो विदामा स्कूल बन्द भएको हुनाले बलबहादुर आफ्नो घर थुमाको डाँडामा छुट्टीमा बिताउन आउँछ । बलहादुर गाउँका मान्छेहरूको अन्धविश्वास देखेर आश्चर्यमा पर्दछन् । घरमा आएपछि साथीको घरमा बलबहादुर गई दुईजनाको सल्लाह अनुसार जोगी र उसका चेलाहरूको सेवा गर्ने सल्लाह गरे । उनीहरूले यो जोगी "महात्मा होइन, ठग हो" भनी जोगीलाई विश्वास नगर्नका लागि अनुरोध गरे । तर बूढापाकाहरूका केटाकेटीहरूले केही जान्दैनन् भन्ने पुरानो कट्टर सोचाइका कारण बलबहादुर र उसको साथीको केही लाग्दैन । उनीहरूले बुढापाकाहरूले नमानेपछि दिनभरी धेरै छलफल र विचार गरेपछि उनीहरूले एउटा रमाइलो तर विश्वास पार्न सक्ने उपाय निकाले । उनीहरूको सल्लाह अनुसार बलबहादुर र उसको साथीले गाउँमा गएर यो कुराको हल्ला गरे । घरमा जोगीको जुङ्गालाई धुपबत्ती बालेर, एउटा जुङ्गाको दश-दश रुपियाँ दक्षिण राखेदेखि नै घरमा भूतप्रेत र वीर बोक्सी पस्न नसकेको, सबै कुराको जानकारी गराए । उनीहरूको परिवारहरूले पनि उनीहरूको कुरामा 'हो' मा 'हो' मिलाए । अनि गाउँका सबै मान्छे, बूढापाकाहरूलाई झनै विश्वास पर्‍यो । त्यसपछि कथावस्तु उत्कर्षतातिर अगाडि बढ्दछ । बलबहादुर र उसको साथीले घरघर पसेर जोगीको जुङ्गा लिन गाउँका मान्छे र टाढाटाढाका मान्छेहरू समेत ओइरिएको छ भनी थाहा दिन्छन् । छिट्टै नगए जोगीको जुङ्गा सिद्धिने हुँदा आत्तुरी पनि लगाए । पहिले सुनेकाहरू पुगेर जोगीसँग जुङ्गा माग्दै दश रुपियाँ दिएर जान्छन् । त्यसै क्रममा भीडमभीड हुँदाहुँदा मान्छेहरूले दश-बीस रुपियाँ जोगीको अगाडि चढाउँदै चारैतिरबाट जोगीको अगाडि चढाउँदै चारैतिरबाट जोगीको जुङ्गा उखेल्न थाल्छन् । जोगी आत्था र उत्थु, ऐया र उहु गरेर रुन कराउन थाल्दथ्यो तर उसको रुवाई र आवाजतिर कसैको ध्यानै जाँदैन, भीडको हल्लाले गर्दा जोगी रोएकराएको कसैले सुन्दै सुन्दैनन् त्यसपछि उसको खाने मुख सुनिन थाल्दछ, बलबहादुर र उसको साथी यो रमिता हेर्दै मरीमरी हाँसेको कथामा देखाइएको पाइन्छ । जोगीले मान्छेको भीड अलि होलो भएको बेला पारेर बुरुक्क उफ्रेर भीडबाट बाहिर आएर बेतोडले भाग्न खोज्दा जोगीको नक्कली जटा र दाह्री खस्दछ । त्यसपछि बूढापाकाहरूको अन्धविश्वास हराउँछ । अनि 'त्यो त ठग रहेछ । केटाहरूले भनेको साँचो रहेछ । अब त्यसलाई समातेर पाता फर्काएर लडाउनुपर्छ र ठगेको धनसम्पत्ति सबै छेराउनु पर्छ" भन्दै गाउँका बूढापाकाहरू गाउँलेहरूलाई लिएर जोगीको पछिपछि दौडे भनेर कथाको अन्त्य गरिएको छ । यो घटना

भएपछि गाउँलेहरूले अब जे कुरामा पनि सोच विचार खोजनीति गरेर काम गर्न थाले एवम् उनीहरूले बालकबालिकाहरूका कुरालाई हावामा उडाउने सोचाईलाई पनि सुधार्न थाले । यसरी कथालाई रोचक तरिकाले प्रस्तुत गरिएको छ ।

'चम्चा दाउ' रमाइला सामाजिक बाल कथा सङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये अन्तिम कथा हो । यो कथा खेलकूदसँग सम्बन्धित छ । यसमा म पात्रको केन्द्रीयतामा कथालाई अगाडिठ बढाइएको छ । म पात्र दश वर्षको हुँदा कुस्ती खेल्न सिक्न थालेको र हाल पचास नाघीसकेको र राष्ट्रिय चैम्पियन खेलाडी हो । उसको गुरूप्रति आस्था, प्रेम र विश्वास थियो । त्यसले गर्दा गुरुले नयाँ नयाँ दाउहरू अथवा ट्रीकहरू सोचेर सिर्जना गरेर 'म' पात्रलाई सिकाउनुहुन्थ्यो । पन्ध्र–सोह्र वर्षको उमेरमा म पात्र जिल्लाको चैम्पियन भइसकेको थियो । यसमा म पात्रको कथालाई प्रस्तुत गरिएको छ । म पात्रलाई उमेर ढलीसकेको, अन्तर्राष्ट्रिय चैम्पियन हुने सपना आफूले पूरा गर्न नसकेको र त्यस्तै कुनै योग्य चेला पाएमा उसलाई अन्तर्राष्ट्रिय चैम्पियन आफूले कुरा गर्न नसकेको र त्यस्तै कुनै योग्य चेला पाएमा उसलाई अन्तर्राष्ट्रिय चैम्पियन बनाउन सकिन्छ कि भन्ने धुनमा मन झुल्काइरहने गर्दथे । अर्को कुरा उसले सिकेका र उसमा भएका दाउ र कुशलताहरू आफू मरेपछि आफूसँगै जाने भए भनेर चिन्तित रहन्छ । धेरै कोशिस गरेपछि एकदिन एकजना बाह्र-तेह्र वर्षको केटो कुस्ती सिक्न भनेर म पात्र कहाँ आउँछ । उसको इच्छा शक्ति र जिज्ञासा देखेर म प्रभावित हुन्छ र उसको शिष्यको रूपमा भर्ना गर्दछ भन्दै कथालाई अगाडि बढाइएको छ । शिष्यको इच्छाशक्ति र लगन देखेर म पात्र प्रभावित हुन्छ जसको नाम सुन्दर हो । कुस्ती सिक्न थालेको एक महिनापछि म पात्रको शिष्यले निन्याउरो अनुहार लिएर "सर, मलाई मेरी मुमाले खेलाडी हुन लागिस् भनी गाली गरिबक्सनुभयो । उहाँले त मलाई कि डाक्टर कि इन्जिनियर बनाउने रे ! त्यो पनि नभए, कार्यालयहरूको ठूलो हाकिम बनाउने रे । त्यसैले कुस्ती खेल्न छोडेर पढाइमा मात्र लाग रे । मलाई त कुस्तीवाज हुन र 'बडी बिल्डर' बन्ने रहर छ, सर ।" भन्दै म कहाँ उपस्थित हुन्छ । त्यसपछि म पात्र सुन्दरको घरमा जान्छ । सुन्दरकी आमा विधवी बृद्धा खाइलाग्दी ठूली घरानियाँ देखेपछि म पात्रले हात जोडेर "नमस्कार भाउजु म सुन्दरलाई कुस्ती सिकाउने शिक्षक हुँ ।" भन्दै आफ्नो परिचय दिन्छ । तर सुन्दरकी आमाले म पात्रलाई सुन्दरलाई खेलाडी बनाउने होइन, बुझ्यौ ? उसलाई त ठूलो मान्छे बनाउने हो बुझ्यौ ?" भन्दछिन् । त्यसपछि म प्रतिको सुन्दरको आमाको बोलीबचन व्यवहार देखेर मलाई अपमानित भएको अनुभूति हुन्छ तर सुन्दर जस्तो

लगनशील चेला पाएकोमा म पात्रलाई भित्रभित्रै सुख र सन्तोषको अनुभूति हुन्छ । म पात्रले सुन्दरकी आमालाई सम्झाउँदै "सुन्दरमा खेल्ने लगन र इच्छा शक्ति छ । त्यसमा मलाई विश्वास छ । पढाइ पनि गरिनै रहने खेल पनि सिकिनै रहने गर्नुपर्छ पछि, जुनमा उसले धेरै राम्रो गर्छ, त्यसैमा लगाइदिने ।" भन्दछ, त्यसपछि सुन्दर म कहाँ सिक्न आउन थाल्दछ । छ सात महिनामै उसले दुईचारवटा प्रतियोगितात्मक खेलमा उसले सफलता पनि हासिल गर्दछ र पुरस्कार समेत पाउँछ साथै उसमा महत्वाकांक्षी र लगन दुवै दुबो जस्तै मौलाउन थाल्दछ । त्यसपछि पन्ध्र सोह्र वर्षको कलिलो उमेरसम्ममा उ राष्ट्रिय खेलाडीको रूपमा प्रख्यात हुन्छ र धेरै पुरस्कारहरू पनि जित्दछ साथै थुप्रै अन्तर्राष्ट्रिय खेलमा भाग लिएर नाम कमाउँछ । एकदिन एकजना मित्र टुप्लुक्क म पात्र कहाँ आइपुगेर आफ्नो हातको अखबारको पाना पल्टाएर भन्दछ "हेर, इस्माइल तिमीलाई नै तिम्रो चेलो सुन्दरले कुस्ती खेल्न च्यालेन्ज दिएको रहेछ । अब तिमी के गर्छौ ?" त्यसपछि म आश्चर्य र आघातको अनुभूत गर्दै मुखबाट आवाज निकाल्दछ "सुन्दर किन त्यसरी दुर्गुणी बन्न गएछ ? मलाई च्यालेन्ज दिएर उ के पाउन चाहन्छ ?" उसको भित्र भन्दछन् "उ तिमीलाई हराएर तिमीबाट राष्ट्रिय चैम्पियनशीप खोस्न चाहन्छ" उसमा यही महत्वाकांक्षा भएको कुरा पेपरमा लेखेको छ ।" त्यसपछि म पात्र चिन्ताले रातभर सुत्दैन र सुन्दरको च्यालेन्जलाई पार लाग्ने कुरा सोच्न थाल्दछ । अकस्मात एउटा अनौठो विचार दिमागमा आएपछि उसको मन सान्त्वना पाएजस्तो भएर सुन्दरलाई अखबारबाटै उसको हाँकलाई स्वीकार गरेर च्यालेन्ज दिन्छ त्यसपछि कथा उत्कर्षतिर प्रस्थान गर्दछ । तोकिएको दिन र समयमा दुवैजना कुस्ती खेल्ने अखडामा उपस्थिति हुन्छन् । खेल शुरु गर्न एम्पायरले दुवैलाई अगाडि आउन अनुरोध गरेपछि दुवै एम्पायरको अगाडि उपस्थित हुन्छन् तर खेल सुरु हुनुभन्दा पहिले म पात्रको कम्मरमा घुसारेको सानो खेलौना जत्रो प्लाष्टिकको चम्चामा सुन्दरको आँखा पर्दछ । तुरन्तै सशङ्कित र डराएको स्वरमा सुन्दरले म पात्रलाई सोद्धछ, "सर, तपाईंले कम्मरमा त्यो सानु चम्चा किन घुसारी राख्नु भएको छ" त्यसपछि भन्दछ "सुन्दर, तिमीले एकदिन मलाई नै च्यालेन्ज गर्ने छौ भन्ने कुरा थाहा थियो ।" भन्दै "तिमीलाई मसँग भएको सबै दाउ अथवा ट्रीकहरू सिकाइदिएको छु । तर चम्चा दाउ तिमीलाई सिकाएको छैन । यस्तै दिन आउला भनेर 'चम्चा दाउ' कसैलाई पनि मैले सिकाएको छैन । अहिले यही चम्चा दाउ प्रयोग गरेर तिमीलाई हराउँछु । यही चम्चा दाउले म राष्ट्रिय चैम्पियन पनि भएको हुँ । आज फेरि एकपटक यो चम्चा दाउ प्रयोग गर्ने मौका आएको छ ।" त्यसपछि सुन्दर 'म' पात्रको

जवाफसुनेर अनुहार आकाशबाट खसेजस्तो आत्तिन्छ अनि हत्तपत्त भन्दछ "सर, उसो भए आज म तपाईंसँग म्याच खेल्दिन । 'वाक ओभर दिन्छु । त्यो चम्चा दाउ तपाइँबाट सिकेपछि मात्र तपाइँसँग म्याच खेल्छु ।" त्यसपछि म पात्र भन्दछन् "तिमी जे विचार छ, त्यो गर ।" भन्दै तिमीलाई चम्चा दाउ सिक्ने मन छ भने खुशीसाथ सिकाइदिन्छु ।" भन्दछन् अनि सुन्दर "हुन्छ । म मेरी मुमालाई त्यही भन्छु । चम्चा दाउ सिकेपछि मात्र सरलाई च्यालेन्ज दिन्छु, भन्छु ।" त्यसपछि सुन्दर सन्तुष्ट देखिन्छ । त्यसपछि एम्पायरले म पात्रको दाहिने हात उठाएर मुसुमुसु हास्दै सबैको अगाडि घोषणा गर्दछ सुन्दरले चम्चा दाउ नसिकिकन म्याच नखेल्ने भनी आजको खेलमा 'वाक ओभर' दिएको हुनाले, चम्चा दाउको जीत भयो इस्माइल अन्सारीले अब सधैँको लागि आफ्नो राष्ट्रिय चैम्पियनशीपलाई कायम राख्नुभएको छ भन्दै कथा समाप्त गरिएको छ । यसरी चम्चा दाउ अथवा ट्रीकबाट सुन्दरलाई छक्याएर उसको शिक्षक इस्माइलले आफ्नो बूढेसकालमा चैम्पियनसीपलाई कायम राख्न सफल भए भन्दै कथा समाप्त गरिएको छ ।

समग्रमा हेर्दा यो कथा सङ्ग्रह आकर्षक र रोचक छ ।

**६.१.९ पात्र**

कथाको कथावस्तुलाई गति दिने काम पात्रको माध्यमबाट गरिने हुनाले पात्रलाई कथाको आधारभूत तत्वको रूपमा लिन सकिन्छ । रमाइला सामाजिक बाल कथा सङ्ग्रह विषयवस्तु सामाजिक धरातलमा अन्तर्निहित भएकाले यसमा रहेका चरित्र पनि सामाजिक समस्यासित सम्बद्ध रहेको पाइन्छ । निम्न वर्गीय ग्रामीण जनजीवन तथा सहरिया जनजीवनलाई यस कथा सङ्ग्रहमा चरित्र चित्रणको मूल आधार बनाइएको छ । यस सङ्ग्रहमा सङ्कलित 'हजुरबासँग मेला हेर्न जाँदा' पहिलो कथा हो । यस कथामा हजुर-बा, नातिनी, नातिनीका बा, आमा, बसका यात्रुहरू, मेला हेर्न आएका दर्शकहरू पात्रको रूपमा प्रयोग भएको देखिन्छ । यस कथामा मुख्य गरी हजुरबा र नातिनीको भूमिका उल्लेखनीय देखिन्छ भने अन्य पात्रहरूको भूमिका गौण किसिमको छ । कथाकारले नातिनीको माध्यमबाट सम्पूर्ण कथा भनेका छन् । यो कथा काठमाडौं उपत्यकाको सहरिया परिवेशमा घटित छ । यस कथाको हजुरबाले अभिभावक र बृद्धको भूमिका निर्वाह गरेका छन् भने नातिनीले धाराबाहिक रूपमा कथावाचन गरेकी छन् । अन्य पात्रहरूले पनि यस कथालाई अगाडि बढाउन उल्लेखनीय भूमिका खेलेका छन् ।

'बिच्क्याउने बानी' कथामा मुरारि, सन्ध्या, टोलछिमेकका साथीहरू, स्कूलका साथीहरू, हेडसर, आदि पात्रहरूको प्रयोग गरिएको छ । मुरारि र सन्ध्या यस कथाको मुख्य पात्र हुन् । अन्य पात्रहरू यिनै पात्रको सेरोफेरोमा घुमेको पाइन्छ । मुरारि स्कूल पढ्ने केटो हो । उसको बिच्क्याउने बानीले गर्दा साथीभाइ सबैबाट अपहेलित भएको पाइन्छ । उसको बिच्क्याउने बानीले गर्दा एक दिन उसकै बहिनी सन्ध्या केटाको बोक्रामा एक्कासी कुल्ची बेतोडसँग हुत्तिएर बाटोको ढलमा खुरमुरिएर पछारिन पुग्छिन् । जसले गर्दा सन्ध्याको दुवै खुट्टाको घुँडासम्म काट्नुपर्ने हुन्छ । त्यसपछि सन्ध्या अपाङ्ग लङ्गडी भएर बाँच्नु परेको हृदयविदारक घटना कथामा देखाइएको छ । अन्त्यमा मुरारि पछुताउँदै "म अपराधी हुँ" भन्दै धुरुधुरु रुन पुग्छ । यस कथामा खासगरी मुरारिको चरित्र प्रस्तुत गरिएको छ ।

त्यस्तैगरी 'पुर्पुरोमा हात' कथामा प्रभाकर, प्रमोद पण्डित रघुनन्दन, सगुन, सगुनको बा, हेडमास्टर, बस भित्रका यात्रुहरू जस्ता पात्रहरूको प्रयोग गरिएको पाइन्छ । रघुनन्दन टोलछिमेकमा पण्डितको काम गर्ने सामन्ती प्रवृत्तिको मान्छे हो । उ आफ्ना छोराहरू प्रभाकर र प्रमोदलाई डाक्टर र इन्जिनियर बनाएर टोलछिमेक र साथीभाइहरूमा धाक जमाउन र देखाउन चाहने पात्र हो । प्रमोद र प्रभाकर पनि बाबुको कार्यमा समर्थन गरी हिड्ने पात्र हुन् । यिनीहरू पढाइलेखाइमा ध्यान नदिने उल्टै शिक्षकलाई गाली गरी हाक दिने पात्र हुन् । सगुन एउटा साधारण किसानको लगनशील छोरो हो । यस कथामा प्रभाकर बसको झ्यालबाट हाम्फालेको, हाम्फाल्दा, खुट्टा भाँचिएको देखाएर उसको चरित्रसलाई देखाउने काम गरिएको पाइन्छ । प्रमोद बसबाट झर्दा प्रमोदको घुस्साबाट सडकमा पछारिएकी बुढीको प्राणै गएको देखाएर कथाकारले यी दुवै दाजुभाइको चरित्रलाई फोटो झैं कथामा देखाएका छन् । त्यसपछि रघुनन्दनले "हे भगवान, यो के दशा भयो ।" भन्दै पुर्पुरोमा समातेर रुन थालेको कथामा देखाइएको छ । कथाकारले यो सब अहंकारको कारण हो भन्ने कुरा कथामा देखाउन खोजेका छन् ।

'बुद्धिमान बलबहादुर' यस कथा सङ्ग्रहको चौथो कथा हो । यस कथामा डाडागाउँ विकास समितिका मान्छेहरू, बलबहादुर, ठग जोगी, दुईजना जोगीकै सहयोगी, बलबहादुरको साथीजस्ता पात्रहरूको प्रयोग गरिएको छ । बल बहादुर गाउँको शिक्षित अन्धविश्वासको विश्वास नगर्ने पात्र हो । उ आफ्नो बुद्धिले गाउँका मान्छेहरूलाई जोगीको ठग चरित्र देखाउन सफल हुन्छ । डाडागाउँ विकास समितिका मान्छेहरू परम्पराको विश्वास गर्ने पात्रहरू हुन् । जोगी गाउँको सीधासोझा जनतालाई ठगी हिंडने पात्र हो । बलबहादुरको

साथी उसको सहयोगी हो । यस कथामा कथाकारले बलबहादुरका माध्यमबाट आफ्नो विचार व्यक्त गरेका छन् ।

'चम्चा दाउ' कथामा म, सुन्दर, सुन्दरकी आमा, म पात्रको साथी, दर्शकहरू र एम्पायर जस्ता पात्रहरूको प्रंयोग गरिएको छ । 'म' पात्र कुस्ती खेलको राष्ट्रिय चैम्पियन खेलाडी हो । उनी आफू अन्तर्राष्ट्रिय चैम्पियन हुन नसकेपछि एउटा योग्य, लगनशील तथा लागिरहने, जिज्ञासु शिष्यको खोजी गरी शिष्यलाई आफ्नो कुशलताहरू सिकाउने पात्र हुन् । उनी आफ्नो शिष्यले दिएको हाँकलाई स्वीकार गरी अनेक जुक्तिले शिष्यलाई हराउन सफल पात्र हुन् । सुन्दर म पात्रको शिष्य र आफ्नो गुरुलाई समेत खेलमा हाँक दिने पात्र हुन् । सुन्दरकी आमा विधवी बृद्धा ठूली घरानिया वर्गकी प्रतिनिधि पात्र हुन् । उनी आफ्नो छोरोलाई डाक्टर, इन्जिनियर बनाउन चाहने पात्र हुन् । अन्य पात्रहरू यस कथाको घटनालाई अगाडि बढाउन सहयोग गर्ने पात्रहरू हुन् ।

पात्रहरूको छनोटमा भूषणले विविधता ल्याएका छन् । यस कथा सङ्ग्रहभित्र शिक्षक, विद्यार्थी, किसान, सामन्ती पण्डित, गाउँ तथा सहरिया आदि प्रकारका पात्रहरूको प्रयोग गरिएको पाइन्छ । भूषणले यस कथा सङ्ग्रहमा अत्यन्त सजीव पात्रहरूको चित्रण गरेका छन् । यी पात्रहरू कुनै कल्पनालोकबाट सिर्जिएका नभई हाम्रै गाउँ घरमा हामीले नै देखे भोगेझैँ छन् । जसले गर्दा उनका कथाहरू गतिशील र स्वाभाविक बन्न पुगेका छन् ।

**६.१.१० भाषाशैली**

'रमाइला सामाजिक बालकथा' सङ्ग्रहमा बालबालिकाहरूले बोल्ने र उनीहरूको पहुँच भित्रको भाषा प्रयोग गरिएकाले भाषाशैली सरल र सहज किसिमको छ । कथाहरूमा विभिन्न किसिमका विषयवस्तु दिने क्रममा बालबालिकाहरूकै स्तर सुहाउँदो व्यवहार र स्वाभाविक बोलीचालीबाट भाषाशैलीको छनोट गर्ने काम कथाकारले यस कृतिमा गरेका छन् । आकर्षक शैली र सरल भाषामा लेखिएका यी कथाहरू बालबालिकाहरूका लागि मात्र नभएर सबै स्तरका समुदायका लागि रुचिकर बन्न पुगेको छ । आयामका दृष्टिले हेर्दा भूषणको यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरू मझौला किसिमका छन् । यसमा प्रयोग गरिएको चित्रहरूले कथालाई बुझ्न र पढ्दा जिज्ञासा पैदा गर्ने गर्दछ । यस कथामा मिस्टर, कण्डक्टर, चैम्पियन, ट्रीक र एम्पायर जस्ता प्रशस्त अङ्ग्रेजी शब्दहरू प्रयोग गरिएको पनि पाइन्छ । तापनि यसको प्रयोग सान्दर्भिक नै देखिन्छ । यसरी पात्रको स्तर अनुसार सरल

तथा अभिधामूलक सोझो वर्णनात्मक शैलीमा अभिव्यक्ति भूषणको रमाइला सामाजिक बालकथा कथ्य नेपाली भाषाको प्रयोगद्वारा सुसज्जित देखिन्छ ।

**निष्कर्ष**

नेपाली बालसाहित्यका सशक्त प्रतिभा गेहेन्द्रभूषण पोखारेलीको रमाइला सामाजिक बालकथाका ५ वटै बालकथाहरू मीठा र रसिला छन् । बालबालिकाहरूको व्यक्तित्व विकास गर्ने उद्देश्यले लेखिएको यस कृतिमा भूषणले बालसुलभ भाषालाई कथाका माध्यमबाट प्रस्तुत गर्न सफल भएका छन् । यसमा प्रशस्त चित्रहरूको प्रयोग गरिएकोले बालबालिकाहरूलाई पढ्न र बुझ्न सजिलो भएको देखिन्छ । यसमा सङ्कलित भएका कथाहरू बालमस्तिष्कबाट टिपिएको र सबै कथाहरूमा चित्रहरूको प्रस्तुतिले पनि यस कृतिले बालबालिकाहरूको मन जित्न र माया पाउन सफल भएको छ ।

**६.१.११ 'काकाको अर्ती नानीलाई फूर्ति' बालकविता सङ्ग्रहको अध्ययन**

**६.१.१२ परिचय**

२०५७ सालमा सुदीप अफसेट प्रेस प्रा.लि. महेन्द्रपूल, पोखराद्वारा प्रकाशित 'काकाको अर्ती नानीलाई फूर्ती' (बालकविता सङ्ग्रह) गेहेन्द्रभूषण पोखरेलीको तेस्रो प्रकाशित बालसाहित्यिक कृति हो । शिशुले जन्म लिएपछि उसले बोल्न खोजेको बेलाबाट बोलीमा परिपक्वता नआउन्जेलसम्म तिनका तोतेबोलीमा भएको मिठास सबैका लागि प्यारो र लोभलाग्दो हुन्छ । त्यही बालजीवनको निश्छल बालसंसारलाई कविताका माध्यमबाट प्रस्तुत गर्ने काम यस कृतिमा कविले गरेका छन् । यस कविता सङ्ग्रहमा प्रशस्त चित्रहरूको प्रयोग गरेर कवि भूषणले बालबालिकाको लागि पढ्न उत्सुकता सिर्जना गरेका छन् । यो कविता सङ्ग्रह व्यक्तित्व विकास, प्रतिभाको प्रगति, सन्तुष्टमय जीवन, अधिकार र कर्तव्यको मनग्ये क्षेत्रको विकास होस् भन्ने उद्देश्यले लेखिएको देखिन्छ ।

**६.१.१३ संरचना**

बाहिरी आवरण पृष्ठबाहेक जम्मा २० पृष्ठमा संरचित 'काकाको अर्ती नानीलाई फूर्ति' मा जम्मा १९ वटा बालकविताहरू सङ्कलित छन् । यस अन्तर्गत पर्ने सबै कविताहरू बालबालिकाहरूको बालमस्तिष्कबाट टिप्दै सरल, सहज र मीठो शैलीमा लेखिएका छन् । यस सङ्ग्रहमा ६७ वटा चित्रहरूको प्रयोगले बालबालिकालाई बुझ्न र पढ्न जिज्ञासा पैदा पगर्ने खालको छ । कविताहरू न्यूनतम् ३ श्लोकदेखि १० श्लोक सम्मको आयाममा रचिएका पाइन्छन् । कविताहरू २ देखि ६ पंक्तिसम्मको एक श्लोक आयाममा रचिएका

पाइन्छन् । त्यसैले प्रस्तुत कृति आकार प्रकारका दृष्टिकोणले हेर्दा लघु कविताहरूकै पंक्तिभित्र पर्न आउँछ । यस कविता सङ्ग्रहमा प्रत्येक कविता बेग्लाबेग्लै शीर्षकमा छन् र तिनको विषयवस्तु र भावकथन अनुरूप कवितैपिच्छे सुन्दर चित्रहरूको समावेश गर्ने काम भएको छ, जसले गर्दा प्रस्तुत कृति आकर्षक, रोचक र मनोरञ्जक समेत भएको छ ।

### ६.१.१४ विषयवस्तु

जीवनको महत्वपूर्ण अवस्था मानिएको बाल्यजीवन आफैमा एउटा स्वतन्त्र र पवित्र संसारले ओतप्रोत भएको बेला हो । बालबालिकाहरूको रुचि र स्तर सुहाउँदो किसिमबाट प्रस्तुत गरिएको यस बालकविता सङ्ग्रहमा बालबालिकाहरूले खेल खेलमै गाउन र नाच्न, मनोरञ्जन शिक्षा लिन सक्ने यथार्थलाई अँगालेको देखिन्छ । बालबालिकाहरूलाई रमाइलो गराउने, रमाइलो गर्न सिकाउने र आफ्नो हक अधिकारको लागि अघि बढ्न प्रेरणा दिने खालका कविताहरूबाट विभिन्न विषयवस्तुहरूको प्रस्तुतिकरण गर्ने काम यहाँ भएको छ । कवि भूषणले प्रत्येक कविताबाट बालबालिकाहरूलाई एक न एक अर्ती दिएका छन् । यस कविता सङ्ग्रहका बालकविताहरूलाई निम्न विषयवस्तुको आधारमा वर्गीकरण गरी हेर्न सकिन्छ :

**(ख) खेलजगत्सम्बन्धी**

वास्तवमा बालाबलिकाहरूलाई रमाइलो वातावरण खेलबाट सिर्जना भएको हुन्छ । खेलभन्दा प्यारो हुने र बालमस्तिष्कलाई छुने खालका केही कविताहरू यस सङ्ग्रहमा सङ्कलित छन् । यसमा कविले बालबालिकालाई खेल्ने बेलामा खेल्ने र पढ्ने बेलामा एक चित्त लिएर पढ्नुपर्छ भन्ने कुराको जानकारी बालबालिकालाई गराएका छन् ।

उदाहरण :

काम गर्दा खेल्ने मन गर्न हुन्न नानी ।
काम सबै बिग्रिएर थुच्यो होला नानी ।
खेल्ने बेला काम सम्झी पीरलिनुहुन्न ।
पीर लिई खेल्दा खेरी रमाइलो हुन्न ।
त्यसैकारण पढ्ने बेला पढ्ने मन गर ।
खेल्ने बेला खेल मात्रै मनको थकाइ मार ।

(खेल्ने बेला खेल, पढ्ने बेला पढ, पृ. १८)

**(ख) अर्ती उपदेशसम्बन्धी**

यस कविता सङ्ग्रहका सबै कविताहरू अर्ती उपदेश दिने खालका छन् । त्यसैले यस कविताको शीर्षक नै 'काकाको अर्ती नानीलाई फूर्ती' राखिएको छ । यस कविता सङ्ग्रहमा उपदेशात्मक तरिकाबाट आजका बालकहरूको बानीको चर्चा, बालबालिकाहरूले भोग्दै आएका समस्याको चर्चा गर्दै भोलिका दिनहरूमा दुःख पर्दा आमाको हेरचाह र देशको माया गर्नुपर्छ भन्ने कुराको शिक्षा दिन खोजिएको छ ।

**(ग) राष्ट्रियता**

यस कविता सङ्ग्रहमा राष्ट्रियता सम्बन्धी विषयवस्तु पनि समावेश गरिएको पाइन्छ । भाइ–बहिनी कविता एक राष्ट्रियताले ओतप्रोत भएको कविता हो ।

उदाहरण :

रोएर आफन्तको आँशु पुछ्नु
हाँसेर सबको सुखलाई बुझ्नु ।
अर्पेर आफूकन देशलाई
सेवा गरी बाँचनू नाम कमाई ।

(भाइ–बैनी, पृ. २)

**(घ) बालअधिकारसम्बन्धी**

यस कविता सङ्ग्रहमा कविले बालबालिकाहरूलाई आफ्नो हक र अधिकार प्राप्तिको लागि सङ्घर्ष गरी अगाडि बढ्न आग्रह गरेका छन् । कविले जन्मेपछि बालबालिकाको पढ्न र सन्तुलित आहार पाउने अधिकार सुनिश्चित हुनुपर्ने धारणा यस कवितामा व्यक्त गरेका छन्:

जन्मेपछि राम्रोसित हुर्किएर बढ्न,
बाल-हक देऊ भनी सबैभन्दा भन ।
सन्तुलित खाना खाने अधिकार खोज,
स्कुलमा पढ्न जाने आफ्नो हक रोज ।

(बाल-अधिकार भाग, पृ. ३)

**(ङ) बालश्रमसम्बन्धी**

यस कविता सङ्ग्रहको 'बालश्रम' शीर्षकको कवितामा बालश्रमको विरोध गरिएको पाइन्छ । यस बालश्रमलाई मुख्य विषयवस्तु बनाइएको पाइन्छ ।

उदाहरण :

पैसा कमाउने काम बालश्रम हुन्छ,
यसले गर्दा स्वास्थ्य-शिक्षा भ्रष्ट हुन्छ ।
बीस बाइस वर्षसम्म पढाइ देऊ भन,
निरोगी र स्वस्थ राख्न बाआमालाई भन ।

(बालश्रम, पृ. १७)

**(च) बानीव्यवहारसम्बन्धी**

यस कतिवा सङ्ग्रहमा रहेका कविता बालबालिकाहरूको बानीव्यवहार सम्बन्धी कविताहरू नै छन् । बालबालिकाहरूको बानी सुधार गर्न रचिएका यी कविताहरू सरल र बालसुलभ मिठासले भरिभराऊ देखिन्छन् । यसमा उपदेशात्मक शैलीबाट राम्रो बानी व्यवहार गर्न र नराम्रो बानी व्यवहार नगर्न आग्रह गरिएको देखिन्छ । बालबालिकालाई समाजमा प्रचलित जाँड-रक्सी, स्म्याक र चुरोट खाने जस्ता खराब कुलतमा नलाग्न बालबालिकालाई कविले सचेत गराएका छन् ।

उदाहरण :

जाड, रक्सि, चुरोट, सुर्ती खानेसँग होशियार !
तिमीलाई सारी देला त्यही रोग, होशियार !

(होशियार, पृ. १२)

कुपोषणले तिम्रो रगत, मासु, हाड आदि
बिग्रिएर जाला भनी भन बाबालाई ।
आँखा-कान मात्र होइन बल बुद्धि पनि
कुपोषणले बिग्रिएला भन आमालाई ।

(बाल–वचावट अधिकार माग, पृ. ६)

**(छ) स्वास्थ्यसम्बन्धी**

यस कविता सङ्ग्रहका रहेका केही कविताहरूमा बालबालिकाहरूको स्वास्थ्य सम्बन्धी विषयहरूलाई लिएर कविता रचिएका छन् । यस प्रकारका कवितामा बालबालिकाको स्वास्थ्य सुधारमा लाग्न आग्रह गरिएको छ ।

उदाहरण :

बाल-समाज समाजको भविष्यको तारा,

शिक्षा–स्वास्थ्य विना तारा कहाँ चम्कन्छ र
पढी-लेखी ठूलो होऊ सीपसिक खुपै,
स्वस्थ भई समाजमा नाम राख धेरै ।

(बालश्रम, पृ. १७)

कुपोषणले तिम्रो रगत, मासु, हाड आदि
बिग्रिएर जाला भनी भन बाबालाई ।
आँखा–कान मात्र होइन बलबुद्धि पनि
कुपोषणले बिग्रिएला भन आमालाई ।

(बाल-बचावट अधिकार माग, पृ. ६)

**(ज) युद्धसम्बन्धी**

कवि भूषणले युद्ध सम्बन्धी विषयवस्तुलाई पनि आफ्ना कवितामा समावेश गरेका छन् । बाल-बचावट सम्बन्धी कुरा उठाएर आतङ्क र युद्धको विरोध गरिएको छ ।

टुहुरा र टुहुरीको दुर्भाग्यलाई रोक्न,
अल्पायुमै मर्नुपर्ने नियतिलाई छेक्न,
अपाङ्गको जीवन्बाट रक्षा गरीदिन,
“आतङ्क र युद्धलाई रोकीदिनुस्” भन ।

(बाल-बचावट अधिकार माग, पृ. ६)

**(झ) विज्ञानसम्बन्धी**

यस कविता सङ्ग्रहमा विज्ञानको उन्नति र प्रगतिको कुरा गर्दै त्यसको विकासमा लाग्न प्रेरणा प्रदान गरिएको छ ।

चरा जस्तै उड्ने इच्छा गर्दा आयोसुद्धी ।
हवाइजहाज बनाउनेको कस्तो तीखो बुद्धी ।
फूल जस्तै फुल्ने रहर गरी मात्र हेर ।
जून-तारा जस्तै तिमी चम्कन के वेर ।
यो कुरालाई जाँच गर्न तिमी कम्मर कस ।
जाँच गर्दा ठहरेमा त्यसमा लागि पर ।

(मीठो कल्पना, पृ. १४)

### ६.१.५ भाषाशैली

प्रस्तुत बालकविता सङ्ग्रहमा सङ्कलित १९ वटा बालकविताहरू बालबालिकाहरूलाई मन पर्ने र आकर्षक शैलीमा संरचित छन् । बोधगम्य सरल भाषाको प्रयोगका साथै बालबालिकाहरूलाई मन पर्ने खालका बालभाषा, बाल कल्पना र बालअभिलाषालाई विभिन्न विषयवस्तुका माध्यमबाट व्यक्त गर्ने काम यस कृतिमा भएको छ । यसमा प्रयोग गरिएका चित्रहरूले बालबालिकालाई पढ्न र बुझ्न सजिलो बनाएको छ । लयात्मकता र गेयात्मकताको संयोजनमा कविताको शैली बालभावना अनुकूल हुनु र ठाउँठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले कविताहरू आस्वाद्य र रसिला बन्न पुगेका छन् । सरल, सरस, लयात्मक शैली र अन्त्यानुप्रासले ओतपोत भएको यस बालकविता सङ्ग्रहको भाषाशैली क्लिष्ट नभई सरल भएकाले सम्पूर्ण बालबालिकाहरूका लागि उपयोगी भएको छ ।

**निष्कर्ष**

नेपाली बालासहित्यका सशक्त प्रतिभा गेहेन्द्रभूषण पोखरेलीको बालकविता सङ्ग्रह ‘काको अर्ती नानीलाई फूर्ती’ का १९ वटै बालकविताहरू मीठा र रसिला छन् । बालबालिकाहरूलाई जीवनजगत्सित परिचय गराउँदै अर्ती उपदेशमूलक शैलीमा बालबालिकाहरूको व्यक्तित्व विकास, प्रतिभाको प्रगति, सन्तुष्टमय जीवन, अधिकार र कर्तव्यको मनग्ये क्षेत्रको प्राप्तिको लागि सङ्घर्ष गर्न आग्रह एवम् विभिन्न किसिमबाट शिक्षा प्रदान गर्ने उद्देश्यले लेखिएको यस कृतिमा भूषण अभिभावक बनेर बालसुलभ भाषालाई कविताका माध्यमबाट प्रस्तुत गर्न सफल भएका छन् । कविताहरू गेयात्मक र कतिपय अन्त्यानुप्रासयुक्त भएकाले बालबालिकाहरूको ओठओठमा बसी गुनगुनाउन र गाउन उत्प्रेरित गर्ने खालका छन् । यसमा सङ्कलित भएका कविताहरू बालमस्तिष्कबाट टिपिएको र सबै ठाउँमा चित्रहरूको प्रस्तुतिले (प्रयोग) पनि यस कृतिले बालबालिकाको मन जित्न र माया पाउन सफल भएको छ ।

# छैटौँ परिच्छेद

## उपसंहार

वि.सं. १९९४ साल तेर्सापट्टी टोल वडा नं. ३ पोखरामा जन्मेका गेहेन्द्रभूषणले आफ्नो साहित्य यात्राको झण्डै ५ दशक लामो समय पार गरिसकेका छन् । यस अवधिमा उनले साहित्यका फाँटमा  योगदान दिएका छन् । 'तिम्रो देश' २०१७ फुटकर कवितामार्फत् नेपाली साहित्यमा प्रवेशगरेका भूषणले नेपाली साहित्यका विविध विधाहरू मध्ये कविता, नाटक, कथा, एकाङ्की र बालसाहित्य विधामा कलम चलाएको देखिन्छ । शिक्षार्जनसँगै कार्य क्षेत्रमा  प्रवेश गरेका भूषणले आफ्नो जीवनको सम्पूर्ण अध्ययन दिनको जागीर र रातको पढाईबाट सम्पन्न गरेका हुन् । मध्यम वर्गीय परिवारमा जन्मे पनि सानैमा आमाको मृत्युका कारण मातृवात्सल्य प्रेमबाट बन्चित भएका कारण भूषण हालै आफ्नो मेहनत र परिश्रमले गर्दा पारिवारिक आर्थिक अवस्थामा केही सुधार गरेका छन् ।

भूषणले साहित्य र साहित्येतर दुवै क्षेत्रमा कलम चलाएर योगदान दिएको पाइन्छ । साहित्य सिर्जनातर्फ कविता, नाटक, कथा, एकाङकी र बालसाहितय क्षेत्रमा कलम चलाए पनि साहित्यकारको रूपमा स्थापित गर्ने उर्वर एवम् प्रभावशाली क्षेत्र चाहिँ कविता सिर्जना नै हो । त्यस्तै गरी शिक्षक-समाजसेवी, बहुभाषी उनको साहित्येतर व्यक्तित्वलाई चिनाउने महत्वपूर्ण पाटाहरू हुन् । २०१७ सालदेखि हालसम्मको करिब आधा  दशक लामो साहितययात्रामा उनका दुईवटा नाटक, दुईवटा कथा सङ्ग्रह, चारवटा कविता सङ्ग्रह, चारवता बालसहत्यि पुसतक र एक वटा एकाङ्की सङ्गैह प्रकाशित भइसकेका छन् ।

पुस्तकको रूपमा भूषणको प्रकाशित पहिलो पुस्तक प्रतिबिम्ब भाग एक कथा सङ्ग्रह हो यस पुस्तकको प्रकाशन वि.सं. २०३२ सालमा भएको थियो । भूषणको वि.सं. २०३४ सालमा प्रतिबिम्ब भाग दुई कथा सङ्ग्रह पनि प्रकाशित भएको पाइन्छ । उनका कथाहरू सामाजिक विषयवस्तुलाई अँगालेर लेखिएको सामाजिक कथा सङ्ग्रह हो । उनले कथामा समाजका नारीवर्गको दुःखपूर्ण स्थिति, मानिसहरूको स्वार्थपूर्ण व्यवहार, आडम्बरयुक्त रीति-परम्परा, गरीबवर्गको दुर्नियति आदिलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् ।

भूषणका नाटकतर्फ 'शाहवंशका पाँच प्रमुख राजाहरू' (२०४३) र वनवासी सीता (२०६२) प्रकाशित छन् । शाहवंशका पाँच प्रमुख राजाहरू नाटकमा शाहवंशका  पाँच प्रमुख

राजाहरूले नेपाल राष्ट्रको निर्माणमा पुऱ्याएको योगदानलाई विषयवस्तु बनाएर लेखिएको ऐतिहासिक नाटक हो । त्यस्तै 'वनवासी सीता' रामायणको मूल विषयवूतमा आधातिर छ ।

भूषणका एकाङ्कीतर्फ 'एक वसन्त अनेक फूलहरू' (२०६२) प्रकाशित छ । उनका एकाङ्कीमा आधुनिकताका नाममा देखिएका विकृतिहरू, नारीहरूमा देखिएको चरित्रहिनता, शहरिया तथा ग्रामीण वातावरण, गरीबको दुःखपूर्ण जीवन, प्रेमपरक विषय जस्ता विषयहरूलाई आफ्ना एकाङ्कीमा प्रस्तुत गरका छन् ।

भूषणका साना ठूला गरेर ४ वटा कविता सङ्ग्रह पुस्तककारका रूपमा प्रकाशित भएका पाइन्छ । यिनी नेपाली साहित्य क्षेत्रमा बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । उनका प्रकाशित कविताहरूमा 'मेरो वसन्त' (२०३७), 'राष्ट्रनाद' (२०३९), '०३६ देखि ०४६सम्मका सङ्घातहरू' (२०४७) र 'काकाको अर्ती नानीलाई फूर्ती' (२०५७) बाल कविता सङ्ग्रह प्रकाशित छन् । उनका कविताहरू राष्ट्रभक्तिले ओतप्रोत छन् । उनका कवितामा राष्ट्रप्रेम समाजमा देखिएका विकृति, भ्रष्टाचार, सामन्ती शोषक वर्गको विरोध, तत्कालीन शासक वर्गको शोषणको पर्दाफास, विदेशी हस्तक्षेको विरोध, धर्मका नाममा देखिएका विकृतिको चित्रण, जातभात छुवाछुतको विरोध, सरकारी कामकाजको ढीलासुस्तीको विरोध जस्ता विषयलाई आफ्ना कवितामा विषयवस्तु बनाएका छन् । उनका समग्र कवितालाई हेर्दा प्रगतिवादी धरातलमा आधारित भएर लेखिएका छन् । कवि भूषणले गद्य विधामा आफ्ना कविता लेखेका छन् ।

भूषणको साहित्य यात्राको उत्तरार्धचरणमा कलम चलेको विधा बालसाहित्य हो । उनका 'रमाइला सामाजिक बाल कथा' (२०४९)', 'बालक बिरुवा र पृथ्वीमाता' (२०५४) कथा र काकाको अर्ती नानीलाई फूर्ती' (२०५७), बालकविता सङ्ग्रह गरी तीन वटा बालसाहित्यिक पुस्तकाकार कृतिहरू प्रकाशित छन् । लोकपरम्पराबाट विकसित र विस्तारित हुँदै आएको र लेख्य रूपमा लेखनाथ पौड्यालबाट लेखन आरम्भ गरिएको बालकविता/गीतहरूका फाँटमा देखापर्दै आएका 'नेपाली बालसाहित्यकारहरू मध्ये गेहेन्द्र भुषण पोखरेली पनि उत्कृष्ठ बालसाहित्यकार हुन् । उनका बालसाहित्यिक पुस्तककार कृतिहरू चित्रको प्रयोगले रोचक र आकर्षक देखिन्छन् । चित्रकथा प्रस्तुतिमा गेहेन्द्रभूषण पोखरेली आफ्ना बालसाहित्यिक रचनालाई चित्रकलाले सजीव तुल्याएका छन् । भूषणका पुस्तककार प्रकाशित कृतिका अतिरिक्त फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ ।

यसरी फुटकर कविताबाट 'नेपाली साहित्यका क्षेत्रमा प्रवेशगरेका गेहेन्द्रभूषण पोखरेली नेपाली साहित्यका गद्य विधामा सक्रिय रहेका छन् । प्रकाशित कृतिहरूका आधारमा उनलाई एक सशक्त कथाकार, कवि, नाटककार र बालसाहित्यकार व्यक्तित्वका रूपमा स्वीकार्न सकिन्छ ।

आफ्नो साहित्य यात्राको पूर्वार्द्धदेखि निरन्तर नेपाली साहित्यको सेवा गर्दै आएका भूषण नेपाली साहित्य क्षेत्रका एक सशक्त प्रतिभा हुन् । उनले गाउँ, जिल्ला र अञ्चलदेखि राष्ट्रिय तहका विभिन्न शैक्षिक, साहित्यिक र सामाजिक क्षेत्रमा योगदान गर्दै आएका छन् । भूषणले नेपाली साहित्यको विकासमा सङ्ख्यात्मक तथा गुणात्मक योगदान पुऱ्याएका छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरू मध्ये 'शाहवंशका पाँच प्रमुख राजाहरू' (२०४३) नाटक संङ्ग्रह '०३६ देखि ०४६ सालसम्मका सङ्घातहरू' (२०४७) कविता सङ्ग्रह र काकाको अर्ती नानीलाई फूर्ती (२०५७) बालसाहित्य कविता सङ्ग्रह गुणात्मक दृष्टिले उत्कृष्ट देखिन्छ । उत्तरोत्तर उत्कृष्ट र विशिष्टतातर्फ उन्मुख भूषणले साहितय साधना नेपाली साहित्यको इतिहासमा उपलब्धिपूर्ण रूपमा रहेको देखिन्छ । अन्ततः गेहेन्द्रभूषण नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् र उनका कृतिहरूले नेपाली साहित्यको श्रीबृद्धि गर्नमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

**सम्भावित शोधशीर्षकहरू**

गेहेन्द्रभूषण पोखरेलीका बारेमा पुनः अध्ययन अनुसन्धान गर्न चाहने शोधार्थीहरूले निम्न लिखित शीर्षकमा गर्न सक्ने छन् :

क) गेहेन्द्रभूषण पोखरेलीको कथाकारिता ।

ख) गेहेन्द्रभूषण पोखरेलीको कविता सङ्ग्रहको अध्ययन ।

ग) विभिन्न कोणबाट 'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रहको अध्ययन

घ) बालसाहित्यकारका रूपमा गेहेन्द्रभूषण पोखरेलीको अध्ययन ।

## सन्दर्भ सामग्रीसूची

**(क) पुस्तक सूची**


अवस्थी, महादेव, **खण्डकाव्यकारिता,** काठमाडौँ : एकता बुक्स डिस्ट्रिव्यूटर्स, २०६१ ।

उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्यसिद्धान्त,** काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) **नेपाली कविता भाग ४,** चौ.सं., काठमाडौँ : साझा प्रकाशन, २०६० ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय,** चौ.सं., काठमाडौँ : साझा प्रकाशन, २०५० ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश,** काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

भूषण, गेहेन्द्र, **प्रतिबिम्ब,** ललितपुर : रत्न प्रिन्टिङ्ग प्रेस, २०३२ ।

..........., **प्रतिबिम्ब भाग २,** २०३४ ।

..........., **मेरो बसन्त,** काठमाडौँ : लुष प्रेस, २०३९ ।

..........., **शाहवंशका पाँच प्रमुख राजाहरू,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०४३ ।

..........., **०३६ देखि २०४६ सम्मका सङ्घातहरू,** काठमाडौँ : हिसि प्रेस, २०४७ ।

..........., **बालक बिरुवा र पृथ्वीमाता,** काठमाडौँ : मोनाज अफसेट प्रेस प्रा.लि., २०४९ ।

..........., **रमाइला सामाजिक बालकथा,** पोखरा : स्क्रिनोग्राफ एण्ड कम्युनिकेशन, २०५४ ।

..........., **काकाको अर्ती नानीलाई फूर्ती,** पोखरा : सुदीप अफसेट प्रेस प्रा.लि., २०५७ ।

..........., **वनवासी सीता,** पोखरा : संचार दर्पण अफसेट प्रेस, २०६२ ।

..........., **एक वसन्त अनेक फूलहरु,** पोखरा : ओजन बुक्स, २०६२ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग ४,** ललितपुर : साझा प्रकाशन, २०५७ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** चौ.सं., काठमाडौँ : साझा प्रकाशन, २०४९ ।


**(ख) पत्रपत्रिकासूची**


उदास, गेहेन्द्रमान, '०३६ देखि ०४६ सम्मका सङ्घातहरु', **छहरा साप्ताहिक** (वर्ष १०, अङ्क २२, २०४७), कार्तिक ११ ।

राकेश, रामदयाल, 'कवि गेहेन्द्रभूषण पोखरेली' **साप्ताहिक जन्मभूमि,** वैशाख १, २०४८ ।

'०३६ देखि ०४६ सम्मका सङ्घातहरु', **दृष्टि साप्ताहिक** (वर्ष ८, अङ्क ८, २०४७), पौष ४ ।

भूषण, गेहेन्द्र 'राष्ट्रनाद' गोरखापत्र, असोज १३, २०३९ ।

# परिशिष्ट

गेहेन्द्रभूषण पोखरेलीका साहित्यिक तथा अन्य पुस्तकाकार कृतिहरुको विवरण यसप्रकार छन् :

१. प्रतिबिम्ब भाग एक (२०३२), कथा सङ्ग्रह ।

२. प्रतिबिम्ब भाग दुई (२०३४), कथा सङ्ग्रह ।

३. मेरो बसन्त (२०३७), कविता सङ्ग्रह ।

४. राष्ट्रनाद (२०३९), कविता सङ्ग्रह ।

५. शाहवंशका पाँच प्रमुख राजाहरु (२०४३), नाटक सङ्ग्रह ।

६. ०३६ देखि ०४६ सम्मका सङ्घातहरु (२०४७), कविता सङ्ग्रह ।

७. रमाइला सामाजिक बालकथा (२०५४), कथा सङ्ग्रह ।

८. बालक बिरुवा र पृथ्वीमाता (२०४९), कथा ।

९. काकाको अर्ती नानीलाई फूर्ती (२०५७), बालकविता सङ्ग्रह ।

१०. वनवासी सीता (२०६२), नाटक ।

११. एक वसन्त अनेक फूलहरु (२०६२), एकाङ्की ।

१२. प्रारम्भिक वन विज्ञान (वन विषयमा पहिलो पुस्तक), २०३२ ।

१३. आधुनिक नेपालको विश्षेणात्मक इतिहास (२०४५) ।

१४. नेपाली संस्कृति र राष्ट्रिय एकताको विपरीत हिन्दू अधिराज्यको अवधारणा (२०४८) ।

१५. हाम्रा बालबालिका र सामाजिक शिक्षा (२०५१) ।

१६. नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन (विद्यावारिधि शोधग्रन्थ (२०५३) ।

१७. प्रमुख प्राचीन सभ्यता मत र विश्वको विश्लेषणात्मक इतिहास (२०६१) ।

१८. नेपालका आदिवासीमा हिन्दूकरण (इतिहासदेखि आजसम्म–एक विश्लेषण (२०६१) ।

## दोस्रो परिच्छेद

## २. गेहेन्द्रभूषण पोखरेलीको जीवनी

### २.१ जन्म र जन्मस्थान

गेहेन्द्रभूषण पोखरेलीको जन्म वि.सं. १९९४ साल चैत्र १५ गते गण्डकी अञ्चल कास्की जिल्लाको पोखरा उपमहानगरपालिका वडा नं. ३, तेर्सापट्टी भन्ने टोलमा एक मध्यम वर्गीय परिवारमा भएको हो । यिनको पिताको नाम स्व. चूडामान उदास र आमाको नाम स्व. चिनी उदास हो । स्व. चूडामान उदासका दुई श्रीमतीमध्ये जेठी तर्फका जेठा छोरा गेहेन्द्रभूषण पोखरेली हुन् ।[३७]

चूडामान उदास लेखपढ गर्न जान्ने, सरकारी कर्मचारीको रूपमा कार्य गर्ने, साहित्यिक लेखहरूको रचना गर्ने, प्रशस्त परिश्रम गर्ने, अनुभवी, परिपक्व र समाजसेवी व्यक्ति थिए । यिनलाई तत्कालीन श्री ५ को सरकारको सुब्बा सरहको पद दिइएको थियो । उनका छोरा गेहेन्द्रभूषण पोखरेलीको न्वारानको नाम गेहेन्द्रमान उदास हो । उनको साहित्यिक नाम भने गेहेन्द्रभूषण पोखरेली (पोखरेली काका) हो । हाल भूषण स्थायी रूपले पोखरा उपमहानगरपालिका वडा नं. १६, बडहरबोट बाटुलेचौरमा बसोबास गर्दै आउनुभएको पाइन्छ ।

### २.२ बाल्यकाल र मातृवियोग

बाल्यकालमा गेहेन्द्रभूषण पोखरेलीको शरीर निकै सुगठित र हृष्टपुष्ट थियो । स्वास्थ्यका दृष्टिले पनि पोखरेली निरागी नै थिए । पोखरेलीले बाल्यवस्थामै मातृवात्सल्यबाट बञ्चित हुनु परेकोले उनको बाल्यकाल समस्याग्रस्त र संघर्षमय देखिन्छ । वि.सं.१९९६ सालमा आमाको मृत्यु भएकोले उनको बाल्यकाल बाबाको लालनपालनमा बित्यो । उनले आमाको अनुहार समेत कस्तो थियो भनी सम्झना गरी राख्ने सौभाग्य पनि पाउन सकेनन् । जुनबेला उनको उमेर डेढ वर्ष मात्रको थियो । भूषणको जीवनमा आमाको माया-ममता र अनुरागएवम् उत्साह कस्तो हुन्छ भन्ने कुराको अनुभव गर्ने घडी समेत बामे सर्ने अवस्थामै कहिल्यै नपाउने गरी हराएको थियो । उनी स्वयम् भन्दछन् 'सिँगाने अवस्था पार गरेदेखि नै पिताजीको गाह्रो-साँगुरो र विवशतासँग सक्दो सहयात्रा गर्नुपर्दा बेला-बेलामा आफ्नो

[३७] शोधनायक गेहेन्द्रभूषण पोखरेलीबाट प्राप्त जानकारी ।

अन्तरमुखी एकाङ्कीपनले आफै आफ व्यथित भई आमालाई सम्झँदै एक्लै आँखा रसाउँने हुन्थ्यो ।'[३८] यसरी उनको बाल्यकाल सङ्कटमय अवस्थामा गुज्रेको थियो ।

बाल्यकालदेखि नै संघर्षमय जीवन बिताउने पोखरेली सानैदेखि असल बानीव्यवहार, मृदुभाषी र मिलनसार थिए । आफ्ना बालसाथीहरूसँग ग्राम्यसुलभ खेलहरू खेल्नमा मात्र होइन उनी टोलसगठनमा सक्रीय भई सामाजिक सेवा र सहयोग, नाटक लेखन र मञ्चन तथा सांस्कृतिक कार्यक्रमहरूमा सक्रीय हुनुहुन्थ्यो । विशेषगरी उनले राष्ट्रिय मा.वि. टुडिखेल, अमरसिंह मा.वि. र कन्या मा.वि.मा सङ्गठन निर्माणको लागि सक्रीय भई हिड्नु भएको थियो । सानै उमेरदेखि पठनपाठनमा रुची राख्ने पोखरेलीको रसरङ्ग र खेलकूदमा पनि रुचि थियो । खेलकूदतर्फ उनी फुटबल र भलिबल खेल्ने गर्दथे । यसरी बालककालदेखि नै असल स्वभाव बानीव्यवहार भएका, सहनशील, कर्तव्यपरायण र कष्टपूर्ण, समस्यापूर्ण तथा मातृवात्सल्य बिहीन जीवन बिताउन वाध्य भएका भूषण गाउँमा इष्टमित्र, छरछिमेक साथीभाइ सबैका अति प्यारा थिए ।[३९]

## २.३ अक्षरारम्भ र शिक्षादीक्षा

गेहेन्द्रभूषण पोखरेलीको शिक्षाको आरम्भ आफ्नै घरबाट भएको पाइन्छ । उनी स्वयम् पनि शिक्षित परिवारमा जन्मिएकाले उनलाई अक्षर चिनाउने काम उनका बाबाले गर्नुभएको थियो । यिनले आमाको मातृवात्सल्य गुमाउनु परे पनि बाबाको माया र स्नेहले बाल्यकाल बिताएका थिए । उनले औपचारिक रूपले शिक्षाको आरम्भ राणाशासन समाप्ति ( २००७) पछि गरेको पाइन्छ । भूषणले एकैचोटी तीन कक्षा पढ्न राष्ट्रिय मा.वि. टुँडिखेलमा भर्ना भएका थिए । उनको बाबुको इच्छा उनलाई पढाएर ज्योतिष बनाउने थियो ।[४०] भूषण पढ्नमा अत्यन्त चलाख थिए जसले गर्दा उनले वि.सं. २०१३ सालमा एस.एल.सी. उत्तीर्ण गर्न पुग्छन् । त्यसपछि उनको पढाइ लामो समयसम्म रोकिन पुग्छ । यिनले लामो समयको अन्तराल पछि आई.ए. २०२४ सालमा प्राइभेट नेपालमा नै गरेका थिए । त्यसपछि भने उनको अध्ययनको क्रम अघि बढ्दछ र यिनले बि.ए. शङ्करदेव क्याम्पसबाट २०२५/२६ सालमा उत्तीर्ण गर्न पुग्दछन् । उनले औपचारिक रूपमा भर्ना भए पनि प्राइभेट जस्तै स्वअध्ययन गरी आफ्नो अध्ययनलाई अघि बढाएको पाइन्छ । यसरी यिनले आफ्नो

---

[३८] ऐजन ।

[३९] ऐजन ।

[४०] ऐजन ।

अध्ययनलाई अघि बढाउने क्रममा सन् १९७२ सम्ममा नेपाली र इतिहास विषयमा टि.यु. बाट एम्.ए. गर्न पुग्नुभएको थियो । भूषणले आफ्नो अध्ययनको क्रममा बेलायतको Leads University बाट २०३१/३२ सालमा शिक्षा विषयमा स्नातक गर्नुभएको थियो । भूषणले आफ्नो जीवनमा आइपरेका विविध समस्यालाई पन्छाएर आफ्नो अध्ययनलाई अगाडि बढाउने क्रममा वि.सं. २०४३ सालबाट सुरु गरी २०४८ साल सम्ममा टि.यू. (T.U.) बाट नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन विषयमा विद्यावारिधि गर्नुभएको पाइन्छ । यसका साथै भूषणले तत्कालीन श्री ५ को सरकारको जागिरको शिलशिलामा विभिन्न विषयमा तालिम लिनुभएको पाइन्छ जसमा पाल्पा जिल्ला बालकल्याण समितिद्वारा आयोजित ‘बालअधिकारसम्बन्धी तालिम दिनेहरूलाई तालिम दिने (TOT) तालिम प्राप्त, युनिसेफ र रेडियो नेपालद्वारा आयोजना गरिएको Early Childhood Development Interactive Radio Instruction कार्यशालामा पूर्ण सहभागिता, Golda Meir Mount Carrel International Training Centre Israel द्वारा सञ्चालित 'Early Childhood Education' जस्ता विषयमा तालिम प्राप्त गर्नुभएको पाइन्छ । यसरी उनले आफ्नो अध्ययनलाई अघि बढाउने क्रममा कतै सरकारी जागिर र कतै शिक्षण पेशालाई अँगाल्दै आउनुभएको पाइन्छ, जसको कारण आर्थिक अभाव नै थियो ।

## २.४ व्रतबन्ध, विवाह र सन्तान

गेहेन्द्रभुषण पोखरेलीको व्रतबन्ध आफ्नै घर तेर्सापट्टी, पोखरामा ११ वर्षको उमेरमा परम्परागत रूपमा पुरोहितलाई बोलाएर गरिएको थियो । भूषण ३३ वर्षको हुँदा काठमाडौँ निवासी प्रमिलादेवी (कोइराला के.सी.) को साथ विवाह भयो तर भूषण र प्रमिलादेवीलाई लामो समयसम्म दाम्पत्य जीवन बिताउने अवसर मिलेन । प्रमिलादेवीले चार सन्तानकी आमा हुने अवसर पाइन । भूषणका सन्तानहरूमा प्रमिता, प्रदिप्ता, प्रनिता र प्रकृता गरी चार छोरीहरू हुन् । यिनले अन्तर्जातीय विवाह गरेका थिए । यिनीहरूबीचको पारिवारिक बेमेलका कारण औपचारिक रूपमा नै वि.सं. २०५१/५२ सालतिर सम्बन्ध विच्छेद हुन पुग्यो । भूषणले उक्त पीडाको घटना सहन नसकी फेरी अर्को विवाह वि.सं. २०५३ सालमा सामान्य किसिमले कास्कीकोट निवासी तारादेवी उदास (देवकोटा) का साथमा गर्न पुगे ।[४१] उनी तर्फबाट एकमात्र सन्तान छोरा जीति भूषणको जन्म भएको छ । हाल उनी ११ वर्षका छन् । भूषणले दोस्रो विवाह पनि अन्तर्जातीय नै गरेका छन् । उनको स्वभावले गर्दा नै

[४१] ऐजन ।

यस्तो हुन गएको हो । यिनी समाजमा जातभात छुवाछुतको अन्त्य गर्न चाहन्छन् । त्यसैले पनि उनी अर्न्तजातीय विवाहलाई प्रोत्साहन गर्दछन् ।

गेहेन्द्रभूषण पोखरेली आफूशिक्षित र पेशाले शिक्षक भएका कारणले पनि छोराछोरीलाई पढाउनुपर्छ भन्ने धारणा भएको पाइन्छ । भूषण छोराछोरीलाई पढ्नको लागि निकै प्रेरणा दिने गर्दथे । जसले गर्दा उनका सबै सन्तान पढाइमा अगाडि बढेको पाइन्छ । भूषणका जेठी तर्फ हरेक सन्तानले कम्तीमा पनि स्नातकोत्तर उत्तीर्ण गर्नुले पनि भूषणको शिक्षाप्रतिको दृष्टिकोण स्पष्ट हुन पुग्दछ । उनका कान्छीपट्टिका छोरा जीतिभूषण पनि पढ्नमा चलाख छन् । यसरी हेर्दा हालसम्म उनको दाम्पत्य जीवन पूर्वार्द्धमा कष्टपूर्ण देखिए तापनि उत्तरार्द्धमा दाम्पत्य तथा पारिवारिक जीवन सुमधुर वातावरणमा बितिरहेको पाइन्छ ।

## २.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति

प्रमिलादेवीसँग वि.सं. २०२७ सालमा विवाह भएपछि भूषणको दाम्पत्य जीवन सुरुवात हुन्छ । उनको दाम्पत्य जीवन त्यति राम्रो देखिन्न । सुरुसुरुका केही समय दाम्पत्य जीवन ठीकैसँग बिते पनि त्यसको केही समयपछि नै दाम्पत्य जीवनमा बेमेलको स्थिति सिर्जना हुन पुग्यो । भूषणको उनीसँग सुमधुर मिलन, रमाइलो वातावरणमा आनन्ददायक जीवन बिताउने इच्छा हुँदाहुँदै पनि यिनको श्रीमतीको कारण उक्त चाहना पूरा हुन पाएन र अन्त्यमा वि.सं. २०५१/५२ सालमा औपचारिक रूपमा नै सम्बन्ध विच्छेद हुन पुग्यो । भूषणले उक्त पीडा सहन नसकी त्यसमा मलम पट्टी लगाउनको लागि अर्को विवाह वि.सं. २०५३ सालमा सामान्य किसिमले कास्कीकोट निवासी तारादेवी उदासको साथमा गर्न पुगे । त्यसपछि भने भूषणको दाम्पत्य जीवन राम्रोसँग चलेको देखिन्छ । तारादेवीसँग विवाह भएपछि भने दाम्पत्य जीवन सामान्य, प्रायः शान्त र सुमधुर ढङ्गले चलेको कुरा भूषण बताउँछन् ।[४२]

भूषणको जीवन सामान्य किसिमले हेर्दा दुःखपूर्ण देखिन्छ । उनको जन्म मध्यम वर्गीय परिवारमा भएको थियो । बाल्यकालमा आमाको मृत्यु, मध्यमवस्थामा बाबाको मृत्यु तथा श्रीमतीसँग किचलो जस्ता कारणले पारिवारिक परिस्थिति बिग्रँदै गएको पाइन्छ । उनले आफ्नो जीवनमा जतिसुकै दुःख र कष्ट आइपरे पनि आफ्नो कर्तव्य भने पूरा गरेका थिए । यिनले आफ्नै भाइलाई समेत पढाउन सहयोग गरेको पाइन्छ भने छोरीहरूलाई उच्च शिक्षा

[४२] शोधनायकबाट प्राप्त जानकारी ।

सम्मको अध्ययन गराउनु भएको पाइन्छ । जसले गर्दा भूषणको कर्तव्यनिष्ट व्यवहारलाई स्पष्ट देखाउँछ । यस दृष्टिले हेर्दा उनको जीवन सफल नै देखिन्छ । वि.सं. २०१५/१६ सालदेखि शिक्षण पेशामा लागेका भूषणलाई पछि आफ्ना चार छोरीहरू सहितको ६ जनाको परिवारलाई पालनपोषण गर्ने जिम्मेवारी बढ्यो । यिनले आफ्नो छोरीहरूलाई सुखसयलका साथ पाल्दै गए । हाल उनका चारवटै सन्तानको विवाह भइसकेको र एक छोरी अमेरिका भएको भूषण व्यक्त गर्दछन् । प्राध्यापक पेशाबाट अवकाश प्राप्त गरेको र सबै छोरीहरूले पनि आ-आफ्नो तर्फबाट राम्रो प्रगति गरेको हुनाले पारिवारिक रूपमा निकै सन्तुष्टि प्राप्त भएको अनुभव गर्दछन् । हालसम्म पनि उनले स्कुल स्तरमा पढाउने काम गरिरहेका छन् । भूषण आफ्नो पसिनाको कमाइमा रमाउने सादा जीवन उच्च विचार राख्ने व्यक्ति हुन् । यसरी भूषणको पारिवारिक स्थिति पूर्वार्द्धमा केही सङ्घर्षपूर्ण नै रहे पनि उत्तरार्द्धमा भने आनन्दको साथ चलेको पाइन्छ ।

## २.६ पितृवियोग

जन्म भएको डेढ वर्षमै मातृवात्सल्य प्रेमबाट वञ्चित हुन पुगेका गेहेन्द्रभूषणका जीवनमा क्रमिक रूपमा दुःखहरू एकपछि अर्को गर्दै थपिँदै गए । त्यसैले उनी दुःखै दुःखको भुँवरीमा परेको पाइन्छ । भूषण बूढानीलकण्ठमा अध्यापन गरेको अवस्थामा वि.सं. २०३२ सालो तीजको दरखानु एकदिन अगाडि नरदेवी अस्पताल काठमाडौँमा क्यान्सर रोगबाट भूषणको बाबाको मृत्यु भएको थियो ।[४३] यस पीडाले उनको जीवनमा ठूलो बज्रपात हुन पुग्यो । एकातिर दाम्पत्य जीवनको बेमेल अर्कोतिर बाबाको बाँच्ने उमेर छँदैको मृत्युले उनी मर्माहत हुन पुगे । उनको प्रेरणाको स्रोत, आमाको सम्झना बिर्साउने बाबाको मृत्युले सही नसक्नुको पीडा भोग्न पुग्दछन् । उनको परम्परागत परम्पराअनुसार गुह्येश्वरीमा दाहसंस्कार भयो । यसरी पितृवियोगले उनको दुःखपूर्ण जीवनलाई झन दुःखपूर्ण बनाइदिन्छ ।

## २.७ जीवनमा देखापरेका दुःखसुखका क्षण

गेहेन्द्रभूषण पोखरेलीको जीवन दुःखै दुःखले भरिएको पाइन्छ । डेढ वर्षको उमेरमा आमाको वात्सल्यप्रेमको अनुभव सम्म गर्न नपाएका भूषणका जीवनमा क्रमिक रूपमा दुःखहरू एकपछि अर्को गर्दै थपिँदै गए । त्यसैले उनी दुःखैदुःखको भुँवरीमा परेको पाइन्छ । उनको जीवनको सबैभन्दा दुःखको क्षण भनेको दाम्पत्य जीवन नै हुन पुगेको छ । उनको

---

[४३] ऐजन ।

जीवनमा सुरुसुरुका क्षणमा दाम्पत्य जीवन ठीकैठीकै बिते पनि त्यसको केही समयपछि नै दाम्पत्य जीवनमा दुःखका क्षणहरू देखा पर्न थाल्दछन् । श्रीमतीसँग मिलेर बस्ने इच्छा हुँदा हुँदै पनि उनकी श्रीमती र उनकी आमाको सम्पत्ति प्रतिको मोहले गर्दा अन्त्यमा सम्बन्ध विच्छेद हुन पुग्दछ । जीवनभर साथ दिने कसम खाएकी श्रीमतीको तिरस्कारले उनी बौलाह सरह हुन पुगे । उनले भूषणको जागरी गरी कमाएको सम्पत्ति र पुर्ख्यौली सम्पत्ति समेत आफ्नो नाममा गराएर भूषणलाई सुकुम्बासी सरह बनाएर सम्बन्ध विच्छेद गर्दछिन् । उनको अनौपचारिक रूपले वि.सं. २०४७ सालमा र औपचारिक रूपले वि.सं. २०५१/०५२ सालमा सम्बन्ध विच्छेद हुन पुग्दछ । यसको पीडाले उनी बौलाह सरह हुन पुगे । आफना दुःखका सन्दर्भमा भूषण भन्दछन् ‘म दिनभरी पृथ्वीनारायण क्याम्पसमा विद्यार्थीहरूलाई पढाउथे भने रातभरी कोठामा बौलाहसरी हुन्थे, यति सम्मकी एक्लै भित्तामा हातले हानाहान गर्ने, टाउको ठोकाउने, एक्लै सपना र विपनामा रुने, चिच्याउने जस्ता क्रियाकलाप गर्थे आफूलाई बौलाएको अनुभव भएको थियो ।’[४४] यसैले उनका दुःखको क्षणहरू उल्लेख गरी साध्य छैन । उनले आफ्नो जीवनलाई बौलाहसरी हुनबाट बचाउन वि.सं. २०५३ सालमा तारादेवीसँग विवाह गरी दाम्पत्य जीवनमा बाँधिन पुग्नुभएको पाइन्छ । यसले गर्दा भूषणलाई जीवनमा सहारा पाएको अनुभव हुन्छ । हाल भने उनको दाम्पत्य जीवन सुखपूर्ण नै देखिन्छ ।

यिनको जीवनमा देखापरेको अर्को दुःखका क्षणमा बाबाको मृत्युलाई लिन सकिन्छ । उनको बाबाको वि.सं. २०३२ सालमा नरदेवी अस्पतालमा क्यान्सर रोगबाट भएको थियो । भूषण बाबाको मृत्युका सम्बन्धमा भन्दछन् । समयमा बाबा बिरामी भएको थाहा नपाएर औषधी उपचार समयमा गर्न नपाउँदा मलाई साह्रै दुःख लागेको छ । बाँच्ने उमेर हुँदाहुँदै बचाउन नसकेकेमा साह्रै दुःखीत हुनुहुन्छ । त्यस समयमा भाइले सहयोग नगरेकोमा दुख व्यक्त गर्नुहुन्छ । भूषण दुःखका क्षण सम्बन्धमा भन्दछन् ‘आमा र बाबालाई सम्झेर अफिसमा पनि एक्लै रोएको थिएँ त्यस समयमा साथीहरूले देखेर पनि किन रोएको भनेर सम्म सोधेनन् यसले मलाई झन् मर्महात तुल्यायो । आज मलाई बाबा र आमा भएको भए चिनाउन र सहारा पाउने थिएँ जस्तो लाग्दछ ।[४५] यसपछि उनको जीवनमा सबैभन्दा दुःखको क्षणको आरम्भ हुन्छ । उनलाई साढे सत्र वर्षसम्म प्राध्यापन पेशामा लागेर अवकास हुनु

[४४] ऐजन ।

[४५] ऐजन ।

पर्दा सबभन्दा दु:ख लागेको उनी भन्दछन् 'साढे सत्र वर्ष सम्म पृथ्वीनारायण क्याम्पसमा पढाएर पनि निबृत्तिभरण नपाउँदा मलाई सबभन्दा दु:ख लाग्यो ।[४६]

यसरी भूषणको जीवनमा विविध किसिमका दु:खका क्षणहरू देखापरेको पाइन्छ । भूषणले पारिवारिक समस्या मात्र व्यहोरेनन्, मातृपितृ र पत्नीको पीडा सहनु परेको थियो । यसरी उनको सुखको क्षणको सम्बन्धमा भन्दा उनको जीवनमा सुखका क्षणहरू देखापर्दै परेनन् तापनि उनी भन्दछन् 'भाइ र छोराछोरीहरूलाई पढाउन पाउँदा (आफ्नो दायित्व पूरा गर्न सकेकोमा) आफूलाई खुसी लागेको छ । भौतिक कुरामा मात्र विश्वास नगर्ने भएकोले विछोडको पीडापछि आत्मबल बढेर बाँच्न सकेकोमा आफूलाई सुख महशुस हुन्छ । भौतिक कुरामा मात्र विश्वास गर्नेले मलाई दु:खी अनुभव गरे पनि वास्तवमा आफू खुसी भएको अनुभव हुन्छ ।' यसरी भूषण आफ्नो जीवनलाई सफल र सार्थक ठान्दछन् ।

## २.८ बसोबास र आजीविका

गेहेन्द्रभूषण पोखरेलीका पुर्खाहरू पाटनबाट कास्की जिल्लाको पोखरा उपमहानगरपालिका वडा नं. ३ तेर्सापट्टी टोलमा गएर बसेका थिए ।[४७] उनका पिता चूडामान उदास सरकारी कर्मचारी हुनुहुन्थ्यो । उनको जन्म पनि त्यही कास्की जिल्लाको तेर्सापट्टी टोलमा भएको थियो । भूषणको जन्म पनि वि.सं. १९९४ सालमा पोखरा तेर्सापट्टीमा आफ्नै घरमा भएको थियो । आफ्नो मातापिताका साथ उनी पनि त्यही बस्दथे । उनको बाल्यकाल पोखरामा नै बित्यो । भूषण अध्ययन तथा जागीरको क्रममा काठमाडौँमा वि.सं. २०१८ सालदेखि पसेको पाइन्छ । आजीविकाका क्रममा यिनले विभिन्न ठाउँमा शिक्षक तथा तत्कालीन श्री ५ को सरकारको वन विभागमा कार्यरत भई विभिन्न ठाउँमा काम गर्नुभएको पाइन्छ । यिनले वन विभागमा वि.सं. २०१८ सालदेखि २०२६ सालसम्म काम गर्नु भएको थियो । सुरुमा काठमाडौँ र ठीमिको क्रमश: थानकोटमा 'काठमाडौँ वन नर्सरी' र ठिमी नर्सरीको रेन्जर भई काम गर्नुभएको पाइन्छ । त्यसपछि बारा जिल्लाको का.मु. वन अधिकृत भई वि.सं. २०२३ सालदेखि वि.सं. २०२६ सालसम्म काम गर्नुभएको पाइन्छ । त्यसपछि भूषणले तत्कालीन श्री ५ को सरकारको जागिर छोडेर शिक्षण पेशा अपनाएको पाइन्छ । भूषणले २०४० सालसम्म बूढानीलकण्ठ स्कुल काठमाडौँमा शिक्षक (सामाजिक अध्यापन), हाउस मास्टर र सहायक प्रधानाध्यापक (प्राज्ञिक) पदमा काम

[४६] ऐजन ।
[४७] ऐजन ।

गर्नुभएको पाइन्छ । वि.सं. २०४१/०४२ सालसम्म सिन्धुली क्याम्पसमा संस्थापक क्याम्पस प्रमुख भई काम गर्नुभएको पाइन्छ । उनले शिक्षण पेशाकै क्रममा वि.सं. २०४२ सालदेखि २०५९/१२/१८ सम्म पृथ्वीनारायण क्याम्पस पोखरामा इतिहास विषयमा प्राध्यापन गर्नुभएको थियो । यसरी भूषण आजीविकाको क्रममा विभिन्न ठाउँ र स्थानमा बसोबास गर्नुभएको पाइए तापनि हाल भने स्थायी रूपमा पोखरा उपमहानगरपालिका वडा नं. १६ बडहरबोट, बाटुलेचौरमा बस्दै आउनुभएको पाइन्छ । हालसम्म पनि आफ्नो घरखर्च चलाउन सिपालु सरल ग्रामीण हृदय भएकी पत्नी भएकाले उनको पारिवारिक स्थिति सामान्य रूपमा सुखमय नै रहेको पाइन्छ ।

## २.९ आर्थिक अवस्था

गेहेन्द्रभूषण पोखरेलीको जन्म मध्यम वर्गीय परिवारमा भएको थियो । सानै उमेरमा आमाको मृत्यु भए पनि बाबाको सरकारी पेशाले गर्दा उनलाई आर्थिक अभावको त्यति अनुभव गर्नु परेन तापनि उनको बाल्यकाल पछि भने अध्ययनको क्रममा आर्थिक अभाव परेको पाइन्छ । विद्यार्थी जीवनदेखि नै अभाव र अशिक्षाका दुई बलिया दुश्मनसित मोर्चा कस्दै अगाडि बढेका भूषण ७० वर्ष भइसक्दा पनि उनको जोश र जाँगरमा कुनै कमी आएको पाइन्छ । हाल उनी स्कुलमा अध्यापन कार्यमा संलग्न छन् । जीवनको मध्ये अवस्थामा आर्थिक अभावको अनुभव भए पनि उनले आफ्नो दायित्व पूरा गरी छोरीहरूलाई पढाएको पाइन्छ । यसका अतिरिक्त विभिन्न पत्रिकाको सम्पादन र प्रकाशन गर्दै आएका भूषण आफ्नो मासिक तलबबाट प्राप्त आम्दानीले हाल घरगृहस्थीको खर्च चलाइरहेका छन् । न्यून आयबाट पनि आफ्नो घर खर्च चलाउन सिपालु सरल ग्रामीण हृदय भएकी पत्नी भएकाले उनको पारिवारिक स्थिति सामान्य रूपमा सुखमय नै रहेको पाइन्छ ।

## २.१० रुचि र स्वभाव

सानै उमेरदेखि पढ्न चाहने, पत्रपत्रिका हेर्ने, विश्व घटनालाई बुझ्न चाहने भूषणको रुचिको विषय भने साहित्य लेखन तथा समाजसेवा गर्ने हो । विद्यार्थीकालदेखि हालसम्म कविता, नाटक, कथा, बालसाहित्य लेखनमा नै बढी कलम चलाउने भूषणले कार्यालयको समयमा आफ्नो पेशामा समर्पित गरे पनि अन्य फूर्सदको समय र रातको शून्य र शान्त वातावरणमा साहित्य साधनामा नै समय दिने गरेको पाइन्छ । राजनीतिक, सामाजिक, प्रेम विषयक, राष्ट्रिय विषयवस्तुलाई आफ्ना कृतिको माध्यमबाट पोखेका छन् । उनको

बाल्यकालदेखि नै रुचिको विषय हो- साहित्य लेखन र पठनपाठन । शिक्षण पेशामा प्रवेश गरे पनि कालान्तरमा साहित्य सिर्जनामा नै आफूलाई संलग्न गर्ने उनको उद्देश्य रहेको थियो । नाटक मञ्चन, खेलकूदमा रुचि राख्ने, भूषण दीनहीन, रोगी, नारी, बृद्ध र बालबालिकाप्रति करुणा, दया र सेवाको भावना राख्दछन् । भूषण सबैलाई समान रूपमा हेर्ने कसैलाई नहेप्ने, नोक्सान नगर्ने, कसैलाई नराम्रो वचन नबोल्ने व्यक्तिको रूपमा चिनिन्छन् ।

मृदुभाषी, सरल, हँसिला, नरम र मिलनसार भूषण समाजसेवी र साहित्यप्रेमीका रूपमा चिनिन्छन् ।[४८] भूषणको अर्को रुचिका विषय सङ्गीत र खेलकुद पनि हो । मुरली र मादल बजाउन शौख छ । त्यस्तै धार्मिक तथा सामाजिक कार्य, परम्परागत संस्कृति, चाडपर्व, उत्सवमा सक्रीय सहभागिता जनाउने गर्दछन् । भूषणलाई खेलकूदमा भलिबल र फुटबल बढी मन पर्दछ ।

जस्तोसुकै खानाको परिकार पनि मन पराउने भूषण सामान्य नेपाली खाना नै मन पराउँछन् । प्रायः सादा खाना (दाल, भात, तरकारी, अचार) नै बढी रुचाउँदछन् । यसका अतिरिक्त ढेडो, रोटीमा विशेष रुचीका साथ खाने गर्दछन् ।

## २.११ साहित्यिक तथा सामाजिक कार्यहरू

बाल्यकालदेखि नै सामाजिक सेवामा कार्यरत गेहेन्द्रभूषण पोखरेलीको नेपाली साहित्य विकास गर्न ठूलो सहयोग पुऱ्याएको पाइन्छ । सानै उमेरदेखि टोल सङ्गठन र नाटक मञ्चनमा सक्रीय भएको पाइन्छ । खासगरी वि.सं. २०११ सालदेखि वि.सं. २०१६ सालसम्म तेर्सापट्टी टोलमा र २०१५/१६ सालमा मल्टिपर्पस नेशनल हाइस्कुल (हाल राष्ट्रिय उच्च मा.वि.) बगर टुँडिखेलमा डाइरेक्टर समेत भई नाटकहरू रङ्गमञ्चमा मञ्चन गराउनु भएको पाइन्छ । त्यसरी देखाइएका प्रमुख नाटकहरूमा 'हाम्रो समाज', 'निशानी', 'सपना', 'सदानन्द' आदि तेर्सापट्टी टोलमा र 'अब के गर्ने !' नाटक हाइस्कुलमा देखाइएको थियो । 'सन-लाइट थेटर' खोलेर नाटक देखाउने अनौपचारिक संस्था पनि स्थापना गरेको पाइन्छ ।[४९] भूषणले साहित्यका विभिन्न विधामा कलम चलाएको पाइन्छ । खासगरी उनले साहित्यका नाटक, कथा, कविता र बालसाहित्य जस्ता विधामा कलम चलाएको पाइन्छ तापनि उनी नाटककारका रूपमा तथा कविका रूपमा बढी चर्चित छन् । नाटकतर्फ उनका

[४८] पूर्ववत्, शोधनायककी पत्नी तारादेवीबाट प्राप्त जानकारी ।

[४९] पूर्ववत गेहेन्द्रभूषण पोखरेलीबाट प्राप्त जानकारी ।

'वनवासी सीता', 'शाहवंशका ५ प्रमुख राजाहरू' चर्चित छन् र कवितातर्फ मेरो वसन्त (२०३७), 'राष्ट्रनाद' (२०३९), '०३६ देखि ०४६ सम्मका सङ्घातहरू' (२०४७) हो । कथातर्फ उनका 'प्रतिबिम्ब' भाग १ र २ प्रकाशित भएको पाइन्छ । उनले बालसाहित्य लेखनमा पनि विशेष योगदान दिएको पाइन्छ । उनका बालसाहित्यतर्फ 'बालक, बिरुवा र पृथ्वीमाता' (२०४९) रमाइला सामाजिक बालकथा (२०५४) र काकाको अर्ती नानीलाई फूर्ती (०५७) पुस्तककार कृतिहरू प्रकाशित छन् । यसका साथै भूषणका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रचनाहरू प्रकाशित भएको पाइन्छ । यसरी उनले नेपाली साहित्यमा पुऱ्याएको योगदान अविस्मरणीय देखिन्छ ।

भूषणले सामाजिक कार्यहरू अन्तर्गत नारी उत्थान, जातीय भेदभावको अन्त्यको लागि दलितहरूलाई शिक्षा प्रदान गर्ने जस्ता कार्यहरू गर्नुभएको पाइन्छ ।

## २.१२ प्रेरणा र प्रभाव

गेहेन्द्रभूषण पोखरेलीले साहित्यतर्फ लाग्ने प्रेरणा आफ्नै बाबाबाट प्राप्त गरेको पाइन्छ । उनका बा चूडामान उदास, जो आफै पनि शौखिन गायक, सङ्गीतकर्ता र टोलमा रामायणको तालिम गराएर गाईजात्रा पर्वमा निकाल्नुहुन्थ्यो । भूषणले सुरुमा नाटक लेखन र मञ्चन गर्नुभएको पाइन्छ । भूषणलाई नाटक मञ्चन गर्ने विचार वि.सं. २००७ सालसम्म पोखरामा बडाहाकिम भएर बसेका धनशमशेर ज.ब.रा. ले बेलाबेलामा उसको दरबार मोहरियाटोलमा देखाउने गरेको नाटक हेरेर प्रेरणा पाएको पाइन्छ । त्यसबेला उनी ९/१० वर्षको बालक थिएँ । यसरी नाटक हेर्ने क्रममा त्यसरी नै नाटक निकाल्ने प्रेरणा पाएका थिए । यसैका प्रेरणास्वरूप उनले 'वनवासी सीता' नाटक वि.सं. २०१९ सालमा लेखेको पाइन्छ । यो नाटकमा भानुभक्तीय रामायणको प्रभाव परेको पाइन्छ । उनले साहित्यको अन्य विधामा लाग्ने प्रेरणा सामाजिक, राजनैतिक र पारिवारिक परिस्थितिले प्रभाव पारेको पाइन्छ । भूषणले वि.सं. २०१६/१७ सालबाट कविता लेख्न थाल्नुभएको पाइन्छ जसको प्रभाव र प्रेरणा आफ्नै बा चूडामान उदासबाट प्राप्त गरेका थिए ।[५०] यिनको कवितामा समसामयिक विषयवस्तुहरूको प्रयोग गरी लेखिएको पाइन्छ । यिनले कथा विधामा पनि कलम चलाएको पाइन्छ । भूषणको कथामा सामाजिक विषयवस्तुको प्रयोग गरिएको पाइन्छ ।

[५०] ऐजन ।

यसरी बाल्यकालदेखि गाउँघरका लोकसाहित्यिक वातावरणमा हुर्केका भूषणले नाटकको मञ्चन र लेखन, एकान्तमा बसेर कविता कोर्नेदेखि स्वदेशी तथा विदेशी लेखकहरूका कथाहरू अध्ययन गर्न थाले र विभिन्न समसामयिक साहित्यिक गोष्ठी, सम्मेलनहरूमा भाग लिँदै नेपाली साहित्यमा प्रवेश गरेको देखिन्छ ।

## २.१३ भ्रमण

गेहेन्द्रभूषण पोखरेलीलाई भ्रमण रुचिको विषय भएर पनि परिस्थितिले भने त्यति साथ दिएको थिएन । 'जहाँ इच्छा त्यहाँ उपाय' भनेझैँ भूषणले आफनो इच्छालाई पूर्ण रूपमा मन भने दिएनन् । भूषणले विदेशतर्फ बेलायत र भारतको भ्रमण गर्नुभएको पाइन्छ । अध्ययन र जागिरको शिलशिलामा नेपालका धार्मिक र सांस्कृतिक केही महत्वपूर्ण स्थलहरू साथै अन्य केही जिल्लाहरू घुमेर नेपालको भौगोलिक क्षेत्रको भ्रमण गरेर केही जानकारी प्राप्त गरेको पाइन्छ । भूषणले नेपालको हिमाल, पहाड र तराई तीनै क्षेत्रको भ्रमण गर्नुभएको पाइन्छ । उनले नेपालको मुख्य क्षेत्रहरू काठमाडौँ उपत्यका, पोखरा, बारा, विराटनगर, लुम्बिनी जस्ता अधिकांश क्षेत्रको भ्रमण गर्नुभएको पाइन्छ । भूषणले अध्ययनको शिलशिलामा एक वर्ष बेलायतको भ्रमण गर्ने अवसर प्राप्त गर्नुभएको पाइन्छ । यसरी यिनले स्वदेश तथा विदेश भ्रमणका क्रममा त्यहाँको भौगोलिक, सामाजिक, सांस्कृतिक तथा प्राकृतिक मनोरम दृश्यहरूबाट प्रभावित भई रचना गरेका कतिपय कुराहरूलाई आफ्ना साहित्यमा अभिव्यक्त गरेका छन् ।[५१]

## २.१४ लेखनको आरम्भ र प्रकाशनको थालनी

गेहेन्द्र भूषणले लेखनको आरम्भ किशोर अवस्थामा हाइस्कुल जीवनमै पोखरामा गरेको पाइन्छ । खासगरी वि.सं. २०११ सालदेखि २०१६ सालसम्म तेर्सापट्टी तोलमा र २०१५/१६ सालमा मल्टिपर्पस नेशनल हाइस्कुल (हाल राष्ट्रिय उच्च मा.वि.) बगर टुँडिखेलमा डाइरैक्टरसमेत भई नाटकहरू रङ्गमञ्चमा मञ्चन गराउनुभएको पाइन्छ । त्यसरी देखाइएका प्रमुख नाटकहरूमा 'हाम्रो समाज', 'निशानी', 'सपना', 'सदानन्द' आदि तेर्सापट्टी टोलमा र 'अब के गर्ने !' नाटक हाइस्कुलमा देखाइएको थियो । यसरी स्कुल अवस्थादेखि नै नाटकको मञ्चन गर्दै आउनुभएका पोखरेलीको प्रथम पुस्तककार रूपमा लेखिएको कृति 'वनवासी सीता' (२०१९) हो । यसको प्रकाशन भने लामो समयपछि वि.सं. २०६२ सालमा

[५१] ऐजन ।

हुन्छ । उनीद्वारा लेखिएका अधिकांश कृतिहरू जीवनको उत्तरार्द्धतिर प्रकाशन भएको पाइन्छ । भूषणले आफ्ना कृतिहरूको प्रकाशन 'प्रतिबिम्ब' भाग १ कथासङ्ग्रह (वि.सं. २०३२) प्रकाशन सँगै अन्य कृतिहरूको प्रकाशन गर्न थालेको देखिन्छ । उनको फुटकर रूपमा प्रकाशित पहिलो रचना भने 'तिम्रो देश' (२०१७) कविता हो ।[५२]

## २.१.५ दिनचर्या

मुख्य रूपमा शिक्षक व्यक्तित्व भएका कारण गेहेन्द्रभूषण पोखरेलीको मुख्य कार्य क्षेत्र पढाउनु नै हो । भूषणले वि.सं. २०१३ सालमा एस.एल.सी. पास गरेपछि पोखरामा राष्ट्रिय मा.वि. बाट अध्यापन कार्य शुरु गरे । त्यसपछि देशका विभिन्न विद्यालय तथा क्याम्पसमा अध्यापन गर्दै २०५९/१२/१८ सम्म ६५ वर्षको उमेर व्यतीत भयो । यसका अतिरिक्त भूषण साहित्य लेख्ने कार्यमा नै व्यस्त देखिन्थे । भूषण कास्की जिल्लाका विभिन्न साहित्यिक कार्यक्रममा जाने, साहित्यिक विचारहरू आदान-प्रदान गर्ने कविता सुन्ने सुनाउने तथा नाटक मञ्चन गर्ने काम गर्दथे । त्यस्तै फूर्सदको समयमा सामाजिक सेवाका अतिरिक्त पत्रपत्रिकाको सामान्य अध्ययन गर्दछन् । हाल साहित्यिक कृतिहरू रचना तथा प्रकाशन गर्ने कार्यमा नै दिनचर्याहरू अगाडि बढेको पाइन्छ । भूषण विभिन्न व्यक्तिहरूलाई भेट्ने, इष्टमित्र कहाँ जाने आदि कार्य गरेर नै बुढेसकालका दिनहरू बिताइरहेका छन् ।[५३]

## २.१६ पदक, पुरस्कार, प्रमाणपत्र र प्रशंसा-पत्र

गेहेन्द्रभूषण पोखरेलीले नेपाली साहित्य तथा अध्यापन कार्यमा योगदान पुऱ्याएबापत केही पुरस्कार तथा प्रशंसा पत्रहरू प्राप्त गरेको देखिए पनि राष्ट्रिय स्तरका पुरस्कारहरू भने पाएको देखिँदैन । उनले प्राप्त गरेका केही पदक तथा पुरस्कारहरू यसप्रकार छन् –

| पदक, पुरस्कार प्रशंसा पत्रको नाम | प्राप्त गरेको मिति वि.सं. | दिने संस्था वा व्यक्ति | पुरस्कृत गर्नाको कारण |
|---|---|---|---|
| १. प्रशंसा-पत्र | २०५८/१/६ | सुब्बा नाथु प्रह्लाद प्रतिष्ठान | 'मौलिक राष्ट्रिय संस्कृतिमा तमु संस्कृतिको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्नु भै प्रशंसनीय काय गर्नु भएकोले |
| २. सम्मान-पत्र | २०६२ | श्री ज्ञानभूमि | विद्यालयको स्थापना संचालन संरक्षण एवम् |

[५२] ऐजन ।

[५३] ऐजन ।

| | | | |
|---|---|---|---|
| | | नि.मा.वि. | समाजसेवामा निःस्वार्थ रूपले संलग्न भई नयाँ पुस्ताको मार्गदर्शक तथा प्रेरणाको स्रोत हुनु भएकोमा |
| ३. प्रशंसा-पत्र | २०५९/१/६ | सुब्बा नाथु प्रह्लाद प्रतिष्ठान | 'गुरुङ्ग संस्कृतिमा ह्लोछार पर्व' विषयक कार्यपत्रमा टिप्पणी गर्नु भै प्रशंसनीय कार्य गर्नुभएकोले |
| ४. कदर-पत्र | २०६० भाद्र | पृथ्वीनारायण क्याम्पस, पोखरा | पृथ्वीनारायण क्याम्पसमा अनवरत रूपमा सेवा गरी क्याम्पसको संरचना, विकास र शैक्षिक उत्थानको लागि निष्ठावान रही आफ्नो जिम्मेवारी उत्साहप्रद रूपमा वहन गर्दै आउनु भएकोमा |
| ५. कदर-पत्र | २०६१ | त्रिभुवन स्मारक स्वर्ण जयन्ती समारोह समिति | नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन शीर्षकमा विद्यावारिधि गरी श्री ५ को सुयश फैलाउने काम गरेकाले |
| ६. कदर-पत्र | २०६१/१/८ | तमु छोंज धिं | आदिवासी जागरण र उत्थान गर्ने काममा लेखनको माध्यमद्वारा विशेष योगदान पुऱ्याएकोमा |

## २.१७ सारांश

गेहेन्द्रभूषण पोखरेली एक सामान्य मध्यम वर्गीय परिवारका सदस्य हुन् । भूषणको घरको आर्थिक अवस्था बलियो नभए पनि त्यति दयनीय नभएको र हाल आएर निकै सुधार भएको पाइन्छ । भूषणको आर्थिक स्रोत निजामति सेवा र शिक्षण सरकारी पेशा नै थियो तर पनि भूषणको पारिवारिक जीवन सामान्य नै देखिन्छ तापनि उनले आफ्नो र छोराछोरीको अध्ययनलाई भने पूरा गर्न सफल भएका छन् । भूषणको जीवन पूर्वार्द्धतिर उतारचढाव, शोक तथा आर्थिक एवम् वैयक्तिक समस्याको कारणले गर्दा एकप्रकारको विसङ्गतिबोधको बीजारोपण हुन पुग्दछ भने उत्तरार्द्धमा क्रमिक सुधार भएको पाइन्छ । भूषणको साहित्य सेवा

सुरुदेखि हालसम्म अगाडि बढेको पाइन्छ । उनको साहित्य सेवाको अवधि करिब आधा शताब्दी पुगेको देखिन आउँछ ।

**परिच्छेद-तीन**

## ३. गेहेन्द्रभूषण पोखरेलीको व्यक्तित्व

### ३.१ पृष्ठभूमि

गेहेन्द्रभूषण पोखरेलीले नेपाली साहित्यका क्षेत्रमा दिएका योगदानको चर्चा-परिचर्चाका क्रममा उनमा निहित व्यक्तित्वका विभिन्न पाटाहरूको अध्ययन गर्दा उनी बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् । जीवनमा जतिसुकै आरोह अवरोहहरूको अनुभव गर्नुपरे तापनि आफ्ना उद्देश्य, विचार र दृढताबाट विचलित भएको पाइँदैन । उनले निस्वार्थ रूपमा नेपाली साहित्यको सेवा गरे । युवावस्थाः २०१० देखि २०६४ सम्म प्रत्यक्ष-अप्रत्यक्ष रूपमा उनी नेपलाी साहित्य क्षेत्रमा संलग्न रहँदै आएका छन् । उनका व्यक्तित्वको समग्र अध्ययन गर्दा उनी विभिन्न क्षेत्रमा आफ्ना वैशिष्ट्यहरूका साथ देखापर्दछन् ।

### ३.१.१ गेहेन्द्रभूषण पोखरेलीको शारीरिक बनावट

बाहिरबाट हेर्दा भूषण अग्लो कद, तेजिलो मुखमण्डल, काला आँखा, ठूलो निधार, मिलेको नाक, मिलेको शरीर, प्रशन्न (उज्यालो, हँसिलो) अनुहार भएका भूषण बृद्धवस्थाका कारण किञ्चित चाउरिएका गाला, स्वेत दन्तपङ्क्ति, सेतै फुलेको कपाल भएका देखिन्छन् । शारीरिक रूपमा कुनै खनखोट नदेखिने भूषणका मिलेका हात र सर्लक्क परेका गोडा छन् । भूषण मोटा नदेखिए पनि उनी स्वस्थ रहेको पाइन्छ ।[५४]

गेहेन्द्रभूषण दयालु स्वभावका व्यक्ति छन् । दीन दुःखीहरूका दुःख र समस्यालाई आफ्नै दुःख र समस्या जस्तो सम्झने भूषण आफ्नो क्षमताले भ्याएसम्म गरिब दुःखीलाई आर्थिक सहयोग गर्दछन् । सबैसँग बाँडीचुँडी खाने उदार दिल भएका व्यक्ति हुन् । साथी भाइसँग ज्यादै मिलनसार भूषण फुर्सदको समयमा साथीभाइलाई भेट्ने दुःख सुखका गफगाफ गर्ने गर्दछन् । जो कोहीसँग पनि वैमनष्यता नराख्ने, साना नानीदेखि बूढाबूढी सबैसँग मिल्न सक्ने मिलनसार स्वभावका छन् । भाग्यभन्दा कर्ममा विश्वास गर्ने भूषण आफूसँग सल्लाह र सुझाव माग्ने व्यक्तिलाई उचित सल्लाह, अर्ती, उपदेश दिने गर्दछन् । बाहिर हिड्दा प्रायः सर्टपाइन्ट र जुत्ता लगाउँछन् भने घरमा बस्दा पनि सामान्य लुगा लगाउँछन् । घरायसी कामबाट फुर्सद पाउनासाथ साहित्यिक रचनामा अग्रसर रहने भूषण पत्रपत्रिका पढ्ने, पुस्तक हेरिरहने, राष्ट्रिय र अन्तर्राष्ट्रिय चिन्तन गर्ने गर्दछन् । सधैँ शिक्षण

---

[५४] शोधार्थीले शोधनायकलाई प्रत्यक्ष देखेको ।

पेशालाई मर्यादित रूपमा हेर्ने र कहिल्यै पनि अध्यापन पेशाप्रति दिक्क नमान्ने भूषण कुनै पनि समयमा विद्यार्थीहरू आफूसँग सिक्न आएमा सहर्ष सिकाउने गर्दछन् । विद्यार्थीले कुनै पनि किसिमको गल्ती गरेमा उनी त्यसलाई अबदेखि त्यसो नगरोस् भनी सुध्रने मौका सिर्जना गरिदिन्थे । ज्यादै मिलनसार कसैसँग झगडा नगर्ने, कहिल्यै नरिसाउने, गाली गलौज नगर्ने भूषण आफ्ना साथीभाइलाई पारिवारिक सदस्यका रूपमा हेर्ने, आत्मीयताको नाता गाँस्ने अनि एक पटक परिचय लिइसकेपछि कहिल्यै नबिर्सने स्वभावका छन् । हाँसठट्टा गरेर रमाइलो गर्ने, रेडियोबाट आएका कर्णप्रिय गीतहरू सुन्ने स्वभाव छ ।[५५]

### ३.१.२ अध्ययनशील व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेली अध्ययनशील व्यक्ति हुन् । सानै उमेरदेखि उनी पढाइएमा तेज थिए । उनको अध्ययनको शुभारम्भ अनौपचारिक रूपमा घरैमा भयो र पछि औपचारिक रूपमा राणाशासन समाप्तिसँगै एकैचोटी तीन कक्षामा राष्ट्रिय मा.वि. पोखरामा भर्ना भएको पाइन्छ ।[५६] उनको अध्ययनशील प्रतिभाले गर्दा वि.सं. २०१३ सालमा एस.एल.सी. पास गर्न पुग्दछन् । त्यसपछि भूषणको अध्ययनको क्रम केही समय रोकिन पुग्छ तापनि यिनले स्वाध्ययनलाई कायमै राखेको पाइन्छ । यिनले आफ्नो अध्ययनलाई अगाडि बढाउने क्रममा जागीर खाँदै वि.सं. २०२४ सालमा आई.ए. प्राइभेट गर्न पुग्दछन् । त्यसपछि भने भूषणको अध्ययनले निरन्तरता पाउन थालेको पाइन्छ । भूषणले बि.ए. शङ्करदेव क्याम्पसबाट वि.सं. २०२५/२६ सालमा उत्तीर्ण गरेको पाइन्छ । यिनले आफ्नो अध्ययनलाई अगाडि बढाउने क्रममा टि.यू. बाट सन् १९७२ सम्ममा नेपाली र इतिहास विषयमा एम्.ए. उत्तीर्ण गरि सक्दछन् । यिनको बौद्धिक व्यक्तित्वले गर्दा यिनले टि.यू. बाट वि.सं. २०४८ सालमा 'नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन' विषयमा विद्यावारिधि शोधग्रन्थ पूरा गरे । यिनको अध्ययनशील व्यक्तित्वलाई हेर्दा आफ्नो जीवनमा जतिसुकै दुःखद क्षणहरू आइपरे पनि त्यसले अध्ययनको क्षेत्रलाई अवरोध पुऱ्याएको देखिँदैन । यिनको अध्ययनको क्रमलाई हेर्दा यिनले बेलायतको Leads University बाट वि.सं. २०३१/०३२ सालमा शिक्षा विषयमा स्नातक गर्नुभएको पाइन्छ ।

पठनपाठनको कार्यलाई यिनी अनिवार्य ठान्दछन् । विद्यार्थी जीवनदेखि नै मेहिनेतका साथ अध्ययन गर्ने भूषणको बानी जीवनभर नै रहेको पाइन्छ । यही अध्ययनशीलताले नै

---

[५५] शोधनायककी धर्मपत्नीबाट प्राप्त जानकारी ।

[५६] पूर्ववत्, शोधनायकबाट प्राप्त जानकारी ।

साहित्य सिर्जनामा प्रेरित गरेको झलक मिल्दछ । नेपाली भाषाको अतिरिक्त हिन्दी र अंग्रेजी नेपाली भाषामा लेखिएका पुस्तकहरू खोजीखोजी पढ्ने बानी छ । यसका साथै विभिन्न पत्रपत्रिका अधययन गरेर ज्ञान हासिल गर्ने स्वभाव पाइन्छ ।

कुनै कुरालाई पनि गहिरिएर अध्ययन गर्ने व्यक्ति भएकै कारणले उनमा विश्वको विविध पक्षको ज्ञान थियो । उनको '०३६ देखि २०४६ सम्मका सङ्घातहरू' र 'प्रमुख प्राचीन सभ्यता मत र विश्वको विश्लेषणात्मक इतिहास' (२०६१) पुस्तकबाट भूषणको अध्ययनशील व्यक्तित्वलाई प्रष्ट्याउँदछ । यदि भूषणमा गहन अध्ययनको अभाव थियो भने उनले विश्वको विविध पक्षमा समेटिएको कृतिको रचना गर्न सक्दैनथे । भूषणले विश्वसम्बन्धी ज्ञान विभिन्न पत्रपत्रिका, पुस्तक, स्वाध्ययन तथा संचारका विभिन्न माध्यमबाट प्राप्त गरेका हुन् ।

### ३.१.३ समाजसेवी व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेली नेपाली साहित्यसेवीका साथै बाल्यकालदेखि नै समाज सेवामा लागेका व्यक्ति समेत हुन् । समाजमा आइपरेका समस्यालाई चुनौती र हाँक दिँदै अगाडि बढ्दछन् । यस्तै समाज सुधार्ने र समाजहितको लागि सधैँ अगाडि बढ्ने व्यक्ति हुन् । उनमा सानै उमेरबाट समाजमा घटेका घटनाप्रति दुःखी हुने स्वभाव थियो भने समाजमा रहेका दुःखी र दरिद्रलाई सहयोग गर्ने कार्यमा अभिरुचि भएको पाइन्छ । नोकरचाकरदेखि लिएर ठूला मान्छे समेतलाई समान मानवीय व्यवहारले हेर्ने भूषण कुशल समाजसेवी हुन् । उनले आफ्नो क्षमता अनुसारको समाजका विविध क्षेत्रमा समय समयमा सहयोग गर्दै आएको तथ्यहरू भेटिन्छ । भूषणको धारणा मानिस व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर सामाजिक क्षेत्रमा लाग्नुपर्छ भन्ने छ ।[५७] भूषण काठमाडौँमा पढ्दा होस् वा आफू शिक्षण पेशामा संलग्न हुँदा होस् साथीभाइलाई परेका बेलामा मद्धत गर्ने गर्दथे । शैक्षिक क्षेत्रमा रुचि राख्ने भूषण विद्यालय संचालनको लागि पनि अग्रसर भएका तथ्यहरू भेटिन्छन् । पोखरामा अवस्थित शिशु प्राथमिक पाठशाला (हाल ज्ञानभूमि नि.मा.वि.) को संस्थापक भएर विद्यालयको संरक्षण, सञ्चालन र समाजसेवामा निस्वार्थ रूपमा पढाइ संचालन गर्न शिक्षक साथीहरू र विद्यार्थीहरूको साथमा रही स्वयम् सेवकको रूपमा समेत काम गर्नुभएको पाइन्छ । त्यसैगरी संस्थापक प्रधानाध्यापक भएर महेन्द्र मिडिल स्कुल (हाल महेन्द्र मा.वि.) लाहाचोकमा

[५७] ऐजन ।

सेवारत रहेर काम गरेका थिए । त्यसैगरी सिन्धुली क्याम्पससको संस्थापक क्याम्पस प्रमुख भएर काम गर्नुभएको पाइन्छ । यसका अतिरिक्त उनले आजीवन सदस्यता ग्रहण गरेर बालविकास सांस्कृतिक समाज, पोखरा तथा बालसाहित्य समाज, काठमाडौँको आजीवन सदस्यता ग्रहण गरी बाल बालिकाको विकासमा सहयोग पुऱ्याएको पाइन्छ । आफू संलग्न रहेको विद्यालयभित्र निर्माण गरिने शौचालय, विद्यालयको पर्खाल, कक्षाकोठा र अन्य फूलबारीको निर्माण, मर्मत तथा फलफूल एवम् वृक्षारोपण आदि कार्यमा सहयोग गर्नुभएको पाइन्छ । जुनसुकै विद्यालयमा रहँदा पनि साथीहरूको सल्लाहअनुसार शिक्षा र स्वस्थ्यमा सुधार ल्याउने हेतुले गाउँका रघघरमा गई समयसमयमा सम्झाउने कार्यमा जागरुक देखिन्थे । गाउँघरका साना बालबालिका तथा माथिल्लो कक्षामा अध्ययनरत छात्रछात्राहरूलाई बिहानबेलुका वा फुर्सदका समयमा निःशुल्क शिक्षा दिने कार्यमा सहयोग गर्दथे । कुनै पनि राम्रो कामको निमित्त कसैले गीत, कविता, लेख आदि लेखिदिन अनुरोध गरेमा स्वीकार गर्ने बानी छ । साथीहरू वा कसैबाट आयोजना गरिएको विभिन्न गोष्ठीहरूमा कविता प्रवचन तथा नाट्य अभिनयमा आफै सम्मिलित भएर सहयोग पुऱ्याउने गर्दछन् । जनताले मौलिक हक र अधिकार पाउनुपर्छ भनी स्वतन्त्रताका आवाज उठाउने भूषणले विद्यार्थीकालदेखि नै प्रजातन्त्रको पक्षमा संलग्न हुँदै आएको पाइन्छ ।

भूषणले आर्थिक रूपमा पनि सामाजिक क्षेत्रमा सहयोग गर्दै आएको पाइन्छ । गाउँघर तथा सहरमा पाटीपौवा, धारा, बाटोघाटो, स्कुल निर्माण गर्ने कार्यमा भूषणले श्रमदान गर्नुका साथै आर्थिक रूपमा सहयोग गर्दै आएका छन् ।

गाउँघरमा हुने चेलिबेटी माथिको अन्याय र अत्याचार तथा गरिब, दलित माथिको चिथोमिचोलाई सहन नसक्ने भूषण अपहेलित नारी तथा दलित वर्गको जीवनको समुत्थानमा सहयोग पुऱ्याएको पाइन्छ । भूषणले दलित नारीहरूलाई सङ्गठन गरी स्वयम्सेवकको रूपमा शिक्षण समेत गर्नुभएको थियो ।[५८]

यसरी सामाजिक क्षेत्रमा एक न एक किसिमले सेवा गर्दै आएका भूषणको सेवाभावलाई धेरैले प्रशंसा गरेको पाइन्छ । भूषण सेवाभावलाई सर्वोपरी स्थान दिन्छन् । शिक्षा सेवामा काम गर्दा, समाज सेवा गर्दा, सानोतिनो राजनीति गर्दा, अर्ती उपदेश दिँदा, कुनै सरकारी काम गर्दा आफ्नो क्षमताले भ्याएसम्म निःस्वार्थ सेवा गर्ने स्वभाव उनको अद्यावधि कायमै रहेको भेटिन्छ ।

---

[५८] ऐजन ।

### ३.१.४ साहित्यिक व्यक्तित्व

गेहेन्द्र भूषणको साहित्यिक व्यक्तित्व शिक्षण पेशा, समसामयिक राजनीति, पारिवारिक वातावरण आदिको कारण केही ओझेलमा परेको भए तापनि उनी नित्य साहित्य साधनामा लागिरहने र साहित्यलाई सम्मान गर्ने व्यक्तिका रूपमा चिनिन्छन् । भूषणको कलम विभिन्न साहित्यिक विधाहरूमा दौडिए तापनि सबैभन्दा बढी कलम चलेको विधा भने कविता तथा नाटक नै हो । यिनले साहित्यका अधिकांश विधामा कलम चलाएका छन् । उनको साहित्यिक व्यक्तित्वलाई निम्न प्रकारबाट अध्ययन गर्न सकिन्छ ।

### ३.१.५ नाटककार व्यक्तित्व

साहित्यिक व्यक्तित्व नै भूषणको मूल व्यक्तित्व हो । उनले आफूलाई साहित्य स्रष्टाको रूपमा चिनाएका छन् । नाटक विधाका अतिरिक्त उनले कविता, कथा, बालसाहित्य विधामा पनि कृतिहरू रचना गरेका छन् तापनि उनको साहित्यिक लेखनको सुरुआतका हिसाबले नाट्य विधा नै प्रमुख देखिन्छ । उनका नाट्यकृतिहरू 'शाहवंशका पाँच प्रमुख राजाहरू' नाटक सङ्ग्रह (२०४३) र वनवासी सीता (२०६२) छन् । भूषणको सङ्ख्याको हिसाबले नाटक थोरै भए पनि गुणात्मक हिसाबले भने राम्रा देखिन्छन् । सामाजिक विषयवस्तुलाई लिएर लेखिएको यस नाटकले समाजका नारीवर्गप्रति चेतनाका लहर फैलाउने, सामाजिक विसङ्गतिहरू हटाउने, नेपालको इतिहासको जानकारी गराउने कार्य उक्त नाट्य कृतिका माध्यमबाट भएको पाइन्छ । यिनको साहित्य लेखनको सुरुआत नै नाटक लेखनबाट भएको पाइन्छ । नाटक लेख्ने र मञ्चन गर्ने गराउने क्षेत्रमा किशोर अवस्था (हाइस्कुल जीवन) मै पोखरामा गरेका थिए । खासगरी वि.सं. २०११ सालदेखि वि.सं. २०१६ सालसम्म तेर्सापट्टी टोलमा र वि.सं. २०१५/१६ सालमा मल्टिपर्पस नेशनल हाइस्कुल (हाल राष्ट्रिय उच्च मा.वि.) बगर टुँडिखेलमा डाइरेक्टर समेत भई नाटकहरू रङ्गमञ्चमा मञ्चन गराएका थिए । त्यसरी देखाइएका प्रमुख नाटकहरूमा 'हाम्रो समाज', 'निशानी', 'सपना', 'सदानन्द' आदि तेर्सापट्टी टोलमा र 'अब के गर्ने !' नाटक हाइस्कुलमा देखाइएको थियो । 'सन-लाइट थेटर' भनेर नाटक देखाउने अनौपचारिक संस्था पनि स्थापना गरेका थिए ।[५९]

[५९] ऐजन ।

यरी नाटक मञ्चन गर्ने विचार २००७ सालसम्म पोखरामा बडाहाकिम भएर बसेका धनशमशेर ज.ब.रा. ले बेलाबेलामा उसको दरबार मोहरियाटोलमा देखाउने गरेको नाटक हेरेर प्रेरणा पाएका थिए । त्यसबेला बा चूडामान उदास, जो आफै पनि शौखिन गायक सङ्गीतकर्ता र टोलमा रामायणको तालिम गराएर गाईजात्रा पर्वमा निकाल्नुहुन्थ्यो तथा धनशमशेरकै दरबार कम्पाउण्डभित्र रहेको गोश्वारा अड्डामा कारिन्दा हुनुहुन्थ्यो, उहाँसँग गएर धनशमशेरले निकालेको नाटक हेर्न जान्थे । यिनको 'वनवासी सीता' नाटक त्यसरी नै पर्दामा मञ्चन गर्ने शैली र प्रविधिमा वि.सं. २०१९ सालमा लेखिएको थियो । तर यसको प्रकाशन भने धेरै समयपछि वि.सं. २०६२ सालमा आएर मात्र हुन्छ ।

## ३.१.६ कवि व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेलीको कलम विभिन्न साहित्यिक विधाहरूमा दौडिए तापनि सङ्ख्यात्मक तथा गुणात्मक दृष्टिले सबैभन्दा बढी कलम चलेको विधा भने कविता नै हो । यिनले कविता क्षेत्रमा लाग्ने प्रेरणा भने उनकै बा चूडामान उदासबाट प्राप्त गरेका थिए ।[६०] उनी आफै पनि कविता लेख्ने गर्दथे । जसको नमूना यसप्रकार छ –

छो टे पि ता र त्न मा न उंदास्का
म छु चु डा मा न भ ति ज उ नै का
छै नं प ढे का ल घु कौ मो दि को
अभ्यास छै न र स दि र्ग क्यै को

बाबा-चूडामान उदास

कवि गेहेन्द्रभूषणले वि.सं. २०१५/१६ सालबाट कविता लेख्न प्रारम्भ गरेको पाइन्छ । भूषणले 'तिम्रो देश' शीक्षकमा लेखेका प्रथम कविता वि.सं. २०१७ सालमा हिमदूतमा प्रकाशित भएको थियो । यो कविता हाल 'राष्ट्रनाद' (२०३९) कविता सङ्ग्रहमा सङ्ग्रहीत गरिएको छ । जसको नमूना यसप्रकार छ –

यही देशको गर्भमा
तिमीलाई बास मिल्यो,
यही देशको अन्न जलले,
प्राणमा प्राण पलायो,

---

[६०] ऐजन ।

यहींको हावाले तिम्रो यौवन फुलायो

नसा नसामा रगत बढायो,

जबसम्मतिम्रो दिलमा याद रहन्छ –

तबसम्म यो देश हराउँदैन –

कहिल्यै बिताउँदैन ।

(राष्ट्रनाद, ५१)

'हिमदूत' (२०१७ साल) मा प्रकाशित

भूषणले वि.सं. २०१५/१६ सालबाट कविता लेखनको सुरुआत गरे पनि पुस्तककार प्रकाशित कृतिको रूपमा भने 'मेरो वसन्त' कवितासङ्ग्रह २०३७ देखापरेको पाइन्छ । उनका अन्य कविता सङ्ग्रहहरू पनि प्रकाशित भएका छन्, जसमा 'राष्ट्रनाद' (२०३९) र '२०३६ देखि २०४६ सम्मका सङ्घातहरू' (२०४७) हुन् । कवि भूषणले गद्यलयलाई अपनाएर पनि सशक्त कविताहरू लेखेको पाइन्छ । आफ्ना जीवनमा देखेका र भोगेका विषयवस्तुलाई लिएर कविता रचना गर्ने भूषणले कवितामा प्रकृतिपरक विषयवस्तु, राष्ट्रियता, भ्रष्टाचार, व्यङ्ग्य, सामाजिक विषयवस्तु, मानवतावादी दृष्टिकोण, प्रेमविषयक विषयवस्तु, नारीका दयनीय स्थितिको चित्रण, श्रृङ्गारिक, कारुणिक विषयवस्तु, देशभक्ति, अस्तित्वहीन जस्ता विषयवस्तुलाई वरण गरेर कविता रचना गरेका छन् । उनका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविताहरू पनि प्रकाशित भएको पाइन्छ ।

### ३.१७ कथाकार व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेलीको साहित्यका क्षेत्रमा देखापरेको अर्को व्यक्तित्व कथाकारिता हो । यिनले किशोर अवस्थाको उत्तरार्द्ध (वि.सं. १०१५ देखि) अवस्थादेखि नै कथा लेखनमा सक्रीय भएको पाइन्छ । वि.सं. २०३२ सालमा प्रतिबिम्ब भाग एक कथा सङ्ग्रह शीर्षकको कथा प्रकाशित भएपछि कथाकारका रूपमा अगाडि बढेका भूषणका हालसम्म दुईवटा कथा सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् ।[६१] वि.सं. २०१५ सालदेखि कथा लेखनमा सक्रीय रहेका भूषणका कथा सङ्ग्रहका अतिरिक्त फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा बाल लोककथाहरू देखापरिसकेका छन् । यस क्रममा प्रकाशनका दृष्टिले उनका कृतिहरूको विवरण निम्नानुसार छन् –

[६१] ऐजन ।

| कथा सङ्ग्रह | प्रकाशन साल | |
|---|---|---|
| (क) प्रतिबिम्ब भाग एक | वि.सं. २०३२ | प्राप्त |
| (ख) प्रतिबिम्ब भाग दुई | वि.सं. २०३४ | अप्राप्त |

भूषणले यस कथा सङ्ग्रहमा सङ्ग्रहीत कथाहरूका माध्यमबाट समाजमा अभावग्रस्त जीवन बिताउन बाध्य भएका गरिबहरूका व्यथा, नारीको दयनीय स्थिति, दाजुभाइबीचको बेमेलको स्थितिलाई स्पष्ट रूपमा देखाउने प्रयास गरेका छन् । यस कथासङ्ग्रहभित्रका कथाहरूमा सरल तथा सुस्पष्ट भाषामा स्थानीय र मौलिक शब्दहरूको प्रयोगले गर्दा निख्खरा नेपाली पन भेटिन्छ । भूषणले यस कथा सङ्ग्रहमा मूलतः नारी समस्या,सुकुम्बासी समस्या, तल्ला वर्गमाथि माथिल्ला वर्गले गरेको शोषण, न्यूउन वैतनिक कर्मचारीमाथि परेको पीरमर्का आदि विसङ्गतिहरूप्रति विरोध जनाएका छन् । यहाँ प्रस्तुत कथावस्तु, पात्र, परिवेश र भाषाशैली यथार्थ धरातलबाट टिपिएको पाइन्छ । यिनका यी कथाहरू साहित्य लेखनको अभ्यासीक कालका रचना भएकाले व्याकरणगत त्रुटि देखिन्छ ।

यसरी कथाकार भूषणका कथाहरूको अध्ययनबाट उनको कथाकार व्यक्तित्व समाज सापेक्ष दृष्टि राख्ने, गतिशीलतामा विश्वास गर्ने, जीवन र जगतप्रति विशेष आस्था भएका नेपाली कथा साहित्यका फाँटमा सामाजिक यथार्थवादी स्रष्टाको रूपमा स्थापित भएको अनुभव हुन्छ ।

### ३.१.८ बालसाहित्यिक व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेलीको वि.सं. २०४९ सालमा 'बाल बिरुवा र पृथ्वीमाता' (बाल साहित्य) पुस्तक प्रकाशनसँगै उनको बालसाहित्यिक व्यक्तित्व प्रखर रूपमा देखापरेको पाइन्छ ।[६२] यस क्रममा प्रकाशनका दृष्टिले उनका कृतिहरूको विवरण निम्नानुसार छन् –

(क) बालक विरुवा र पृथ्वीमाता बालसाहित्य (२०४९)

(ख) रमाइला सामाजिक बालकथा (२०५४)

(ग) काकाको अर्ती नानीलाई फूर्ती (२०५७)

यसका अतिरिक्त फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा बालसाहित्य सम्बन्धित विभिन्न लेख रचनाहरू देखापरिसकेका छन् । बालसाहित्य लेखनको मुख्य उद्देश्य परिवारदेखि लिएर राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म हाम्रा भविष्यका सन्ततिहरूको संसार सफल, सुन्दर,

[६२] ऐजन ।

सन्तुष्टमय र सुरक्षित रहोस् भन्ने रहेको पाइन्छ । यस बाल लेखहरू बालबालिकाको स्तर सुहाउँदो भाषाको प्रयोग गरी लेखिएको पाइन्छ ।

### ३.१.९ एकाङ्कीकार व्यक्तित्व

वि.स. २०६२ सालमा 'एक वसन्त अनेक फूलहरू' शीर्षकको एकाङ्की सङ्ग्रह प्रकाशित गरेर एकाङ्कीकारको रूपमा देखिएका भूषणको त्यसपछि अन्य एकाङ्की सङ्ग्रह प्रकाशित भएको पाइँदैन । यस एकाङ्की सङ्ग्रहभित्र आठवटा एकाङ्कीहरू सङ्ग्रहीत गरिएको छ । यस एकाङ्की सङ्ग्रहमा प्रयोग गरिएका भाषापात्र सुहाउँदो नै देखिन्छ । यिनको यस एकाङ्की सङ्ग्रहमा सामाजिक, प्राकृतिक, प्रेम विषयक, श्रृङ्गारिक आदि विषयवस्तुको प्रयोग गरिएको पाइन्छ । संवाद भने छोटोछोटा किसिमका छन् ।

### १.१.१० राजनैतिक व्यक्तित्व

जनताले मौलिक हक र अधिकार पाउनुपर्छ भनी स्वतन्त्रताका पक्षमा आवाज उठाउने भूषणले विद्यार्थी कालदेखि नै प्रजातन्त्रको पक्षमा संलग्न हुँदै आएको पाइन्छ । वि.सं. २०३६ देखि २०४६ सालको क्रान्तिमा क्रान्तिकारी कविताहरू लेखी जनसमुदायलाई जागरुक बनाउन प्रयत्न गरेका थिए र उक्त क्रान्तिमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा आफू पनि सम्मिलित थिए । भूषण पृथ्वीनारायण शाहले राज्यको भौगोलिक मात्र एकीकरण गरे तर सामाजिक एकीकरण गर्न सकेनन्, राजनीतिक र भौगोलिक एकीकरण नगरी सामाजिक एकीकरण हुन नसक्ने विचार व्यक्त गर्दछन् । सामाजिक एकीकरणका लागि जातभातको अन्त्य गर्नुपर्ने त्यसका लागि अर्न्तजातीय विवाहलाई प्रोत्साहन दिनुपर्ने विचार व्यक्त गर्दछन् । भूषणको राजनैतिक व्यक्तित्व उल्लेखनीय रूपमा देखापर्दैन । यिनले हालसम्म कुनै पनि राजनीतिक पार्टीको सदस्यता भने नलिएको पाइन्छ ।[६३]

### ३.१.११ धार्मिक व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेली बुद्धधर्मको अनुयायी हुन् तर बुद्ध धर्मका अन्धविश्वासी र अवसरवादी भने होइनन् ।[६४] उनी विभिन्न धार्मिक संघ संस्थाहरूद्वारा आयोजना गरिएको विभिन्न कार्यक्रमहरूमा आफ्नो सहभागिता जनाउँछन् । भूषण आफ्नो परम्परा अनुसार धार्मिक कार्यमा सहभागी भएको पाइन्छ । यिनले 'वनवासी सीता' (२०६२) नाटक पौराणिक

[६३] ऐजन ।
[६४] ऐजन ।

विषयवस्तु भएको कृति प्रकाशन समेत गरेका छन् । यसरी धार्मिक विषयवस्तुलाई लिएर साहित्य रचना गर्नु र प्रकाशन समेत गर्नुले उनको धार्मिक व्यक्तित्वलाई स्पष्ट गर्दछ ।

### ३.१.१२ राष्ट्रभक्त व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेली राष्ट्रभक्त एवम् स्वतन्त्रताका पूजारी हुन् । आफ्नो देश, जाति भाषा र संस्कृतिका कट्टर अनुयायीका रूपमा उनी जीवनभर चिनिएर रहे । विद्यार्थी जीवनदेखि नै देशको स्वतन्त्रताको लागि संघर्ष गर्दै आएका भूषणले विभिन्न आन्दोलनमा संलग्न भएको पाइन्छ । त्यस्तै वि.सं. २०३६ सालदेखि हालसम्म क्रान्तिकारी कविताहरूका माध्यमबाट क्रान्तिका ज्वारलाई बढाउने काम गरेको पाइन्छ । विद्यार्थी जीवनमा होस् या जागीरे जीवनमा भूषणले राष्ट्रियता संरक्षणको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्दै आएको पाइन्छ ।

भूषणको छाति देशभक्तिले भरिएको छ । देशभित्रका नदीनाला, तालतलैया, छहराछाँगा, भीरपाखा, वनजङ्गल, जडिबुटी, ढुङ्गामाटो, हिमाल, पहाड, तराई, राष्ट्रिय सम्पत्ति हुन् । नेपाली जनजातिमा मठमन्दिर, विहार, स्तूप, चौराली, बिसौनी, चौतारी हाम्रै हुन् । यी सबका साथ हामी छौँ र हामीहरूसँगै यिनीहरू सबै छन् जस्ता राष्ट्रिय भावनाले भरिपूर्ण भएका गीत, कविता, नाटक, भजन, भूषणले रचना गरेका छन् । भूषणको 'राष्ट्रनाद' कविता सङ्ग्रह राष्ट्रिय भावनाले ओतप्रोत छ भने अन्य कृतिहरूमा पनि राष्ट्रिय भावना पाइन्छ । यसको सानो उदाहरण यस प्रकार छ –

बुद्धको नारा दिएर,
बुद्धकै विपरीत हिडेँर,
बढिरहेको यो समाजलाई
तिमी साँच्चै बाटो देखाउँछौ भने –
बुद्धले जस्तै गृह-त्याग गरेर देखाऊ ।
सत्ता र सम्पत्तिको मोह-त्याग गरेर देखाऊ ।

(०३६ देखि ०४६ सम्मका सङ्घातहरू, पृ. ४१)

त्यस्तै –

यही देशको गर्भमा
तिमीलाई बास मिल्यो,

यही देशको अन्न जलले,
प्राणमा प्राण पलायो,
यहींको हावाले तिम्रो यौवन फूलायो
नसा नसामा रगत बढायो,
जबसम्म तिम्रो दिलमा याद रहन्छ –
तबसम्म यो देश हराउँदैन,
कहिल्यै बिलाउँदैन ।

(राष्टङ्गनाद, पृ. ५०)

अर्को उदाहरण –

मेरा सहिदहरू चपल-चन्चल मुनाहरू थिए,
आमाको काखलाई शून्य पारेर –
देशका लागि शहीद भए ।
तर आमाको पोल्टाभरी आफू जस्तै उज्यालो–
नव जात सूर्य दिएर गए ।

(०३६ देखि ०४६ सम्मका सङ्घातहरू, पृ. १३०)

यसरी भूषणको छाती देशभक्ति र राष्ट्रियताले ओतप्रोत भएको पाइन्छ ।

### ३.१.१३ शिक्षण जागिरे तथा प्राध्यापन व्यक्तित्व

सानै उमेरदेखि मातृस्नेहबाट बञ्चित हुनुपरेका गेहेन्द्रभूषण पोखरेलीको जीव्न कथा समस्याग्रस्त र संघर्षपूर्ण देखिन्छ । भूषण वि.सं. २०१४/१५ सालदेखि अध्यापनमा संलग्न भएको देखिन्छ । यिनले सर्वप्रथम राष्ट्रिय मा.वि. पोखरामा अध्यापन गरेका थिए । वि.सं. २०१६ सालदेखि २०१७ सालसम्म महेन्द्र मिडिल स्कुल (हाल महेन्द्र मा.वि.) मा संस्थापक प्रधानाध्यापक भएर आफ्नो शिक्षण पेशामा कार्यरत हुनुभएको पाइन्छ । भूषणले आफ्नो अध्ययनलाई अगाडि बढाउने क्रममा वि.सं. २०१८ सालमा काठमाडौँ आएपछि तत्कालीन श्री ५ को सरकारको वन विभागमा वि.सं. २०१८ सालदेखि २०२६ सालसम्म कार्यरत रहेर सेवा गर्नुभएको थियो । उक्तसमयमा यिनले बारा जिल्लामा का.मु. वन अधिकृत भएर वि.सं. २०२३ देखि २०२५ सालसम्म काम गर्नुभएको पाइन्छ । भूषणले त्यसपछि श्री ५ को सरकारको जागीर छोडी शिक्षण पेशालाई अपनाएको पाइन्छ । उनी हाल शिक्षण पेशामा

कार्यरत छन् । शिक्षण पेशालाई अगाडि बढाउने क्रममा भूषणले १० वर्षसम्म बूढानिलकण्ठ (बोर्डिङ) स्कुल काठमाडौँमा शिक्षक (सामाजिक अध्यापन), हाउस मास्टर र सहायक प्रधानाध्यापक (प्राज्ञिक)पदमा काम गरेको (२०३० सम्म), दुई वर्ष सिन्धुलीमाडी क्याम्पस सिन्धुलीको संस्थापक भएर शिक्षण गर्नुभएको पाइन्छ । भूषणले वि.सं. २०४३ सालदेखि पृथ्वीनारायण क्याम्पस पोखरामा २०५९ सालसम्म अध्यापन गर्दै आउनुभएको थियो ।[६५]

यसरी यिनको शिक्षण पेशा थालनीमा प्रा.वि. हुँदै हाल क्याम्पस सम्म पुगेको देखिन्छ । स्पष्टवादी तथा मिजासिलो स्वभाव भएका भूषण तार्किक ढङ्गले पढाएर विद्यार्थीको मन जित्न सफल भएकाले उनको लगनशीलता, मेहनत र परिश्रमपूर्ण शिक्षण सेवाबाट सम्बन्धित संस्था लाभान्वित भएको पाइन्छ । जसको फलस्वरूप उनले सम्बन्धित संस्थाहरूबाट विभिन्न पुरस्कारहरू र कदरपत्र पाएको बुझिन्छ । खासगरी भूषणको अध्यापन कुशलता र लामो अनुभवले पनि उनको शिक्षण तथा पाध्यापन व्यक्तित्व माझिँदै र खारिँदै गएको पाइन्छ । साथसाथै साहित्य सिर्जनाले शिक्षण व्यक्तित्व अझ परिष्कृत र गहन तुल्याएको सन्दर्भ पनि उल्लेखनीय छ ।

### ३.१.१४ क्रियाशील व्यक्तित्व

गेहेन्द्रभूषण पोखरेली जीवनभर क्रियाशील रहे । आफ्नो जीवनका अन्य क्षेत्रमा झैँ साहित्य क्षेत्रमा पनि उनको लगनशीलता एवम् क्रियाशीलता निरन्तर चलिरह्यो । जागीर, पारिवारिक एवम् व्यवहारिक बोझ पन्छाएर पनि उनी नेपाली साहित्यमा दत्तचित्त बनेर लागिरहे । त्यसैको फलस्वरूप विविध विधामा धेरै कृतिहरू रचना गर्न सक्षम भएका छन् । कविता, नाटक, कथा, एकाङ्की र बालसाहित्य विधामा उनको कलम चलेको पाइन्छ । जागिरे, लेखकका अतिरिक्त समाजसेवीका रूपमा पनि उनी त्यत्तिकै सक्रीय भएको पाइन्छ । भूषण जीवनका हरेक क्षणमा सक्रीय भइरहे । हालसम्म पनि आफ्नो साहित्य लेखन र शिक्षण पेशालाई निरन्तरता दिइरहेको पाइन्छ ।[६६]

### सारांश

गेहेन्द्रभूषण पोखरेलीको ७० वर्षे जीवनावधिलाई हेर्दा उनको जीवनचक्र विभिन्न विषम परिवेशका माझबाट गुज्रेको देखिन्छ । बाल्यकालमै आमाको मृत्युका कारणले

---

[६५] ऐजन ।

[६६] पूर्ववत्, गेहेन्द्रभूषण पोखरेलीका भाइ कृष्णमान उदासबाट प्राप्त जानकारी ।

वात्सल्यप्रेम सम्म अनुभव गर्न नपाएका, शिक्षा आर्जनका क्रममा व्यहोर्नुपरेका कठिनाई र भरपर्दो जीविकाको खोजिमा भोग्नुपरेका विविध व्यवधानहरू उनका जीवनमा देखिएका प्रमुउख भौतिक कठिनाइहरू हुन् भन्ने कुरा यस अध्यायमा गरिएको अध्ययनबाट स्प्ष्ट भएको छ । अध्यापन र जागिरको क्रममा कुनै निश्चित ठाउँ र कार्यव्यापारमा स्थिर हुन नसकेका भूषणका अन्य व्यक्तित्वका तुलनामा साहित्यिक व्यक्तित्व अखण्डित र अविचलित नै रही हाँसो र रोदन तथा अभावग्रस्त जीवनको क्षणमा उनको आत्मतृप्तिको साधन साहित्य सिर्जना नै हुन पुगेको देखिन्छ । उनका रचनामा आफ्ना जीवन भोगाइका यथार्थ अनुभवहरू प्रतिबिम्बित भएका छन् भन्ने तथ्यलाई पछिल्ला अध्यायहरूमा स्पष्ट्याइएको छ । उनको जीवनका प्रारम्भिक अव्यवस्थित अश्रृङ्खलित क्षणदेखि आजका केही व्यवस्थित र श्रृङ्खलित क्षणसम्मका जीवनवृत्तबाट उनको साहित्यिक लेखन र चिन्तन प्रशस्त प्रभावित भएको पाइन्छ । भूषणको वैयक्तिक जीवनका परिवेशपरक विभिन्न मोडहरूबाट उनका विभिन्न व्यक्तित्व निर्माण भएको हो । जीवनका चापप्रतिचाप र बाह्य वातावरणबाट उनको सामाजिक-सांस्कृतिक, बहुभाषिक, सम्पादक आदि व्यक्तित्वको निर्माण भएको हो भने साहित्यिक व्यक्तित्वका पनि नाटककार तथा कवि व्यक्तित्वको निर्माण चाहिँ लोकसंस्कृतिबाट प्राप्त प्रभाव, गुरुवर्गको प्रेरणा, परिवारको नैसर्गिक प्रतिभा, गहन अध्ययन र क्रमिक लेखनबाट भएको अनुभव हुन्छ ।

उनको स्रष्टा व्यक्तित्वको विभिन्न पाटाहरूमध्ये नाटककार तथा कवि व्यक्तित्व नै उच्चस्तर देखिन्छ र यसमै उनको बढी लगाव, साधना र अनुभव पनि पाइन्छ । यिनको व्यक्तित्वलाई मार्गनिर्देशन गर्नमा भने अन्य व्यक्तित्वको भूमिका पनि महत्वपूर्ण रहेको छ ।

## अध्ययनका सीमा

प्रस्तुत शोधपत्रमा अध्ययनका केही सीमाहरू रहेका छन् । नेपाली साहित्यका आधुनिककालीन कतिपय कवि लेखकहरू र उनका कृतिहरू अज्ञात छन् । गेहेन्द्रभूषण पोखरेली पनि यिनै मध्यको एक हुन् । प्रस्तुत शोधपत्रमा भूषणका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरी उनको विस्तृत विश्लेषण गर्ने उद्देश्य हुँदाहुँदै पनि विशेष गरी उनको बाल्यकालमै आमाको मृत्य हुनका साथै उनका सबै कृतिहरू प्राप्त हुन नसकेकाले उनको साहित्ययात्रा शुरु गरिएको छ । 'एक वसन्त अनेक फूलहरू' (२०६२) लाई अन्तिम रचना मानी यही समयक्रमभित्र रहेर भूषणको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण र अध्ययन गरिएको छ ।